'समृद्ध गाउँपालिका : सुखी जनता'

त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष

# विकासमा त्रिवेणीका पाइलाहरु

(लगानी र प्रतिफल)

आ.व. २०७४/०७५ देखि २०७७/०७८ सम्म








प्रकाशक

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

www.trivenimunrolpa.gov.np | trmrolpa@gmail.com

# गाउँ कार्यपालिकाका पदाधिकारीहरू



शान्तकुमार वली
गाउँपालिका अध्यक्ष



सावित्राकुमारी बुढा (घर्ती)
गाउँपालिका उपाध्यक्ष



देउराम घर्ती मगर
वडा अध्यक्ष, वडा नं. १



कविराज बुढा
वडा अध्यक्ष, वडा नं. २



टीकाराम वली क्षेत्री
वडा अध्यक्ष, वडा नं. ३



भीमबहादुर खत्री
वडा अध्यक्ष, वडा नं. ४



कृष्णबहादुर के.सी.
वडा अध्यक्ष, वडा नं. ५



लेखमणि डाँगी
वडा अध्यक्ष, वडा नं. ६



भानबहादुर घर्ती
वडा अध्यक्ष, वडा नं. ७



गायत्रा बुढा
कार्यपालिका सदस्य



पवित्रा पुन
कार्यपालिका सदस्य



सुवद्री विश्वकर्मा
कार्यपालिका सदस्य



गीताकुमारी नेपाली
कार्यपालिका सदस्य



रेशमबहादुर वि.क.
कार्यपालिका सदस्य



चन्द्रलाल कामी
कार्यपालिका सदस्य



नीमबहादुर के.सी
सदस्य-सचिव

'समृद्ध गाउँपालिका : सुखी जनता'

**त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष**

# विकासमा त्रिवेणीका पाइलाहरु

**(लगानी र प्रतिफल)**

**आ.व. २०७४/०७५ देखि २०७७/०७८ सम्म**


प्रकाशक

त्रिवेणी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

www.trivenimunrolpa.gov.np | trmrolpa@gmail.com






# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

# पुस्तक प्रकाशन कार्यदल

## प्रमुख संरक्षक

शान्तकुमार वली, गाउँपालिका अध्यक्ष

## संरक्षक

सावित्राकुमारी बुढा (घर्ती), गाउँपालिका उपाध्यक्ष

## सल्लाहकार

नीमबहादुर के.सी., प्रमुख प्रशासकीय अधिकृत

देउराम घर्ती मगर, १ नं. वडा अध्यक्ष

कविराज बुढा, २ नं वडा अध्यक्ष

टीकाराम वली क्षेत्री, ३ नं वडा अध्यक्ष

भीमबहादुर खत्री, ४ नं. वडा अध्यक्ष

कृष्णबहादुर के.सी., ५ नं. वडा अध्यक्ष

लेखमणि डाँगी, ६ नं. वडा अध्यक्ष

भानबहादुर घर्ती, ७ नं. वडा अध्यक्ष

## सम्पादक मण्डल

भरत डि.सी., सूचना प्रविधि अधिकृत (छैठौं)

सुदीप सिग्देल, लेखा अधिकृत (छैठौं)

प्रेमप्रकाश पुन मगर, प्रशासन सहायक (पाँचौं)

नरबहादुर बाँठा, अ. सव-इञ्जिनियर (चौथो)

| | |
|---|---|
| प्रकाशक | : त्रिवेणी गाउँपालिका,<br>गाउँ कार्यपालिकाको कार्यालय<br>जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल |
| प्रकाशन मिति | : २०७८ साल माघ |
| सर्वाधिकार | : त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित |
| मुद्रण प्रति | : ३०० प्रति |
| मुद्रक | : पशुपति छापाखाना, घोराही, दाङ<br>सम्पर्क नं. : ९८५७८३०१८५ |



# शुभकामना

संघीयता कार्यान्वयनसँगै वि.सं. २०७४ सालमा यस त्रिवेणी गाउँपालिकामा हामी निर्वाचित भई “समृद्ध गाउँपालिका : सुखी जनता” भन्ने दीर्घकालीन सोच तथा “सामाजिक न्यायसहितको आर्थिक विकास : न्यायोचित वितरणसहितको आर्थिक समृद्धि” भन्ने मूल नाराका साथ गाउँपालिकाको विकासमा समर्पित भएको ४ वर्ष पूरा भएको छ। यसै सन्दर्भमा त्रिवेणी गाउँपालिकाद्वारा सञ्चालित बितेका चार आधार वर्षका मुख्य गतिविधि र तिनका उपलब्धिहरु समेटिएको “त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू” नामक प्रगति पुस्तक प्रकाशन हुन लागेकोमा खुसी व्यक्त गर्न चाहन्छु। यस पुस्तकमा त्रिवेणी गाउँपालिकाबाट जनताले राखेका अपेक्षाहरु परिपूर्ति गर्न हामी जनप्रतिनिधि एवं कर्मचारीहरुबाट गरिएको संयुक्त प्रयास र तिनका उपलब्धिहरुलाई संग्रहित गरिएको छ।

जनताको नजिकको सरकारको रुपमा रहेको त्रिवेणी गाउँपालिकाले यस अवधिमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिकाको आन्तरिक स्रोतको अवस्थालाई प्रमुख मार्गदर्शनको रूपमा लिंदै त्रिवेणीबासीहरूलाई लोकतन्त्रका लाभहरूको समानता, समता तथा समावेशीढंगबाट वितरण गर्न स्थानीय जनसमुदायको व्यापक जनसहभागिता जुट्ने तथा स्थानीय स्रोतसाधनको व्यापक परिचालनमार्फत लक्षित वर्गको सशक्तीकरण, मूलप्रवाहीकरण तथा समावेशीकरणलाई सहयोग गर्ने खालका योजना र कार्यक्रम कार्यन्वयनमा ल्याइयो। गाउँपालिकाका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आवद्ध गरी गाउँपालिकाको आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याउन तथा स्थानीय जनतालाई सुविधा दिन सडक, पुल र कल्भर्ट जस्ता पूर्वाधार निर्माण तथा स्थानीय जनतालाई स्वच्छ उर्जा उपलब्ध गराउन त्रिवेणी उज्यालो कार्यक्रम मार्फत विद्युतीकरणका कार्यहरुलाई प्राथमिकता दिइयो। त्यसैगरी विपन्न नागरिकका घरको फुसको छानो विस्थापन, शैक्षिक पूर्वाधार तथा सिकाइ उपलब्धिको सुदृढीकरण, खाने पानी विस्तार र कृषि क्षेत्रको आधुनिकीकरण, बालश्रममुक्त स्थानीय तह घोषणा, कोभिड महामारी व्यवस्थापन जस्ता योजना तथा कार्यक्रमहरु विकास व्यवस्थापनतर्फ त्रिवेणी गाउँपालिका स्थापनाका आधार वर्षका सफल अभ्यास हुन्।

भौतिक निर्माणले मात्र गाउँपालिकाको समग्र मानव विकास र समृद्धि निर्धारण गर्दैन भन्ने तथ्यलाई हृदयंगम गर्दै आर्थिक तथा सामाजिक विकास, प्रशासनिक सुदृढीकरण, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहतर्फ पनि ठूलो लगानी गरिएको छ। सबै वडामा वडा कार्यालय भवन निर्माण, स्वास्थ्य चौकी नभएका वडामा भवनसहितका सामुदायिक स्वास्थ्य केन्द्रको स्थापना, सबै वडामा कृषि तथा पशु प्राविधिकको व्यवस्था, शिक्षक अभाव परिपूर्ति गर्न शिक्षण स्वयंसेवक व्यवस्था, प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिको स्थापना, स्वास्थ्य चौकीबाटै मेडिकल अधिकृतको नेतृत्वमा एक्स-रे सहितको स्वास्थ्य सेवा सञ्चालन, सबै वडा कार्यालयमा इन्टरनेट सेवाको पहुँच विस्तार, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग तथा अनलाइन पद्धतिको अवलम्बन यो अवधिका सामाजिक विकास तथा सार्वजनिक सेवा व्यवस्थापन तर्फका उल्लेखनीय उपलब्धिहरु हुन्। यसरी बितेका चार वर्षका यी र यस्तै अन्य थुप्रै गतिविधिहरु र तिनका उपलब्धिहरु समावेश गरेर तयार गरिएको यस पुस्तकले आगामी दिनहरुमा विकास तथा सार्वजनिक सेवा व्यवस्थापन पृष्ठपोषण प्रदान गर्नुका साथै त्रिवेणी गाउँपालिकाको विकासको सन्दर्भमा सरोकार राख्ने व्यक्ति, संस्था, अनुसन्धानकर्ता तथा आम नागरिकमा आवश्यक सूचना प्रवाह गर्न र जिज्ञासापूर्ती गर्न सफल हुनेछ भन्ने मैले आशा लिएको छु।

अन्त्यमा, यस “त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू” नामक प्रगति पुस्तक प्रकाशनको क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिँदै यस त्रिवेणी गाउँपालिकाको चौतर्फी विकासको लागि निरन्तर रुपमा रचनात्मक सहयोग गर्नुहुन सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरू, राजनीतिक दल एवं गाउँपालिकाबासीहरूलाई अनुरोध गर्दछु।

धन्यवाद।

**शान्तकुमार वली**<br>
अध्यक्ष<br>
त्रिवेणी गाउँपालिका, रोल्पा

# शुभकामना



सार्वभौमसत्तासम्पन्न नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्थानीय तहका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाई समग्र विकासको अभियानमा केन्द्रित हुने संवैधानिक आधार तय गरेअनुसार आम त्रिवेणी गाउँपालिकाबासीहरूलाई छिटो, छरितो, प्रभावकारी र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्ने साथै सामाजिक, आर्थिक र भौतिक पूर्वाधारलगायतका समग्र पक्षको दिगो विकास गरी विकासका लाभहरूको समानता र समतापूर्ण वितरण मार्फत 'समृद्ध गाउँपालिका : सुखी जनता' को दीर्घकालीन लक्ष्य हासिल गर्ने अत्यन्त चुनौतीपूर्ण अभियानमा हामी जुटेको चार वर्ष पूरा भएको सन्दर्भमा यस अवधिका मुख्य-मुख्य गतिविधिहरु समावेश गरेर "त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू" नामक प्रगति पुस्तक प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्न चाहन्छु ।

स्थानीय सरकारको रुपमा त्रिवेणी गाउँपालिकाको कार्यक्षेत्र- आवश्यक कानूनहरुको निर्माण, विकास व्यवस्थापन, सार्वजनिक सेवाको व्यवस्थापन, नीति तथा योजना व्यवस्थापन, सुरक्षाको व्यवस्थापन, सार्वजनिक वित्त तथा मानव स्रोतको व्यवस्थापन र समन्वय एवं सहकार्य अन्तर्गत गाउँपालिकाको केन्द्र जोड्ने मुख्य सडकहरु निर्माण तथा कालोपत्रे, वडास्थित ग्रामीण कृषि सडक लगायतका अन्य सडक विस्तार तथा मर्मत, विद्युतीकरण, स्वच्छ खानेपानी तथा सिंचाइ सुविधा विस्तार, स्वास्थ्य सेवा, शैक्षिक पूर्वाधार तथा सिकाइ उपलब्धि सुदृढीकरण, महिलाहरुले सञ्चालन गरेको उद्योग तथा व्यवसायलाई सुदृढीकरण गर्न अनुदान सहायता, सीपमूलक तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण, लक्षित वर्ग आयआर्जन तथा सहायता कार्यक्रम, न्यायिक सुदृढीकरण तथा न्यायिक समितिको क्षमता विकास, मेलमिलाप केन्द्रको स्थापना तथा मेलमिलापकर्ता तालिम सञ्चालन गरी मेलमिलापकर्ताहरुको सूचीकरण, सेफ हाउस तथा न्यायिक समितिको भवन निर्माण, लैङ्गिक हिंसा, बालश्रम एवं बालविवाह न्यूनीकरणका साथै कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरणमार्फत अधिकतम रोजगारी सिर्जना गर्दै समृद्ध गाउँपालिका निर्माण गर्ने उद्देश्य राखेर सञ्चालन गरिएका कार्यक्रमहरुको उपलब्धि सरोकारवालाहरु एवं आम त्रिवेणीबासीहरुलाई जानकारी दिन प्रकाशन गर्न लागिएको यस पुस्तकले हाम्रा सार्वजनिक विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी कार्यहरूलाई अद्यावधिक गर्दै आधिकारिक सूचना प्रवाह गर्न र पारदर्शिता कायम गर्न थप मद्दत पुग्नेमा म विश्वस्त छु ।

अन्तमा, स्थानीय सरकारको पहिलो पाँच वर्षे कार्यकालको बितेका चार वर्षसम्म गाउँपालिकालाई सबै प्रकारको सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, राजनीतिक दल, पत्रकार, सरकारी तथा गैरसरकारी संघसंस्था आमा समूह, महिला समूह तथा आम गाउँपालिकाबासीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै बाँकी कार्यकालमा पनि निरन्तर रचनात्मक सहयोगको अपेक्षा गर्दछु । स्थानीय सरकारका निर्णय तथा योजनाहरुलाई सफलतापूर्वक कार्यान्वयन गर्ने कार्यमा संलग्न सबै कर्मचारीहरु एवं यस "त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू" नामक प्रगति पुस्तक प्रकाशन गर्ने कार्यमा संलग्न कर्मचारीहरुलाई आगामी दिनमा अझ उत्प्रेरित र जागरुक भई जनगुनासो नआउने गरी सार्वजनिक सेवा प्रवाह गर्न आग्रह गर्दछु । धन्यवाद ।

**सावित्राकुमारी बुढा (घर्ती)**
उपाध्यक्ष
त्रिवेणी गाउँपालिका, रोल्पा

# शुभकामना



वि.सं. २०७४ सालमा जनप्रतिनिधिहरु निर्वाचित भई आएपश्चात वि.स. २०७८ सालसम्म चार वर्षमा गाउँपालिकाद्धारा सम्पादित कार्यहरुको विवरण समेटेर तयार गरेको "त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू" नामक पुस्तक प्रकाशन गर्न लागिएको सुनाउन पाउँदा अत्यन्तै हर्षित भएको छु । सर्वप्रथम यस कार्यका लागि अभिप्रेरित भई अथक मेहनत गर्नुहुने पुस्तक प्रकाशन कार्यदल संयोजकलगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

संघीयताको सुरुवाती अभ्यासकै क्रममा स्थानीय तहको निर्वाचनपश्चात त्रिवेणी गाउँपालिकाले लिएको "समृद्ध गाउँपालिका : सुखी जनता" को सोचलाई साकार पार्न साथै दिगो विकासका लक्ष्य तथा पन्ध्रौं योजनाले लिएको लक्ष्य पूरा गर्न तथा जनताको नजिकमा रहेर सेवा प्रवाह र विकास व्यवस्थापनलाई सहज बनाउन गाउँपालिकाले अत्यन्तै मेहनत गरेको छ। यिनै प्रयासको संगालोको रुपमा गाउँपालिकाले सम्पादन गरेका कार्यहरुको प्रगतिलाई पुस्तकमा समेटिएको छ।

विगत चार वर्षको अवधिमा स्थानीय सरकार नागरिकको घरदैलोमा पुग्न सक्षम भएको छ। प्रत्येक गाउँबस्तीहरु सडक सञ्जालले जोडिएका छन्। विद्युत, खानेपानी, सञ्चार, शिक्षा, स्वस्थ्य जस्ता आधारभूत सुविधाहरुलाई नागरिक समक्ष पुऱ्याउन सफल भएको छ। यी मध्ये करिब ७५% गाउँमा विद्युतीकरण भएको छ साथै यस वर्ष "उज्यालो त्रिवेणी" घोषणा गर्ने लक्ष्य राखिएको छ। अधिकांश नागरिकलाई खानेपानी सुविधासमेत उपलब्ध गराउन सफल हासिल भएको छ। त्यसैगरी यस वर्ष त्रिवेणी गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिकासमेत घोषणा गरिएको छ। स्थानीयस्तरमै आफ्नो सीप र क्षमताको प्रयोग गरेर स्वरोजगारी प्रर्वद्धन गर्नको लागि पनि त्रिवेणी गाउँपालिकाले उल्लेखनीय लगानी गर्दै आएको छ।

यो अवधिमा यस गाउँपालिकाले अन्य थुप्रै उदाहरणीय र नमुनायोग्य कार्य गरेको छ । हालसम्म भएका महत्वपूर्ण कार्यहरु तथा तिनका तस्विरहरुसमेतको अभिलेखीकरण गर्ने उद्देश्यले चार वर्ष अन्तर्गत "त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू" नामक पुस्तक प्रकाशन गरिएको हो । यसले राम्रा कामहरुको अभिलेखीकरण हुनुका साथै राम्रा अवधारणाहरुको एकअर्को स्थानीय तहमा आदानप्रदानको माध्यमबाट आगामी दिनमा अझै अग्रगामी कार्य गर्न ऊर्जा प्रदान गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस पुस्तक तयार गर्न सम्पूर्ण कार्यको जिम्मा लिई पुस्तकलाई आकार दिन सहयोग गर्ने सूचना प्रविधि अधिकृत श्री भरत डि.सी. र प्रगतिका सूचनाहरु संकलन गरी प्रशोधन गर्ने असिस्टेन्ट सव-इञ्जिनियर श्री नरबहादुर बाँठालाई विशेष धन्यवाद दिन चाहन्छु। शाखागत प्रगति विवरण र तस्विर उपलब्ध गराई सहयोग गर्नुहुने सबै शाखा प्रमुखज्यूहरु, सम्पादक मण्डल तथा सम्पूर्ण कर्मचारी साथीहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। त्रिवेणी गाउँपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा सफल नेतृत्व प्रदान गर्ने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, सातवटै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यज्यूहरु लगायत सम्पूर्ण त्रिवेणीबासीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद ।

**नीमबहादुर के.सी.**
प्रमुख प्रशासकीय अधिकृत
त्रिवेणी गाउँपालिका, रोल्पा

# सम्पादकीय

सुशासन ऐन, २०६४ तथा सुशासनको हक सम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायको कामकारबाहीलाई अधिक उत्तरदायी, जिम्मेवार र पारदर्शी बनाउने क्रममा यस गाउँपालिका स्थापनापश्चात वि.स. २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरु बहाल भएदेखि हालसम्मको करिब ४ वर्षको अवधिका दौरानमा गाउँसभा, गाउँ कार्यपालिका तथा गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुबाट सम्पादन भए/गरेका मुख्य-मुख्य कार्यहरुको विवरण एवं तिनका परिमाणात्मक तथा गुणात्मक उपलब्धिहरुलाई सरल, स्पष्ट र संगठित रुपमा सरोकारवाला एवं आम त्रिवेणीबासीहरु समक्ष ल्याउने प्रयास अनुरुप यस "त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू" नामक पुस्तक प्रकाशनमा ल्याएका छौँ ।

यस पुस्तकमा गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुबाट गाउँपालिकाको विकास तथा सार्वजनिक सेवा व्यवस्थापन सम्बन्धी भए/गरेका कार्यहरुको उपलब्धि समावेश गरिएको छ । यसका अलावा गाउँपालिकाको संक्षिप्त परिचयका साथै जनताको नजिकको सरकारको रुपमा जनताको विकास तथा समृद्धिको चाहनाहरुलाई सम्बोधन गर्ने क्रममा गाउँसभा तथा गाउँ कार्यपालिकाबाट भएका महत्वपूर्ण निर्णयहरुको बारेमा समेत उल्लेख गरिएकोले सरोकारवाला तथा आम त्रिवेणीबासीहरुलाई गाउँपालिकाको अध्यावधिक अवस्थाको बारेमा जानकारी प्राप्त हुनेछ भन्नेमा गाउँ कार्यपालिकाको कार्यालय विश्वस्त रहेको छ ।

गाउँ कार्यपालिकाको कार्यालयबाट नियमितरुपमा स्वतः प्रकाशन गर्नुपर्ने विषयहरु नियमित हुने गरेको भए तापनि ४ वर्षे प्रगति पुस्तक पहिलोपटक प्रकाशन गरिन लागेको हुँदा यसलाई समय सापेक्ष परिवर्तन र परिमार्जन गर्दै लैजान सरोकारवालाहरु सबैलाई अमूल्य राय, सुझाव र सल्लाह प्रदान गर्नुहुन अनुरोध गर्दै "त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरू" नामक प्रगति पुस्तकलाई प्रकाशन गर्न सूचना, तथ्याङ्क तथा जानकारी समयमै उपलब्ध गराई पुस्तकलाई यस रुपमा ल्याउन प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा सहयोग प्रदान गर्नुहुने सबै कर्मचारीहरु, पुस्तकमा आफ्ना महत्वपूर्ण विचार राख्ने पत्रकारज्यूहरू एवं हामीलाई विश्वास गरी काम सुम्पिने तथा महत्वपूर्ण सल्लाह, सुझाव प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

**भरत डि.सी.**
संयोजक, पुस्तक प्रकाशन कार्यदल
सूचना प्रविधि अधिकृत (सूचना अधिकारी)
एवं
सम्पादक मण्डल

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १. | त्रिवेणी गाउँपालिकाको संक्षिप्त परिचय | १-४ |
| २. | विकासमा त्रिवेणीका पाइलाहरू | ५-७ |
| ३. | विकासको आधार पूर्वाधार | ८-१३ |
| ४. | चुनावी घोषणापत्रमा उल्लेख गरे भन्दा धेरै कामहरु गरेका छौँ (अन्तर्वार्ता- अध्यक्ष) | १४-१८ |
| ५. | पालिका विकासको आधार : कृषिमा सुधार | १९-२४ |
| ६. | विकास पूर्वाधारको पनि पूर्वाधार : शिक्षा | २५-३० |
| ७. | स्वस्थ जनता : समृद्ध त्रिवेणी | ३१-३३ |
| ८. | समुन्नत समाज निर्माण गर्न गाउँपालिकाको प्राथमिकतामा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण | ३४-३८ |
| ९. | स्थानीय विवाद समाधान गर्न प्रभावकारी बन्दै न्यायिक समिति | ३९-४० |
| १०. | सामाजिक समावेशीकरणद्वारा समुन्नत समाज स्थापनाको दिशामा लागेका छौँ (अन्तर्वार्ता- उपाध्यक्ष) | ४१-४२ |
| ११. | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ४३-४४ |
| १२. | सूचना प्रविधिमा त्रिवेणीको फड्को | ४५-४६ |
| १३. | जनप्रतिनिधि र कर्मचारीबीचमा नङ र मासुजस्तो सम्बन्ध छ (अन्तर्वार्ता- प्रमुख प्रशासकीय अधिकृत) | ४७-५० |
| १४. | रोजगारी सिर्जना गर्दै त्रिवेणी | ५१-५५ |
| १५. | बलश्रममुक्त त्रिवेणी गाउँपालिका : विगत, वर्तमान र अबको गन्तव्य | ५६-५९ |
| १६. | वडाका चार वर्ष | ६०-७३ |
| १७. | त्रिवेणीको विकासमा राजनीतिक नेतृत्वको 'स्टामिना' (काशीराम डाँगी) | ७४-७६ |
| १८. | फेरिएको त्रिवेणी (महेश न्यौपाने) | ७७-७९ |
| १९. | समाजवाद उन्मुख स्थानीय सरकार (माधवकुमार वली) | ८०-८१ |
| २०. | त्रिवेणी गाउँपालिकाका मौज्दात ऐन तथा कानूनहरू | ८२-८४ |
| २१. | त्रिवेणी गाउँपालिकाको गाउँसभाका पदाधिकारीहरूको विवरण | ८५ |
| २२. | विविध फोटो फिचर | ८६-९३ |

# त्रिवेणी गाउँपालिकाको संक्षिप्त परिचय

## भौगोलिक अवस्था

लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा अवस्थित त्रिवेणी गाउँपालिका साविकका ५ गाउँ विकास समिति (करेटी, नुवागाउँ, बुढागाउँ, जुगार र गैरीगाउँ) मिलेर बनेको छ। राज्य पुनर्संरचना तथा संघीयता कार्यान्वयनको क्रममा साविक जुगार र बुढागाउँ गा.वि.स. २/२ वटा वडामा विभाजन गरिएपछि यस गाउँपालिका ७ वटा वडामा विभाजन गरिएको हो।

कुल २०५.३९ वर्ग कि.मी. भू-भागमा फैलिएको यस गाउँपालिकाको पूर्वमा रोल्पा नगरपालिका, पश्चिममा सल्यान जिल्ला, उत्तरमा माडी र गंगादेव गाउँपालिका र दक्षिणमा रुन्टिगढी गाउँपालिका पर्दछन्। ८२°१२'५२" देखि ८२°३५'२२" पूर्वी देशान्तर र २८°१२'३६" देखि २८°२२'२५" उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुद्री सतहबाट ८६० मीटरदेखि २,८०० मीटरको उचाइमा रहेको छ। गाउँपालिका केन्द्र जुगारको नेर्पा बजार समुद्री सतहबाट १,१२८ मीटर उचाइमा रहेको छ।

यस गाउँपालिकाका तिला, नुवागाउँ, दहवन, निगालपानी, सिम्पानी, लिङ्दुङ र नेर्पा बजारक्षेत्र हुन्।

## बसोबास, धर्म तथा संस्कृति

गाउँपालिकाले वि.सं. २०७४ सालमा गरेको सर्वेक्षण अनुसार यहाँको कुल जनसंख्या २६,१६८ रहेको छ। सामाजिक तथा सांस्कृतिक रुपमा विविधतायुक्त यस गाउँपालिकामा मगर जातिको बाहुल्यता रहेको छ। गाउँपालिकामा ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी, कामी, दमाई, सार्कीलगायतका जातजाति बसोबास गर्दछन्। हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा बौद्ध तथा क्रिष्चियन धर्मावलम्बीहरु पनि बस्दछन्। जातीय र धार्मिक सहिष्णुताको अनुपम नमूना बोकेको यस गाउँपालिकाको दशैं र तिहार मुख्य चाडपर्व हुन्। जनैपूर्णिमा, चण्डीपूर्णिमा, बुद्धजयन्ती, क्रिशमस, माघेसंक्रान्ति आदि यहाँका अन्य चाडपर्वको रुपमा रहेका छन्। नेपाली र मगर भाषा यहाँ बोलिने मुख्य भाषाहरु हुन्। नयाँ पुस्ताहरुमा पश्चिमी संस्कृतिले विस्तारै प्रभाव पार्दै गएको भए पनि परम्परागत भेषभुषा र रहनसहनको संरक्षण र सम्वर्द्धनतर्फ पनि पहल गरिएको छ। पञ्चेबाजा, कौरा, सोरठी, सारङ्गी नाच, मयुर नाच, झ्याउरे, बालन, चुड्कालगायतका नाचहरुले जातीय परम्परालाई कायम गरेका छन्। चबिघाट मेला, नेर्पा मेला, त्रिवेणी मेला आदि यहाँका मुख्य परम्परागत मेलाहरु हुन्।

## पेशा तथा व्यवसाय

त्रिवेणी गाउँपालिकाका बहुसंख्यक जनताको मुख्य पेशा कृषि हो। यस गाउँपालिकामा उत्पादन हुने खाद्यान्न बालीमा धान, गहुँ, मकै, तोरी, चना, मसुरो आदि छन् भने फलफूलहरुमा केरा, आँप, मेवा, चिल्ली, अम्बा र नासपाती आदि प्रमुख छन्। अन्न बालीमा धान, गहुँ, मकै हुन् भने नगदे बालीमा तोरी, केराउ, उखु, चना, मास, मसुरो, खुर्सानी र बेसार हुन्। गाउँपालिकामा उत्पादन हुने प्रमुख तरकारी लौका, करेला, आलु, मुला, रायो, काउली, सागपात, भिण्डी, भेन्टा, बोडी, फर्सी, टमाटर, खुर्सानी, बन्दा, काँक्रो, चिचिण्डो, सिमी, लसुन, प्याज आदि हुन्। जीविकोपार्जनका विगतमा गरिँदै आएको पशुपालन (भैंसीपालन, बाख्रापालन, गाईपालन, बङ्गुरपालन, कुखुरापालन) जस्ता व्यवसाय हाल फार्म दर्ता गरी व्यावसायिक ढंगले सञ्चालन गर्न थालिएको छ। गाउँपालिकाको न्यून जनसंख्या मात्र नोकरी, व्यापार तथा अन्य क्षेत्रमा संलग्न रहेको छ।



नुवागाउँ हाट बजारमा बिक्रीका लागि राखिएका तरकारीहरु



*त्रिवेणी-२ राइबाङस्थित तरकारी खेती*

## भौतिक पूर्वाधार

यस गाउँपालिकाका ७ वटै वडा कार्यालय र स्वास्थ्य चौकीलगायतका मुख्य क्षेत्रमा सडक सञ्जाल विस्तार कार्य सम्पन्न भएको छ जसमा २२५.१४१ कि.मी. भन्दा बढी कच्ची तथा ग्राभेल सडक र गाउँपालिकाको केन्द्र आसपासमा ४ कि.मी. भन्दा बढी कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ भने बाँकी कालोपत्रे सञ्चालनमा रहेको छ। यस गाउँपालिकाको मुख्य सडकको रूपमा स्वीकृत गरिएका जुगार-तिला, जुगार-निगालपानी र जुगार-त्रिवेणी-करेटी सडक आयोजनामा आंशिक कालोपत्रे तथा ग्राबेलको कार्य भएको र बाँकी कालोपत्रेको लागि टेन्डर भइसकेको भए पनि कोभिड-१९ महामारीको कारण कार्यसम्पन्न हुन ढिलाइ भएको छ। गाउँपालिकाले ब्याक हो लोडरको खरिद गरी बाह्रै महिना सडक मर्मत गर्ने, पहिरो हटाउने, खोलाको बाढी नियन्त्रण गर्ने लगायतका कार्य गर्ने गरेको छ।



*जुगार-तिला सडकअन्तर्गत जिउला खण्डको कालोपत्रे*

गाउँपालिकाबासीलाई स्वच्छ र सफा पिउने पानीको व्यवस्था गर्न विभिन्न ठूला खानेपानी योजनाहरु सञ्चालन गरिएको छ। गाउँपालिकामा एक घर एक धारा कार्यक्रम सञ्चालन गरिएको छ। गाउँपालिकाको सर्वेक्षणअनुसार ४,७९५ घरधुरीमध्ये ९९.१२४ प्रतिशत घरमा शौचालय रहेको छ। यसबाट सरसफाइप्रति स्थानीय बासिन्दाहरु सचेत हुँदै गएको कुरा सिद्ध हुन्छ।

ऊर्जातर्फ हालसम्म यस गाउँपालिकाको करिब ७५.८४ प्रतिशत जनसंख्या विद्युतको पहुँचमा आएको छ। यस आ.व. को अन्त्यसम्म शतप्रतिशत जनतासमक्ष विद्युत पहुँच पुऱ्याई ***"त्रिवेणी उज्यालो कार्यक्रम"*** सम्पन्न भएको घोषणा गर्ने लक्ष्य रहेको छ।

## शैक्षिक क्षेत्र

वि.सं. २०११ सालदेखि औपचारिक शिक्षाको शुरुवात भएको यस गाउँपालिकाको शैक्षिक अवस्था सुधार भइरहेको छ। यस गाउँपालिकामा हाल १ वटा क्याम्पस (स्नातक तह), १२ वटा सामुदायिक माध्यमिक तहका विद्यालय, ८ वडा सामुदायिक आधारभूत तहका विद्यालय, १८ वटा सामुदायिक प्राथमिक तहका विद्यालय, विद्यालयमा आधारित ३१ र ६ वटा समुदायमा आधारित सहित ३७ वटा बाल विकास केन्द्र रहेका छन्। गाउँपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन्। १२ वटा सामुदायिक विद्यालयहरूमध्ये जनजागृति मा.वि. जुगार नमुना मा.वि. स्वीकृत भई कक्षा १० सम्म नेपाली र अङ्ग्रेजी दुबै माध्यमबाट पठनपाठन हुने गर्दछ । सो विद्यालयमा कक्षा १२ सम्म विज्ञान र शिक्षा संकाय तथा डिप्लोमा तहमा पशु विज्ञान विषय सञ्चालनमा रहेको छ। अरनिको मा.वि. नुवागाउँमा कक्षा १२ सम्म व्यवस्थापन र शिक्षा संकाय तथा डिप्लोमा तहमा बाली विज्ञान संकाय सञ्चालनमा रहेको छ।

यस गाउँपालिकाको वडा नं. ५ र ६ तोकिएको उमेर समूह (४-१२ वर्ष) का शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएकाले ती वडाहरु शतप्रतिशत विद्यालय भर्ना घोषणा भइसकेका छन् भने बाँकी वडाहरु पनि घोषणाको क्रममा रहेका छन्।



*वडा नं. ६ मा ४-१२ उमेर समूहका बालबालिकाको शतप्रतिशत विद्यालय घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष*

विद्यालयलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको व्यवस्था गाउँपालिकाले गरिदिएको छ भने शैक्षिक गतिविधि गर्नका लागि गाउँपालिकाले शिक्षण स्वयंसेवकको व्यवस्थापन तथा शैक्षिक अनुदानमार्फत विभिन्न कार्यक्रम तय गरेको छ। माध्यमिक तथा आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, इ-लाइब्रेरी आदिको व्यवस्था गरिएको छ। पढाइलाई सूचना प्रविधिमैत्री बनाउने काम अगाडि बढाइएको छ।

## स्वास्थ्य तथा सरसफाइ

यस गाउँपालिकामा हाल ५ वटा स्वास्थ्य चौकी र २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेका छन्। गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको लागि त्रिवेणी–५, जुगारमा २० रोपनीभन्दा बढी जग्गा दानपत्र मार्फत प्राप्त भई निर्माणको लागि टेण्डर स्वीकृत तथा शिलान्यास गरी दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी कार्य सञ्चालनमा रहेको छ। कोभिड-१९ को महामारीलाई मध्यनजर गरी जुगार स्वास्थ्य चौकीमा कोभिड विशेष अस्थायी अस्पताल स्थापना गरी मेडिकल अधिकृत (एम.बी.बी.एस.) बाट स्वास्थ्य सेवा प्रवाह गरिएको छ भने डिजिटल एक्स-रे सेवाका लागि गाउँपालिकाद्वारा रेडियोग्राफर कर्मचारी पदपूर्ती गरी डिजिटल एक्स-रे सेवा सर्वसुलभ रुपमा सञ्चालनमा रहेको छ।



*कोभिड-१९ अस्थायी अस्पतालको उद्घाटन कार्यक्रम*

टोलबस्तीमा स्वास्थ्य सेवा तथा सचेतना अभिवृद्धिका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरू खटाइएको छ। पालिकाका १२ वटा माध्यमिक विद्यालयमा विद्यालय नर्समार्फत स्वास्थ्य सेवा तथा परामर्श दिने व्यवस्था गरिएको छ। पालिकास्तरमा बिरामी ओसारपसारको लागि एम्बुलेन्स सञ्चालन गरिएको छ। यो गाउँपालिका यसअघि नै पूर्ण खोपयुक्त तथा खुला दिशामुक्त घोषणा भइसकेको छ। सबै स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा बर्थिङ सेन्टरको आफ्नै भवन रहेका छन्।



*नेर्पा स्वास्थ्य चौकीमा डिजिटल X-RAY सेवाको उद्घाटन कार्यक्रम*

## लैङ्गिक समानता तथा समाजिक समावेशीकरण

गाउँपालिकाको वि.सं. २०७४ सालको सर्वेक्षण अनुसार १२,९०२ पुरूष (४९.३ प्रतिशत) र १३,२६६ महिला (५०.७ प्रतिशत) रहेका छन्। गाउँपालिकामा सेवारत बालबालिका तथा लैङ्गिक समानतासँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाको सक्रिय सहयोग तथा

गाउँपालिकाको नीति, नियम तथा वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका कारण यस गाउँपालिकामा बाल अधिकार सुनिश्चितताका गतिविधिहरु भएका छन् । बालविवाह तथा बालश्रम न्यूनीकरण र लैङ्गिक समानताका सवालमा सकारात्मक परिवर्तन आएको छ ।

विपन्न, असहाय तथा वञ्चितीकरणमा परेको वर्गको संरक्षणको लागि गाउँपालिकाबाट विपन्न नागरिक उपचार सहायता कोष, बालबालिका कोष, लैङ्गिक हिंसा निवारण कोष मार्फत आर्थिक सहायता गर्ने गरिएको छ ।

अपाङ्गता तथा जेष्ठ नागरिक परिचयपत्र वितरणको लागि घुम्ति शिविर सञ्चालन तथा विशेष अवस्था भएका व्यक्तिको लागि घरमै गएर परिचयपत्र वितरण गर्ने व्यवस्था गरिएको छ । यसै वर्ष नेपाल सरकारबाट तोकिएका सूचकहरू पूरा गरी गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तह घोषणा गरिएको छ ।



*वडा कार्यालयमा शिविर सञ्चलन गरी गाउँपालिकाद्वारा ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिँदै*

## सूचना प्रविधि, सुशासन तथा संस्थागत विकास

यस गाउँपालिकाले सूचना प्रविधिका क्षेत्रमा उल्लेखनीय प्रगति हाँसिल गरेको छ । यस गाउँपालिकाको ७ वटै वडा कार्यालयबाट विद्युतीय माध्यमबाट सेवा प्रदान गरिदैं आइएको छ । गाउँपालिकाको सबै भू-भागमा रेडियो तथा टेलिफोनको पहुँच पुगेको छ भने सबै वडा कार्यालयहरूमा इन्टरनेट सेवा विस्तार कार्य सम्पन्न गरिएको छ । सबै वडा कार्यालयहरूबाट व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली तथा सामाजिक सुरक्षा भत्ता वितरण बैंङ्किङ प्रणालीबाट गरिँदै आइएको छ । यस गाउँपालिकाको सूचना आदानप्रदान प्रणालीलाई गाउँ-गाउँमा तथा जनताको हात-हातमा पुर्‍याउनको लागि मोबाइल एप्स लगायतका अन्य विद्युतीय सूचना प्रणालीको व्यवस्था तथा विकास गरिएको छ । गाउँपालिकासँग सहज सम्पर्क तथा गुनासो दर्ताको लागि टोल फ्रि नम्बर तथा सूचना अधिकारीको व्यवस्था गरिएको छ । सूचनापाटी, गुनासो पेटिका, सार्वजनिक सुनुवाइ तथा सामुदायिक अंकपत्र अन्तरसंवाद कार्यक्रम सञ्चालनमा ल्याउनुका साथै गाउँपालिकाको आफ्नै वेवसाइट, इमेल, फेसबुक तथा डिजिटल डिस्प्ले प्रयोगमा ल्याइएको छ । गाउँपालिकाको कार्यसञ्चालनको लागि आवश्यक नीति, रणनीति, ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत गरी लागु गरिएको छ ।

गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूको लागि आफ्नै भवन निर्माण गरिएको छ ।

## प्रमुख धार्मिक तथा पर्यटकीय स्थल

| वडा नं. | प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू |
|---|---|
| १ | माडी सिवाङ दोभान |
| २ | धानखानी गुफा |
| ३ | बौद्ध गुफा |
| ४ | भुवनेश्वर मन्दिर, घोरढुङ्गा, शिव मन्दिर, गुप्ति दह |
| ५ | शिवगुफा दार्शनिक केन्द्र, गामाकोट बराहक्षेत्र स्थल |
| ६ | बाघ पाइले, पोखरडाँडा, राधाकृष्ण मन्दिर र चुलिफिजे (३००० मि.) |
| ७ | भगवती कालिका मन्दिर, चिरेखोला शिव मन्दिर, बच्चा पाइला ओडार, भालुदुला दुम्ला, ढोरेनी तीनतले अनन्त ओडार, गौरीमाता मन्दिर, जनयुद्ध स्मृति राष्ट्रिय संग्रहालय |

## त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष

# विकासमा त्रिवेणीका पाइलाहरू

विकास र समृद्धिका लागि त्रिवेणी गाउँपालिका निरन्तर अघि बढिरहेको छ। त्रिवेणी गाउँपालिकाले समयमै नीति तथा कार्यक्रम र बजेट ल्याउने काम गरेको छ। योजनाहरु समयमै सम्पन्न गर्ने, गुणस्तर कायम गर्ने, उपभोक्तामार्फत सञ्चालन हुने कामको गुणस्तर र परिमाणको अनुगमन, अपनत्वको विकास, पारदर्शिता कायम गर्ने र मातहतका वडाहरुको कामकाजलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने काम गरिरहेको छ। जनताप्रति उत्तरदायी सरकारको रुपमा त्रिवेणी गाउँपालिका स्थापित भएको छ। आज स्थानीय सरकार घरघरमा पुगेको छ, प्रत्येक गाउँ बस्तीमा सडक पुगेका छन्। सडक, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य, सञ्चार, जस्ता आधारभूत सुविधाको सुनिश्चितता भएको छ। नेपालको संविधानमा मौलिक हकका रुपमा रहेका सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रता, समानता, सञ्चार, न्याय, छुवाछुत तथा भेदभाव विरुद्ध, सूचना, स्वच्छ वातावरण, शिक्षा, रोजगारी, श्रम, भाषा तथा संस्कृति, स्वास्थ्य, खाद्य, आवास, महिला, बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक न्याय आदि सम्पूर्ण हकको कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यहरु प्रभावकारीरुपमा कार्यान्वयन गरिरहेको छ।

गाउँपालिकाले प्रत्येक वर्ष कार्यान्वयन हुने वार्षिक विकास निर्माणका तथा सम्पूर्ण कार्यक्रमहरु जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरु स्वयं जनताको घरदैलोमा पुगी वास्तविक आवश्यकता र प्राथमिकता पहिचान गरेर तर्जुमा गर्ने गरेको छ। गाउँपालिकाले सञ्चालन गरेका विकास निर्माणका कार्यहरुबाट प्रत्यक्ष जनताको जिवनस्तरमा वृद्धि हुने गरेको छ भने कयौं विकास निर्माणका कार्यहरु उपभोक्ता समिति मार्फत हुने गरेकोले निर्मित संरचनाको सुरक्षा तथा साना मर्मत सम्भार जनस्तरबाट हुने गरेको छ। स्थानीयस्तरमा आफ्नो सीप तथा क्षमता प्रयोग गरेर स्वरोजगार बन्ने खालका कार्यक्रम गाउँपालिकाले सञ्चालन गर्ने गरेको छ। गाउँपालिकाबासीको आर्थिक वृद्धिमा टेवा पुग्ने साना उद्योग, कृषि, पशु, उद्योग, पर्यटन जस्ता कार्यक्रम गाउँपालिकाले सञ्चालन गरेको छ। गाउँपालिका तथा वडाबाट बितेका चार वर्षमा धेरै नमूनायोग्य कार्यहरु गरेको र गर्ने प्रयास गरेको छ।



त्रिवेणी ढाका उद्योग, वडा नं. ७, तिला

सडकको क्षेत्रमा पनि हामीले त्यसरी नै द्रुत गतिमा काम गरेका छौं। रु. ८० लाखमा इस्टिमेट भएर सम्झौता भएका कामलाई हामीले प्रतिस्पर्धा गराएर रु. ५० लाखसम्ममा सम्पन्न गराएका छौं। रु. ६० लाखलाई २४/२५ लाखमा सम्पन्न गरेका छौं।



त्रिवेणी गाउँपालिकाको वडा नं. १ स्थित करेटी माडी सडक

हामीले निकै प्रतिस्पर्धा गराई जनप्रतिनिधि, कर्मचारी उपभोक्ता समिति सबैलाई पारदर्शीढङ्गले काम गर्ने बनाएर त्रिवेणीको हरक्षेत्रको विकासलाई जोडका साथ अगाडि बढाएका छौँ । यही रफ्तारमा काम गर्ने हो भने शिक्षा, खानेपानी, सडकको क्षेत्रलाई अबका ४/५ वर्षमा धेरै अगाडि लैजान सकिनेछ भन्ने आत्मविश्वास बढेको छ । त्यसैगरी कृषिको क्षेत्रमा पनि हामीले त्यत्तिकै लगानी गरेका छौँ । गाउँपालिकाबाट बाख्रा, बंगुरलगायत पशुजन्य उपज वितरणदेखि सीपमूलक तालिम, प्रत्येक वडामा कृषि तथा पशु सेवाका प्राविधिकहरु कृषकहरुलाई सहयोग तथा सचेत बनाउने उद्देश्यका साथ व्यवस्था गरेका छौँ ।



हुरेक नेपाल, रोल्पा र सेभ द चिल्ड्रेनको सहयोगमा बालश्रम निवारणका लागि विपन्न परिवारको आर्थिक विकास गर्न बाख्रा वितरण कार्यक्रम

स्वरोजगारीका लागि अतिविपन्न नागरिकहरुलाई हामीले विभिन्न तालिम, अनुदानको व्यवस्था गरेका छौँ भने रोजगारीको हक कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विभिन्न स्थानका बेरोजगार जनतालाई रोजगारी उपलब्ध गराएका छौँ । सेभ द चिल्ड्रेनको सहयोगबाट पनि हामीले थुप्रै सीपमूलक तालिमहरु सञ्चालन गरेका छौँ । गाउँपालिका, सेभ द चिल्ड्रेन तथा अन्य सबैको बजेटलाई एकीकृत गराएर त्रिवेणी गाउँपालिकाका पछि परेका समुदाय तथा व्यक्तिहरुलाई माथि उठाउने हिसाबले काम गरेका छौँ ।



महिलाहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षाको समापन कार्यक्रम

उनीहरुका बालबालिकालाई पढाउन सहज होस् भनेर अभिभावकहरुलाई विभिन्न सीपमूलक तथा संरक्षणका कार्यक्रमहरु गरेका छौँ । महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य समावेशी समूहका जनताका हितका लागि हामीले घुम्ती कोष तथा लक्षित वर्ग आयमूलक कोषको व्यवस्था गरेका छौँ । बालबालिका अक्षय कोषमा हामीसँग रहेको ३८ लाख रुपैयाँ परिचालन गरिरहेका छौँ । यसरी हेर्दा शिक्षा, स्वास्थ्य तथा कृषिमा हामीले उल्लेखनीय काम गरेका छौँ ।

उत्पादनको हिसाबले हेर्दा कृषिमा तरकारी बीउबिजन वितरणदेखि किसानहरुका तरकारीको बजारीकरणका लागि ठूलठूला हाटबजार टहराहरु निर्माण गर्ने, उनीहरुको तरकारी नाप तौलका लागि ढक, तराजुको व्यवस्था गर्ने, त्यहाँको सहकारी, हाटबजार व्यवस्थापन समितिहरुलाई अझ जिम्मेवार बनाउने आदि काम हाम्रो तर्फबाट भएको छ । वर्षेनी तरकारी उत्पादन गरेर लाखौँ रुपैयाँको तरकारी किसानहरुले अहिले बाहिर निर्यात गर्न सफल भएका छन् । रोल्पा जिल्लामा त्रिवेणी गाउँपालिकाबाट धेरै मात्रामा बेमौसमी तरकारी उत्पादन गरेर बाहिर निर्यात गरी अर्थोपार्जन र जीवनस्तर सुधार्नमा पालिकाले सहकार्य गरेको छ ।

खानेपानी क्षेत्रमा हरेक डाँडाका बस्ती चाहे गैरीगाउँको नांगा, राम्मीको गाउँमा होस् या नुवागाउँका माथि-माथिका गाउँ जस्तै प्यूरी, धनखानी, झुम्लुङ, झुलाबाङ होस् या करेटीका गाउँ बस्तीमा होस् हामीले खानेपानी नभएका ठाउँमा खानेपानीको व्यवस्था गरेका छौं । गाउँबस्तीभन्दा मुहान माथि रहेका ठाउँमा हामीले पाइपको माध्यमबाट खानेपानी पुर्‍याएका छौं भने मुहान तल रहेको स्थानमा हामीले सोलर लिफ्ट खानेपानीको व्यवस्था गरेका छौं । हाल आएर गाउँ-गाउँमा विद्युतको व्यवस्था भएसँगै विद्युत लिफ्ट खानेपानीको समेत काममा जुटेका छौं ।



*नेर्पा बजार खानेपानी योजनाको रिजर्व ट्यांकी*
*त्रिवेणी-५*

त्यसको सँगसँगै हामीले स्वास्थ्य सेवाको क्षेत्रमा पनि त्यत्तिकै मेहनत गरेका छौं । हाम्रो प्रयत्नबाट हामीले डिजिटल र सादा एक्स-रे मेसिनको व्यवस्था गरेका छौं, ल्याब सेवा २ स्थानमा सञ्चालन गरेका छौं । सबै स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीको यथेष्ट व्यवस्था गरेका छौं । औषधि खरिदका लागि संघीय सरकारका साथै गाउँपालिकाबाट पनि छुट्टै बजेटको व्यवस्था गरेका छौं । सँगसँगै अहिले हामीले मेडिकल अधिकृत पनि राखेका छौं । १५ शैयाको अस्पतालको निर्माण कार्य यस गाउँपालिकामा सञ्चालनमा रहेको छ । बालबालिकाहरुलाई खोप लगाउने, गर्भवती महिलालाई स्वास्थ्य संस्थामै गएर बच्चा जन्माउनका लागि प्रत्येकलाई गाउँपालिकाबाट थप प्रोत्साहनको व्यवस्था पनि गरेको छौं । गाउँपालिकाभित्र कार्यरत रहेका मातृशिशु कार्यकर्तालाई पनि प्रोत्साहन गरेका छौं । गाउँपालिका भित्रको जुनसुकै स्थानबाट पनि बिरामीलाई स्वास्थ्य संस्था तथा अस्पतालसम्म पुर्‍याउनका लागि गाउँपालिकाले एम्बुलेन्सको व्यवस्था गरेको छ । दुर्गम ठाउँ होस् या गाउँपालिकाको केन्द्र होस्, सबैलाई एकरुपमा न्यून भाडादरको व्यवस्था गरिएको छ ।



*पन्ध्र शैयाको अस्पताल उद्घाटन कार्यक्रम*
*त्रिवेणी-५*

संघीयता कार्यान्वयनपश्चात स्थापना भएको यस त्रिवेणी गाउँपालिकामा स्थानीय तहको निर्वाचनपछिका यी चार वर्षको अन्तरालमा भएका महत्वपूर्ण कामहरुको अभिलेखीकरण गर्नका लागि यस पुस्तक तयार गरिऐको छ ।

'विकास हेर्न त्रिवेणी जाऔं'

# विकासको आधार : पूर्वाधार

त्रिवेणी गाउँपालिकामा जनप्रतिनिधि आएको चार वर्षको अवधिमा पूर्वाधार विकासका लागि गाउँपालिकाले विभिन्न नीति तथा कार्यक्रमहरु तय गरी कार्यान्वयन गरेको छ। पूर्वाधार क्षेत्रमा कुल बजेट रु. २७ करोड ७३ लाख ९२ हजार ४ सय ९९ खर्च गरेका छौं। गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयको भवन निर्माण सम्पन्न गरेका छौं। प्रत्येक वडाका प्रायः सबै गाउँबस्तीमा सडक यातायात पुऱ्याएका छौं। भित्री चक्रपथलाई बाह्रै महिना सवारी साधन चल्न सक्ने गरी ग्राभेल र स्तरोन्नति गरेका छौं भने ग्रामीण समुदायमा सडकको पहुँच पुऱ्याएका छौं। बाहिरी चक्रपथको ट्र्याक खोल्ने अधिकांश काम सम्पन्न गरी केही भागमा मात्र बाँकी रहेको छ।

गाउँपालिकाको अतिदुर्गम क्षेत्रमा अवस्थित वडा नं. १ को माडीखोला सिवाङधारा, वडा नं. ३ को तिखिनभिर, वडा नं. ६ लंबाज, चंबास, पिमाखु, वडा नं. ५ को हान्जाबाङ, झाँक्रीसल्ला र वडा नं. ७ को बजिबाङ, ढोरेनी जस्ता सिमानामा रहेका गाउँबस्तीसम्म सडक विस्तार कार्य सम्पन्न भएको छ। गाउँपालिकाको मुख्य सडकको रुपमा रहेको निगालपानी-सिम्पानी-लिङदुङ-जुगार-तिला तथा त्रिवेणी पहुँच मार्गको कालोपत्रे सुरु गरिएको छ। जस अन्तर्गत हालसम्म करिब ४ कि.मी. सडकको कालोपत्रे सम्पन्न भइसकेको छ भने बाँकी खण्डमा कार्य सञ्चालनमा रहेको छ।



जुगार-तिला सडकमा हालै गरिएको कालोपत्रे

गाउँपालिकाका सबै घरधुरीमा विद्युत पुऱ्याउने लक्ष्यका साथ सुरु गरिएको त्रिवेणी उज्यालो कार्यक्रमअन्तर्गत गाउँपालिकाका गाउँबस्तीहरुमा विद्युतीकरणको कामलाई तीव्रता दिइएको छ। गाउँपालिका केन्द्रमा समेत विद्युत सुविधा नभएको अवस्थामा परिवर्तन भई हाल राष्ट्रिय प्रसारण लाईनलाई गाउँपालिकाको स्रोतबाट विस्तार गरी हालसम्म ७५.८४ प्रतिशत घरधुरीमा विद्युतीकरण कार्य सम्पन्न भएको छ।



गाउँपालिकाको लगानीमा विस्तार गरिएको विद्युतीकरणको एक झलक

विभिन्न समयमा हुने आगलागीबाट गाउँपालिकाबासीको जनधनको क्षति नहोस् भन्ने उद्देश्यका साथ गाउँपालिकाले गरिब तथा विपन्न नागरिकका घरको फुसको छानो हटाई जस्तापाता राख्नका लागि सुरक्षित नागरिक आवास कार्यक्रमको थालनी गरिएको छ। जसअन्तर्गत संघीय सशर्त बजेटबाट २५१ घरधुरीलाई फुसको छानो हटाई जस्तापाता राख्ने कार्यक्रम रहेकोमा रु. ३२ लाख मात्र प्राप्त भएकोले ३३ घरधुरीले जस्तापाता लगाउने कार्य सम्पन्न गरिसकेको र अन्य बाँकी घरधुरीमा जस्तापाता राख्नका लागि संघीय सशर्त अनुदानबाट रु. ४७ लाख, विशेष अनुदानबाट रु. १ करोड २५ लाख र गाउँपालिकाबाट रु. ५० लाख गरी जम्मा रु. २ करोड ५४ लाखको बजेटमा जम्मा ५ सय ७ घरधुरीको यसै आ.व. मा फुसको छानो हटाई जस्तापाता लगाउने लक्ष्य गाउँपालिकाले लिएको छ।



*सुरक्षित नागरिक आवास अन्तर्गत त्रिवेणी-५ मा फुसको छानो हटाई जस्तापाता राखिएको घर*

लुम्बिनी प्रदेश सरकारको सहयोगमा त्रिवेणी गाउँपालिकामा रु. ६० लाखको लगानीमा गाउँपालिकास्तरीय बहुउद्देश्यीय सभाहल निर्माण गरिएको छ भने रु. ४० लाखको लगानीमा गाउँपालिकास्तरीय खेलमैदानको निर्माण भएको छ। जसले गर्दा गाउँपालिकास्तरीय बृहत् कार्यक्रम तथा शैक्षिक र खेलकुद कार्यक्रम सञ्चालन गर्न मद्दत पुगेको छ ।



*प्रदेश सरकारको सशर्त अनुदानमा गाउँपालिकाद्वारा रु. ६० लाखमा निर्माण गरिएको पालिकास्तरीय बहुउद्देश्यीय सभाहल*

त्यसैगरी संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको लगानीमार्फत गाउँपालिकाले श्री जनजागृती माध्यमिक विद्यालयको छात्राबास भवन, श्री अरनिको माध्यमिक विद्यालयको छात्राबास भवन तथा श्री वीरेन्द्र माध्यमिक विद्यालयको छात्राबास भवन निर्माण सम्पन्न गरेको छ । गाउँपालिकाका विभिन्न डाँडाबस्तीमा रहेका गाउँहरुमा खानेपानी विस्तार गर्नका लागि लिफ्टिङ योजनाहरु निर्माण गरेको छ ।

## यातायात पूर्वाधार (सडक, झोलुङ्गे पुल तथा पुलपुलेसा समेत)



*गाउँपालिकाद्वारा निर्मित जुगार-निगालपानी सडकको नव नेपाल क्याम्पस खण्ड कालोपत्रे*

त्रिवेणी गाउँपालिकाले यातायात क्षेत्रमा उल्लेखनीय आधार निर्माण गरेको छ । गाउँ तथा बस्तीहरुमा यातायात पूर्वाधार निर्माण गरिएको छ। गाउँपालिकाले त्रिवेणी गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७४ तयार गरी जनप्रतिनिधि आएको ४ वर्षमा यातायात पूर्वाधारको क्षेत्रमा कुल रु. १८ करोड ४ लाख ३१ हजार ९२४ खर्च गरी करिब ४ कि.मि. कालोपत्रे सडक, २२५.१४१ कि.मी. नयाँ ट्रयाक खोल्ने काम गरेको छ भने ४१७.५८५ कि.मी. सडक मर्मत, सरसफाई तथा स्तरोन्नति गरेको छ। सडक निर्माणका क्रममा साना खोला खोल्सीका ८१ स्थानमा ह्युम पाइप, ३२८ स्थानमा ग्याविन जाली तथा पर्खाल निर्माण, ४ स्थानमा मोटरेवल कल्भर्ट निर्माण, ५ वटा ट्रस पुलको निर्माण साथै ग्रामीण बस्तीमा आवतजावत गर्नका लागि ३.८३१ कि.मी. घोरेटो बाटो निर्माण गरिएको छ ।



*गाउँपालिकाद्वारा निर्माण गरिएको जुगार-ज्यूला खोला मोटरेवल कल्भर्ट*



गाउँपालिकाद्वारा निर्माण गरिएको त्रिवेणी जुगार जोड्ने मोटरेवल कल्भर्ट

| वडा नं. | मोटरबाटो नयाँ ट्र्याक निर्माण (कि.मी.) | मोटरबाटो मर्मत, सरसफाई तथा स्तरोन्नती (कि.मी.) | ह्युम पाइप (स्थान) | ग्याविन जाली तथा पर्खाल निर्माण (स्थान) | कल्भर्ट पुल (स्थान) | ट्रस पुल (स्थान) | गोरेटो / घोरेटो बाटो निर्माण (कि.मी.) |
|---|---|---|---|---|---|---|---|
| १ | २२.४८० | ८९.६२० | - | १० | - | १ | ३.८३१ |
| २ | ५४.९९५ | ५३.८३० | ५ | २८ | १ | २ | - |
| ३ | २०.५३१ | ४२.०९० | ५ | १३९ | - | - | - |
| ४ | २१.८४५ | ७४.९१० | ४५ | २५ | - | - | - |
| ५ | १८.८५० | ५९.५६० | २० | ९० | २ | १ | - |
| ६ | २९.१५० | ४७.४५० | ६ | - | १ | - | - |
| ७ | ५७.२९० | ५०.१२५ | - | ३६ | - | १ | - |
| जम्मा | २२५.१४१ | ४१७.५८५ | ८१ | ३२८ | ४ | ५ | ३.८३१ |

## उर्जा (विद्युत विस्तार)

संघीयता कार्यान्वयनपश्चात वि.सं. २०७३ मा स्थापना भएको यस त्रिवेणी गाउँपालिकामा वडा नं. २ को दहवन र नुवागाउँको केही भू-भाग, वडा नं. ४ को निगालपानी र सिम्पानी बजारका केही भू-भाग र वडा नं. ७ को तिला बजारका केहि घरधुरीमा विद्युतको पहुँच पुगेको थियो। गाउँपालिकाको केन्द्र जुगार नेर्पा बजार लगायत यस पालिका अन्तर्गतका अधिकांश गाउँबस्तीमा विद्युतको पहुँच नभएकोमा स्थानीय जनप्रतिनिधिको निर्वाचनपश्चात हाल गाउँपालिकाको केही बस्ती बाहेक ७५.८४ प्रतिशत घरधुरीमा विद्युत विस्तार कार्य सम्पन्न भइसकेको छ। नेपालको संविधानको संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार सूचीमा रहेको विद्युत विस्तार कार्य तथा जनताको आवश्यकतालाई आत्मसाथ गर्दै त्रिवेणी गाउँपालिकाले प्रत्येक आ.व. मा आफ्नै वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी हालसम्म रु. ५ करोड ३५ लाख ८७ हजार ३९ खर्च गरी गाउँपालिकाले गाउँ-गाउँमा, सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा केन्द्र, क्याम्पस, माध्यमिक तथा आधारभूत विद्यालय तथा यस गाउँपालिकाभित्रका सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालय समेतमा गाउँपालिकाको स्रोतबाट विद्युत विस्तार कार्य गरेको छ। आ.व. २०७४/०७५ देखि हालसम्ममा जम्मा १६७ किलोमिटर मुख्य प्रसारण लाइन विस्तार गरेका छौं भने ५०४ किलोमिटर सहायक लाईन विस्तार सम्पन्न गरेका छौं। त्यस्तै गरी हा( मीले ३३६ वटा मुख्य पोल, १७७८ वटा सहायक पोल र जम्मा ३२ वटा ट्रान्सफर्मर राखेका छौं।



वडा नं. २ मा विद्युत लाइन उद्घाटनको तस्विर

आ.व.२०७७/०७८ मा विनियोजित रकम रु. १ करोड ९७ लाख ३१ हजार १०५ मा विद्युत सामग्री खरिद तथा ढुवानीका लागि टेण्डर आव्हान गरिएकोमा विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस महामारीका कारण कार्य अवरुद्ध भएको र सो कार्य यस आ.व. मा सम्पन्न हुने भएको छ। सो सम्पन्न भएपश्चात विद्युतीकरण ७५.८४ प्रतिशतबाट बढेर झण्डै शतप्रतिशत हुने अपेक्षा गरेका छौं। गाउँपालिकाले सहरोन्मुख क्षेत्रहरुमा सौर्य सडक बत्तीको व्यवस्था गरेको छ। नेर्पा, लिङ्दुङ तथा गैरीगाउँको विभिन्न २२ स्थानमा सौर्य बत्ती जडान गरिएको छ।

| वडा नं. | मुख्य लाईन विस्तार (कि.मी.) | सहायक लाईन विस्तार (कि.मी.) | मुख्य पोल (वटा) | सहायक पोल (वटा) | ट्रान्सफर्मर (वटा) | विद्युत विस्तार भएको घरधुरी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४२ | ७८ | ६३ | २४८ | ७ | ३४६ |
| २ | २३ | ९४ | ३० | ४५७ | ७ | ८१३ |
| ३ | ८ | ७० | ६० | २७२ | ४ | ५१० |
| ४ | १३ | ८२ | १५ | १७५ | ४ | ६६७ |
| ५ | ६३ | ७८ | ११७ | २८२ | ५ | ५११ |
| ६ | २ | १७ | १० | १४६ | २ | १९६ |
| ७ | १६ | ८५ | ४१ | ३२८ | ३ | ७४५ |
| जम्मा | १६७ | ५०४ | ३३६ | १७७८ | ३२ | ३७८८ |

## भवन, खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधार

त्रिवेणी गाउँपालिकामा हालसम्म भवन निर्माणतर्फ जम्मा २५ वटा विद्यालय भवन निर्माण भएको छ भने ४२ वटा विद्यालय भवनको मर्मतसम्भार तथा स्तरोन्नति कार्य सम्पन्न गरिएको छ। गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कुल १०७ वटा नयाँ कक्षा कोठा निर्माण गरिएको छ। विद्यालय तथा समुदाय स्तरमा खेलकुद गतिविधि प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि ४४ वटा खेलकुद मैदान गरिएको छ। पूर्वाधार विकासलाई समुदायस्तरमा लैजानका निमित्त २९ वटा सामुदायिक भवन निर्माण गरिएको छ, १४ वटा साविकका सामुदायिक भवन मर्मतसम्भार तथा स्तरोन्नति गरिएको छ। गाउँपालिका तथा अन्तर्गतका कार्यालयबाट सेवा प्रवाह तीव्ररुपमा सञ्चालन गर्नका लागि १४ वटा सरकारी भवन निर्माण तथा १० वटा भवन मर्मत तथा स्तरोन्नति गरिएको छ।

त्रिवेणी गाउँपालिका र संघीय सरकारको लगानीमा श्री जन जागृति मा.वि. जुगारको जीर्ण रहेको पुरानो भवनलाई रु. १५ लाखको लागतमा प्रवलिकरण (रेट्रोफिटिङ) गरी पुनःनिर्माण गरिएको छ। गाउँपालकिाको आफ्नै लगानीमा रु. ६६ लाखमा सोही विद्यालयको ८ कोठे नयाँ पक्की भवन निर्माण सम्पन्न भई पठनपाठन पूर्णरुपमा सञ्चालन भएको छ।



*गाउँपालिकाको रु. ६६ लाखको लगानीमा निर्माण गरिएको जनजागृति मा.वि. को पक्की भवन*

गाउँपालिकाको लगानीमा रु. २० लाखमा श्री अरनिको मा.वि. नुवागाउँमा ८ कोठे छात्राबास भवन, प्रदेश सरकारको सशर्त अनुदानबाट रु. २२ लाखमा श्री जन जागृति मा.वि. जुगारको ८ कोठे छात्राबास भवन निर्माण गरिएको छ।

नेपाल सरकार, स्थानीय पूर्वाधार विकास कार्यक्रम (सांसद विकास कोष) अन्तर्गत रु. २५ लाखमा श्री वीरेन्द्र मा.वि. गाङमा ८ कोठे छात्राबास भवन निर्माण गरिएको छ।




*स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत रु. २५ लाखमा निर्माण गरिएको श्री वीरेन्द्र मा.वि. गाङको ८ कोठे छात्राबास भवन*

त्रिवेणी गाउँपालिकाको वार्षिक बजेटबाट गाउँपालिका अन्तर्गत रु.२५/२५ लाखको लगानीमा २, ३, ४, ५ र ६ नं. वडा कार्यालयको एकद्वार प्रणालीमा आधारित ट्रस भवन निर्माण सम्पन्न भएको छ, भने ७ नं. वडा कार्यालयको अधुरो रहेको भवनको निर्माण रु. २० लाखमा सम्पन्न गरिएको छ। सो सँगै गाउँपालिका अन्तर्गत सम्पूर्ण वडा कार्यालयको आफ्नै भवनबाट नियमित सेवा प्रवाह भइरहेको छ।



*गाउँपालिकाबाट निर्माण गरिएको वडा नं. २ को कार्यालय भवन*

नेपाल सरकारको सशर्त अनुदानबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु. १८ लाखमा श्री जनसेवा आ.वि. करेटीमा २ कोठे पक्की भवन निर्माण गरिएको छ। विद्यालय भौतिक पूर्वाधार अनुदानबाट श्री सिद्धरत्न मा.वि. हान्जाबाङमा रु. २२ लाखमा ४ कोठे पक्की भवन, श्री सरस्वती आ.वि. जेलबाङमा रु. १६ लाखमा ३ कोठे भवन तथा रु. ४ लाखमा वास सुविधासहितको शौचालय, श्री शिव मा.वि. द्वारपानी, श्री भगवती मा.वि. दहवन, श्री सरस्वती मा.वि. लिङ्दुङ तथा श्री बालकल्याण नमूना आ.वि. ढोरेनीमा ३/३ कोठे पक्की भवन रु. १६/१६ लाखमा निर्माण सम्पन्न गरिएको छ।




*गाउँपालिकाद्वारा रु. २२ लाखमा निर्माण गरिएको श्री सिद्धरत्न मा.वि. हान्जाबाङको पक्की भवन*

श्री दुर्गा भवानी आ.वि. लाम्पुतलीचौरमा रु. १५ लाखमा ३ कोठे ट्रस भवन निर्माण गरिएको छ।



*गाउँपालिकाद्वारा रु. १५ लाखमा निर्माण गरिएको श्री दुर्गाभवानी आ.वि. लाम्पुतलीचौरको ३ कोठे ट्रस भवन*

श्री अरनिको मा.वि. नुवागाउँमा २/२ तला भएको पक्की भवनमा रु. २० लाखमा १/१ तला थप हुने गरी ४ वटा कक्षाकोठा थप गरिएको छ।



*श्री अरनिको मा.वि. नुवागाउँमा निर्माण गरिएको विद्यालय भवन*

श्री सरस्वती मा.वि. काउलाबोटको साविकको भवनमा दुई कक्षाकोठा थप हुने गरी १ तला थप गरिएको छ।



*गाउँपालिकाद्वारा श्री सरस्वती मा.वि. काउलाबोटमा तला थप गरिएको भवन तथा खेलमैदान*

त्यसैगरी गाउँपालिका अन्तर्गतका अधिकांश विद्यालयको घेराबार कार्य सम्पन्न भएको छ, खेलमैदान, कक्षाकोठा मर्मत सम्भार, बालमैत्री विद्यालय बनाउन बसाई व्यवस्थापन तथा फर्निचर निर्माण सम्पन्न भएको छ।

| वडा नं. | नयाँ विद्यालय भवन | विद्यालय भवन मर्मत | विद्यालय नयाँ कक्षा कोठा निर्माण | विद्यालय खेलमैदान | नयाँ सामुदायिक भवन | सामुदायिक भवन मर्मत | नयाँ सरकारी भवन निर्माण | सरकारी भवन मर्मत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | १४ | ५ | ७ | ६ | २ | - | - |
| २ | ७ | ७ | २३ | ८ | ३ | - | १ | ३ |
| ३ | ३ | ८ | ३ | २ | ४ | ५ | ३ | १ |
| ४ | १ | - | १२ | ४ | ३ | २ | १ | - |
| ५ | ५ | ५ | २९ | ९ | ८ | २ | ६ | ५ |
| ६ | ३ | ५ | ७ | ७ | ४ | - | २ | - |
| ७ | ३ | ३ | २८ | ७ | १ | ३ | १ | १ |
| जम्मा | २५ | ४२ | १०७ | ४४ | २९ | १४ | १४ | १० |

साथै खानेपानी तथा सिंचाइतर्फ गाउँपालिकाले थुप्रै लगानी गरेको छ। गाउँ-गाउँमा रहेका बस्तीहरुमा खानेपानीको सुविधा पुऱ्याइएको छ। खेतीयोग्य स्थानहरुमा सिंचाइको व्यवस्था गरिएको छ। हालसम्म गाउँपालिकाले १३४ वटा खानेपानीको मुहान ट्याङ्की निर्माण गरेको छ। १२५ स्थानमा पानी संकलन (RVT) ट्याङ्की निर्माण गरिएको छ भने २५९ स्थानमा धारा निर्माण गरिएको छ। खानेपानी विस्तारका लागि २,०४,८७२ मिटर पाइप लाइन विस्तार गरिएको छ। सिंचाई तर्फ ५,०७३ मिटर कुलो निर्माण गरिएको छ, ५,८५६ मिटर सिंचाइ पाइप विस्तार गरिएको छ भने २४ वटा स्थानमा सिंचाइ पोखरी निर्माण गरिएको छ।

प्रदेश सरकार र गाउँपालिकाको लगानीमा त्रिवेणी गाउँपालिका-७ मा गैरीगाउँ रानागाउँ नाङ्गा शारधारा सोलार लिफ्ट खानेपानी रु. ३० लाखमा सम्पन्न गरिएको छ। त्रिवेणी-४ मा द्वारपानी धारखोला खानेपानी लिफ्टिङ योजना रु. ३७ लाखमा सम्पन्न गरिएको छ, त्रिवेणी-२ मा झुम्लुङ झुलाबाङ सोलार लिफ्ट खानेपानी रु. ४४ लाखमा सम्पन्न गरी एक घर एक धाराको काम सञ्चालन भइरहेको छ।



*वडा नं. ४ को सिम्पानी द्वारपानी सौर्य लिफ्ट खानेपानी योजना*

स्थानीय तहको निर्वाचन अघि गाउँपालिकाको केन्द्र नेर्पा बजारमा समेत खानेपानीको सहज आपूर्ति नभएको अवस्थामा गाउँपालिकाले विभिन्न समयमा करिब रु. ७५ लाखको लगानीमा लगभग ७ कि.मि. टाढाको मुहानबाट नेर्पा बजारमा खानेपानीको सहज पहुँच र आपूर्तिको व्यवस्था गरको छ।



*नेर्पा बजार खानेपानी योजनाको मुहान, त्रिवेणी-६*

त्यसैगरी वडा नं. ७ को राम्मी चौफारिबोटमा र वडा नं. १ को करेटी यारीमा रु. १५/१५ लाखमा खानेपानी योजनाको काम सम्पन्न भएको छ। एक घर एक धारा भन्ने नारालाई सफल पार्नका लागि गाउँपालिकाको विभिन्न स्थानमा सञ्चालनमा रहेका खानेपानी योजनालाई एक घर एक धारा पुऱ्याउने लक्ष्यका साथ काम सञ्चालन गरिएको छ।

| वडा नं. | खानेपानी | | | | सिंचाई | | |
|---|---|---|---|---|---|---|---|
| | मुहान ट्याङ्की (वटा) | पानी संकलन ट्याङ्की (वटा) | धारा (वटा) | पाइप (मिटर) | कुलो (मिटर) | पाईप (मिटर) | पोखरी (वटा) |
| १ | १९ | १३ | २० | ४५२०२ | १७५ | - | १३ |
| २ | २६ | २७ | १५८ | ४९१२५ | ३१ | १५६६ | ४ |
| ३ | ११ | १३ | - | २१६१९ | १८९५ | ९४० | - |
| ४ | १० | ११ | ३ | ८३०० | - | ७०० | - |
| ५ | ४३ | २४ | २ | २३००५ | १४९७ | ९५० | १ |
| ६ | ४ | १० | २० | १०७९० | १३५५ | - | - |
| ७ | २१ | २७ | ५६ | ४६८३१ | १२० | १७०० | ६ |
| **जम्मा** | **१३४** | **१२५** | **२५९** | **२०४८७२** | **५०७३** | **५८५६** | **२४** |

अन्तर्वार्ता

# "चुनावी घोषणापत्रमा उल्लेख गरेभन्दा धेरै कामहरू गरेका छौं"

● शान्तकुमार वली, अध्यक्ष त्रिवेणी गाउँपालिका जुगार, रोल्पा




**स्थानीय तह निर्वाचन भएको ४ वर्ष अवधिमा मुख्य के-के कामहरू गर्नुभयो ?**

हामी निर्वाचित भएको ४ वर्ष पुगेर पनि ५ औं वर्षमा छौं, यस दौरानको शुरुमा हामी त्रिवेणी गाउँपालिकामा निर्वाचित भएर आउँदा हामी बस्ने गाउँपालिका भवनमै समस्या थियो । अध्यक्ष, उपाध्यक्ष तथा कर्मचारीको कार्यकक्ष एउटै कोठामा सीमित रहेको थियो भने यसै भवनमा २ वटा वडा कार्यालय एउटा कोठाभित्र सीमित भएर बस्नुपर्ने बाध्यता थियो । कर्मचारी जनशक्ति निकै कम थियो । एक जना कार्यकारी अधिकृत, नायब सुब्बा र २ वटा वडा हेर्ने गरी वडा सचिव एकजना मात्रै रहेको अवस्था थियो । कुनै-कुनै वडामा मात्र वडा सचिवको व्यवस्था थियो । कर्मचारी जनशक्ति पनि कम, हामी पनि भर्खरै निर्वाचित भएर आएको, ऐन, नियम र कानून केही पनि नभएको अवस्था थियो । यस्तो परिवेशमा गाउँपालिकामा सडक, खानेपानी, बत्ती, विद्यालय, स्वास्थ्य संस्थाअरू अस्त-व्यस्त थिए ।

हामीहरु आइसकेपछि हामीहरुलाई आवश्यक पर्ने ऐन, नियम र कानूनहरु निर्माण गर्‍यौं र सँगसँगै हा( मीले कर्मचारी जनशक्तिको व्यवस्थापनको काममा पनि लाग्यौं । त्यसपछि हाम्रा कामहरु धेरै छन्, हाम्रो समयावधि पाँच वर्ष मात्रै छ, यसर्थमा हामीले केही प्राथमिकताहरु तोक्नुपर्छ भन्ने सोंचका साथ हाम्रा कामका प्राथमिकताहरु तोक्यौं र हामीले सबैतिर वडा कार्यालयको जग्गा प्राप्तिका काममा लाग्यौं । अहिले हामीले सबै वडा कार्यालयका लागि ५।५ रोपनी जग्गा निःशुल्क प्राप्त गरेका छौं । सात वटै वडा कार्यालयको आफ्नो भवन निर्माण गरेका छौं । गाउँपालिका कार्यालयका लागि साविकको गाउँ विकास समितिको भवनमा तला थप गरेको छौं भने आधुनिक एकद्वार भवनको पनि निर्माण गरेका छौं । प्राथमिकता तोक्ने सन्दर्भमा त्रिवेणी उज्यालो कार्यक्रम तथा चुनावी घोषणा पत्रमा भनेका खानेपानी, शिक्षा, स्वास्थ्य, यातायातका कुराहरु पूरा गरेर चुनावी घोषणा पत्रमा उल्लेख गरे भन्दा धेरै कामहरु हामी जनप्रतिनिधि कर्मचारीहरुले गरेका छौं । जस्तै : हामीले चुनावी घोषणा पत्रमा उल्लेख नगरेका ठूलठूला आयोजनाकाहरु पनि यस अवधिमा पुरा गरेका छौं । नेर्पा बजारमा खानेपानी, नुवागाउँ खानेपानी, विद्यालयमा खानेपानी, तारबार, घेरबार, फिल्ड निर्माण जस्ता कार्यहरु तथा जुगारदेखि तिला, निगालपानी, त्रिवेणीसम्म कालोपत्रे गर्ने कार्यसमेतको सुरुवात गरेका छौं जुन योजना निर्वाचनको प्रतिवद्धता पत्रमा उल्लेख नभएका योजना हुन् ।

हामीले त्रिवेणी गाउँपालिकाको अधिकांश गाउँबस्तीमा त्रिवेणी उज्यालो कार्यक्रम सम्पन्न गर्ने चरणमा छौं । यस वर्ष आव्हान गरेको टेण्डरपश्चात सम्पूर्ण गाउँबस्तीमा विद्युतको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएका छौं । सडकको क्षेत्रमा त्रिवेणी गाउँपालिकाका सबै वडा कार्यालय तथा गाउँबस्तीहरु नछुट्ने गरी विस्तार गरेका छौं । त्रिवेणी गाउँपालिकाको सबैभन्दा विकट मानिने १ नं. वडाको करेटी माडी दोभानसम्म सडक विस्तार गरी दैनिक घोराहीदेखि बस सेवा सञ्चालन गर्ने अवस्थासम्म पुऱ्याएका छौं । त्यस्तै सबै गाउँबस्तीहरुमा सडक पुऱ्याएका छौं ।

शिक्षा क्षेत्रमा कुरा गर्दा हामी निर्वाचित भएर आएपछि हामीले विद्यालयहरुलाई समायोजन गरेका छौं । अहिले त्रिवेणीमा निजी विद्यालय छैनन्, सबै नीजि विद्यालयहरु सामुदायिक विद्यालयमा समायोजन भएका छन् । धेरैजसो विद्यालयहरुमा अंग्रेजी माध्यममा पठनपाठन शुरु भएका छन् । विद्यालयको तारबार, फिल्ड निर्माण, बसाइँ व्यवस्थापन, बालमैत्री विद्यालय भवन निर्माण, दिवा खाजाको व्यवस्था, खेलकुदका लागि रनिङ शिल्ड प्रतियोगिताको आयोजना गरेका छौं । हामीलाई सहकार्य गर्नका लागि गैरसरकारी संस्थाको रुपमा सेभ द चिल्ड्रेन, कोरियाको सहयोगमा हुरेक नेपाल, रोल्पाको साझेदारी रह्यो । उल्लेखि संस्थाहरूको सहयोग र साझेदारीमा त्रिवेणी गाउँपालिकामा हामीले शिक्षा तथा बालबालिकाका क्षेत्रमा धेरै कामहरु गरेका छौं । जसअन्तर्गत कक्षा ३ सम्म बसाइँ व्यवस्थापन, विद्यालय मर्मत, शौचालय लगायत भौतिक संरचना मर्मत, विद्यालयका खानेपानी तथा आवश्यक पर्ने शैक्षिक क्रियाकलापहरुका काम गरेका छौं । त्रिवेणी गाउँपालिकाले प्रत्येक माध्यमिक विद्यालयमा विद्यार्थीको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउनका लागि विद्यालय नर्सको व्यवस्था गरेको छ । गाउँपालिकाबाट, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका बजेटहरु थोरै मात्र भए तापनि हामीले त्यसलाई बढोत्तरी हुने गरी काम गरेका छौं । जस्तो रु. १८ लाखमा २ कोठे बनाउने भनिएका भवनहरुपनि परिमाण र गुणस्तर नघट्ने गरी हामीले ३ कोठा कायम गरी निर्माण गरेका छौं भने अन्य विद्यालयका भवनहरु पनि हामीले त्यही हिसाबले सोही रफ्तारमा काम गरेका छौं ।

सडकको क्षेत्रमा पनि हामीले त्यसरी नै द्रुत गतिमा काम गरेका छौं । रु. ८० लाखमा इस्टिमेट भएका कामलाई हामीले प्रतिस्पर्धा गराएर रु. ५० लाखसम्ममा सम्पन्न गराएका छौं । रु. ६० लाखलाई २४/२५ लाखमा सम्पन्न गरेका छौं । त्यसरी हामीले निकै प्रतिस्पर्धा गराएर हामी जनप्रतिनिधि, कर्मचारी उपभोक्ता समिति सबैलाई पारदर्शी ढंगले काम गर्ने बनाएर त्रिवेणीको हर क्षेत्रको विकासलाई अलि जोडका साथ लिएका छौं । यही रफ्तारमा काम गर्ने हो भने शिक्षा, खानेपानी, सडक क्षेत्रको विकासलाई अबको ४/५ वर्षमा हामी धेरै अगाडि बढाउन सक्छौं भन्ने आत्मविश्वास जगेको छ । त्यस्तै कृषिको क्षेत्रमा पनि हामीले त्यत्तिकै लगानी गरेका छौं । गाउँपालिकाबाट बाख्रा, बंगुरलगायत पशुजन्य उपज वितरणदेखि सीपमूलक तालिम, प्रत्येक वडामा कृषि तथा पशु सेवाका प्राविधिकहरु प्रत्येक कृषकहरुलाई सहयोग तथा सचेत बनाउने उद्देश्यका साथ व्यवस्था गरेका छौं । स्वरोजगारीका लागि अतिविपन्न नागरिकहरुलाई हामीले विभिन्न तालिम तथा अनुदानको व्यवस्था गरेका छौं भने रोजगारीको हक कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विभिन्न स्थानका बेरोजगार जनतालाई रोजगारी उपलब्ध गराएका छौं । सेभ द चिल्ड्रेनको सहयोगबाट पनि हामीले थुप्रै सीपमूलक तालिमहरु सञ्चालन गरेका छौं । गाउँपालिका, सेभ द चिल्ड्रेन तथा अन्य सबैको बजेटलाई एकीकृत गराएर त्रिवेणी गाउँपालिकामा पछि परेका समुदाय, व्यक्तिहरुलाई माथि उठाउने हिसाबले काम गरेका छौं । उनीहरुका बालबालिकालाई पढाउन सहज होस् भनेर अभिभावकहरुलाई विभिन्न सीपमूलक तथा संरक्षणका कार्यक्रमहरु गरेका छौं । महिला, दलित, अपाङ्ग तथा अन्य समावेशी समूहका जनताको हितका लागि हामीले घुम्ती कोष तथा लक्षित वर्ग आयमूलक कोषको व्यवस्था गरेका छौं । बालबालिका अक्षय कोषमा हामीसँग अहिले झण्डै ३८ लाख रुपैयाँ रहेको छ, त्यो पनि हामीले परिचालन गरिरहेका छौं । यसरी हेर्दा शिक्षा, स्वास्थ्य, कृषिमा हामीले उल्लेखनीय काम गरेका छौं । उत्पादनको हिसाबले कृषिमा तरकारी बीउबिजन वितरणदेखि

किसानहरुका तरकारीको बजारीकरणका लागि ठूलठूला हाटबजार टहराहरु निर्माण गर्ने, उनीहरुको तरकारी नापतौलका लागि ढक तराजुको व्यवस्था गर्ने, त्यहाँको सहकारी, हाटबजार व्यवस्थापन समितिहरुलाई अझ जिम्मेवार बनाउने आदि काम हाम्रो तर्फबाट भएको छ। वर्षेनी तरकारी उत्पादन गरेर लाखौं रुपैयाँको तरकारी किसानहरुले अहिले बाहिर निर्यात गर्न सफल हुनुहुन्छ। रोल्पा जिल्लामा त्रिवेणी गाउँपालिका नै हो यति धेरै मात्रामा बेमौसमी तरकारी उत्पादन गरेर बाहिर निर्यात गरी अर्थोपार्जन गर्ने तथा नगदे बालीको रुपमा उत्पादन गर्ने भन्ने हामीलाई लाग्छ।

खानेपानी क्षेत्रमा हरेक डाँडाका बस्तीमा चाहे गैरीगाउँको नांगा, राम्मीको गाउँमा होस् या नुवागाउँका माथि-माथिका गाउँ जस्तै प्यूरी, धनखानी, झुम्लुङ, झुलाबाङ होस् या करेटीका गाउँ बस्तीमा होस् हामीले खानेपानी नभएका ठाउँमा खानेपानीको व्यवस्था गरेका छौं। गाउँबस्तीभन्दा मुहान माथि रहेका ठाउँमा हामीले पाइपको माध्यमबाट खानेपानी पुऱ्याएका छौं भने मुहान तल रहेको स्थानमा हामीले सोलार लिफ्ट खानेपानीको व्यवस्था गरेका छौं। हाल आएर गाउँ-गाउँमा विद्युतको व्यवस्था भएसँगै विद्युत लिफ्ट खानेपानीको समेत काममा जुटेका छौं। त्यसको सँगसँगै हामीले स्वास्थ्य सेवाको क्षेत्रमा पनि त्यत्तिकै मेहनत गरेका छौं। हाम्रो प्रयत्नबाट हामीले डिजिटल र सादा एक्स-रे मेसिनको व्यवस्था गरेका छौं, ल्याब सेवा २ स्थानमा सञ्चालन गरेका छौं। सबै स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीको यथेष्ट व्यवस्था गरेका छौं। औषधि खरिदका लागि संघीय सरकारका साथै गाउँपालिकाबाट पनि छुट्टै बजेटको व्यवस्था गरेका छौं। सँगसँगै अहिले हामीले मेडिकल अधिकृत पनि राखेका छौं र क्रियाशीलरुपमा कार्यरत हुनुहुन्छ। यो हिसाबले हामीले स्वास्थ्य क्षेत्रमा पहलकदमी लिइरहेका छौं भने १५ शैयाको अस्पतालको पनि निर्माण कार्य यस गाउँपालिकामा सञ्चालनमा रहेको छ। बालबालिकाहरुलाई खोप लगाउने, गर्भवती महिलालाई स्वास्थ्य संस्थामै गएर बच्चा जन्माउनका लागि प्रत्येकलाई गाउँपालिकाबाट थप प्रोत्साहन सुविधाको व्यवस्था पनि गरेका छौं। गाउँपालिकाभित्र कार्यरत रहेका मातृशिशु कार्यकर्तालाई पनि प्रोत्साहन गरेका छौं। गाउँपालिकाभित्रको जुनसुकै स्थानबाट पनि बिरामीलाई स्वास्थ्य संस्था तथा अस्पतालसम्म पुऱ्याउनका लागि गाउँपालिकाले एम्बुलेन्सको व्यवस्था गरेको छ। दुर्गम ठाउँ होस् या गाउँपालिकाको केन्द्र होस् सबैलाई एकरुपमा भाडादरको व्यवस्था रहेको छ।

यसरी हामीले आर्थिक, सामाजिक क्षेत्रमा पर्याप्त लगानी गरेका छौं भने सुशासनको क्षेत्रमा पारदर्शिता कायम हुने गरी काम गरेका छौं। हामीले अहिले नयाँ-नयाँ प्रविधिबाट कार्यालय सञ्चालन गरेका छौं जस्तै कर संकलन सम्पूर्ण वडाबाट अनलाइनमार्फत गर्नेदेखि विभिन्न सूचना आदान-प्रदानसमेत अनलाइन मार्फत नै हुने गर्दछन्। यसरी हामीले सबै क्षेत्रलाई अगाडि लिएर गएका छौं । यद्यपि हाम्रो प्राथमिकताको क्षेत्र भनेको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, तथा सामाजिक समावेशीकरण हो। त्यसले हामीले लगानी गरेका क्षेत्रहरुमा प्रतिफल हेर्दा हामी अहिले सन्तोषजनक अवस्थामा रहेका छौं र हामी आउनु अघि र हालको तस्वीरमा गाउँपालिकालाई विकासोन्मुख रहेको पाउँछौं।

कार्यकालको बीचमा हामीलाई विभिन्न संकटहरु पनि उत्पन्न हुन आए, कहिले कोभिड महामारी तथा कहिले आगलागी, बाढीपहिरो, बम बिस्फोटलगायतका विपद्का घटनाहरुले हामीलाई प्रभावित बनायो। यद्यपि हामी ती सबै संकटहरुको सामना गर्दै यहाँका जनताको समृद्धि, विकास, शान्तिका लागि अहोरात्र लाग्यौं। त्यसको परिणाम पनि अहिले त्रिवेणीबासीहरुले सुखदरुपमा त्यसलाई ग्रहण गरिरहनुभएको छ। अब हामीले पाएको समयको हिसाबले त्यसमा हामीले असन्तुष्टै हुने खालको, निराश हुने खालको कार्य गरेको छौं भन्ने हामीलाई लाग्दैन।

### यस अवधिमा मुख्य चुनौतीहरु के-के देख्नुभयो ?

चुनौतीहरु पनि हामीले व्यहोर्नु पऱ्यो। सुरुमा हामीलाई कर्मचारीको अभाव रह्यो र नयाँ व्यवस्थामा देश रुपान्तरण रहेको अवस्थामा जनप्रतिनिधिलाई काम गर्नका लागि पर्याप्त ऐन तथा कानूनको निर्माण भई नसकेको अवस्था थियो। संविधानले

निर्दिष्ट गरेका अधिकार बमोजिमको कार्य गर्नका लागि हामीलाई समयमा ऐन उपलब्ध भएन । स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारको साझा सूचीमा रहेका विषयहरुमा माथिल्लो तहको सरकारले पर्याप्त स्रोत साधन उपलब्ध नगराएको अनुभूति अहिलेसम्म पनि हुन्छ । हालसम्म पनि संघीय शिक्षा ऐन जारी नभएको अवस्थामा विद्यालयको व्यवस्थापन, विद्यालय जनशक्ति व्यवस्थापन हाम्रो ठूलो चुनौतीको विषय रह्यो भने विश्वव्यापीरुपमा फैलिएको कोरोना महामारी पनि त्रिवेणी गाउँपालिकाको विकासको ठूलो बाधकको रुपमा रह्यो । विपद्का कुराहरु पनि समय-समयमा घट्ने भएको हुँदा त्यसले पनि हाम्रो विकासमा असर पुर्‍यायो । त्यस्तै देशव्यापी रुपमा रहेको राजनैतिक अस्थिरताका कारण पनि हामीलाई बजेट निकासा तथा कार्यक्रम कार्यान्वयनमा ढिलाइ हुन गयो ।

## यस अवधिमा प्रदेश र संघीय सरकारसँग कस्तो सम्बन्ध रह्यो ?

प्रदेश र संघीय सरकारले स्थानीय सरकारलाई जेजस्तो सहयोग गर्नुपर्थ्यो त्यस अनुरुप सहयोग उपलब्ध भएको हामीलाई महसुस भएन । पछिल्लो समय हामीले प्राप्त गरेको बजेट प्रदेश तथा संघीय सरकार परिवर्तन भएर परिमार्जन गर्ने तथा जनतालाई झन अन्यौल पार्ने राजनैतिक अवस्था देखियो । यसले गर्दा हामी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई काम गर्न धेरै कठिनाइ भइरहेको छ । त्यसैगरी हामीले अपेक्षा गरेको बजेट जस्तै त्रिवेणीदेखि जुगारसम्म पहुँच मार्ग बनाउने भनी रु. १८ करोडको डि.पि.आर. भइसकेको अवस्थामा अहिलेको गठबन्धनमा प्रदेश सरकार बनिसकेपछि यसलाई कटौती गर्ने काम भएको छ । पछिल्लो समय दलगत, व्यक्तिगत स्वार्थका कारण सही ठाउँमा बजेट विनियोजन भएको देखिएको छैन र खर्चको मितव्ययिता कायम नगरी अनावश्यक बजेट विनियोजन भएको देखिन्छ । गठबन्धन सरकारले गर्दा अस्थिर प्रदेशको स्थापना भएको साथै जनताका चाहनाभन्दा पनि राजनैतिक आस्थाका आधारमा बजेट रुपान्तरण भएकोले न्यायोचित वितरण हुन नसकेको देख्दछु ।

## गर्न चाहेका तर विविध कारणले गर्न नसकिएका कामहरु पनि छन् कि ?

निर्वाचित भएर आउँदा पूर्ण रुपमा त्रिवेणी उज्यालो कार्यक्रम घोषणा गर्न चाहेका थियौँ, चुनावी घोषणा पत्रमा पनि भनेका थियौँ । हामीलाई लागेको थियो कि यसै जिल्लाबाट निर्वाचित ऊर्जा मन्त्रीबाट साथ र सहयोग हुनेछ र त्यसमा हाम्रो पालिकाको केही प्रतिशत लगानीले नै त्रिवेणी उज्यालो कार्यक्रम घोषणा हुनेछ । तर त्यसको ठीक विपरीत भएर सम्पूर्ण खर्च त्रिवेणी गाउँपालिकाले नै व्यहोर्नुपर्ने भयो । त्यसले गाउँपालिकाको कुल बजेट थोरै भए तापनि ऊर्जा क्षेत्रमा हामीले लगानी गरेर यसलाई सम्पन्न गर्ने लक्ष्य लिएका छौँ । यसै आ.व. मा सम्पन्न गर्ने लक्ष्य लिइएको भए तापनि बजेट कै अभावले कुनै गाउँबस्ती छुट्छ कि भन्ने चिन्ता लाग्दछ ।

त्यसका साथै गाउँपालिकाभित्र हामीले चुनावी घोषणाको बेलामा कालोपत्रे सडकको परिकल्पना गरेका थिएनौँ यद्यपि हामीले अरु स्थानीय तहको भन्दा भिन्नै योजनाको रुपमा गाउँपालिकाभित्र कालोपत्रे गर्ने कार्यको थालनी गर्‍यौँ र संघीय तथा प्रदेश सरकारको सहलगानीमा गाउँपालिकाको केन्द्र जुगारदेखि तिला र निगालपानीसम्म कालोपत्रेको काम सञ्चालन गरिसकेका छौँ । हाल आएर जुगारदेखि लिङ्दुङ र लापडाँडा धारखोलासम्मको कालोपत्रेको काम चलिरहेको छ । कुनै-कुनै क्षेत्रको काम यस अवधिमा सम्पन्न हुन्न कि भन्ने चिन्ता छ भने कालोपत्रे जस्ता नवीनतम कामको सुरुवातले हामीलाई खुसी पनि लाग्छ । यस्ता कार्यहरु निरन्तर रुपमा अगाडि बढ्नुपर्छ । हाम्रो कार्यकाल समाप्त भए तापनि यी कार्य रोकिनुहुन्न । त्यसै गरी हाम्रो बाचा बमोजिम स्रोत साधनको कमीका कारण केही ठाउँमा खानेपानी तथा कृषिको कार्यमा पूर्णता दिन सकेका छैनौँ भनेर चिन्ता लाग्छ । शान्ति सुरक्षाको प्रत्याभूति गर्नका लागि हामीले गाउँपालिकामा ईलाका प्रहरी कार्यालयको स्थापना गर्न खोजेका थियौँ र निरन्तर रुपमा लागिपरेका थियौँ । तर यी हाम्रो अधिकार सूचीभित्र नभएकोले अहिलेसम्म गर्न सकेका थिएनौँ र पनि प्रयत्नरत छौँ । यो कुरा पनि यस कार्यकालमा नहुने हो कि भन्ने लाग्छ । गाउँपालिकाको कार्यक्षेत्र ठूलो भएक( ाले केही-केही क्षेत्रको कार्य सम्पन्न नभएकाहरु अब आउने जनप्रतिनिधिले सम्पन्न गर्नुहुनेछ भन्ने मेरो विश्वास रहेको छ ।

## अब आउने जनप्रतिनिधिले गर्नुपर्ने मुख्य कामहरु के-के हुन् ?

अब आउने जनप्रतिनिधिले गर्नुपर्ने कामहरु हामीले गर्न बाँकी रहेका कामहरु जस्तै जुगारदेखि त्रिवेणी हुँदै करेटी माडीसम्मको सडक कालोपत्रे, जुगारदेखि तिलासम्मको सडक कालोपत्रे, जुगारदेखि निगालपानीसम्मको कालोपत्रे, गाउँपालिकाले निर्माण गरेका सडक लगायतका भौतिक संरचनाको मर्मत सुधार तथा स्तरोन्नति आदि हुन् । खानेपानी कतै छुटपुटको स्थानमा पूर्ति गर्ने र शिक्षाको क्षेत्रमा विद्यालयको व्यवस्थापन, शिक्षक दरबन्दी मिलान गरी शिक्षालाई अझ गुणस्तरीय बनाउने र अनुगमनलाई अझ बढोत्तरी दिने कार्य गर्नुपर्नेछ । स्वास्थ्यको क्षेत्रमा नुवागाउँ गैरीगाउँका स्वास्थ्य संस्थालाई स्तरोन्नती गर्ने कार्य गर्नुपर्नेछ । यस अवधिमा हामीले बढी भौतिक पूर्वाधारको क्षेत्रमा खर्च गरेका छौं भने अब आउने जनप्रतिनिधिले पूर्वाधारभन्दा पनि कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, लैंगिक समानता तथा अन्य आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा लगानी गर्नुपर्ने देख्छु । हामीले हाल आएर परिकल्पना गरे अनुसार केही विद्यालयहरुलाई थप मर्ज गरेर स्कुल बसको माध्यमबाट विद्यार्थीलाई विद्यालय आवतजावतको व्यवस्था मिलाउनुपर्ने देख्छु । जसले गर्दा विद्यालयको संख्या कम हुने र दक्ष शिक्षकहरूद्वारा अध्यापन हुने तथा शिक्षाको गुणस्तर राम्रो र व्यवस्थापन सहज हुने देखिन्छ ।

## अरु स्थानीय तहभन्दा फरक के-के काम गर्नुभएको छ ?

अरु स्थानीय तहभन्दा हामीले धेरै फरक कामहरु गर्‍यौं जस्तो लाग्छ । हामी दावाका साथ नै भन्न सक्छौं, हाम्रो काम गर्ने शैली पनि फरक रह्यो, अरु जनप्रतिनिधिहरुले आफै मेसिन किन्ने र आफ्नो खुसी बजेट विनियोजन गरी काम गर्ने भनी विभिन्न समाचारहरु समय-समयमा आयो । तर हाम्रो गाउँपालिकाका जनप्रतिनिधि त्यस्तो कार्यमा लागेनौं, हामीले बजेट तर्जुमा दिग्दर्शन बमोजिम नै योजनाको छनौट तथा उपभोक्ता समिति गठन गर्‍यौं, उपभोक्ता समितिलाई नै जिम्मेवारी बहन हुने गरी योजनाको जिम्मा दियौं । ती उपभोक्ता समितिलाई पनि निकै प्रतिस्पर्धाको भावना जागृत गराएर धेरैभन्दा धेरै काम गर्न प्रोत्साहन गर्‍यौं । दश वर्षमा सम्पन्न गर्ने काम पाँच वर्षमै गरेका छौं भन्ने हाम्रो दाबी छ ।

अरु स्थानीय तहभन्दा हामीले बालबालिकाको क्षेत्रमा फरक काम गरेका छौं । त्रिवेणी गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तह घोषणा गरिसकेका छौं । यसका लागि हामीलाई विभिन्न संघसंस्थाको पनि सह-लगानी रह्यो भने अहिले गाउँपालिकाकै बजेटमा बालविवाह न्यूनीकरण, बालश्रममुक्त गाउँपालिकालाई निरन्तरता दिएका छौं । त्यसैगरी शिक्षाको क्षेत्रमा हामीले विद्यालयहरुलाई समायोजन गरी निजी विद्यालयविहीन गाउँपालिका बनाएका छौं । सामुदायिक विद्यालयबाट नै अंग्रेजी माध्यममा पढाइ हुने व्यवस्था गर्‍यौं । ऊर्जाको क्षेत्रमा हामीले गाउँपालिकाकै बजेटमा सम्पूर्ण गाउँबस्तीमा बत्ती पुर्‍यायौं । गाउँपालिकाकै बजेटबाट हामीले स्वास्थ्यको क्षेत्रमा एम्.बि.बि.एस्. डाक्टर राखेका छौं भने नेर्पा स्वास्थ्य चौकीमा डिजिटल एक्स-रे सेवा, २ वटा स्वास्थ्य चौकीमा ल्याब सेवाको सुविधा राखेका छौं भने पालिकाबाटै औषधि खरिद समेत गर्ने गरेका छौं । अन्य गाउँपालिकाभन्दा हामीले धेरै कुराहरु पृथक गरेका छौं जस्तो मेरो बुझाइ रहेको छ ।

❑

# पालिका विकासको आधार : कृषिमा सुधार

नेपाल कृषि प्रधान देश हो र यहाँको झण्डै ६४.४% जनता कृषि पेशामा आश्रित भएको पाइन्छ। अतः नेपाली भूमिलाई कृषिमा व्यावसायीकरण गराउन नितान्त जरुरी छ। नेपालको अर्थतन्त्रमा झण्डै ४० प्रतिशत योगदान कृषि क्षेत्रको रहेकोले कृषिमा व्यवसायस्करण गर्न सके वैदेशिक रोजगारमा भौतारिरहेका नेपाली युवाहरुलाई नेपालमा नै स्वरोजगार गराउन सकिन्छ। नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको अग्रणी भूमिका रहे पनि यो क्षेत्र कहिल्यै पनि सरकारको प्राथमिकतामा पर्न सकेन जसको फलस्वरुप कृषि क्षेत्रको अवस्था जरजर हुँदै गएको छ। नेपाल सरकारले कृषि क्षेत्रको विकासको लागि विभिन्न किसिमका नीति, नियम तर्जुमा (राष्ट्रिय कृषि नीति, २०६१) गरे पनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेन। फलतः कृषि क्षेत्र विकासको प्राथमिकीकरणबाट सधैँ पछाडि धकेलिँदै गयो।



वडा नं. ६ को मजुवामा धान रोपाइँ गरिएका खेतेहरु

त्रिवेणी गाउँपालिकाले कृषकहरुको जीवनस्तर सुधारको लागि उर्वर जग्गा जमिनमा व्यावसायिक खेती गरी आयआर्जनमा अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्ने लक्ष्य लिएको छ। त्रिवेणी गाउँपालिकाका सीमान्तकृत दलित, जनजाति, अन्य जाति, समुदाय एवं महिला कृषकहरुमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकीकृत गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा कृषकहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गरी समृद्ध समाजको निर्माणमा व्यावसायिक कृषिको महत्वपूर्ण योगदान हुने गर्दछ। नेपालको मध्यपहाडी भू-भागमा पर्ने रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकाका केही भू-भागहरु समथर रहे पनि अधिकांश भू-भाग भिरालो छ। पछिल्ला दिनमा त्रिवेणी गाउँपालिकामा सडक मार्गको राम्रो सञ्जाल विस्तार भएको हुँदा यहाँ सबै ठाउँमा यातायातको सहज पहुँच छ। यहाँ बजारको पनि प्रशस्त सम्भावना रहेकाले यहाँका कृषकहरुलाई एकीकृतरुपमा खेती व्यवसायमा संलग्न गराउन सके मनग्य आम्दानी गराउन सकिन्छ। बितेका ४ वर्षमा यस त्रिवेणी गाउँपालिकाद्वारा कुल ३ करोड ४७ लाख २१ हजार १२२ रुपैयाँ बजेट कृषि क्षेत्रमा खर्च गरिएको छ। उक्त बजेटबाट कृषि क्षेत्रमा विभिन्न कार्यक्रमहरु भएका छन्।



कृषि पकेट जोन विस्तारका लागि गाउँपालिकाद्वारा वितरण गरिएको कृषि सामग्री

## पकेट जोन विस्तार

आफ्नो ठाउँको विशेषता दर्शाउन र त्यसलाई व्यवसायिक रुपमा अगाडि बढाउन आ.व. २०७६।०७७ मा त्रिवेणी गाउँपालिकाको ७ वटै वडामा पकेट विकास कार्यक्रम विस्तार गरियो। यस कार्यक्रममा रु. ३५ लाख खर्च भएको छ भने १ हजार २८२ जनाले लाभ लिनसकेका छन्। जसले गर्दा कृषकहरुको उत्पादनमा वृद्धि भई खनजोत तथा सिंचाइमा सुविधा भई समयको बचत र आयआर्जनमा वृद्धि भएको छ।



*वडा नं. २ मा कृषि कार्यका लागि वितरण गरिएको ट्याङ्की*

### वडा नं. १ : फलफूल तथा मौरी पकेट जोन विस्तार कार्यक्रम

यस गाउँपालिकाको वडा नं. १ मा फलफूल तथा मौरी पकेट जोन विस्तार कार्यक्रम संचालन गरिएको छ। रु ५ लाख लगानी गरिएको उक्त कार्यक्रमका वडाका १४५ घरधुरी लाभान्वित भएका छन्। फलफूल खेती र माहुरीपालनबाट कृषकहरुको आर्थिक अवस्था सुधार भएको छ।

### वडा नं. २ : तरकारी पकेट जोन विस्तार कार्यक्रम

गाउँपालिकाको वडा नं. २ मा तरकारी पकेट जोन विस्तार कार्यक्रम संचालन गरिएको छ। कार्यक्रममा रु. ५ लाख लगानी गरिएको छ। कार्यक्रमबाट २ सय ६५ घरधुरी लाभान्वित भएका छन्। कार्यक्रमबाट कृषकहरुको तरकारीमा गुणस्तर र परिमाणमा आएको वृद्धिले आम्दानी समेत बढेको छ।



*वडा नं. २ मा रहेको तरकारी खेती*

### वडा नं. ३ : फलफूल, तरकारी तथा धान पकेट जोन विस्तार कार्यक्रम

गाउँपालिकाको वडा नं. ३ मा फलफूल तरकारी तथा धान पकेट जोन विस्तार कार्यक्रम सुरु गरिएको छ। कार्यक्रमका लागि रु. ५ लाख लगानी गरिएको छ। कार्यक्रमबाट १ सय ३५ घरधुरी लाभान्वित भएका छन्। कार्यक्रमबाट कृषकहरुको फलफूल, तरकारी तथा धान वृद्धि भई आम्दानीसमेत बढेको छ।



*वडा नं. ३ मा रहेको धानखेती*

### वडा नं. ४ : तरकारी पकेट जोन विस्तार कार्यक्रम

गाउँपालिकाको वडा नं. ४ मा तरकारी पकेट जोन विस्तार कार्यक्रम शुरु गरिएको छ। कार्यक्रमका लागी रु. ५ लाख लगानी गरिएको छ। कार्यक्रमबाट २ सय ६० घरधुरी लाभान्वित भएका छन्। कार्यक्रमले कृषकहरुको आर्थिक भार कम गर्नुका साथै उत्पादनमा समेत वृद्धि भएको छ।

### वडा नं. ५ : तरकारी फलफूल तथा खाद्यान्न पकेट जोन विस्तार कार्यक्रम

गाउँपालिकाको वडा नं. ५ मा तरकारी फलफूल तथा खाद्यान्न पकेट जोन विस्तार कार्यक्रम सुरु गरिएको छ। उक्त कार्यक्रमका लागि रु. ५ लाख लगानी गरिएको छ। कार्यक्रमबाट वडाका १३५ घरधुरी लाभान्वित भएका छन्। कार्यक्रमले कृषकहरुको तरकारी फलफूल तथा खाद्यान्न उत्पादनमा वृद्धि भई जीविकोपार्जनमा टेवा पुगेको छ।

### वडा नं. ६ : फलफूल तथा जडिबुटी पकेट जोन विस्तार कार्यक्रम

गाउँपालिकाको वडा नं. ६ मा फलफूल तथा जडिबुटी पकेट जोन विस्तार कार्यक्रम शुरु गरिएको छ। जसका लागी गाउँपालिकाले रु. ५ लाख लगानी गरेको छ। कार्यक्रममा वडाका १ सय २० घरधुरी लाभान्वित भएका छन्। कार्यक्रमबाट कृषकहरुले फलफूल तथा जडिबुटी उत्पादनमार्फत गरी आयआर्जन वृद्धि गरेका छन्।



गाउँपालिकाद्वारा वितरण गरिएको ओखरका बिरुवाहरु

### वडा नं. ७ : फलफूल तथा तरकारी पकेट जोन विस्तार कार्यक्रम

गाउँपालिकाको वडा नं. ७ मा फलफूल तथा तरकारी पकेट जोन विस्तार कार्यक्रम शुरु गरिएको छ। कार्यक्रमका लागी गाउँपालिकाले रु. ५ लाख लगानी गरेको छ। सो कार्यक्रमबाट वडाका २ सय २५ घरधुरी लाभान्वित भएका छन् । कार्यक्रमले फलफूल तथा तरकारी उत्पादनमा वृद्धि भई आयआर्जनमा सुधार भएको छ ।

त्यसैगरी आ.व. २०७७/०७८ मा संघीय सरकारको पकेट जोन विस्तार कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्रका २ वटा कृषक समूहलाई व्यावसायिक तरकारी खेतीका लागि रु. १७ लाख बजेट उपलब्ध गराइएको थियो ।

### कृषिमा नयाँ प्रविधि

युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गरी स्वरोजगारीका अवसर सिर्जना गर्न तथा कृषकहरुलाई आधुनिक प्रविधिमार्फत व्यावसायिक एवं प्रतिस्पर्धी बनाउन जरुरी भएको छ । यस कुरालाई मध्यनजर गर्दै त्रिवेणी गाउँपालिकाले हरेक आर्थिक वर्ष यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ । गाउँपालिकाले कृषिमा नयाँ प्रविधि भित्र्याउन गरेका प्रयासले केही सकारात्मक नतिजाहरु समेत देखिन थालेका छन् ।

### ५०% अनुदानमा प्लास्टिक टनेल वितरण

आ.व. २०७५/०७६ मा त्रिवेणी गाउँपालिकाका कृषकहरुलाई ५०% अनुदानमा ४० वटा प्लास्टिक टनेल ४० घरधुरीलाई वितरण गरिएको थियो । जसका लागि रु. १ लाख ३७ हजार ९०० लगानी गरिएको थियो । कार्यक्रमबाट लाभान्वित कृषकहरुको बेमौसमी तरकारी उत्पादनमा वृद्धि भएको छ ।

### ५०% अनुदानमा कृषि औजार वितरण

आ.व २०७५/०७६ त्रिवेणी गाउँपालिकामा ५०% अनुदानमा कृषि औजार (सिकेचर र स्प्रेयर) ३० घरधुरीमा वितरण गरिएको थियो । जसका लागि गाउँपालिकाले रु. ४१ हजार १ सय ९० लगानी गरेको थियो । कार्यक्रमबाट लाभान्वित कृषकहरुले फलफूल काटछाँटमा सहजता हुनुका साथै उत्पादनमा समेत वृद्धि भएको छ ।

### थोपा सिंचाइ प्रविधि

त्रिवेणी गाउँपालिकाको आ.व. २०७४/०७५ मा २० वटा थोपा सिंचाइ २० घरपरिवारलाई वितरण गरियो जसमा रु. ५० हजार खर्च भएको छ। कार्यक्रमले यस गाउँपालिकामा पानीको स्रोत कम भएको ठाउँमा सिंचाइ गर्न सहज भएको छ ।

### साना कृषि औजार वितरण कार्यक्रम

आ.व. २०७७/०७८ मा साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम अन्तर्गत कृषकहरुलाई सहजीकरण गर्न तथा आधुनिक प्रविधि अपनाई कृषिमा आकर्षित गर्न ५०% अनुदानमा मिनिटिलर, सिंचाइ मोटर, टनेल, स्प्रेयर ट्याङ्की, दाना बनाउने मेसिन, च्याफ कटर आदि वितरण गरियो । विनियोजित बजेट रु. १७ लाख ५० हजारमा रु. १६ लाख २१ हजार ९ सय ५० खर्च भएको छ, जसबाट ५७ जना कृषकले लाभ लिएका छन् । सो अनुदान पाउँदा कृषकहरु अत्यन्त खुशी भएका र यस्तै



प्रदेश सरकार, गाउँपालिका र कृषकको संयुक्त लगानीमा खरिद गरिएको ३९ वटा मिनिटिलर वितरण कार्यक्रम

## हाटबजार तथा संकलन केन्द्र व्यवस्थापन

आफ्नो उत्पादनलाई सजिलै बजारीकरण गर्न आ.व. २०७७/०७८ मा संघीय सरकार र गाउँपालिकाको साझेदारीमा ४ स्थानमा हाटबजार तथा संकलन केन्द्र व्यवस्थापन भएको छ। यस कार्यक्रममा रु. ४७ लाख ४५ हजार खर्च भएको छ। यसबाट ७ सय ६० घर परिवार लाभान्वित भएका छन्। जसले गर्दा बजार व्यवस्थापनमा सहज भई उत्पादनमा वृद्धि भएको छ।



*वडा नं. ४ को निगालपानीस्थित हाट बजार*

## स्थलगत घुम्ती तालिम

आ.व. २०७४/०७५ त्रिवेणी गाउँपालिकामा १३ वटा स्थलगत घुम्ती तालिम सम्पन्न भएको छ। जसमा ३ सय २५ जना सहभागी भएको र रु. १ लाख ५३ हजार ४ सय ८० खर्च भएको थियो। ७ वटै वडाका विभिन्न गाउँबस्तीमा मौसम तथा उत्पादन सम्भाव्यताअनुसार र ठाउँ विशेष तालिम भई उत्पादनमा वृद्धि भएको छ।

## अदुवा उत्पादनसम्बन्धी गाउँपालिकास्तरीय तालिम

आ.व. २०७४/०७५ मा १ पटक अदुवा उत्पादन सम्बन्धी गाउँपालिकास्तरीय तालिम सम्पन्न भएको छ। जसमा २५ जना सहभागी भई रु. ९२ हजार खर्च भएको थियो। जसमा गाउँपालिकाभरका अदुवा उत्पादन गर्ने कृषकहरुलाई छनौट गरी तालिम दिइएको थियो। तालिमबाट अदुवा उत्पादनमा सहयोग भई उत्पादनमा वृद्धि भएको छ।

## तरकारी खेती सम्बन्धी गाउँपालिकास्तरीय तालिम

आ.व. २०७४/०७५ मा १ पटक तरकारी खेती सम्बन्धी गाउँपालिकास्तरीय तालिम (एक दिने) प्रदान गरिएको थियो। तालिममा २५ घरधुरी सहभागी भएका थिए। तालिममा रु. ७३ हजार ७ सय २० खर्च भएको थियो। जसबाट तरकारी खेती सम्बन्धी समस्याहरु गाउँमै समाधान भएका छन्।

## ५०% अनुदानमा प्लास्टिक क्रेट वितरण

त्रिवेणी गाउँपालिका आ.व. २०७४/०७५ मा ५०% अनुदानमा ६ सय ९० वटा प्लास्टिक क्रेट ४ सय ३५ घरधुरीमा वितरण गरियो। जसमा रु. २ लाख २७ हजार ६ सय खर्च भई कृषकलाई तरकारी ढुवानी गर्न सहज भई आयआर्जनमा वृद्धि भएको छ।

## ५०% अनुदानमा वर्षे फलफूल बिरुवा वितरण कार्यक्रम

आ.व. २०७४/०७५ त्रिवेणी गाउँपालिकामा ५०% अनुदानमा ९ हजार ७ सय वर्षे फलफूल बिरुवा ९ सय ५५ घरधुरीमा वितरण गरेको थियो। जसमा रु. २ लाख ४२ हजार ५ सय खर्च भएको थियो। जसले गर्दा फलफूल उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## निःशुल्क हाइब्रिड तरकारीको बीउ वितरण

आ.व. २०७४/०७५ मा १ पटक निःशुल्क हाइब्रिड तरकारीको बीउ वितरण गरिएको थियो। जसमा ४५ घरधुरी लाभान्वित हुनुको साथै रु. ९७ हजार बजेट खर्च भएको थियो। जसले कृषकको आर्थिक भार कम गराई उत्पादनमा वृद्धि भएको छ।

## ७५% अनुदानमा मकैको बीउ वितरण कार्यक्रम

आ.व. २०७५/०७६ मा त्रिवेणी गाउँपालिकाभरि ७५% अनुदानमा ५५ हजार किलोग्राम मकैको बीउ वितरण गरिएको थियो। जसमा १ हजार २ सय घरधुरी लाभान्वित भएका थिए। जसमा रु. २ लाख ८८ हजार ४ सय खर्च भएको छ। सो कार्यक्रमले कृषकको उत्पादनमा वृद्धि भएको छ।

## ५०% अनुदानमा हाइब्रिड तरकारीको बीउ वितरण

आ.व. २०७५/०७६ यस त्रिवेणी गाउँपालिकामा ५०% अनुदानमा २ हजार ८ सय २८ घरधुरीलाई हाइब्रिड

तरकारीको बीउ वितरण गरिएको थियो। जसमा रु. ११ लाख ४७ हजार ५ सय ८० खर्च भएको छ । अनुदानले तरकारी उत्पादनमा वृद्धि भएको छ।

## उन्नत तरकारीको कीट वितरण

आ.व. २०७५/०७६ मा यस गाउँपालिकामा २ हजार घरधुरीका लागि उन्नत तरकारीको कीट वितरण गरेको थियो। जसमा रु. १५ लाख ७० हजार खर्च भएको थियो । जसबाट कृषकको घरमा करेसाबारी निर्माण भई हरियो तरकारी उत्पादन वृद्धि भएको छ।

## विभिन्न तालिमको व्यवस्था

कृषकहरुले परम्परागत जसरी खेती गर्दै आएका छन्, त्यसैलाई निरन्तरता दिइरहेको देखिन्छ। नयाँ प्रविधिलाई अपनाउन सीपको कमीले त्रास पक्कै पनि हुने गर्छ । त्यसैले यस्ता नयाँ प्रविधिलाई कृषकहरु सामु पुऱ्याउन विभिन्न तालिमको आवश्यकता परेकोले सो को व्यवस्था गरिएको हो। यस त्रिवेणी गाउँपालिकाबाट विभिन्न तालिमहरु सञ्चालन गरिएको थियो।



*गाउँपालिका कृषि विकास शाखाद्वारा सञ्चालित च्याउखेती सम्बन्धी तालिम*

## ७५% अनुदानमा धानको बीउ वितरण

आ.व. २०७५/०७६ मा यस त्रिवेणी गाउँपालिका मा ७५% अनुदानमा २२ घरधुरीमा १ हजार १ सय किलोग्राम धानको बीउ वितरण गरिएको थियो। जसका लागि रु. ५९ हजार १ सय खर्च भएको थियो। उन्नत बीउ पाएपछि किसानको खेतमा उत्पादन बढेको छ।

## ५०% अनुदानमा हाईब्रिड गोलभेडाको बीउ वितरण

आ.व. २०७५/०७६ मा त्रिवेणी गाउँपालिकामा ५०% अनुदानमा ३ सय १२ घरधुरीका लागि हाइब्रिड गोलभेडाको बीउ वितरण गरिएको छ। जसका लागि रु. २ लाख ४२ हजार ५ सय खर्च भएको थियो। सो वितरणबाट उत्पादन वृद्धि भई आयआर्जन बढेको छ।

## ५०% अनुदानमा आलुको बीउ वितरण

त्रिवेणी गाउँपालिका आ.व. २०७५/०७६ मा आलुको बीउ ५०% अनुदानमा १ सय ५५ घरधुरीका लागि २ हजार वितरण गरेको थियो। जसमा रु. ७७ हजार ६ सय खर्च भएको थियो। नयाँ जातको आलु बीउले उत्पादनमा वृद्धि भएको छ।

## कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान

देश तथा विदेशका विभिन्न ठाउँमा रोजगारीका लागि गई कोभिड प्रभावित भएर घर फर्किएका र आफ्नै देशमा बसी आफ्नै माटोमा केही गर्न चाहने युवाहरुको लागि यो कार्यक्रम कार्यान्वयन गरिएको हो ।

यस त्रिवेणी गाउँपालिकाबाट आर्थिक वर्ष २०७७/०७८ मा जम्मा ३ सय ६ जना कृषकले यस कार्यक्रमबाट लाभ लिन सकेका छन् जसमा रु. ६१ लाख १८ हजार २ सय ५० खर्च भएको छ। हरेक कृषकले रु. २० हजार प्राप्त गरेका छन्। यस कार्यक्रम अन्तर्गत धेरै किसानहरुले तरकारी खेती, बाख्रापालन तथा बङ्गुरपालन गरेका छन् भने २ जना किसानले च्याउ खेतीलाई अगाडि बढाएका छन्। कृषकहरुले अनुदान पाएर खुशी भएको तर व्यवसायिक रुपमा गर्न पर्याप्त नभएको बताएका छन्।



*गाउँपालिका र कृषकको संयुक्त लगानीमा कृषकद्वारा निर्माण गरिएको बाख्रा खोर*

## एक स्थानीय तह एक उत्पादन कार्यक्रम

एक स्थानीय तह एक उत्पादन कार्यक्रम अन्तर्गत बाख्रा खोर निर्माणका लागि विनियोजित बजेट रु. १७ लाखमध्ये रु. १५ लाख ३९ हजार ६० खर्च भएको छ। हरेक कृषकले रु. २० हजार प्राप्त गरेका छन्। यस कार्यक्रमबाट जम्मा ७७ जना कृषकले लाभ लिन सकेका छन्।



*साना सिंचाइ कार्यक्रम अन्तर्गत निर्माण गरिएको सिंचाइ कुलो*

## पशुपन्छी विकास

त्रिवेणी गाँउपालिकाले कृषि र पशुपालन क्षेत्रबाट पालिकाको समृद्धिको कल्पना गर्दै किसानको जीवनस्तरमा परिवर्तन ल्याउन विभिन्न योजनाहरुलाई कार्यान्वयनमा ल्याएको छ। किसान पहिचान गरी वास्तविक किसानलाई किसान परिचयपत्र प्रदान कार्यक्रमलाई आ.व. २०७८/०७९ बाट प्राथमिकतामा राखिएको छ। ग्रामीण अर्थतन्त्रलाई टेवा पुऱ्याउन विशेष अनुदानका कार्यक्रम पकेट जोन बाख्रा, बंगुर, कुखुरा, भैंसीमा सञ्चालन गरिएको छ।



*कृषकहरुलाई बंगुरका पाठापाठी वितरण कार्यक्रम*

घाँसमा आधारित पशुपालन व्यवसायलाई बढावा दिन हिउँदे, वर्षे, बहुवर्षीय डाले तथा भुइँ घाँस वितरण र घाँसको स्रोत केन्द्र स्थापनाको कार्य गरिएको छ। पशुको नश्ल सुधार गर्दै उन्नत पशु उत्पादनलाई जोड दिइएको छ। त्रिवेणी गाउँपालिकाको अनुदानमा घाँसको बीउ वितरणका माध्यमबाट पशुपालन गरी दूध तथा मासु उत्पादनमा वृद्धि आउनेछ। पर्याप्त आहाराको अभावमा पशु उत्पादन र उत्पादकत्वमा ह्रास आइरहेको छ। पशु वस्तुमा पर्याप्त आहारा उपलब्ध गराई उत्पादन र उत्पादकत्वमा सुधार गरी दूध मासु उत्पादनमा वृद्धि गरी जीवनस्तर सुधार गर्नु रहेको छ। उन्नत नश्लका राँगो, बोयर बोका वितरण गरिएको छ।



*लक्षित घरधुरीका लागि उन्नत जातका बाख्रा वितरण कार्यक्रम*

कृत्रिम गर्भाधानलाई प्राथमिकतामा राखेर नश्ल सुधारलाई अघि बढाइएको छ। आ.व. २०७७/०७८ मा ६६ पशुहरुमा कृत्रिम गर्भाधान गरी नश्ल सुधार गरिएको छ। यसरी पशुमा नश्ल सुधार गर्दा पशुको उत्पादकत्व बढ्नुका साथै राँगो बहर पाल्नुपर्ने समस्याको अन्त्य हुनेछ। पशुपंक्षी स्वास्थ्यका लागि निःशुल्क औषधिको व्यवस्था गरिएको छ। कोभिड-१९ बाट प्रभावित भई गाउँ फर्केकाहरुलाई बाख्रा खोर सुधार, बंगुरका पाठापाठी वितरण, ८ हप्ते कुखुरा वितरण आदि सहुलियतका कार्यक्रम सञ्चालन गरिएको छ।

गाँउपालिकाले ७ वटै वडाका विभिन्न टोलबस्तिमा पशु स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरी कृषकहरुलाई विशेषज्ञ सेवा प्रदान गरी परामर्श तथा उपचार सेवा प्रदान गरेको छ। जसबाट किसानहरुले आफ्नो घर दैलोबाट सेवा प्राप्त गरेका छन्। घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालनबाट पशुपंक्षीमा राम्रो प्रभाव देखिएको छ। पशुधनको सुरक्षा र जनस्वास्थ्य संरक्षणमा विभिन्न संक्रामक रोग नियन्त्रणका लागि पशुपंक्षीहरु खोप सञ्चालन गरेको छ। रेबिज रोगका कारण प्रत्येक वर्ष ठूलो धनजनको क्षति हुँदै आएको छ। रेबिज रोग नियन्त्रणका लागि बजारका छाडा तथा घरपालुवा कुकुरहरुलाई एन्टीरेबिज खोप लगाई पशु तथा समस्त मानव जगतलाई प्राणघातक रेबिज रोगबाट हुने अकल्पनीय क्षतिमा कमी आउनेछ। गाउँपालिकाका प्रत्येक वडामा प्राविधिकको व्यवस्था गरी कृषकहरुलाई प्राविधिक सेवा प्रदान गरिएको छ।

# विकास पूर्वाधारको पनि पूर्वाधार : शिक्षा

यस गाउँपालिकामा १ वटा स्नातक तहको शिक्षा क्याम्पस, १२ वटा मा.वि., ८ वटा आ.वि. र १८ वटा प्रा.वि. गरी जम्मा सामुदायिक विद्यालय ३८ वटा रहेका छन् । यस गाउँपालिकाको वडा नं. ५ र ६ मा ४ देखि १२ वर्ष उमेर समूहका बालबालिका शतप्रतिशत विद्यालय भर्ना घोषणा भइसकेका छन् । नेपाल सरकारले नेपाल सरकार शोधभर्ना अनुदान, शोधभर्ना ऋण, नेपाल सरकारको लगानीमार्फत विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षमा सुधारका लागि विभिन्न शीर्षकमा पठाइएको रकम पालिकाबाट विद्यालयमा निकासा गरी विद्यालयको अवस्थामा सुधार भएको पाइन्छ । स्थानीय सरकारले पनि शिक्षातर्फ प्रत्येक आ.व. मा रकम छुट्याउने गरेको छ र क्रमिकरुपमा शिक्षातर्फ बजेट बढाउँदै गएको छ ।

देश संघीयतामा गएसँगै केन्द्रीय राजधानी काठमाडौंबाट निकै टाढा रहेको यस त्रिवेणी गाउँपालिकामा जनप्रतिनिधिहरु निर्वाचित भएर आएपछि जनताहरुमा प्रत्यक्ष सेवा विस्तार भएका छन् । त्रिवेणी गाउँपालिकाले शिक्षा क्षेत्रमा हालसम्म रु. १८ करोड १० लाख ७ हजार ८९९ खर्च गरेको छ । जस अन्तर्गत विद्यालयका भौतिक संरचना, प्राविधिक शिक्षामा लगानी, विद्यालय व्यवस्थापन अनुदान, शिक्षक व्यवस्थापन, शिक्षण सिकाइ अभिवृद्धि, छात्रवृत्ति, दिवाखाजा, विद्यालय स्वास्थ्य तथा विभिन्न जनचेतनामूलक कार्यक्रममा खर्च गरेको छ ।

## भौतिक संरचना

जीर्ण भएका सामुदायिक विद्यालय भवन तथा अपुरा भवनहरुको मर्मत सम्भार गर्नको लागि गाउँपालिकाले आवश्यक रकमको विनियोजन गरी भवनहरु मर्मत सम्भार गरेको छ। मानव अधिकार सचेतन केन्द्र (हुरेक) नेपाल रोल्पा र सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा पनि थप केही विद्यालय भवन मर्मत सम्भार सम्पन्न गरिएको छ । भौतिक संरचनालाई बलियो र आकर्षक बनाउनका लागि त्रिवेणी गाउँपालिकाले सशर्त अनुदानबाट विनियोजित बजेट सँगसँगै स्थानीयस्तरबाट पनि भौतिक संरचना निर्माणलाई प्राथमिकता दिएको छ। जीर्ण र अपुरा निर्माणाधीन भवनहरु र शौचालय निर्माणका लागि पालिकास्तरबाट आवश्यक बजेट छुट्याएर काम सम्पन्न भएको छ । सशर्तबाट आउने ठुला योजनाहरुलाई प्राथमिकता अनुसार छनौट गरी विद्यार्थी संख्याको अवस्था हेरी लागु गरिएको छ । हालसम्म २, ३, ४, ५ र ६ कोठे विद्यालय भवन जम्मा २१ वटा निर्माण गरिएको छ भने विभिन्न विद्यालयमा स्वास्थ्य तथा सरसफाइको व्यवस्था गर्नका लागि शौचालय समेत निर्माण गरिएको छ। विद्यालय प्रवलीकरण श्री जनजागृति मा.वि. जुगारमा रु. १५ लाखमा गरिएको छ ।



*श्री जनजागृति मा.वि. जुगारको रु. १५ लाखमा रेट्रोफिटिङ गरिएको पुरानो भवन*

साथै छात्राबास भवन ३ वटा, सूचना तथा सञ्चार प्रविधि (ICT) ल्याब ११ वटा, विज्ञान प्रयोगशाला ५ वटा, पुस्तकालय ५ वटा लगायतका शैक्षिक पूर्वाधारहरुको व्यवस्थापन भएका छन् ।



*श्री जनकल्याण मा.वि. सिम्पानीमा गाउँपालिकाको लगानीमा स्थापना गरिएको विज्ञान प्रयोगशाला*

हालसम्म अधिकांश विद्यालयको घेराबार निर्माण सम्पन्न भएको छ। बाँकी रहेका ३ वटा विद्यालयमा यसै आ.व. मा बजेटको व्यवस्था गरिएको र त्यसको कार्यान्वयपश्चात सबै विद्यालयको घेराबारको काम सम्पन्न गर्ने लक्ष्य गाउँपालिकाले राखेको छ। अधिकांश विद्यालयमा खेलमैदानको निर्माण सम्पन्न गरिएको छ भने पर्याप्त मात्रामा स्वच्छ खानेपानी विस्तार गरिएको छ।



*स्मार्ट बोर्ड र अनलाइनमार्फत अध्ययन अध्यापन गर्न गराउन सकिने श्री अरनिको मा.वि. नुवागाउँमा रहेको आधुनिक कम्प्यूटर ल्याब*



*श्री शुक्र मा.वि. झुम्लुङको कम्प्यूटर ल्याब*

## प्राविधिक शिक्षा

त्रिवेणी गाउँपालिकाको श्री जनजागृति मा.वि. जुगारमा पशु विज्ञान (आइ.एस्सी.ए.जि.भेट) र श्री अरनिको मा.वि. नुवागाउँमा बाली विज्ञान (आइ.एस्सी.ए.जि. प्लान्ट साइन्स) प्राविधिक धार सञ्चालनमा छन्। जनप्रतिनिधि निर्वाचित भएर आएपछि प्राविधिक शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्ने नीति गाउँपालिकाले अख्तियार गरेपछि प्रत्येक आर्थिक वर्षमा प्राविधिक धार अध्ययन गर्न चाहने गाउँपालिकाको स्थायी बासिन्दा विद्यार्थीका लागि एस.इ.इ. को औसत जि.पि.ए. तथा आर्थिक रुपमा विपन्नताको आधारमा विद्यार्थीहरुको मेरिट सूची तयार गरी प्रत्येक वडाबाट १/१ जना छात्रा छात्र गरी बाली विज्ञानतर्फ १४ जना र पशु विज्ञानतर्फ १४ जना गरी जम्मा २८ जना विद्यार्थीलाई प्रति विद्यार्थी रु. १ लाखको दरले जम्मा २८ लाख रकम गाउँपालिकाले वितरण गरी प्राविधिक शिक्षामा सबैको पहुँच बढाउने कार्य गरेको छ। ती विद्यालयहरुमा कृषि तथा पशु विज्ञान अध्ययनका लागि त्रिवेणी गाउँपालिका भन्दा बाहिरबाट (जस्तै रोल्पा जिल्लाका अन्य स्थानीय तह, जिल्ला बाहिर सल्यान, रुकुम, दाङ, प्युठान) बाट समेत विद्यार्थीहरु आउने गरेका छन्। यस पालिकाका विद्यार्थीहरु घरमै बसेर प्राविधिक शिक्षा अध्ययन गर्न पाउनुका साथै थोरै लगानी र पालिकाले वितरण गर्ने छात्रबृत्तिले विपन्न परिवारका विद्यार्थीहरुले समेत प्राविधिक शिक्षा पढ्न पाएका छन्। प्राविधिक शिक्षामा थप लगानी बढाउँदै लैजाने गाउँपालिकाले नीति लिएको छ। यस पालिकाबाट बाली र पशु विज्ञान पढ्नको लागि जिल्ला बाहिर जानुपर्ने समस्या टरेको छ। यस कार्यबाट दक्ष जनशक्तिको उत्पादन गाउँपालिकामा नै भई रोजगारी तथा स्वरोजगारीको सिर्जनामा समेत सघाउ पुग्नेछ।



*इलेक्ट्रिसियन तालिममा सहभागीहरु*

साथै गाउँपालिकाले विभिन्न गैरसरकारी संस्थाको समन्वयमा इलेक्ट्रिसियन, हाउस वायरिङ, हेयर कटिङ तथा ब्युटिपार्लरजस्ता व्यावसायिक तालिमको आयोजना गर्ने गरेको छ।

## बालमैत्री विद्यालय निर्माणमा जोड



*गाउँपालिकाका प्रत्येक विद्यालयमा रहेको बालमैत्री बालविकास केन्द्र (श्री शुक्र मा.वि. झुम्लुङ)*

विद्यालयमा बालमैत्री कक्षा व्यवस्थित गर्नको लागि प्राथमिक तहमा अध्यापनरत शिक्षकहरुलाई हुरेक नेपाल रोल्पा र सेभ द चिल्ड्रेनको सहकार्यमा गाउँपालिकाद्वारा मन्टेश्वरी तालिम सञ्चालन गरिएको छ भने शिक्षकहरुलाई दक्ष बनाउन तालिम कार्यक्रमलाई विशेष जोड दिइएको छ। कक्षा १ देखि ३ सम्मका बालबालिकाको लागि शिक्षकले कक्षाकोठामै शैक्षिक सामग्री निर्माण, बसाइँ व्यवस्थापन सामग्रीको व्यवस्था जस्ता कुरा व्यवस्थित गरिएको छ। बसाइँ व्यवस्थापनका लागि स-साना बालबालिका लक्षित मिनी राउन्ड टेबल र भुइँमा पि-फर्म, कार्पेट र कुसनको व्यवस्था गरिएको छ।



*बालमैत्री बसाइँ व्यवस्थापन (श्री जयनारायण आ.वि. जगरबोट)*

कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रतिदिन प्रतिविद्यार्थी रु. १५ का दरले दिवाखाजाको व्यवस्था गरिएको छ। केहि शैक्षिक सत्रमा अभिभावकहरुलाई उक्त रकम दिने अभ्यास गरिए पनि शैक्षिक सत्र २०७७ देखि विद्यार्थीहरुलाई विद्यालयमै तोकिएको मापदण्ड बमोजिम ताजा दिवाखाजा खुवाउने गरिएको छ।

## श्रममा गएका बालबालिकालाई पुनः विद्यालयमा फर्काइएको

यस गाउँपालिकाबाट वर्षेनी बालबालिकाहरु काठमाडौंका ईंटाभट्टामा श्रममा जाने क्रम निकै बढेको सन्दर्भमा हुरेक नेपाल, रोल्पा र सेभ द चिल्ड्रेनको सहकार्य तथा त्रिवेणी गाउँपालिकाको सक्रियतामा श्रममा गएका बालबालिकालाई विद्यालयमा पुनः भर्ना गर्ने, अभिभावकको आयआर्जनमा टेवा पुऱ्याउन सीपमूलक तालिमका साथै आर्थिक सहयोग प्रदान गरी श्रममा गएका बालबालिकालाई पुनः विद्यालयमा फर्काउन सफलता मिलेको छ। बालबालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन गरी बालबालिकालाई विद्यालयमा फर्काउनको लागि श्रममा बालबालिकालाई पठाउने अभिभावकसँग बालबालिका फर्काउनका लागि निरन्तर फलो-अप गर्नुका साथै सम्पूर्ण सरकारी सेवा सुविधाहरु पनि रोक्का गर्ने निर्णय गरी कार्यान्वयमा एकरुपता ल्याइएको छ।

## कोभिड महामारीको समयमा नमूना काम

कोभिड-१९ ले विश्व नै आक्रान्त रहेको अवस्थामा त्रिवेणी गाउँपालिका पनि अछुतो रहन सकेन। कोभिडले शिक्षा क्षेत्रमा प्रत्यक्ष असर पुऱ्यायो तर पनि त्रिवेणी गाउँपालिका शिक्षा समितिको उत्पादनमा रेडियो होलेरी एफ.एम., रेडियो सुनछहरी र रेडियो पल्लवी एफ.एम. बाट दूर शिक्षा कार्यक्रम सञ्चालन गरियो। यसका साथै सिकाइ केन्द्र स्थापना गरी सिकाइलाई निरन्तरता दिने काम गरियो। अनेकौं चुनौतीको बाबजुद पनि विद्यार्थीहरुको सिकाइलाई कुनै न कुनै माध्यमबाट अगाडि बढाउने काम गरियो। गाउँपालिकाभरका स्थायी, अस्थायी, राहत र स्थानीय स्रोतमा कार्यरत शिक्षकहरुका लागी कोरोना बीमा कार्यक्रममा समेत गरिएको थियो।

कोरोना कहरमा अस्थायी क्वारेन्टिइनको रुपमा अधिकांश विद्यालयहरु प्रयोग गर्नुपर्ने भएता पनि प्रदुषण निवारण औषधिको प्रयोग गरेर विद्यालय र कक्षा कोठाहरुलाई कोरोनाको डरबाट मुक्त बनाउन गाउँपालिकाले विद्यालयमा औषधि, स्प्रेयर मेसिन, औषधि छर्किने व्यक्तिका लागि सुरक्षा सामग्रीको व्यवस्था गऱ्यो। विद्यालयको लागि आवश्यक मात्रामा स्यानीटाइजर, मास्कलगायतका स्वास्थ्य सामग्रीहरु खरिदका लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको छ।

## शिक्षण स्वयंसेवक परिचालन

पर्याप्त विद्यार्थीहरु भएर पनि विषयगत शिक्षकहरुको अभाव रहेकोले त्रिवेणी गाउँपालिकाले गणित, अंग्रेजी, विज्ञान तथा कम्प्यूटर विज्ञान विषयका शिक्षकहरुको अभावलाई केही हदसम्म पूरा गर्ने उद्देश्यका साथ प्रत्येक

मा.वि. र नि.मा.वि. तथा प्राविधिक धार सञ्चालन भएका मा.वि. हरु (श्री अरनिको मा.वि. नुवागाउँ र श्री जनजागृति मा.वि. जुगार) मा १/१ जना गरी जम्मा २६ जना शिक्षण स्वयंसेवकको करार दरबन्दी एकैपटक सिर्जना गरी कार्यविधि निर्माण गरेर व्यवस्थापन गरेको छ ।

## विद्यालय नर्स तथा स्यानिटरी प्याडको व्यवस्था

विद्यालयमा अध्ययनरत बालबालिका, अभिभावक, तथा शिक्षक र कर्मचारीहरुको स्वास्थ्यमा टेवा पुऱ्याई विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी ढङ्गले विस्तार गर्ने रणनीति अनुसार यस गाउँपालिकाभित्र रहेका १२ वटा माध्यमिक विद्यालयहरुमा १/१ जना विद्यालय नर्सको व्यवस्था गरिएको छ । हाल गाउँपालिकाभित्रका १२ वटा विद्यालयमा उनीहरु कार्यरत रहेका छन् । स्रोत साधन विस्तार गर्दै आगामी दिनमा गाउँपालिकाभित्रका अन्य आधारभूत तथा प्राथमिक विद्यालयहरुमा पनि विद्यालय नर्स व्यवस्थापन गर्ने लक्ष्य गाउँपालिकाले राखेको छ ।



*गाउँपालिकाद्वारा उपलब्ध गराइएको नि:शुल्क स्यानिटरी प्याड विद्यालयमा कार्यरत विद्यालय नर्सबाट छात्राहरुलाई वितरण गरिँदै (श्री वीरेन्द्र मा.वि. गाङ)*

विद्यालय नर्सहरुले विद्यार्थी तथा शिक्षक कर्मचारीहरुको नियमित चेकजाँच गर्नुका साथै सामान्य समस्याहरु विद्यालयमै उपचार गरी जटिल समस्या देखापरेमा स्वास्थ्य संस्थामा सिफारिस गर्ने गरेका छन् । विद्यालय नर्ससँग बालबालिकाहरुले आफ्ना स्वास्थ्य समस्याहरु नलुकाई राख्ने गरेका छन् । कोभिड-१९ को अवधिमा विद्यालय नर्सहरुको भूमिका प्रशंसनीय रह्यो । कोभिडका कारण केही समय विद्यालयहरु बन्द हुँदा विद्यालय नर्सहरु अन्य स्वास्थ्यकर्मीहरुसँगै क्वारेन्टिनमा खटिए । यस कार्यक्रमले छात्राहरुलाई किशोर अवस्थामा देखिने समस्याहरुबारे परामर्श लिने तथा स्यानिटरी प्याड वितरणमा सहजीकरण भएको छ । प्रत्येक मा.वि. मा विद्यालय नर्स र आ.वि. हरुमा महिला शिक्षकलाई स्वास्थ्य फोकल पर्सन तोकी छात्राहरुलाई स्यानिटरी प्याडको सहज वितरण कार्य सञ्चालन गरिएको छ ।

## विद्यालयमा इन्टरनेट तथा विद्युतीय हाजिरी



*गाउँपालिकाद्वारा विद्यालयहरुमा जडान गरिएको डिजिटल हाजिरी मेसिन*

रोल्पा जिल्ला भौगोलिकरुपमा विकट मानिए तापनि त्रिवेणी गाउँपालिकाले विकटतालाई अवसरको रुपमा उपयोग गर्दै सूचना प्रविधिलाई जोड दिँदै आएको छ । गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयलाई सूचना प्रविधिको पहुँचमा ल्याउने उद्देश्यले क्रमिक रुपमा सबै विद्यालयमा इन्टरनेट जडान र सेवा विस्तार गर्ने लक्ष्य लिएको छ । मा.वि. र आ.वि. हरुमा इन्टरनेट सेवा विस्तार गर्नुको साथै क्रमिक रुपमा प्रा.वि. मा इन्टरनेट जडान गर्ने क्रमलाई अगाडि बढाइएको छ । गाउँपालिकामा रहेका ३८ सामुदायिक विद्यालयहरूमध्ये हाल १२ माध्यमिक विद्यालय र २ वटा आधारभूत विद्यालयमा विद्युतीय हाजिरी जडान गरिएको छ । विद्युतीय हाजिरीले दैनिक हाजिरी रेकर्ड सूचना प्रविधिको प्रयोगबाट गाउँपालिकामा तत्काल हेर्न सकिने व्यवस्था गरिएको छ ।

## उच्च शिक्षामा छात्रवृत्ति

एस.इ.इ. परीक्षामा त्रिवेणी गाउँपालिकाबाट सबैभन्दा बढी जि.पि.ए ल्याउने १ छात्र र १ छात्रालाई उच्च शिक्षा अध्ययनका लागि गाउँपालिकाले "उच्च शिक्षा

अध्ययन छात्रवृत्ति" को व्यवस्था गरेको छ। आर्थिक अवस्था कमजोर भएका परिवारका विद्यार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रमले सहयोग पुऱ्याउने विश्वास गरिएको छ। छात्रवृत्ति रकम प्रतिविद्यार्थी रु. २ लाखका दरले एकजना छात्र र एकजना छात्रालाई वितरण गरिनेछ।

## विद्यालय समायोजन तथा अंग्रेजी माध्यमबाट पठनपाठन

कतिपय विद्यालयमा विद्यार्थीको अत्यधिक चाप रहनुका साथै कतिपय विद्यालयहरुमा विद्यार्थी संख्या न्यून रहेको थियो। यसै कुरालाई मध्यनजर गर्दै गाउँपालिकाले विद्यालय समायोजनको नीति अख्तियार गऱ्यो। सोहीअनुसार नर्सरीदेखि कक्षा १० सञ्चालन भएको श्री शिखर जलजला एकेडेमी बोर्डिङ स्कुल त्रिवेणी-५, जुगारलाई श्री जनजागृति मा.वि. त्रिवेणी-५, जुगारमा समायोजन गरिएको छ। समायोजनसँगै जनजागृति माध्यमिक विद्यालय आ.व. २०७७/०७८ मा नमुना विद्यालयको रुपमा छनौट भएको सो विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १० सम्म नेपाली र अंग्रेजी दुबै माध्यमबाट पठनपाठनको व्यवस्था गरिएको छ। अन्य सामुदायिक विद्यालयहरुमा पनि अंग्रेजी माध्यमको पठनपाठनलाई क्रमशः अगाडि बढाइएको छ। त्यसैगरी निजीस्तरमा सञ्चालन भएको मदरल्याण्ड एजुकेयर एकेडेमी प्रा.लि. र श्री शुक्र मा.वि. झुम्लुङ, श्री रोल्पा सनराइज इंलिस बोर्डिङ स्कुल र श्री वीरेन्द्र मा.वि. गाङ, श्री बुढागाउँ मदरल्याड एकेडेमी प्रा.लि. र श्री सरस्वती मा.वि. लिङ्दुङ गरी ४ वटा संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा समायोजन गरिएको छ। त्रिवेणी गाउँपालिकामा निजीस्तरमा सञ्चालन भएका सबै संस्थागत विद्यालयहरु सामुदायिक विद्यालयमा समायोजन भई गाउँपालिका संस्थागत विद्यालय विहिन भएको छ। त्यसैगरी विद्यार्थी संख्या कम रहेका ३ वटा सामुदायिक विद्यालयहरु श्री जनजागरण प्रा.वि. खालीचौर, श्री नवज्योति प्रा.वि. दारिमचौर र श्री जनमिलन प्रा.वि. धारमखोला क्रमशः श्री जनजागृति मा.वि. जुगार, श्री अरनिको मा.वि. नुवागाउँ र श्री सरस्वती मा.वि. काउलाबोटमा समायोजन गरिएको छ। विद्यार्थी संख्या कम भएका सामुदायिक विद्यालयहरु श्री बालसेवा प्रा.वि. जप्काको कक्षा ४ र ५ लाई श्री शिव मा.वि. द्वारपानीमा र श्री जनसेवा आ.वि. रामिडाँडाको कक्षा ६, ७ र ८ कक्षा लाई श्री सरस्वती मा.वि. लिङ्दुङमा समायोजन गरिएको छ। त्रिवेणी गाउँपालिकाले समायोजन हुने विद्यालयहरुका लागि मा.वि. तहका लागि रु. ५ लाख, नि.मा.वि. तहका लागि रु. ३ लाख र प्रा.वि. तहका लागि रु. २ लाख बजेट विनियोजन गर्ने निर्णय गर्नुका साथै समायोजन भएका विद्यालयहरुलाई मुख्य प्राथमिकता दिई अन्य सेवा सुविधा वितरण गर्ने नीति अवलम्बन गरिएको छ।

## नीति निर्माणमा तीव्रता



*शिक्षा नीतिलगायत अन्य कार्यविधि निर्माणका लागि गाउँपालिकामा सञ्चालित कार्यशाला*

सेभ द चिल्ड्रेन र हुरेक नेपालको सहकार्यमा गाउँपालिकाद्वारा आयोजित शिक्षा नीति एवं वैकल्पिक शिक्षा सञ्चालनार्थ कार्यविधि निर्माण कार्यशाला शिक्षा क्षेत्रमा कार्य गर्नको लागि कानूनी जटिलता भएकोले गाउँपालिकाले त्रिवेणी गाउँपालिका शिक्षा नीति २०७६, त्रिवेणी गाउँपालिका स्थानीय शिक्षा ऐन तथा नियमावली २०७४, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६, त्रिवेणी गाउँपालिका स्वास्थ्य, पोषण तथा सरसफाइ नीति २०७६, त्रिवेणी गाउँपालिका शिक्षण सिकाइ अभिवृद्धि अनुदान व्यवस्थापन गर्न बनेको कार्यविधि २०७६, त्रिवेणी गाउँपालिकाको शिक्षण स्वयंसेवक परिचालन कार्यविधि २०७७, त्रिवेणी गाउँपालिकाको बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी कार्यविधि २०७६, त्रिवेणी गाउँपालिकाको प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७७ र त्रिवेणी गाउँपालिकाको खुल्ला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७६

लगायत विभिन्न कार्यविधि तथा मापदण्ड र गाउँ शिक्षा योजना २०७६-२०८० निर्माण गरी कार्यान्वयनमा रहेका छन् ।



गाउँपालिकाको लगानीमा रु. १० लाखमा निर्माण गरिएको श्री सिद्धरत्न मा.वि. को खेलमैदानमा तेस्रो गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुँदै



प्रदेश सरकारको सशर्त अनुदानमा रु. ४० लाखमा गाउँपालिकाद्वारा निर्माण गरिएको बहुउद्देश्यीय खेलमैदानमा प्रथम गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुँदै

अतः जीर्ण भएका र अपुरो रहेका भवनहरुको पुनर्निर्माण गर्नुका साथै विद्यालय भवनहरु निर्माण सम्पन्न गरिएका छन् । प्राविधिक शिक्षामा विपन्न परिवारका विद्यार्थीहरुको पहुँच वृद्धि हुनुका साथै प्राविधिक शिक्षा अध्ययन गर्नका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता हटेको छ । श्रममा गएका बालबालिकाहरु लाई विद्यालयमा पुनः भर्ना गरी विद्यालय छोड्ने दरमा कमी ल्याउन सफलता हात परेको छ । दिवा खाजा कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागू गरिएको छ । कोभिड-१९ को समयमा दूर शिक्षा कार्यक्रम सञ्चालन र सिकाइ केन्द्रहरु निर्माण गरी वैकल्पिक विधिद्वारा पठनपाठन सञ्चालन गरिएको थियो । स्थायी, करार र निजी स्रोतका शिक्षक तथा कर्मचारीहरुको बिमा कार्यक्रमलाई सम्पन्न गरियो । विद्यालयको शिक्षक दरबन्दिमा भएको कमीलाई पूर्ति गर्नको लागि शिक्षण स्वयंमसेवकको व्यवस्था गरियो । विद्यालय नर्स कार्यक्रमलाई गाउँपालिकामा सञ्चालन गरी बालबालिका, शिक्षक तथा कर्मचारी र स्थानीय अभिभावकको स्वास्थ्य अवस्थामा जोड दिइएको छ । विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । विद्यालयहरुमा विद्युतीय हाजिरी जडानको कार्यलाई सुरुवात गरी निरन्तर रुपमा सबै विद्यालयहरुमा जडान गर्ने लक्ष्य लिइएको छ । निजी बोर्डिङ स्कुलहरु र केही सामुदायिक स्कुलहरु आपसमा समायोजन गरी अंग्रेजी माध्यमको पठनपाठनलाई सामुदायिक विद्यालयमा सुरुवात गरी निरन्तरता गरिएको छ । त्रिवेणी गाउँपालिकाभित्र संस्थागत विद्यालयहरुको संख्यालाई शून्यमा झारिएको र शिक्षामा सबैको पहुँचलाई सुनिश्चित गरिएको छ । समायोजन भएका र समायोजन हुन चाहने विद्यालयहरुलाई प्रमुख प्राथमिकता दिई पालिकाबाट आवश्यक आर्थिक सहयोगका कार्यक्रमहरु घोषणा गरी लागू गरिएको छ । यस पालिकाभित्र रहेका सबै विद्यालयमा इन्टरनेट सेवा पुर्याउने लक्ष्य अनुरुप इन्टरनेट सेवा विस्तार कार्यक्रम लागू गरिए अनुसार बाँकी रहेका विद्यालयहरुमा आगामी आ.व. सम्म सबै विद्यालयहरुमा सेवा विस्तार सम्पन्न गरिने लक्ष्य लिएको छ । हालसम्म संघीय सरकारले शिक्षा ऐन र नियमावली नबनाएको सन्दर्भमा पालिकाले आफ्नो छुट्टै त्रिवेणी गाउँपालिका स्थानीय शिक्षा ऐन तथा नियमावली, २०७४ जस्ता थुप्रै ऐन तथा नियमावली, कार्यविधिहरु निर्माण सम्पन्न गरी लागू गरेको छ । त्रिवेणी गाउँपालिकाले शिक्षामा सबैको पहुँच र सहभागितालाई प्रमुख लक्ष्यका साथ समेटेको छ ।

❑

# स्वस्थ जनता : समृद्ध त्रिवेणी

देश संघीयतामा प्रवेश गरेसँगै स्वास्थ्य क्षेत्रका विविध क्रियाकलापहरु लगायत व्यवस्थापनको जिम्मा स्थानीय तहलाई सुम्पियो । जसअनुरुप त्रिवेणी गाउँपालिकाको केन्द्र जुगारमा रहेको गाउँ कार्यपालिकाको कार्यालयअन्तर्गत स्वास्थ्य शाखाबाट यी कार्यहरु अगाडि बढेसँगै गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको व्यवस्थापन तथा सशर्तमार्फत प्राप्त कार्यक्रमहरुलाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याइएको छ । त्रिवेणी गाउँपालिकाको स्थापनापश्चात गाउँपालिकाले बितेका चार वर्षसम्म कुल रु. ९ करोड ८४ लाख ८८ हजार १९८ खर्च गरी स्वास्थ्य जनशक्ति व्यवस्थापन तथा स्वास्थ्य सेवा अभिवृद्धिका लागि विभिन्न क्रियाकलापहरु गरेको छ ।

## भौतिक संरचना निर्माण तथा सेवा र जनशक्ति व्यवस्थापन

त्रिवेणी गाउँपालिकाका ७ वटा वडामध्ये साविकका ५ वटा स्वास्थ्य चौकी रहेको अवस्थामा पाँचवटै स्वास्थ्य चौकीको आफ्नै भवन रहेको छ । जसमध्ये बुढागाउँ स्वास्थ्य चौकी र नेर्पा स्वास्थ्य चौकीमा आधुनिक भवनको निर्माण गरी सेवा सञ्चालनमा रहेको छ । स्वास्थ्य संस्था नभएका बाँकी २ वटा वडाहरुमा स्वास्थ्य सेवा प्रवाह गर्नका लागि यस त्रिवेणी गाउँपालिका वडा नं. ३ र ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी दैनिकरुपमा आधारभूत स्वास्थ्य सेवा प्रदान गरेको छ । जसले गर्दा जनताको आधारभूत स्वास्थ्य सेवा घरदैलोमा पाउने मौलिक अधिकारलाई स्थानीय सरकारले प्रदान गरेको छ ।



स्वास्थ्य चौकी नभएका वडा (३ र ६) मा निर्माण गरिएको आधारभूत स्वास्थ्य सेवा केन्द्रको पक्की भवनको एक तस्विर

प्रत्येक स्वास्थ्य संस्थामा नेपाल सरकारको दरबन्दी अनुरुप स्वास्थ्यकर्मीको उपलब्धताको व्यवस्था गरेको छ भने आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि २/२ जना स्वास्थ्यकर्मी र १/१ जना कार्यालय सहयोगीको करारमा जनशक्ति व्यवस्थापन गरको छ । यसैगरी गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई संघीय बजेटमात्र नभई पालिकाकै ठुलो मात्रामा बजेट विनियोजन गरी विभिन्न विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्न नेर्पा स्वास्थ्य चौकी र नुवागाउँ स्वास्थ्य चौकीका लागि ल्याब असिस्टेन्ट करारमा व्यवस्थापन गरी ल्याब सेवा सञ्चालन गरेको छ । त्यसैगरी १ नं. वडा अन्तर्गतको केही भू-भाग भौगोलिक रुपमा अत्यन्त विकट स्थानमा रहेकोले १ नं. वडामा स्वास्थ्य चौकी बाहेक पनि अर्को स्थानमा सेवा केन्द्र विस्तार तथा करारमा जनशक्ति व्यवस्थापन गरी सेवा सञ्चालनमा रहेको छ ।



त्रिवेणी- ५ स्थित नेर्पा स्वास्थ्य चौकीको भवन

सुरक्षित मातृत्वको सुनिश्चितताका लागि गाउँपालिकाले चौबिसै घण्टा सेवा दिने उद्देश्यले विभिन्न स्वास्थ्य संस्थामा अ.न.मी. को व्यवस्था गरेको छ । बालबालिकाको खोप सुनिश्चितताका लागि गाउँ-गाउँमा खोप केन्द्र स्थापना, मातृशिशु कार्यकर्तालाई प्रोत्साहन गरी टोल-टोलमा सेवा दिने व्यवस्था गरिएको छ । स्थानीय तहमा १५ शैयाको एक अस्पताल बनाउने सरकारको नीतिअनुरुप यस गाउँपालिकाले पनि त्रिवेणी-५, नेर्पामा उक्त अस्पताल निर्माणको लागि निःशुल्क जग्गा (दानपत्र) प्राप्त गरी ठेक्कामार्फत भवन निर्माणको काम अगाडि बढाएको छ । साथै

विभिन्न स्वास्थ्य संस्थाहरुको मर्मत सम्भारलाई पनि उच्च प्राथमिकताका साथ सञ्चालन गरिएको छ ।

## उपचारात्मक सेवामा वृद्धि



*एम.बि.बि.एस. डाक्टरद्वारा बिरामी जाँच गरिँदै*

त्रिवेणी गाउँपालिका, रोल्पाको २ वटा स्वास्थ्य संस्थाबाट ल्याब सेवा प्रदान गर्नुका साथै बिरामीको बढ्दो चापलाई मध्यनजर गरी गाउँपालिकाकै स्रोतबाट नेर्पा स्वास्थ्य चौकीमा प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका लागि मेडिकल अधिकृतलाई करार सेवामा नियुक्त गरी दैनिक सेवा प्रदान गर्दै आएको छ । एक्स–रे सेवा प्रदान गर्नका लागि रेडियोग्राफरलाई करारमा भर्ना गरी डिजिटल एक्स–रे (DR System) सेवा प्रदान गर्दै आएको छ । जसका लागि पालिकाले ठूलो बजेट खर्चेको छ । यसले गर्दा जिल्ला बाहिर रिफर भएका बिरामीहरु उपचारका लागि अन्यत्र जाने संख्यामा कमी आएको छ भने जनताहरुको समय र पैसा बचत भएको छ । यी सबै सेवा प्रवाहले स्थानीय सरकारप्रति जनताको सकारात्मक भावना वृद्धि भएको देखिन्छ । बिरामीको चाप अधिक हुने स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीलाई प्रोत्साहन उपलब्ध गराई बिहानदेखि बेलुकासम्म सेवा सञ्चालन गरिएको छ ।

## सर्वसुलभ एम्बुलेन्स सेवा

गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार जनताहरुलाई छिटोछरितो साथै आकस्मिक स्वास्थ्य सेवा प्रदान गरी जिउज्यानको रक्षा गर्नका लागि पालिकाले सर्वसुलभ एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । त्रिवेणीबासीहरुलाई कम भाडा दरमा सेवा दिने उद्देश्यका साथ गाउँपालिकाको जुनसुकै स्थानबाट पनि एकरुपता हुनेगरी एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । गाउँपालिकाले छुट्टै कार्यविधि निर्माण गरी राजश्व असुली गर्नेभन्दा पनि एम्बुलेन्सको सञ्चालन खर्च उठ्ने गरी सर्वसुलभ भाडा दरको व्यवस्था गरेको छ । चौबिसै घण्टा एम्बुलेन्स सेवा उपलब्ध गराउने उद्देश्यका साथ गाउँपालिकाले करार सेवामा एम्बुलेन्स चालकको व्यवस्था गरेको छ ।



*त्रिवेणी गाउँपालिकाले व्यवस्था गरेको सर्वसुलभ एम्बुलेन्स सेवा*

## कोभिड-१९ प्रतिकार्यमा सफलता

विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट यस गाउँपालिका पनि अछुतो रहन सकेन । पहिलो चरणको कोभिड-१९ भन्दा दोस्रो चरणको कोभिड-१९ अलि बढी संक्रामक तथा टोल-टोल, बस्ती-बस्तीमा फैलिरहेकोले लकडाउन अलि ढिला गरेको परिप्रेक्षमा अपर्याप्त भौतिक संरचनाले गर्दा विद्यालयमा भए पनि आइसोलेसन सेन्टर स्थापना गरी गम्भीर असर देखिएका बिरामीहरुका लागि उपचार गरियो । जहाँ डाक्टर, नर्स, स्वास्थ्यकर्मी तथा सहयोगी दिनरात खटी बिरामीको उपचार तथा हौसला वृद्धिका लागि योग तथा शारीरिक व्यायामको अभ्यास समेत भएको थियो । साथै त्रिवेणी भित्रिने नाका निगालपानीमा हेल्थ डेस्क स्थापना गरी स्वास्थ्य सामग्रीका साथ स्वास्थ्यकर्मी परिचालन गरिएको थियो । कोभिड महामारीमा गाउँपालिकामा रहेको एकमात्र एम्बुलेन्स सेवा अपर्याप्त रहेको अवस्थामा रोजगारीको सिलसिलामा जिल्ला बाहिर गएका श्रमिकहरुलाई नाका तथा अन्यत्र जिल्लासम्म्म लिन गई सुरक्षितरुपमा सम्बन्धित क्वारेन्टिनमा पुऱ्याउन तथा

संक्रमितहरुलाई स्वास्थ्य संस्था र गम्भीर बिरामीलाई आइसोलेसनसम्म पुऱ्याउनका लागि समेत गाउँपालिका अध्यक्षले प्रयोग गर्ने गाडी तथा अर्को गाडी भाडामा समेत लिई एम्बुलेन्सको रुपमा प्रयोग गरियो । गाउँपालिकाले विभिन्न निकायको सहयोगमा अक्सिजन सिलिण्डर, मास्क, स्यानिटाइजर, औषधि तथा अन्य आवश्यक सामग्रीको व्यवस्था गरेको थियो ।

## विद्यालय नर्स कार्यक्रम



*श्री शिव मा.वि. द्वारपानीमा विद्यालय नर्सद्वारा विद्यार्थीहरुको जनरल चेकअप हुँदै*

असल स्वास्थ्य विना असल सिकाइ हुन सक्दैन भन्ने हेतुले आर्थिक वर्ष २०७६/०७७ देखि विद्यालय नर्स कार्यक्रम रोल्पाको त्रिवेणी गाउँपालिकाबाट सुरुवात भएको हो । प्रत्येक माध्यमिक विद्यालयहरुमा स्टाफ नर्स पढेका नर्सिङ स्टाफहरुलाई करारमा भर्ना गरी विद्यालय नर्सको पदमा कामकाजमा लगाइएको छ। संघीय सरकारबाट ११ जना विद्यालय नर्सको लागि बजेटको व्यवस्थापन गरे तापनि त्रिवेणी गाउँपालिकामा १२ वटा माध्यमिक विद्यालय रहेको हुदाँ १ वटा माध्यमिक विद्यालयमा स्थानीय सरकारको लगानीमा विद्यालय नर्स भर्ना गरी काम कार्यहरु अगाडि बढाइएको छ। किशोर किशोरीहरुको स्वास्थ्य तथा मनोसामाजिक क्षेत्रमा प्रत्यक्ष सेवा प्रवाह रहने गरी विद्यालय नर्सहरुले काम गरिरहेका छन् । प्राथमिक उपचारसँगै किशोरीहरुको महिनावारी व्यवस्थापन, पोषण, व्यक्तिगत सरसफाइ साथै वातावरणीय सरसफाइमा उनीहरुको उल्लेखनीय भूमिका रहेको छ। विद्यार्थीहरुले मिचीमिची हात धुने तथा खानापछि दुईपटक दाँत माझ्ने जस्ता बानी परिवर्तन गरेका छन् । स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्य गर्नुका साथै व्यवहार परिवर्तनका असल मार्गदर्शनका रुपमा कार्य गरिरहेका छन् ।

## स्वास्थ्यका सूचकहरुमा सकारात्मक वृद्धि

स्थानीय सरकारले समुदायस्तरमा महत्वपूर्ण कार्य गरेवापत प्रत्येक वर्ष सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई जनही रु. १२ हजारका दरले यातायात सुविधा प्रदान गर्दै आएको छ। प्रोटोकल अनुसार गर्भजाँच गरी स्वास्थ्य संस्थामा सुत्केरी भएवापत संघीय सरकारले दिने प्रोत्साहनमा गाउँपालिकाले प्रतिव्यक्ति थप रु. १ हजार यातायात खर्च उपलब्ध गराउँदै आएको छ। प्रत्येक वर्ष औषधि खरिद, न्यानो झोला खरिद, ल्याब सामग्री खरिद, गाउँघर क्लिनिक व्यवस्थापन, स्वास्थ्य संस्था व्यवस्थापन तथा प्रशासनिक खर्च, विपन्न नागरिक उपचार तथा आर्थिक सहायता खर्च तथा अन्य व्यवस्थापन खर्चवापत बजेट व्यवस्थापन गर्दै प्राप्त भएको छ। जसले गर्दा स्वास्थ्यका विभिन्न सूचकहरुमा सकारात्मक नतिजा आएको छ ।

# समुन्नत समाज निर्माण गर्न गाउँपालिकाको प्राथमिकतामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्म अनुरुप यस त्रिवेणी गाउँपालिकाले महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत पिछडिएका अन्य वर्ग तथा समुदायलाई परिवर्तनका मुख्य संवाहक मानी लक्षित वर्गको सशक्तिकरण, लैंङ्गिक मूल प्रवाहीकरण र सामाजिक समावेशीकरणद्वारा सामाजिक न्यायमा आधारित समुन्नत परिवार स्थापनाको परिकल्पना साकार पार्ने दिशामा बजेट केन्द्रीत हुनेगरी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा तथा सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ। त्यस्ता कार्यक्रमले उल्लेखित लक्षित वर्गका व्यक्तिहरुको अधिकार प्राप्तिको आधारमा समतामूलक समाज र समृद्ध गाउँपालिका निर्माण गर्न तथा गरिबी निवारणको राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ गाउँपालिकामा महिला, बालबालिका तथा समाज कल्याण इकाईको स्थापना गरी सहायक महिला विकास निरीक्षकको नेतृत्वमा विभिन्न प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। जसका लागि २०७४ देखि हालसम्म गाउँपालिकाबाट यस क्षेत्रमा रु. ९७ लाख ३० हजार ८ सय ८२ विभिन्न कार्यक्रम सञ्चालन गर्न खर्च गरिएको छ।

## समानताको अभियान:

महिला र पुरुषबीच जन्मजात लिङ्गभेदबाहेक अन्य कुनै असमानता छैन। सृष्टिमा जसरी महिला र पुरुषको समान योगदान अनिवार्य छ, त्यसरी नै सभ्यताका लागि दुबै वर्गको समान सहभागिता चाहिन्छ। परन्तु, पितृसत्ताले गर्दा यत्रतत्र पुरुषको तुलनामा महिलाहरू पछाडि परेका छन्। महिलाको सक्रिय र समान सहभागिता विना मुलुकको समग्र विकास सम्भव छैन। तैपनि गरिबी, अशिक्षा, रुढिवादी परम्पराजस्ता कारणले महिलाहरू विकास कार्यमा समान रूपले सहभागी हुन सकेका छैनन्।

लैङ्गिक समानताको परिवर्तित अवधारणा अनुसार यस गाउँपालिकाले महिला सशक्तीकरणको लागि योजनावद्ध रुपमा कार्यक्रम सञ्चालन गरिरहेको छ। सबै आर्थिक वर्षका वार्षिक नीति, बजेट तथा कार्यक्रममा लैङ्गिक मुद्दालाई प्राथमिकता दिई विकासमा महिलाको भूमिकालाई सशक्त बनाउन महिलाको आर्थिक, सामाजिक र राजनैतिक सशक्तीकरण गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्ने र विकास प्रक्रिया, सेवा प्रवाह र शासकीय प्रणालीमा लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्ने पक्षमा जोड दिइएको छ। गाउँपालिकाका सवैखालका विषयतगत समिति, उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति लगायत सबै स्थानीयस्तरका संगठित संरचनाहरुमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नको लागि नीतिगत, प्रक्रियागत, संरचनागत तथा कार्यगत व्यवस्था मिलाइएको छ।



*१०९ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित महिला भलिबल प्रतियोगिताका विजयी खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण*

## महिला सशक्तिकरण:

**(क) लैङ्गिक हिंसा न्यूनीकरण**

लैङ्गिक हिंसाका घटनाको प्रभावकारी नियन्त्रण तथा निरुपणको लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०७६ जारी गरी कार्यान्वयनमा ल्याइएको छ। लैङ्गिक हिंसा पीडित महिला तथा बालबालिकालाई उद्धार गरी अल्पकालीन रुपमा सुरक्षित आश्रय प्रदान गर्न त्रिवेणी ५, नेर्पामा आ.व. २०७७/०७८ मा रु. ६ लाखको लागतबाट सुरक्षित आवास गृह (सेफ हाउस) को निर्माण सम्पन्न गरिएको छ भने जिल्ला सदरमुकाम लिबाङस्थित सेफ हाउसलाई रु. ५० हजार सहायता प्रदान गरिएको छ।



*हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि गाउँपालिकाले निर्माण गरेको सेफ हाउस*

लैङ्गिक हिंसा पीडित महिला तथा बालबालिकालाई राहत तथा आर्थिक सहायता प्रदान गर्ने मुख्य उद्देश्यका साथ लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी २०७७ सालदेखि सञ्चालनमा ल्याइएको छ। जसमा हालसम्म रु. ८ लाख १० हजार जम्मा गरिएको छ भने उक्त कोषबाट एकजनालाई राहत रकम उपलब्ध गराइएको छ।



*लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको र्‍याली कार्यक्रम*

लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा विभिन्न सरकारी र गैरसरकारी निकाय तथा स्थानीय सरोकारवालाहरुबीच लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतना फैलाउन र समन्वय बढाउन लोकगित प्रतियोगिता लगायतका अन्य कार्यक्रम तथा र्‍यालीको आयोजना गर्नुका साथै रु. ५० हजार बजेटबाट लैंगिक हिंसा न्यूनीकरणका क्षेत्रमा सक्रिय ७ जना अभियन्तालाई पुरस्कारसहित सम्मान कार्यक्रम सम्पन्न गरिएको छ।

लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्रहरी चौकी, न्यायिक समिति, महिला समूह, समितिमार्फत व्यापक प्रचारप्रसार गरी सचेतना तथा हिंसा पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्य गरिएको छ।

**(ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण**

हरेक वर्षको मानव बेचबिखन तथा ओसारपसार दिवसको अवसरमा सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा अन्य चेतनामूलक कार्यक्रम सञ्चालन गरी मनाइएको छ।

## महिला विकासः

**(क) महिलाहरुका लागि आयमूलक कार्यक्रम**

महिलाहरुको आर्थिक तथा सामाजिक विकासका लागि महिलाहरुको सञ्चालन गरेका उद्योग तथा व्यवसायलाई ५० % अनुदान अन्तर्गत रु. २ लाख अनुदान रकम उपलब्ध गराइएको छ।

महिलाहरुको सरकारी सेवामा पहुँच अभिवृद्धिका लागि रु. ३ लाख बजेटबाट गाउँपालिकाका ३२ जना महिलाहरुलाई खरिदार पदको लोक सेवा तयारी कक्षा सञ्चालन गरिएको छ।

**(ख) महिला सहकारीहरुको सुदृढीकरण**

महिला सहकारीहरुको सुदृढीकरण कार्यक्रम अन्तर्गत सिद्धपोखरी बहुउद्देश्यीय महिला सहकारी संस्थाको भवन निर्माण गर्न रु. ३ लाख र सहकारीका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि लेखा तालिम सञ्चालन गर्न रु. १ लाख १९ हजार रकम विनियोजन गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ भने महिला सहकारी संस्थाहरुको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको छ।



*महिला समूहका पदाधिकारीहरुसँग छलफल तथा अन्तर्क्रिया*

**(ग) महिला संस्थाहरुको एकीकृत विकास**

महिला समूह, समिति, संस्थाहरुको साङ्गठनिक सुदृढीकरणका लागि समूह गठन, प्रशिक्षण तथा परिचालन लगायत कार्यहरु सम्पन्न गरिएको छ। जसअन्तर्गत

हालसम्म गाउँपालिकामा ४ वटा महिला सहकारी संस्था र ४६ वटा स्वास्थ्य आमा समूह र २१ वटा महिला विकास समिति दर्ता भई क्रियाशील रहेका छन् ।

गाउँपालिकाबाट नियमित रुपमा महिला समूह, समितिहरुको अनुगमन तथा सुपरिवेक्षण गर्नुका साथै महिलाको सामाजिक, आर्थिक विकास तथा सबै किसिमका सामाजिक विकृति र विसङ्गति न्यूनीकरणका लागि महिला समूह, समितिहरुको भूमिकाका विषयमा छलफल, अन्तरक्रिया तथा अभिमुखीकरण गर्ने कार्य गरिएको छ र उक्त कार्यका लागि प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने गरिएको छ ।

समग्रमा महिला विकास कार्यक्रम विपन्न महिलाका लागि हुँदै विपन्न महिलाले आफ्नो सशक्तीकरणको लागि सञ्चालन गर्ने अभियानको रूपमा विकसित गर्दै लगिएको छ । महिलाहरुलाई टोलबस्ती तथा गाउँपालिकाको वडास्तरमा सङ्गठित गर्ने मात्र नभई कार्यक्रममा आवद्ध प्रत्येक सदस्यको जीवनमा सार्थक परिवर्तनका लागि कार्यक्रमका तीनवटा आयामहरु- मूलप्रवाहीकरण, सशक्तीकरण तथा समावेशीकरण र पाँचवटा प्राथमिकताहरु- लैङ्गिक समता, प्रजनन स्वस्थता, जीवनोपयोगी शिक्षा, पुगिसरी सम्पन्नता र संस्थागत सहभागिता निर्धारण गरी यी प्राथमिकताका क्षेत्रमा लक्षित महिलाको सशक्तीकरणको न्यूनतमस्तर हासिल गर्न कार्यक्रम केन्द्रित गरिएको छ ।

## बाल कल्याण :

**(क) बालबालिका सम्बन्धी कानून निर्माण**

बालबालिकाको सर्वाङ्गीण हितलाई सुनिश्चितता प्रदान गर्ने उद्देश्यले गाउँपालिकाबाट बालबालिका कोष परिचालन सम्बन्धी कार्यविधि २०७४, बालक्लब गठन तथा सहजीकरण निर्देशिका २०७५, सबै प्रकारका बालश्रम निवारणसम्बन्धी रणनीतिक योजना २०७५-२०७७, बालक्लब सञ्जालको गठन विधान २०७६, बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी कार्यविधि-२०७६ लगायतका कानूनहरु निर्माण गरी कार्यान्वयन गरिएको छ ।

**(ख) बालबालिका कोषको स्थापना**

बालबालिकाको सर्वाङ्गीण हितका लागि आवश्यक कल्याणकारी कार्य गर्न प्रारम्भिक रुपमा हुरेक रोल्पा तथा सेभ द चिल्ड्रेनसँग साझेदारी गरी गाउँपालिकामा एक बालबालिका कोष स्थापना गरिएको छ । जसमा हालसम्म रु. ३८ लाख बढी रकम जम्मा गरिएको छ भने उक्त कोषबाट हालसम्म २४० जना बालबालिकाहरुले शैक्षिक तथा औषधोपचारका लागि आर्थिक सहायता पाई लाभान्वित भएका छन् ।

**(ग) बालबालिका संरक्षण संयन्त्र**

बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिताका अधिकारको साथै उनीहरुको निर्भयपूर्वक हुर्कन पाउने हक अधिकारको सुनिश्चितताका लागि पालिकास्तरमा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा स्थानीय बाल अधिकार समिति तथा सातवटै वडामा वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा वडा बाल अधिकार समिति गठन गरी क्रियाशील गरिएको छ ।

पालिकास्तरीय स्थानीय बाल अधिकार समिति र वडास्तरीय बाल अधिकार समितिको प्रत्येक महिनामा कम्तिमा एक पटक बैठक बसी बाल संरक्षण सम्बन्धी गगिविधिको समिक्षा गर्ने गरिएको छ र प्रत्येक वर्ष बैठक व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको छ ।

**(घ) बालक्लब तथा बालक्लब सञ्जालको स्थापना**

बालबालिकाकै सहभागिता र अगुवाइमा बाल संरक्षण सम्बन्धी गतिविधि सञ्चालन गर्न सातवटै वडाका विद्यालय तथा समुदायमा गरी ४३ वटा बालक्लबहरुको गठन गरिएको छ भने प्रत्येक वडामा वडास्तरीय बालक्लब सञ्जाल र गाउँपालिकामा पालिकास्तरीय बाल क्लब सञ्जालको समेत गठन गरिएको छ ।

बालक्लब तथा सञ्जालहरुले बालबालिकाको हक तथा अधिकार संरक्षणको लागि पैरवी गर्ने, बालदिवस तथा अन्य विभिन्न दिवसको अवसर पारी बालश्रम, बालविवाह न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, नेतृत्व विकास गर्ने लगायत अन्य विविध कार्यक्रमहरु प्रभावकारी ढंगबाट सञ्चालन गरिरहेका छन् ।

आवधिक रुपमा बालक्लब तथा सञ्जालहरुको अनुगमन तथा क्षमता विकासका लागि अभिमुखीकरण गर्नुका साथै प्रत्येक वर्ष बजेट विनियोजन गरी बैठक व्यवस्थापन सामग्री अनुदान दिने गरिएको छ ।

**(ङ) बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम**

सबै प्रकारका बालश्रम निवारण सम्बन्धी तीन वर्षे रणनीतिक योजना, २०७५-२०७८ अनुरुप बालश्रममुक्त स्थानीय तह घोषणाको लागि पूरा गर्नुपर्ने सम्पूर्ण सूचकलाई पूरा गर्दै मिति २०७८/०९/२५ गते गाउँसभाको हिउँदे अधिवेशन (११ औँ गाउँसभा) बाट निर्णय पारित गरी मिति २०७८/०९/२९ गते आयोजित एक विशेष घोषणा समारोहमा यस त्रिवेणी गाउँपालिकालाई संघीय संरचना पश्चातको पहिलो बालश्रममुक्त स्थानीय तह घोषणा गरिएको छ ।




*बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रममा उपस्थित अतिथिहरु*

**समाज कल्याण:**

(क) जेष्ठ नागरिक

जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि-२०७५ पारित गरी कार्यान्वयनमा ल्याइएको छ । कार्यालयबाट तथा सातवटै वडामा शिविर सञ्चालन गरी १,०९३ जनालाई जेष्ठ नागरिक परिचयपत्र वितरण गर्नुका साथै उनीहरुले पाउने सेवा तथा सुविधाको सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया गरिएको छ ।

हरेक वर्ष विविध कार्यक्रम आयोजना गरी ज्येष्ठ नागरिक दिवस मनाउने गरिएको छ। यसै सन्दर्भमा रु. ५ लाख बजेटबाट ज्येष्ठ नागरिकको सुरक्षामा सहयोग पुऱ्याउन २४८ जनालाई ज्याकेट, स्वीटर, टोपी, बर्को वितरण गरिएको छ ।




*ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण पश्चात लिइएको तस्विर*

**(ख) अपाङ्गता भएका व्यक्ति**

अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि-२०७५ पारित गरी कार्यान्वयनमा ल्याइएको छ। सोही अनुसार कार्यालयबाट तथा सातवटै वडामा शिविर सञ्चालन गरी २४८ जना अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता परिचयपत्र वितरण गरिएको छ ।

गाउँपालिकाबाट रु. २ लाख बजेटबाट ह्वील चियर, बैशाखी, सेतो छडी लगायतका अपाङ्गता सहायक सामग्री खरिद गरी आवश्यकतानुसार वितरण गर्ने व्यवस्था मिलाइएको छ। जसबाट हालसम्म ६ जना अपाङ्गता भएका व्यक्ति लाभान्वित भएका छन् ।



*अपाङ्गता भएका व्यक्तिलाई महिला, बालबालिका तथा समाज कल्याण इकाईबाट घरमै गई अपाङ्गता परिचयपत्र वितरण गरिँदै*

**(ग) अन्य लक्षित वर्ग कार्यक्रम**

लक्षित वर्ग आयमूलक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०७४, जनजाति कोष परिचालन कार्यविधि- २०७६ र दलित कोष परिचालन कार्यविधि- २०७६ पारित गरी सोही अनुसार जनजाति, दलित समुदायका तथा अपाङ्गता भएकाहरुको सामाजिक, आर्थिक सशक्तीकरणको लागि रु. १५ लाख रकमको घुम्ती कोष स्थापना गरी परिचालन गरिएको छ । जसबाट ११ समूहमा आवद्धता भएका व्यक्तिहरु प्रत्यक्ष लाभान्वित भएका छन् ।



*लक्षित वर्गलाई वडाद्वारा राहत सामग्री वितरण*

## गैरसरकारी संस्थाहरुसँग समन्वय तथा साझेदारी:

**(क) मानव अधिकार सचेतन केन्द्र (हुरेक) रोल्पा**

त्रिवेणी गाउँपालिकाको समन्वय तथा साझेदारीमा बालबालिकाको हक अधिकार संरक्षण, बाल संरक्षण संयन्त्रको विकास, विपन्न व्यक्तिहरुको आर्यआर्जन कार्यक्रम, विद्यालयको भौतिक, प्रशासनिक तथा शैक्षिक विकास, जोखिममा परेका बालबालिकाको उद्धार, पुनःस्थापना र परिवार, विद्यालय तथा समुदायमा पुनर्मिलन लगायतका कार्यक्रम सञ्चालन गर्नको लागि सेभ द चिल्ड्रेनको आर्थिक सहयोग रहेको हुरेक नेपाल, रोल्पामार्फत २०७४ देखि २०७७ सम्म एकीकृत परियोजना, हामी सिक्न सक्छौँ परियोजना र मिलन परियोजना सञ्चालन गरिएको थियो ।

उल्लेखित परियोजनाहरुबाट गाउँपालिकाका सामुदायिक विद्यालयहरु, शिक्षकहरु, विद्यालयमा अध्ययनरत छात्रछात्राहरु, विपन्न अभिभावकहरु र जोखिममा परेका तथा पर्नसक्ने त्रिवेणी गाउँपालिकाका बालबालिकाहरु प्रत्यक्ष रुपमा लाभान्वित भएको थिए । उक्त परियोजनाहरु अन्तर्गत कुल रु. १० करोड १७ हजार ४ सय ९१ भन्दा बढी रकम खर्च भएको थियो ।

**(ख) मधेश मानव अधिकार गृह (माहुरी होम)**

गाउँपालिकाको समन्वय तथा साझेदारीमा समुदाय र प्रहरीको सम्बन्ध सुधार, लैङ्गिक हिंसा न्यूनीकरण, हिंसा पीडितको संरक्षण, महिलाको न्यायमा पहुँच अभिवृद्धि, सेवा प्रदायक र सेवाग्राहीको जवाफदेहिता वृद्धिका क्षेत्रमा कार्य गर्न युनोप्स, यु.के.एड, भि.एस.ओ. तथा इन्टरनेसनल एलर्टको आर्थिक सहयोग रहेको माहुरी होममार्फत गाउँपालिकाको वडा नं. ५ र ६ मा सहज परियोजना सञ्चालन गरिएको थियो ।




*मधेश मानव अधिकार संस्थाबाट पाल्नुभएका पाहुनाहरुलाई गाउँपालिकामा स्वागत गर्दाको तस्विर*

उल्लेखित विकास साझेदार संस्थाहरु तथा उक्त परियोजनाबाट वडा नं. ६ मा जुगार प्रहरी चौकीको अत्याधुनिक कार्यालय भवन निर्माण हुनुका साथै गाउँपालिकाको न्यायिक समिति तथा वडा नं. ५ र ६ का महिलाहरु प्रत्यक्ष लाभान्वित भएका छन् । जसतर्फ रु. २ करोड ६२ लाख बढी रकम रकम खर्च भएको थियो ।



*त्रिवेणी गाउँपालिका वडा नं. ६ मा रहेको जुगार प्रहरी चौकीको भवन*

‘न्याय नपाए त्रिवेणी जानू’

# स्थानीय विवाद समाधान गर्न प्रभावकारी बन्दै न्यायिक समिति

नेपालको संविधानको धारा २१७ ले कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ। न्यायिक समितिमा गाउँसभाले आफूमध्येबाट निर्वाचित गरेका दुईजना सदस्य रहने व्यवस्था छ। संविधानको धारा २२६ मा गाउँसभाले अनुसूची ८ र अनसूची ९ बमोजिमका सूचीमा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ र सो कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भनी उल्लेख गरिएको छ। हालसम्म त्रिवेणी गाउँपालिकाले ७६ वटा कानून निर्माण गरेको छ। नेपाल सरकारले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्याय निरुपण सम्बन्धी व्यवस्था गरिएको छ।



सावित्राकुमारी बुढा (घर्ती)
संयोजक



कविराज बुढा
सदस्य



कृष्णबहादुर के.सी.
सदस्य

स्थानीय तहलाई तोकिएका स्थानीय विवादहरू निरुपण गर्ने अधिकार दिई न्यायिक प्रक्रियालाई सरल र सहज बनाउनुका साथै न्यायमा नागरिकको पहुँच बढाउने उद्देश्यले देशभरिका ७५३ वटा न्यायिक समितिबाट न्याय सम्पादन गर्ने यस प्रणालीबाट विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्वन गर्दै न्यायिक प्रक्रियामा जीत-जीतको अवस्था सुनिश्चित भई न्यायप्रतिको सन्तुष्टी तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झन्झटिलो तथा मेलमिलापमूलक प्रक्रियाबाट समाधान गर्न गराउन स्थानीय न्यायिक समितिले योगदान गरेको छ।

वि.सं. २०७३ फाल्गुण २७ गते यस गाउँपालिकाको स्थापना भई २०७४ साल असार १४ गतेको निर्वाचन पश्चात गाउँपालिकामा जनप्रतिनिधिहरु बहाल भएदेखि वि.सं. २०७८ भाद्र मसान्तसम्म न्यायिक समितिले उजुरी दर्ता गर्ने, दर्ताको निस्सा दिने, प्रमाण बुझ्नेलगायतका अन्य कार्यहरु सम्पादन गर्ने गरिएको छ। यस अवधिमा न्यायिक समितिमा कुल ६८ वटा उजुरीहरु प्राप्त भएका छन् जसमध्ये ५३ वटा उजुरीहरु सफलतापूर्वक किनारा लगाइएको छ भने १ वटा उजुरी दरपीठ गरिएको, २ वटा सम्बन्धित व्यक्तिले नै फिर्ता गर्नुभएको छ, भने ६ वटा उजुरीलाई माथिल्लो न्यायिक निकायमा सिफारिस गरिएको छ। हाल ६ वटा योजना कारबाहीको प्रक्रियामा रहेको छ।

| समयावधि (आ.व.) | कुल प्राप्त भएका उजुरी संख्या | दरपिठ गरिएका उजुरी संख्या | फिर्ता भएका उजुरी संख्या | मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाइएका उजुरी संख्या | फछ्यौट भई लगत कट्टा गरिएका उजुरी संख्या | कारबाही नभएका उजुरी संख्या |
|---|---|---|---|---|---|---|
| २०७४/०७५ | २७ | | | | २७ | |
| २०७५/०७६ | १४ | | | | १४ | |
| २०७६/०७७ | ४ | | | | ४ | |
| २०७७/०७८ | २१ | १ | २ | ६ | ७ | ५ |
| २०७८/०७९ | १ | | | | | १ |
| **जम्मा** | **६८** | **१** | **२** | **६** | **५३** | **६** |

नेपालको संविधानको अनुसूची-८ र अनुसूची-९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न विभिन्न ऐन, नियमावली, नीति, कार्यविधि, निर्देशिका तथा मापदण्डको मस्यौदा तयार गर्न विधेयक समिति तथा कार्यपालिकालाई आवश्यक सहजिकरण गरिएको छ भने उल्लेखित ऐन तथा कानूनहरु गाउँसभा वा गाउँ कार्यपालिकाबाट स्वीकृत भइसकेपछि नियमानुसार अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई अभिलेख राख्ने, राजपत्रमा प्रकाशन गर्ने तथा आवश्यक प्रचारप्रसार गर्ने कार्य गरिएको छ। त्रिवेणी गाउँपालिकामा हालसम्म ७६ वटा नीति तथा कानूनहरू पारित गरी कार्यान्वयनमा ल्याइएको छ भने केही नीति तथा कानूनहरूमा समयानुकूल संशोधनसमेत गरिएको छ।

## न्यायमा लक्षित वर्गको पहुँच अभिवृद्धि तथा न्यायिक क्षेत्रको प्रवर्द्धन

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरु जस्तै बाल दिवस, मजदुर दिवस, ज्येष्ठ नागरिक दिवस, महिला दिवस,

संविधान दिवस, लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान प्रत्येक वर्ष विभिन्न कार्यक्रमहरु गरी भव्यताका साथ मनाउन सम्बन्धित विषयगत इकाई तथा शाखाहरुसँग समन्वय र सहजीकरण गर्नुका साथै त्यस्ता कार्यक्रमको माध्यमबाट महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा उत्पीडित वर्ग र समुदायको हक अधिकार सुनिश्चित गर्न पैरवी गर्ने कार्य गरिएको छ ।

माहुरी होम, हुरेक नेपाल रोल्पा, रुडास नेपाल, हरप्लेस नेपाल जस्ता गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी महिला, दलित, पिछडिएको वर्ग तथा समुदायको न्यायमा पहुँच अभिवृद्धि गर्न तथा न्यायिक समितिको क्षेत्राधिकार, न्याय सम्पादन प्रक्रिया तथा अन्य न्यायिक सेवाहरुको बारेमा जानकारी दिन विभिन्न कार्यक्रमहरु आयोजना गरी तथा होर्डिङ बोर्ड र पम्प्लेट मार्फत प्रचारप्रसार गरिएको छ। सोको लागि गाउँपालिकामा न्यायिक समितिको डिजिटल डिस्प्ले समेत राखिएको छ ।

न्यायिक समितिको न्याय सम्पादन सम्बन्धी काम कारबाही तथा द्विपक्षीय छलफल लगायतका कार्यहरुलाई अझ बढी प्रभावकारी र सहज बनाउन त्रिवेणी ५, नेर्पास्थित गाउँ कार्यपालिकाको हाताभित्र करिब रु. १३,००,०००/- लागतमा न्यायिक समितिको छुट्टै इजलास भवन तयार गरिएको छ भने वडा नं. ५ को कार्यालयको हाताभित्र लैङ्गिक हिंसा पीडित महिला तथा बालबालिकाहरुको लागि करिब रु. ६ लाखको लागतमा सुरक्षित आवास गृह (सेफ हाउस) निर्माण तथा सामग्री व्यवस्थापनको कार्य सम्पन्न गरिएको छ ।

न्यायिक समिति तथा प्रहरीको सेवा प्रवाहको गुणस्तर तथा अवस्था मूल्यांकन र सुधारको कार्ययोजना निर्माण गर्न हरेक वर्ष माहुरी होमसँग सहकार्यमा सामुदायिक अंकपत्र अन्तरसंवाद कार्यक्रम सञ्चालन गरिएको छ। जसबाट न्यायिक समिति तथा प्रहरीको सेवाको गुणस्तरको बारेमा जनताबाट यथार्थ जानकारी प्राप्त गरी सेवाको अवस्था सुधार गर्न र आफ्ना सिमितता तथा सहयोगको अपेक्षाको बारेमा जनतालाई स्पष्ट पार्न प्रभावकारी भएको छ ।



*मेलमिलापकर्ताको लागि सञ्चालित ४८ घण्टाको आधारभूत तालिम*

वि.स. २०७५ सालदेखी नै मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गरी मेलमिलापकर्ता सूचीकृत गर्न तथा मेलमिलाप केन्द्रको गठन गर्न प्रयास थालिएको भए तापनि शुरुको वर्ष कार्यक्रम सञ्चालन गर्ने बजेटको व्यवस्थापन हुने नकसेकोले कार्यक्रम सञ्चालन हुन सकेन भने वि.स. २०७६ र वि.स. २०७७ सालमा मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गर्न सम्पूर्ण तयारी पूरा गरी मिति समेत तोकी सकिएको अवस्थामा कोभिड-१९ को महामारीको कारण कार्यक्रम सञ्चालन गर्न सकिएन। हाल सातवटै वडाबाट कम्तिमा ३/३ जनामा नघट्ने गरी २८ जनालाई मेलमिलापकर्ताको ४८ घण्टाको आधारभूत तालिम सञ्चालन गरी वडामा मेलमिलाप कर्ताको रुपमा सूचीकृत गरिएको छ भने सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

## न्यायिक समितिको अनुगमन तथा निरीक्षण

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९४ ले गरेको व्यवस्था अनुसार रोल्ला जिल्ला अदालतको प्रादेशिक अधिकार क्षेत्रभित्र पर्ने रोल्पा जिल्लास्थित अर्धन्यायिक निकाय तथा स्थानीय न्यायिक निकायको निरीक्षण गर्ने क्रममा मिति २०७६/०२/३२ गते रोल्पा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री रमेश प्रसाद ज्ञवालीबाट यस त्रिवेणी गाउँपालिका, जुगार, रोल्पाको न्यायिक समितिको अनुगमन तथा निरीक्षण भई सुझावसहितको प्रतिवेदन प्राप्त भएको छ। जसअनुरुप प्राप्त सुझावहरु कार्यान्वयमा ल्याइएको छ ।

**अन्तर्वार्ता**

# "सामाजिक समावेशीकरणद्वारा समुन्नत समाज स्थापनाको दिशामा लागेका छौं"

● सावित्राकुमारी बुढा (घर्ती), उपाध्यक्ष, त्रिवेणी गाउँपालिका जुगार, रोल्पा




### न्यायिक क्षेत्रमा भएका नयाँ कामहरु के-के हुन् ?

न्यायिक समितिले त्रिवेणी गाउँपालिकामा गरेको कामहरु भन्नुपर्दा हालसम्म जम्मा ६८ वटा उजुरीहरु दर्ता भएका छन् । त्यसमध्ये ५३ वटा मेलमिलाप गरेको छौं, ६ वटा उजुरी माथिल्लो निकायमा सिफारिस गरेका छौं भने ६ वटा उजुरीहरु अहिले छलफलको क्रममा रहेको छ । त्यसैगरी एकवटा उजुरी दरफिठ गरेका छौं र २ वटा उजुरीहरु सम्बन्धित पक्षहरुले फिर्ता लिनुभएको छ । जहाँसम्म जनतालाई सहज होस् भनी हामीले न्यायिक समितिमा मात्र नभएर सातै वटा वडा कार्यालयमा दर्ता गरी त्यहाँका वडाध्यक्ष तथा अन्य जनप्रतिनिधि र कर्मचारीहरु मार्फत छलफल गराई मेलमिलाप गराउने कार्य गर्दै आएका छौं । यद्यपि त्यसरी वडामा मेलमिलाप गराउँदा कानूनी विषयको जानकारीको कमीले गर्दा समस्याहरु उत्पन्न हुनसक्ने रहेको हुँदा हामीले सात वटै वडाका सूचीकृत मेलमिलापकर्ता तथा जनप्रतिनिधि र कर्मचारीहरुका लागि बजेट तथा कार्यक्रम विनियोजन गरी मेलमिलापकर्ता तालिमको आयोजना गरेका छौं । त्यसबाट स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिए बमोजिम गाउँपालिकामा सूचीकृत मेलमिलापकर्ताहरुबाट गाउँघरमै सानातिना विवादको निरुपण गरी सहजता पुऱ्याउने कार्य गरेका छौं ।

त्यसैगरी हामीले गाउँपालिकामा न्यायिक समितिको छुट्टै इजलास भवन निर्माण गरिसकेका छौं भने हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि छुट्टै सेफहाउसको समेत स्थापना गरेका छौं ।

### यी ४ वर्षको अवधिमा न्याय सम्पादनमा नयाँ अनुभव के कस्ता रहे ?

उजुरीको ट्रेन्ड हेर्दा हामीसँग विभिन्न खालका विवाद जस्तै सडक निर्माण, साँध सिमाना, श्रीमान् श्रीमतीको झगडा, लेनदेन, खानेपानीलगायत न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरु न्यायिक समितिमा आउने गर्छन् । हामीले नयाँ अनुभवको कुरा गर्दा छलफलको क्रममा नयाँ कुरा पक्ष र विपक्षको बुझाइ सामान्यतया न्यायिक समितिका पदाधिकारी तथा कर्मचारी सबैले चिनेको, आफन्त, गाउँ ठाउँको, हाम्रो जनप्रतिनिधि हाम्रो पक्षमा निर्णय दिनुहुन्छ होला भन्ने खालको बुझाइ हुँदो रहेछ भन्ने अनुभव गरें । तर न्यायको क्रममा त्यस्तो नहुने र सत्यतथ्यको आधारमा निर्णय हुन्छ । हामी कुनै नाता तथा राजनीतिक विचारको हिसाबले वा कुनै पनि प्रकारको प्रलोभनमा परेर वा प्रभावमा परेर कुरा मिलाउने कार्य गर्ने गर्दैनौं । संविधानमा व्यवस्था रहेको न्यायिक समिति भएकाले उहाँहरुको बुझाइ बमोजिम हामीले कार्य गर्दैनौं ।

### काम गर्दा आइपरेका मुख्य चनौतीहरु के कस्ता रहेका छन् ?

न्याय सम्पादन आफैमा जटिल र चुनौतीपूर्ण कार्य हो । खासगरी न्यायिक समितिको संयोजक र सदस्यका रुपमा यस क्षेत्रमा काम गर्दा यस्तो कुराको अनुभूति गर्ने गर्दछौं । हामी त जनप्रतिनिधि पनि हो, तसर्थ हामीलाई चुनौती भनेको मेलमिलाप गराउँदा पनि हुन सक्छ । दुवै पक्ष राजीखुसी भए तापनि मनभित्र हामीले सोचे जस्तो भएन कि भन्ने खालको हुनसक्छ । त्यसो गर्दा

राजनीतिक क्षेत्रमा असर पर्ने सम्भावना रहन्छ । यद्यपि यो न्यायिक क्षेत्र सत्यतथ्यमा आधारित रहेर काम गर्ने क्षेत्र भएकोले कुनै पनि त्यस्ता कुराबाट पछि नहटी सत्य र न्यायको क्षेत्रमा लाग्नुपर्छ भन्ने म अटल रहेको छु ।

**गाउँपालिकाको अनुगमन समितिको संयोजक भएकोले अनुगमनलाई यहाँले कसरी लिनुभएको छ ? यस क्षेत्रमा कार्य गर्दा अनुभव कस्तो रह्यो ?**

स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाको अनुगमन समितिको जिम्मेवारी उपाध्यक्षलाई दिने व्यवस्था गरेको छ। ऐनको व्यवस्था अनुसार हामीले अनुगमन गर्ने गर्छौं । अनुगमन गर्दा हुनसक्छ केहीले प्राविधिकले इस्टिमेट गरेको भन्दा बढी काम भएको ठाउँमा हामीलाई असाध्यै खुसी लाग्ने स्वभाविक नै हुने भयो र त्यहाँका जनतासमेत नतिजा हेरी खुसी हुने गर्दछन् । तर कहिलेकाहीँ (त्रिवेणी गाउँपालिकाको सन्दर्भमा हामीले धेरै योजनाहरु गुणस्तरीय रहेको भए तापनि) केही योजनाहरु प्राविधिक इस्टिमेट बमोजिम कार्य नभएको देख्दा अलि दुःख लाग्ने गर्दछ । कतिपय सन्दर्भमा हुनसक्छ समयको अभाव, उपभोक्ता समितिले चासो नदेखाएर, उपभोक्ता समितिलाई जानकारी नभएर या त गाउँपालिकाबाट प्राविधिक समयमा नपुगेर हुनसक्छ, केही योजनाहरुको कामको परिमाणमा कमी आउन सक्ने भएको हुँदा बजेट भुक्तानीमा कट्टी हुने पनि देखिएका छन् । यी समस्याहरु एक आपसको समझदारी र समन्वयको अभावमा बल्झिने गर्दछन् ।

**राजश्व परामर्श समितिको संयोजकको जिम्मेवारीमा रहँदै गर्दा राजश्वको क्षेत्रमा के कस्ता कामहरू भए ?**

त्रिवेणी गाउँपालिमा ठूलठूला राजश्व संकलन हुने क्षेत्र छैनन्, यद्यपि हामीसँग जे जस्तो छ, त्यसभित्रबाट करको दर बढाउनुभन्दा दायरा बढाउने कोसिस गरेका छौं । करको दायरालाई बढाउने क्रममा त्रिवेणी गाउँपालिका अन्य स्थानीय तहभन्दा पछि छैन । करको दायरा व्यवस्थित गर्न सकेकै कारण हामीले यस वर्ष एक करोड छ लाखको हाराहारीमा राजश्व संकलन गरेका छौं भने चालु आर्थिक वर्षका लागि एक करोड पचास लाखको लक्ष्य प्रक्षेपण गरेका छौं । हामीले अहिले आएर सातवटै वडा तथा गाउँपालिकाबाट उठाउने राजश्व प्रणालीलाई सफ्टवेयर मार्फत सञ्चालन गरेका छौं र रसिदहरु सबै डिजिटल बनाइसकेका छौं । कुनै पनि व्यक्ति वा व्यवसायीले दोहोरो कर तिर्न नपर्ने गरी हामीले गाउँपालिकाभरिमा व्यवस्था गरेका छौं । राजश्व उठाउँदा करको दरभन्दा करको दायरा बढाउने र जनताको अपेक्षा अनुसारकै व्यवस्था गर्ने भनेर गाउँपालिकाको राजश्व परामर्श समितिको लक्ष्य रहेकोमा त्रिवेणीबासीले यसलाई सफल बनाउन सहयोग गर्नुभएको छ ।

**महिला सशक्तीकरणको क्षेत्रमा गाउँपालिकाले के कस्ता नीति तथा कार्यक्रमहरु तय गरेको छ ?**

सामाजिक समावेशीकरणद्वारा सामाजिक न्यायमा आधारित समुन्नत समाज स्थापनाको परिकल्पना साकार पार्ने दिशामा गाउँपालिकाको बजेट केन्द्रित हुनेगरी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा तथा सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्ने गरेका छौं । महिला विकासको क्षेत्रमा हामीले गरेको मुख्य कामहरुमध्ये लैङ्गिक हिंसा न्यूनीकरण, महिलाहरुका लागि आयमूलक कार्यक्रम, महिला सहकारीहरुको सुदृढीकरण, महिला संस्थाहरुको एकीकृत विकास आदि हुन् । हामीले लैङ्गिक हिंसाका घटनाको प्रभावकारी नियन्त्रण तथा निरुपणको लागि लैङ्गिक हिंसा निवारणको लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०७६ जारी गरी कार्यान्वयनमा ल्याएका छौं । लैङ्गिक हिंसा पीडित महिला तथा बालबालिकालाई उद्धार गरी अल्पकालीनरुपमा सुरक्षित आश्रय प्रदान गर्न त्रिवेणी ५, नेर्पामा सुरक्षित आवास गृह (सेफ हाउस) को निर्माण सम्पन्न गरेका छौं । लैङ्गिक हिंसा पीडित महिलाहरुलाई राहत तथा आर्थिक सहायता प्रदान गर्ने मुख्य उद्देश्यका साथ लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सञ्चालनमा ल्याएका छौं । लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्रहरी चौकी, न्यायिक समिति, महिला समूह, समितिमार्फत व्यापक प्रचारप्रसार गरी सचेतना अभिवृद्धि गर्ने तथा हिंसा पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्य गरिएको छ ।

आयमूलक कार्यक्रम अन्तर्गत महिलाहरुको सञ्चालन गरेका उद्योग तथा व्यवसायलाई ५०% अनुदानमा कार्यक्रम उपलब्ध गराएका छौं भने महिलाहरुको सरकारी सेवामा पहुँच अभिवृद्धिका लागि गाउँपालिकाका ३२ जना महिलाहरुलाई खरिदार पदको लोकसेवा तयारी कक्षा सञ्चालन गरेका छौं । महिला सहकारीहरुको सुदृढीकरणका लागि सहकारी संस्थाको भवन निर्माण, सहकारीका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि लेखा तालिम तथा महिला सहकारी संस्थाहरुको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने गरेका छौं। महिला संस्थाहरुको एकीकृत विकासका लागि महिला समूह, समिति, संस्थाहरुको साङ्गठनिक सुदृढीकरणका लागि समूह गठन, प्रशिक्षण तथा परिचालन लगायतका कार्यहरु सम्पन्न गरेका छौं भने हालसम्म गाउँपालिकामा ४ वटा महिला सहकारी संस्था, ४६ वटा स्वास्थ्य आमा समूह र २१ वटा महिला विकास समितिहरु दर्ता भई क्रियाशिल रहेका छन् ।

# सामाजिक सुरक्षा तथा पञ्जीकरण



*बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई गाउँपालिकाको व्यवस्थापनमा वडा कार्यालयमै गई बैंकद्वारा भत्ता वितरण गरिँदै*

पञ्जीकरण नागरिकको परिचय खुल्नेगरी अभिलेख राख्ने तथा व्यक्तिगत घटनादर्ता गर्ने काम हो। रोल्पा जिल्लामा २०४७ साल वैशाख १ गतेदेखि पञ्जीकरण ऐन लागु भएको हो। सुरु-सुरुमा प्रत्येक गा.वि.स. हरुमा पञ्जीकरणसम्बन्धी काम गा.वि.स. सचिवहरुबाट हस्तलिखित रुपमा गरिन्थ्यो। देश संघीयतामा गएसँगै स्थानीय सरकारको रुपमा रहेका पालिकाहरुले ती काम गर्न थाले। स्थानीय तहका प्रत्येक वडाहरुमा वडा सचिवद्वारा पञ्जीकरणको काम सञ्चालन हुँदै आएको छ। यस त्रिवेणी गाउँपालिकामा पञ्जीकरण हेर्ने पञ्जीकरण शाखाको व्यवस्था रहेको छ। त्रिवेणी गाउँपालिकाका सात वटा वडाहरु मध्ये क्रमशः २, ४, ५ र ६ नं. वडामा हाल पञ्जीकरणको काम अनलाइनमार्फत सञ्चालन भइरहेको छ। वडा नं. १, ३ र ७ मा पनि पञ्जीकरणको काम छिट्टै अनलाइनमार्फत सञ्चालन गरिनेछ। उक्त कार्य सहज र सरल रुपले सञ्चालन गर्नका लागि प्रत्येक वडा कार्यालयका लागि संघीय सशर्त अनुदानबाट कम्प्यूटर, प्रिन्टर, स्क्यानर तथा फोर-जी वायरलेस डङ्गल खरिद गरी वितरण गरिएको छ। हाल यस त्रिवेणी गाउँपालिकाका सबै वडाहरुमा पञ्जीकरणसम्बन्धी काम सहज र सरल तरिकाबाट काम भइरहेको छ। पञ्जीकरणसम्बन्धी कामको अनुगमन गाउँपालिकाबाट समय-समयमा भइरहेको छ। व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गरेमा शुल्क लाग्दैन। ३५ दिनपछि व्यक्तिगत घटना दर्ता गर्न आएमा विलम्ब शुल्क रु. २ सय लिएर दर्ता गरिन्छ। साथै व्यक्तिगत घटनादर्ताको प्रतिलिपि लिन आएमा प्रतिलिपि दस्तुर रु. ५ सय लिने गरिन्छ। व्यक्तिगत घटना दर्ताको शुल्कको विवरण प्रत्येक वडाको वडा नागरिक वडापत्रमा उल्लेख गरिएको छ। यस त्रिवेणी गाउँपालिकामा व्यक्तिगत घटना दर्ता शिविरहरु प्रत्येक वडाका ठाउँ-ठाउँमा विभिन्न समयमा सञ्चालन हुँदै आइरहेका छन्। जसले गर्दा वडा कार्यालयभन्दा टाढाको दूरीमा रहेका नागरिकहरुलाई सुविधा पुग्न गएको छ। व्यक्तिगत घटना दर्ताले बालविवाह, बहुविवाह रोक्नको लागि मद्दत गरेको छ। आ.व. २०७७/०७८ को दोस्रो चौमासिकभन्दा अगाडि बालपोषण भत्ता दलित बालबालिकाहरुले मात्र पाउने व्यवस्था रहेको थियो भने तत्पश्चात रोल्पा जिल्लामा ५ वर्षमुनिका सबै समुदायका बालबालिकाहरुले भत्ता पाउने प्रावधान आएपछि विवाह दर्ता र जन्म दर्ता गर्ने काम पूर्णरुपमा सफल भएको छ। यस रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयअनुसार उमेर नपुगी विवाहबाट जन्मेका जुनसुकै बालबालिकाहरुको सामाजिक सुरक्षा भत्ता रोक्का गरिएको छ।



*गाउँमै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै लाभग्राही (वडा नं. १ करेटी)*

| वडा नं. | जन्म | मृत्यु | विवाह | बसाइँ सरी आएको | बसाइँ सरी गएको | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|
| १ | ४६४ | ८७ | १४० | १९ | ८१ | ४ |
| २ | ९५७ | १६६ | २२७ | ६७ | १६३ | ९ |
| ३ | ८३५ | ८० | १७७ | ८३ | १२७ | ४ |
| ४ | ८७९ | ७२ | २०२ | ११४ | १५९ | २ |
| ५ | ७३९ | ६५ | १४९ | १२४ | १९७ | २ |
| ६ | ७५६ | ७१ | १२८ | ४५ | १३२ | ० |
| ७ | ९१८ | १७१ | २५० | ९९ | २८९ | ११ |
| जम्मा | ५५८७ | ७१२ | १२७३ | ५५१ | ११४८ | ३२ |

यी चार वर्षको अवधिमा यस गाउँपालिकाको तथ्याङ्क अनुसार कुल ५५८७ जन्म, ७१२ मृत्यु, १२७३ विवाह, ५५१ जना बसाइँ सरी यस गाउँपालिकामा आएको, ११४८ जना यस गाउँपालिकाबाट अन्यत्र बसाइँ सरी गएको र कुल ३२ जोडीको सम्बन्ध विच्छेद भएको देखिन्छ ।

यस त्रिवेणी गाउँपालिकामा ज्येष्ठ नागरिक भत्ता अन्य (७० वर्ष माथि), दलित ज्येष्ठ नागरिक (६० वर्ष माथि), असहाय एकल महिला (६० वर्ष माथि), विधवा आर्थिक सहायता (६० वर्षमुनि), क-वर्ग अपाङ्ग, ख-वर्ग अपाङ्ग, दलित बालबालिका र क्षेत्र तोकिएका बालबालिकाहरुले सामाजिक सुरक्षाभत्ता प्राप्त गर्दै आएका छन् । बैंकिङ प्रणाली लागु हुनुभन्दा पहिले प्रत्येक वडाका वडा सचिवहरुले आ-आफ्ना वडाका लाभग्राहीहरुको पायक पर्ने स्थानहरुमा पुगी सामाजिक सुरक्षा भत्ता वितरण कार्य गरिन्थ्यो । आ.व. २०७५/०७६ बाट वडा नं. ५ ले पहिलो चौमासिकदेखि र आ.व. २०७५/०७६ को दोस्रो चौमासिकबाट वडा नं. ६ ले बैंकिङ प्रणालिबाट सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरेको थियो । साथै वडा नं. १, २, ३, ४ र ७ वडामा आ.व. २०७७/०७८ को पहिलो चौमासिकदेखि बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षाभत्ता वितरण सुरु भएको थियो । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा त्रिवेणी गाउँपालिकाको कार्यालय जुगार, रोल्पा र नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड जुगार, रोल्पाको समन्वयमा बैंक कर्मचारी र त्रिवेणी गाउँपालिकाका कर्मचारीहरुद्वारा प्रत्येक वडामा पुगी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई स्थलगत रुपमा सरल तरिकाले भत्ता वितरण गरिन्छ । यसरी सामाजिक सुरक्षा बैंकिङ्ग प्रणालीमार्फत भुक्तानीको व्यवस्था गाउँपालिकाले मिलाउँदा सामाजिक सुरक्षामा हुने दोहोरोपन, चुहावट नियन्त्रण तथा असली लाभग्राहीले आफूलाई रकमको आवश्यक परेको समयमा जुनसुकै स्थानमा बैंकमार्फत पैसा निकाल्न सक्ने फाइदा भएको छ । यसका साथसाथै हकवाला सेवाग्राहीको सामाजिक सुरक्षा भत्ता गलत हातमा पुग्ने खतराबाट पनि मुक्त भएको छ ।

त्रिवेणी गाउँपालिकाको स्थापना पश्चात हालसम्म ३०९१ ज्येष्ठ नागरिक लाभग्राही संख्यालाई रु. ७ करोड ९८ लाख ६३ हजार ६ सय ९४ वितरण गरिएको छ । २४७५ असहाय एकल महिला लाभग्राही संख्यालाई रु. ४ करोड ३४ लाख ९५ हजार ८ सय १६ वितरण गरिएको छ । त्यसैगरी ३ सय २२ अपाङ्ग लाभग्राही संख्यालाई रु. ५१ लाख ३८ हजार ५ सय ५२ र ३ हजार ६ सय ४१ बालबालिका लाभग्राही संख्यालाई रु. १ करोड २३ लाख ६ हजार १८ रकम वितरण गरिएको छ । यसरी हालसम्मको तथ्याङ्क अनुसार त्रिवेणी गाउँपालिकाले रु. १४ करोड ८ लाख ४ हजार ८० वितरण गरिएको छ ।

| वडा नं | जेष्ठ नागरिक | | असहाय एकल महिला | | अपाङ्ग | | बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लाभग्राही | रकम रु. | लाभग्राही | रकम रु. | लाभग्राही | रकम रु. | लाभग्राही | रकम रु. | लाभग्राही | रकम रु. |
| १ | ३५८ | ९२४६००० | ३०७ | ५४३४८०० | ३१ | ४६७८०० | ३८२ | १२८४८२६ | १०७८ | १६४३३४२६ |
| २ | ५०७ | १२९४२३७९ | ४१९ | ७५१४००० | ४६ | ७८०००० | ६३६ | २१२०७७७ | १६०८ | २३३५७१५६ |
| ३ | ३८६ | १०२३१९३५ | ३०५ | ५४७६००० | ४५ | ८८३२०० | ४९३ | १६४८७१८ | १२२९ | १८२३९८५३ |
| ४ | ३८३ | ९७७६२८८ | ३९९ | ६६३९४१४ | ६८ | ८६३०५२ | ५८८ | २०५५५३१ | १४३८ | १९३३४२८५ |
| ५ | ३६९ | ९००४८३९ | ३०४ | ५३७६९३१ | ३८ | ७३२१०० | ४९२ | १६६१४२१ | १२०३ | १६७७५२९१ |
| ६ | ३०६ | ८५८८५७८ | २३१ | ४१०८८०६ | ३६ | ५८५२०० | ३१७ | ८८६८२४ | ८९० | १४१६९४०८ |
| ७ | ७८२ | २००७३६७५ | ५१० | ८९४५८६५ | ५८ | ८२७२०० | ७३३ | २६४७९२१ | २०८३ | ३२४९४६६१ |
| जम्मा | ३०९१ | ७९८६३६९४ | २४७५ | ४३४९५८१६ | ३२२ | ५१३८५५२ | ३६४१ | १२३०६०१८ | ९५२९ | १४०८०४०८० |

# सूचना प्रविधिमा त्रिवेणीको फड्को

अहिलेको सूचना प्रविधिको युगमा एकछिन पनि सूचनाविना समय बिताउन अत्यन्तै कठिन हुन्छ। स्थानीय तहको स्थापना हुनुभन्दा पहिले साविकको गा.वि.स. हुँदा केन्द्रीकृत प्रणालीका आधारमा गाउँमा विकास निर्माणका कार्यहरु हुने अवस्थामा स्थानीय आवश्यकता र परिवेशका आधारमा सूचना प्रविधिका क्षेत्रमा योजना निर्माण, बजेट विनियोजन तथा स्थानीय जनशक्तिको परिचालन गरी प्रविधिलाई विकास र विस्तार गर्न सकिएको अवस्था थिएन । स्थानीय तहको निर्वाचन हुनुभन्दा पहिले पाँचवटा साविकका गा.वि.स. मिलेर बनेको त्रिवेणी गाउँपालिकामा सुगम र सबैको पहुँचमा टेलिफोन सेवासमेत थिएन। गाउँपालिकामा कतै पनि विद्युत सेवा थिएन। टेलिफोन सेवासमेत सहज पहुँच नभएपछि इन्टरनेटको कुरा त झन् परैको कुरा रहेको थियो । त्यसबेला सहज रुपमा कम्प्यूटराइज्ड प्रणाली र विद्युतीय प्रणालीको कुरा त झन् धेरै टाढाको कुरा रहेको थियो । स्थानीय तहको स्थापना हुनुभन्दा अघि रोल्पाका अधिकांश क्षेत्रमा जस्तै त्रिवेणी गाउँपालिकाका धेरै भागमा फोन समेत नलाग्ने समस्या रहेको थियो । त्यसभन्दा पहिले साविकको जुगार गा.वि.स. मा भी–स्याट प्रविधिको एक लाइन फोन सेवा थियो। घाम लागेको दिन घण्टौं लाइन लागेर एक कल समेत प्रतिमिनेट करिब ४०/४५ रुपैयाँ रकम तिरेर गर्ने बाध्यतामा पनि सहजै फोन लाग्दैनथ्यो। त्यसपछि विस्तार भएको भनिएको टेलिफोन सेवा नजिकमा टावर नबन्दा अग्लो डाँडामा जानुपर्ने बाध्यता थियो। जति जरुरी भए पनि खबर, चिठी-पत्र, पत्रपत्रिकाका लागि महिनौंसम्म हुलाकको पर्खाइमा बस्नुपर्ने बाध्यता थियो। खबरका लागि रेडियोमा भर पर्नुपर्ने बाध्यता थियो ।

२०७४ को स्थानीय निर्वाचनपछि बनेको त्रिवेणी गाउँपालिकाको स्थानीय सरकारले सूचना प्रविधिलाई उच्च प्राथमिकता दिएर काम सुरुवात गर्‍यो। तत्पश्चात अहिले सूचना प्रविधिको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। गाउँपालिकाभरि संचारको भरपर्दो विकास र विस्तारका लागि सम्बन्धित निकायको समन्वयमा नेर्पा टावरलगायत सबै वडाका विभिन्न क्षेत्रमा नेपाल टेलिकमका टावर निर्माण र सेवा विस्तार भएका छन् । जसले गर्दा हाल सबै क्षेत्रमा फोर-जीसहित इन्टरनेटको पहुँच पुगेको छ। टेलिफोन र इन्टरनेटमा सहज पहुँच पुगेपछि घर समुदायमै हात-हातमा इन्टरनेटबाट देशविदेशमा रहेका आफन्त, साथीहरुसँग सेकेण्डभरमै खबर, सूचना आदान-प्रदान गर्न सहज भएको छ ।




*कार्यालयमा रहेको टोल फ्रि टेलिफोन सेवा*

सूचना प्रविधिको विकासक्रमसँगै त्रिवेणी गाउँपालिकामा एक सूचना प्रविधि अधिकृतको नियुक्ति गरिएको छ। त्रिवेणी गाउँपालिकाले हालसम्म सूचना प्रविधिको क्षेत्राम रु. १७ लाख ६८ हजार ५ सय १३ खर्च गरेको छ । गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालयलगायतका सरकारी कार्यालयहरुले आफ्नो विवरण, तथ्यांक, प्रतिवेदन, चिठी-पत्रजस्ता काम कम्प्यूटरमै गर्ने वातावरण बनेको छ। सूचना प्रविधिको विकास र प्रयोग गर्ने क्रममा त्रिवेणी गाउँपालिकाको आफ्नै वेवसाइट छ र त्यसबाट निरन्तर सूचना प्रवाह हुदाँ सर्वसाधारणको पहुँचमा वृद्धि भएको छ भने गाउँपालिकाको आफ्नै मोबाइल एप्स निर्माण भई प्रयोगमा रहेको छ। गाउँपालिकाको लेखाप्रणाली सफ्टवेयरमार्फत सञ्चालनमा रहेको छ भने राजश्वको बिलिङ्ग पनि अनलाइन माध्यममार्फत गर्ने गरिएको छ। व्यक्तिगत घटना दर्ताहरु सबै अनलाइनबाटै हुने गरेका छन् । किसान परिचयपत्र वितरण पनि कम्प्यूटराइज्ड माध्यमबाट गर्ने गरिएको छ ।



*सूचना प्रविधिसम्बन्धी कर्मचारीहरुको क्षमता विकास तालिम*

स्वास्थ्य क्षेत्रको तथ्यांक व्यवस्थित गर्न इ-एल.एम.आइ.एस. र डी.एच.आइ.एस. अनलाइन प्रणाली अपनाइएको छ भने कार्यक्रम, योजना बजेट सबै विवरण वेवसाइटबाट सार्वजनिक गर्ने गरिएको छ । साविक गा.वि.स.का समेत व्यक्तिगत घटनाहरु डिजिटाइजेसन गरिएको छ भने गाउँपालिकाको सूचनाहरु कार्यालय अगाडि रहेको डिजिटल बोर्डमार्फत् प्रवाह गर्ने गरिएको छ ।




*गाउँपालिकामा रहेको डिजिटल सूचना बोर्ड*

सूचना सम्प्रेषण र नागरिकको गुनासो सुनुवाइका लागि गाउँपालिकामा एउटा निःशुल्क फोन सेवा (टोल फ्रि) को व्यवस्था रहेको छ । त्यस्तै शैक्षिक क्षेत्रको तथ्यांक व्यवस्थित र अभिलेखीकरण लागि हरेक विद्यालयको इ-एम.आइ.एस. प्रणाली लागू गरिएको छ भने गाउँपालिका, वडा कार्यालयहरु, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयहरुमा केन्द्रीकृत डिजिटल हाजिरीको व्यवस्था गरिएको छ । गाउँपालिकासँग कारोबार गर्ने सेवा प्रदायकहरुको सहजताका लागि उनीहरुको कर दाखिला विवरण इ-भ्याट तथा इ-टि.डि.एस. सहितको पत्र वेवसाइटमार्फत् आफैं प्राप्त गर्ने गाउँपालिका सूचना प्रविधि शाखाले व्यवस्था गरेको छ ।

त्रिवेणी गाउँपालिकालाई आवश्यक पर्ने सम्पूर्ण सूचना, तथ्यांकहरु कोबो, एम वाटरलगायतका सफ्टवेयरमार्फत् संकलन गर्ने गरिएको छ । गाउँपालिका, वडा कार्यालयलगायतको सुरक्षाको लागि सि.सि.टि.भी. को व्यवस्थासमेत गरिएको छ भने डिजिटल सूचनापाटीको माध्यमबाट नागरिक वडापत्र निरन्तर सार्वजनिक गर्ने कार्य सूचना प्रविधिको विकास गरी गरिँदै आएको छ । सबै कार्यालय, विद्यालयहरुमा सूचना, चिठी-पत्रलगायतका सामग्री सहज आदानप्रदानका लागि इमेल सेवा प्रयोग गरिएको छ । गाउँपालिकाको जिन्सी विवरण अनलाइन प्रणालीमा छ भने बोलपत्रको प्रक्रियासमेत अनलाइनबाटै हुने हुँदा काममा पारदर्शिता, छिटोछरितो र सहज भएको छ । गाउँपालिकाका सबै नागरिक, युवा, विद्यार्थीहरुको सीप विकासका लागि निःशुल्क कम्प्यूटर तालिम सञ्चालन गरिएको छ ।



*गाउँपालिकाभित्रका युवाहरुलाई स्वरोजगारीका लागि निःशुल्क ३ महिने आधारभूत तह कम्प्यूटर तालिम*

पछिल्लो समयमा देखिएको कोरोना महामारीको अवधिमा पनि गाउँपालिकालाई आफ्नो सञ्जाल, मातहत र माथिल्लो निकायहरु तथा साझेदारहरुसँग निरन्तर समन्वय र सहकार्य, क्षमता विकासका लागि तालिम र सूचना आदान प्रदानका लागि त्रिवेणी गाउँपालिकाले अनलाइन बैठक, तालिमहरु अनलाइन जुमको माध्यमबाट गर्दै आएको छ । विभिन्न विद्यालयहरुमा इ-पुस्तकालयको व्यवस्था, कक्षाकोठामा टच स्मार्ट बोर्डलगायतका क्षेत्रमा सूचना प्रविधिको विकास भएको छ ।

यसरी त्रिवेणी गाउँपालिकाले सूचना प्रविधिको दृष्टिकोणले नमूना गाउँपालिका बनाउने उद्देश्यले आफ्नो कार्यलाई अगाडि बढाएको छ । विश्वमा बढ्दै गएको सूचना प्रविधिको विकास र विस्तारको उच्चतम उपयोग र प्रयोग गर्न यस गाउँपालिका तमतयार भएर लागि परेको छ । राष्ट्रिय सूचना प्रविधि नीति अनुसार आफ्नो योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने कार्यमा त्रिवेणी गाउँपालिकाले उच्च प्राथमिकता दिएको छ । आगामी दिनमा पनि यस गाउँपालिकाले सूचना प्रविधिको क्षेत्रमा अझै सेवा विस्तार र नागरिकका लागि आफ्नो सेवाको पहुँच अभिवृद्धि गर्न निरन्तर लाग्ने छ ।

**अन्तर्वार्ता**

# "जनप्रतिनिधि र कर्मचारीबीचमा नङ र मासुजस्तो सम्बन्ध छ"

● **नीमबहादुर के.सी., प्रमुख प्रशासकीय अधिकृत, त्रिवेणी गाउँपालिका जुगार, रोल्पा**




## योजना तर्जुमा कसरी गरिरहनुभएको छ ? योजना तर्जुमाका के कस्ता असल अभ्यास छन् ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले योजना तर्जुमा सम्बन्धी नीतिगत व्यवस्था गरेको छ। उक्त व्यवस्था बमोजिम योजना छनौटका सात चरण पार गरेर योजना तर्जुमा गर्ने गरेका छौं। सबभन्दा पहिले बस्तीस्तरमा योजनाहरु छनौट गर्छौं, बस्तीस्तरमा योजनाहरु छनौट गर्दा दलित, महिला, जनजाति, आदिबासी, आमा समूह, वन समूह, युवा क्लवहरु, सीमान्तकृत वर्गका व्यक्ति लगायत यस्ता तल्लो तहका व्यक्तिहरुलाई पनि समावेश गरिन्छ। त्यहाँ योजनाको छनौटको विषयमा गहण छलफल गरिन्छ। अनि त्यहाँबाट छलफल भइसकेपछि योजनाहरु छनौट हुन्छ, र त्यो छनौट हुँदै वडा, वडाबाट कार्यपालिका, कार्यपालिकाबाट निर्णय भई सभामा जान्छ। सभाबाट निर्णय भएपछि योजना कार्यान्वयन हुन्छ। यस हिसाबले योजनाहरु छनौटको क्रममा हामी बस्तीस्तरमा पुग्ने भएकोले तल्लो तहको योजना छनौट भई राम्ररी कार्यान्वयन हुने गर्दछन्।

## नीति कार्यक्रमहरु कस्तो बनाउनुभएको छ ?

हामीले गाउँसभा हुनुभन्दा अगाडि नीति कार्यक्रमहरु बनाउँछौं। नीति कार्यक्रम बनाउँदा हामी भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकता दिएका छौं। भौतिक पूर्वाधारमध्ये पनि सडकलाई हामीले पहिलो प्राथमिकतामा राखेका छौं। गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि आउनुभन्दा अगाडि थोरै ठाउँमा मात्रै सडकको पहुँच रहेको थियो। अहिले प्रत्येक वडाको प्रत्येक बस्तीस्तरसम्म सडकहरु विस्तार भएका छन्। केही सडकहरु ग्राभेल पनि भएका छन्, केही सडकहरु पक्की भएका छन्। हाल झण्डै २५० कि.मी. जति नयाँ सडक निर्माण भएको छ, ४ कि.मी. जति सडक कालोपत्रे गरेका छौं। यसमा स्थानीय सरकारको पनि लगानी छ, संघीय सरकारको पनि लगानी छ र प्रदेश सरकारको पनि लगानी छ। मलाई लाग्छ, करिब १/२ कि.मी. कालोपत्रे सडक निकट भविष्यमा थपिने अवस्था छ। शिक्षातर्फ पनि हामीले थुप्रै विद्यालय भवनहरु निर्माण गरेका छौं। कतिपय विद्यालय भवनहरु थोरै लगानीमा पनि राम्रो भएका छन्। विगतका वर्षमा करिब रु. ६५

लाखमा ८ कोठे भवन निर्माण भएको छ भने त्यसैगरी रु. २५ लाखमा छात्रबास भवनहरु निर्माण भएका छन् । जनशक्ति, जनसहभागिता अति नै राम्रो किसिमले परिचालन भएको छ र व्यवस्थापन समितिले अभिभावक परिचालन गरी आफ्नो स्रोत र जनशक्ति थप गरेर ठूला-ठूला भवनहरु निर्माण गरेका छन् । त्यसैगरी शिक्षातर्फ हामीले विद्यालय नर्स परिचालन गरेका छौँ । यसले पनि शिक्षाको गुणस्तर सुधारमा सहयोग गरेको छ ।

त्यसैगरी स्वास्थ्यतर्फ पनि हामीले उल्लेखनीय प्रगति गरेका छौँ । हामीकहाँ प्रत्येक वडामा स्वास्थ्य चौकीहरु स्थापना भएका छन् । जनप्रतिनिधिहरु आउनुअघि ५ वटा तत्कालीन गाउँ विकास समितिहरुमा ५ वटा स्वास्थ्य चौकीहरु थिए भने अहिले जनप्रतिनिधि आइसकेपछि थप दुईवटा स्वास्थ्य चौकीहरु निर्माण भएका छन् र त्यहाँ स्वास्थ्यकर्मीहरुको व्यवस्थापन पनि भएको छ । र तीमध्ये दुईवटा स्वास्थ्य चौकीबाट ल्याब सेवा सञ्चालन गरेका छौँ । त्यसैगरी नेर्पा स्वास्थ्य चौकीमा एम.बि.बि.एस. डक्टरबाट पनि सेवा प्रवाह भइरहेको छ र त्यहाँ डिजिटल एक्स-रे सेवा पनि उपलब्ध रहेको छ । निकट भविष्यमा हामीले अल्ट्रासाउन्ड सेवा भिडियो एक्स-रे सेवा पनि सञ्चालन गर्दैछौँ । स्वास्थ्य क्षेत्रमा जनताको पहुँच पुऱ्याउनका लागि संविधानमा उल्लेख भएको मौलिक अधिकार छ, त्यो अधिकारलाई पालना गर्नेगरी हामी लागि परेका छौँ ।

कृषि क्षेत्रमा पनि हामीले दक्ष जनशक्ति उपलब्ध होस् भन्ने हिसाबले एक गाउँ एक प्राविधिकको रुपमा ५ जना प्राविधिक जनशक्ति परिचालन गरेका छौँ । त्यसैगरी गाउँपालिकाको आफ्नो लगानीमा पनि हामीले कृषि प्राविधिकहरु प्रत्येक वडामा राखेका छौँ । उहाँहरुले कृषकसँग छलफल गर्ने, कृषक समूह गठन गर्ने, कृषकहरुलाई विभिन्न किसिमको मल, बीउको व्यवस्थापन गर्ने कार्यहरु गरिरहनुभएको छ । यस हिसाबले कृषि क्षेत्र पनि हाम्रो प्राथमिकतामा पर्छ । त्रिवेणी गाउँपालिकाबाट वार्षिक भण्डै रु. ८/१० करोडको तरकारी उत्पादन भएर निर्यात हुने गर्छ । सिजनल रुपमा उत्पादन हुन्छ र प्रत्येक घरधुरीले राम्रो मुनाफा गर्छन् । यस हिसाबले पनि हामीले राम्रो लगानी गरेका छौँ र प्रतिफल राम्रो भएको छ । त्यसका निमित्त हामीले थप सहयोगका लागि हाट बजारहरुको व्यवस्था गरेका छौँ, भवनहरु निर्माण गरिदिएका छौँ, त्यस कारणले पनि कृषकहरुलाई राम्रो सुविधा प्राप्त भएको छ ।

त्यसैगरी पशु सेवालाई सुदृढ बनाउन हामीले प्राविधिक कर्मचारीहरुको व्यवस्था गरेका छौँ । हाम्रा हरेक वडा कार्यालयहरुमा पशु प्राविधिकहरु छन् र सेवा केन्द्रसमेत स्थापना भएको छ । प्रत्येक वर्ष हामीले सातदेखि दश-बाह्र ठाउँमा घुम्ती शिविरहरु सञ्चालन गरेका छौँ । त्यहाँ गएर पशु स्वास्थ्यसँग सम्बन्धित प्राविधिकहरुले पशु चौपायाको उपचार गर्ने पशुहरुलाई विभिन्न किसिमको रोगका विरुद्ध भ्याक्सिन दिने गरिन्छ । यस कारण पशु सेवामा पनि हाम्रो गाउँपालिकाको राम्रो लगानी रहेको छ ।

खानेपानीको क्षेत्रमा पनि हामीले ठूलठूला लगानी गरेका छौँ । विगत वर्षमा मात्रै हामीले तीनवटा लिफ्टिङ सिंचाइहरु सञ्चालन गरी निर्माण सम्पन्न गरेका छौँ । यस वर्ष पनि खानेपानीमा राम्रो लगानी भएको छ । सिंचाइमा पनि यथेष्ट लगानी गरिएको छ । सिंचाइमा विशेष गरी प्रदेश सरकारसँग समन्वय गरी कामहरु भइरहेको छ । खानेपानी, सिंचाइका क्षेत्रहरु हाम्रा लगानीका क्षेत्रहरु रहेका छन् । हाम्रो गाउँपालिकाका मुख्य लक्ष्य भनेकै भौतिक पूर्वाधारमा उल्लेखनीय प्रगति हासिल गर्ने हो ।

सामाजिक अभियान पनि सँगसँगै अघि बढाइराखेका छौँ । सामाजिक अभियानमा जति लगानी गर्नुपर्ने थियो त्योभन्दा बढी भौतिक पूर्वाधारको क्षेत्रमा लगानी गरेका छौँ । जनताको अपेक्षा भनेको भौतिक पूर्वाधारतर्फ लगानी गर्नु भन्ने थियो । त्यस कारणले हामीले यो ४ वर्षको अवधिमा भौतिक पूर्वाधारलाई जोड गरेका छौँ । र, सामाजिक अभियानमा पनि हामी त्यत्तिकै लागि परेका छौँ जस्तो बालश्रम विरुद्धको गाउँपालिका घोषणा गर्ने, बालविवाह न्यूनीकरणको कार्य गर्ने, बालमैत्री स्थानीय शासन घोषणा गर्नका लागि प्रक्रिया अगाडि बढाउने, यस्तै थुप्रै अभियानहरु सञ्चालन गरेका छौँ । यो सञ्चालन गर्ने क्रममा केही घोषणाको तयारी गरिएको छ भने केही घोषणाहरु आगामी दिनमा हुनेछन् । यस हिसाबले हामीले यस क्षेत्रमा पनि लगानी गरेका छौँ र सेवा प्रवाहमा पनि हाम्रो त्यत्तिकै ध्यान पुगेको छ । सेवा प्रवाहको हिसाबमा कुरा गर्ने हो भने प्रत्येक वडामा आफ्नै भवनबाट सेवा प्रवाह भएको छ । सानै भए पनि

गाउँपालिकाको आफ्नै भवन छ। वडा कार्यालयबाट प्रदान हुने सेवाहरु सञ्चालन गर्न वडा सचिवहरु, वडा प्राविधिक तथा अन्य कर्मचारी साथीहरु त्यहीँ हुनुहुन्छ। उहाँहरु पनि भर्खरै लोकसेवाबाट आएको नयाँ जेनेरेशन हामीसँग हुनुभएकोले सेवा प्रवाहको हिसाबले पनि राम्रो रहेको छ।

यसबाहेक घुम्ती शिविर पनि प्रशस्तरुपमा हामीले सञ्चालन गरेका छौँ। घुम्ती शिविरमा विशेष गरी स्वास्थ्य सेवा, पशु सेवा, कृषि सेवा र शिक्षालाई लिएर गएका छौँ। घुम्ती शिविरहरुमा नागरिकता वितरणको सेवा पनि दिनुपर्नेमा कोभिडका कारण सो सेवा दिन सकेका छैनौँ। विषयगत रुपमा कार्यालयबाट प्रदान गर्ने सेवाहरुलाई लिएर गएका छौँ। समग्रमा हाम्रो सेवा प्रवाहको हिसाबले, सामाजिक अभियानको हिसाबले र विकासको हिसाबले त्रिवेणी गाउँपालिकाले राम्रो गरेको छ भन्ने हाम्रो दाबी छ र जनताले पनि त्यही महसुस गर्नुभएको छ।

## गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा जनशक्ति व्यवस्थापन कसरी गर्नुभएको छ ?

जनशक्ति व्यवस्थापनको कुरा गर्दा सुरुका वर्षमा यस गाउँपालिकामा थोरै कर्मचारीहरु हुनुहुन्थ्यो। ३/४ जना कर्मचारीहरुले गाउँपालिका सञ्चालन गरिरहनु भएको थियो। जनप्रतिनिधि आइसकेपछि जनताले ठूलो अपेक्षा गर्नुभएको थियो। निमित्त र थोरै कर्मचारीले राम्रो र प्रभावकारी सेवा दिन सक्ने अवस्था थिएन। दुईवटा सचिवले ७ वटा वडाहरु सञ्चालन गर्न अत्यन्तै गाह्रो थियो। दोस्रो वर्ष लोकसेवामा कर्मचारी माग भयो, तेस्रो वर्षमा कर्मचारीहरु आउनुभयो। कर्मचारी साथीहरु आइसकेपछि प्रत्येक वडामा वडा सचिव तथा प्राविधिक कर्मचारीहरु त्यही बस्नुहुन्छ। प्रत्येक वडामा कृषि तथा पशु सेवाका प्राविधिकहरु हुनुहुन्छ साथै प्रत्येक स्वास्थ्य चौकीहरुमा पनि यथेष्ट कर्मचारीहरु हुनुहुन्छ। हामीले सामाजिक परिचालकहरु व्यवस्था गरेका छौँ। सामाजिक परिचालकहरुले विशेष गरी विकास निर्माणसँग सम्बन्धित कामहरुलाई सहजीकरण गर्दै आउनुभएको छ। उपभोक्ता समिति गठन, योजना तर्जुमा, उपभोक्ता समितिलाई तालिम, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र योजना भुक्तानीका निमित्त विभिन्न प्रक्रियाहरुमा सामाजिक परिचालकहरुले सहयोग गरिरहनु भएको छ। त्यसरी वडाको काम सञ्चालन भएको छ भने गाउँपालिकाभित्र रहेका विभिन्न विषयका शाखामा शाखा प्रमुखहरुको व्यवस्था गरिएको छ। विभिन्न किसिमका कार्य विवरणहरु उहाँहरुलाई शाखागतरुपमा हामीले विन्यास गरेका छौँ। त्यस बमोजिम उहाँहरुले विभिन्न किसिमका कार्यहरु गरिराख्नुभएको छ। हामीसँग कर्मचारीहरु यथेष्ट रुपमा हुनुहुन्छ। प्राविधिक कर्मचारीको पनि हामीसँग कमी छैन। केही साथीहरु करारमा हुनुहुन्छ भने केही साथीहरु लोकसेवाबाट स्थायी भएर आउनुभएको छ। सेवा प्रवाह पनि हामीले राम्रै गरेको छौँ।

## जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्ध र समन्वय कस्तो छ ?

त्रिवेणी गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारी बीचमा नङ र मासुको जस्तो सम्बन्ध छ। हाम्रो बीचमा कुनै पनि किसिमको असमझदारी र द्वन्द्व छैन। हामी एकाकार भएर काम गरेका छौँ। विशेषगरी उहाँहरुले नीतिगत निर्णय गर्नुहुन्छ, बजेट व्यवस्थापनका कामहरु गर्नुहुन्छ र हामीहरुलाई सल्लाह सुझाव दिने, विकास निर्माणका कामहरुलाई प्रभावकारीढंगले सञ्चालन गर्नका निम्ति सहयोग गर्नुहुन्छ। जनता र हाम्रो बीचमा समझदारी गर्ने, समन्वय गर्ने कुराहरु उहाँहरुले सहयोग गरिरहनुभएको छ। हाम्रो कार्यालयमा अत्यन्त सौहार्द्रपूर्ण रुपमा काम भइरहेको छ। उहाँहरुले बनाएको नीति हामीले ग्रहण गरेर अगाडि बढिरहेका छौँ। त्यस कारणले कर्मचारी, जनता र जनप्रतिनिधिबीच हाम्रो गाउँपालिकामा त्यस्तो किसिमको समस्या छैन।

## अनुगमनलाई प्रभावकारी बनाउनलाई यहाँहरुले के-कस्ता योजना बनाउनुभएको छ ?

विकास निर्माणसँग सम्बन्धित अनुगमन समितिहरुको व्यवस्था बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा गरिएको छ। अनुमगन समितिको संयोजक उपाध्यक्षज्यू हुनुहुन्छ। र, मलगायत प्राविधिक, पूर्वाधार विकास समितिको संयोजक गरी पाँच सदस्यीय समिति रहेको छ। त्यस समितिसँग हाम्रो शाखागतरुपमा इञ्जिनियरसमेत मिलेर वडाहरुमा अनुगमनमा जाने गर्दछौँ। गाउँपालिकामा धेरै संख्यामा आयोजना हुने भएकोले प्रत्येक योजनामा पुग्न सम्भव नहुने भएकोले पाँच लाख रपैयाँसम्मका योजनाको अनुगमन गर्नका लागि वडास्तरीय योजना अनुगमन समिति गठन गरेको छौँ र वडास्तरको योजना अनुगमन समितिले ती पाँच लाख रुपैयाँसम्मका योजना टुङ्ग्याउने गर्दछन् भने

पाँच लाख रुपैयाँभन्दा ठूला योजनाहरुमा यस समितिले अनुगमन गर्ने गरेको छ। यस समितिले सम्भव भएसम्म प्रत्येक योजनामा कम्तिमा ३ पटक अनुगमन गर्ने लक्ष्य राखेको छ, कतिपय योजनाहरुमा हामी तीनैपटक पुग्ने गरेका छौं भने कतिपय योजनाहरुमा हामी एकपटकसम्म पुगेर भए पनि प्रतिक्रिया लिने, सल्लाह सुझाव दिने, जनतासँग छलफल गर्ने, योजनाको विषयमा कार्य सम्पादनबारे जानकारी लिने, योजनाको गुणस्तरीयताको विषयमा, प्राविधिक इस्टिमेट बमोजिमको कार्य गरे/नगरेको बारे जनतासँग पनि जानकारी लिने गर्दछौं भने हाम्रो प्राविधिक इस्टिमेट बमोजिम कार्य भएको छ या छैन भन्ने बारेमा अनुमगन गर्छौं। यसै कारण हाम्रा आयोजनाहरुको गुणस्तर र परिमाण दुवै कायम भएको हुन्छ। ४ वर्षमा हामीले जति उपलब्धि हासिल गर्नुपर्ने हो, त्यसभन्दा बढी उपलब्धि गरेका छौं भन्ने हाम्रो ठहर हो।

## सुशासन प्रवर्द्धनमा के-कस्ता कार्यहरू गर्नुभएको छ ?

सुशासन प्रवर्द्धनका लागि पनि हामीले धेरै काम गरेका छौं। सुशासन प्रवर्द्धनका लागि नागरिक वडापत्र बनाएका छौं। नागरिक वडापत्रलाई वेवसाइटमा पनि राख्ने गरिएको छ। त्यसैगरी सूचना अधिकारीको व्यवस्था गरेको छौं, सूचना अधिकारीले सुशासनसँग सम्बन्धित कार्य गर्नुहुन्छ। त्यसैगरी मोबाइल एप्सको व्यवस्था पनि गरेका छौं। हामीसँग उजुरी पेटीकाको व्यवस्था छ, जनताको गुनासो भए त्यहाँ उजुरी दिनुहुन्छ, गाउँपालिकामा सम्पर्क गर्नका लागि टोल फ्रि नम्बर पनि हामीसँग छ। जनताका गुनासो भए टोल फ्रि नम्बरमा फोन आउँछ र त्यसको जवाफ तत्काल दिने गरेका छौं। त्यसैगरी हाम्रो वार्षिक नीति तथा बजेटलाई वेवसाइटमार्फत सार्वजनिक गर्छौं, कार्यपालिका र गाउँसभाका निर्णयहरुलाई वेवसाइटमा राखेका छौं भने केही बजेट नीति, योजना तर्जुमाका कुराहरु हाम्रो पुस्तकमार्फत पनि सार्वजनिक गर्ने गरेका छौं भने ३/३ महिनामा स्वतः प्रकाशन मार्फत आफ्ना आर्थिक तथा भौतिक गतिविधिहरु सार्वजनिक गर्ने गरेका छौं।

यसका साथै समय-समयमा गरिने सार्वजनिक सुनुवाइमार्फत पनि हाम्रा गतिविधिहरु जनतामाझ लगी रहेका छौं। यस हिसाबले सुशासनको सवालमा हाम्रो गाउँपालिका अगाडि नै छ। हामीले सार्वजनिक सुनुवाइका कुराहरुलाई अझ विकेन्द्रीकृत गर्नका निम्ति प्रत्येक वडास्तरमा सार्वजनिक सुनुवाइ गर्ने लक्ष्य लिएका छौं। विगतका वर्षमा कोभिड-१९ का कारणले हामीले वडास्तरमा गर्न सकेनौं, गाउँपालिकास्तरमा गरेका थियौं भने अहिले हामीले त्यसरी जाने पक्षमा छौं। यी बाहेक हाम्रा सञ्चालन भएका योजनाहरु मध्ये पाँच लाख रुपैयाँभन्दा बढीका योजनाहरुलाई आयोजना सूचनापाटीमार्फत जनतालाई जानकारी गराउने गर्दछौं। सुशासन कायम गर्नका लागि हामीलाई जनप्रतिनिधिज्यूहरुले अत्यन्त सहयोग गर्नुभएको छ। हामीसँग केही हाम्रो लगानीमा र केही अन्य गैरसरकारी संस्थाको लगानीमा डिजिटल डिस्प्लेहरु पनि रहेका छन्।

## बजेट कार्यान्वय तथा नीति कार्यान्वयनका सन्दर्भमा केही राम्रा अभ्यासहरू छन् ?

बजेट कार्यान्वयका सन्दर्भमा हामीले प्रत्येक वर्ष आषाढ १० गते नै बजेट पारित गरी सक्छौं। सभाबाट बजेट पारित गरिसकेपछि असार मसान्तभरि हामी त्यस वर्षको बजेटलाई फरफारक गर्नेतिर लाग्छौं भने श्रावण महिनाको पहिलो हप्तादेखि दोस्रो हप्तासम्म गत वर्षको वार्षिक समीक्षा गर्छौं। त्यसपछि वार्षिक समीक्षामा चालु आ.व. को कार्ययोजना निर्माण गर्छौं। कार्ययोजनाभित्र हाम्रो कुन कार्य कुन समयमा गर्ने, कुन आयोजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने, कुन निर्माण व्यवसायीमार्फत सञ्चालन गर्ने, उपभोक्ता समिति कहिलेसम्म गठन गर्ने, सर्भे तथा लागत इस्टिमेट कहिलेसम्म तयार गरिसक्ने, कुन अवधिभित्र टेण्डर तथा सम्झौता गर्ने र कुन अवधिभित्र निर्माण कार्य सम्पन्न गर्ने भन्ने कुराको कार्ययोजना बनाउँछौं। र, त्यही कार्ययोजना बमोजिम हाम्रा वडा कार्यालयहरु, हाम्रा विषयगत शाखाहरु र हाम्रो गाउँपालिका टिम लाग्छ र त्यसरी कार्य सम्पन्न गर्छौं। यद्यपि कार्यान्वयको क्रममा बीचमा आइपर्ने कोभिड जस्ता संकटहरुले भनेको समयमा काम सम्पन्न भएको छैन। हाम्रो गत वर्षको लक्ष्य जेष्ठ मसान्तसम्म सबै योजनाहरु फरफारक गरेर भुक्तानी गर्ने थियो तर कोभिडकै कारणले हामीले सम्पन्न गर्न सकेनौं। यस वर्ष पनि हाम्रो कार्ययोजना तयार भइसकेको छ र कार्ययोजना बमोजिम काम गरिरहेका छौं।

❑

# रोजगारी सिर्जना गर्दै त्रिवेणी



*प्रधानमन्त्री रोजगार कार्यक्रमबाट वडा नं. ६ को कार्यालय परिसरमा सोलिङ तथा ढुङ्गा छाप्ने कार्य*

रोजगारी दैनिक जीवन निर्वाहको एक महत्वपूर्ण आधार हो। आफू र आफ्नो परिवार व्यवस्थापनका लागि रोजगारी भएमा सजिलो हुन्छ। प्रशस्त रोजगारीको अभावमा हाल बेरोजगारहरु यत्रतत्र भौतारिएर हिँड्नुपर्ने बाध्यता रहेको छ। सीप र क्षमता भएका युवाहरुको पनि सीप र क्षमताको प्रयोग भएको छैन। लामो समयसम्म बेरोजगार भएमा युवाहरु नराम्रो काममा फस्ने समस्या रहने गर्दछ।



*प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १ मा गरिएको सडक स्तरोन्नती*

नेपाल संघीय प्रणालीमा गएपछि स्थानीय सरकारको निर्माण भयो। विगतमा स्थानीयस्तरमा रोजगारीको अवसर एकदमै कम मात्रामा रहेकोमा विकास क्रमसँगै त्रिवेणी गाउँपालिकाले रोजगारी तथा गाउँ निर्माणका लागि स्थानीय तह स्थापना भएपछि नेपाल सरकारले बेरोजगार रहेका महिला पुरुषहरुका लागि स्थानीयस्तरमै आफ्नो क्षमता अनुसार काम गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दै आएको छ। तत्पश्चात् त्रिवेणी गाउँपालिकामा पनि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट धेरै जनाले वर्षेनी रोजगारीका अवसरहरु पाउने गरेका छन्। स्थानीयस्तरमा हुने सडक निर्माण, सडक मर्मत, खानेपानी, सिंचाइ, पोखरी निर्माण, शौचालय निर्माण, फिल्ड निर्माण, खेल मैदान निर्माण, तारबार, नाला निर्माण, भवन निर्माणलगायतका कार्यहरुमा त्रिवेणी गाउँपालिकाले प्राथमिकताका आधारमा स्थानीय नागरिकहरुलाई रोजगारी प्रदान गर्दै आएको छ। स्थानीयस्तरमा हुने रोजगारीहरुबाट दैनिक जीविकोपार्जन गर्न सहज भएको छ।



*प्रधानमन्त्री रोजगार कार्यक्रमबाट वडा नं. ७ मा गोरेटो बाटो सोलिङ*

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत त्रिवेणी गाउँपालिकाले हालसम्म रु. १ करोड ६३ लाख २६ हजार २४२ खर्च भएको छ। सो अवधिमा १०२ वटा आयोजना सञ्चालन गरी गाउँपालिकामा सूचीकृत २ हजार २४४ जना बेरोजगारमध्ये १ हजार ७४१ जनालाई रोजगारी उपलब्ध गराइएको छ। प्रत्येक बेरोजगार व्यक्तिलाई यस त्रिवेणी

गाउँपालिकामा औसत वार्षिक ६१ दिन रोजगारी उपलब्ध गराइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सिर्जना मात्र नभएर त्रिवेणी गाउँपालिका अन्तर्गतका गाउँ-गाउँमा विकास निर्माणका काम समेत भएका छन् ।



*प्रधानमन्त्री रोजगार कार्यक्रमबाट वडा नं. २ मा निर्माण गरिएको वाशसहितको सार्वजनिक शौचालय*

## ग्रामीण विकास तथा रोजगारीमा त्रिवेणी

नेपालको संविधानको व्यवस्था बमोजिम तीन तहका सरकार गठनपश्चात २०७४ फागुनदेखि कार्यारम्भ गरेको प्रदेश सरकारले प्रदेशमा गरिबी निवारण लक्षित गतिविधि अगाडि बढाउने संकल्पका साथ आर्थिक वर्ष २०७४/०७५ मा अवधारणापत्र तयार गरी अर्को आर्थिक वर्षदेखि नै मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमको शुरुवात गरेको हो । आर्थिक तथा सामाजिक रुपमा विपन्न घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, प्रविधि हस्तान्तरण, सीप विकास, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणका कार्यक्रममार्फत जीवनस्तर सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशले २०७५/०५/३१ गते मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम कार्यविधि, २०७५ पारित गरी लुम्बिनी प्रदेशका १२ जिल्लामा पहिलो चरणमा आ. व. २०७५/०७६ मा ३५ स्थानीय तह, आ. व. २०७६/०७७ मा ७३ स्थानीय तह र आ. व. २०७७/०७८ मा आइपुग्दा प्रदेशका १०९ वटै स्थानीय तहहरु यो कार्यक्रम विस्तार गरिएको थियो । जिल्लाको त्रिवेणी गाउँपालिका पनि यस कार्यक्रम संचालित एक स्थानीय तह हो । कार्यक्रम कार्यान्वयन, प्रभावकारीता र समयमा प्रतिवेदन पठाउनको लागि मन्त्रालयबाट २ देखि ४ स्थानीय तह हेर्ने गरी कर्मचारीसमेत व्यवस्थापन गरिएको छ। यस गाउँपालिकामा पनि एकजना कार्यक्रम सहजकर्ता (कर्मचारी) कार्यरत रहेका छन् ।

कार्यक्रम कार्यान्वयनका लागि प्रदेशमा पाँच सदस्यीय केन्द्रीय निर्देशक समिति रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव संयोजक रहने गरी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य, सामाजिक विकास मन्त्रालयका सचिव सदस्य, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव सदस्य र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका उप-सचिव वा अधिकृतस्तर नवौँ/दशौँ सदस्य-सचिव रहने कार्यविधिमा व्यवस्था छ ।

त्यस्तै जिल्लामा जिल्ला समन्वय समितिको प्रमुख संयोजक रहने गरी ५ सदस्यीय समिति रहेको छ। जसको सदस्यमा जिल्ला समन्वय समिति उप-प्रमुख सदस्य, जिल्ला समन्वय अधिकारी सदस्य, को.ले.नि.का. प्रमुख कोष नियन्त्रक सदस्य, जिल्ला प्रशासन कार्यालयका अधिकृत सदस्य, कृषि ज्ञान केन्द्र अधिकृत सदस्य र जिल्ला समन्वय समितिका अधिकृत सदस्य-सचिव रहने व्यवस्था छ ।

त्यस्तै सबै स्थानीय तहमा प्रमुख/अध्यक्ष संयोजक रहने गरी ५ सदस्यीय एक कार्यक्रम सिफारिस समिति रहने प्रावधान अनुसार यस त्रिवेणी गाउँपालिकामा गाउँपालिका अध्यक्ष संयोजक र सदस्यहरुमा गाउँपालिका उपाध्यक्ष सदस्य, सम्बन्धित स्थानीय तहका समाजसेवी तथा शिक्षाविद् मध्ये मुख्यमन्त्रीबाट तोकिएका १ महिलासहित २ जना सदस्य र सम्बन्धित स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव तथा सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने सबै माननीय प्रदेशसभा सदस्यहरु सल्लाहकारको रुपमा र कार्यक्रम सहजकर्तालाई सहजीकरणका लागि आमन्त्रित गर्नुपर्ने व्यवस्था कार्यविधिमा रहेको थियो ।



*मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमबाट सञ्चालित निःशुल्क कम्प्यूटर, ड्राइभिङ तथा पत्रकारिता तालिमको उद्घाटन कार्यक्रम*

रोल्पाको त्रिवेणी गाउँपालिकामा आर्थिक तथा सामाजिक रुपमा विपन्न समुदाय, घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, प्रविधि हस्तान्तरण, सीप विकास, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणका कार्यक्रममार्फत जीवनस्तर सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यका साथ गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच तथा सीप विकासका कार्यक्रममार्फत लक्षित वर्गको क्षमता वृद्धि तथा सशक्तीकरण, रोजगारी, स्वरोजगारी तथा आयआर्जनका क्रियाकलापहरुमा जोड दिँदै लक्षित वर्ग, स्थानीय तह र गैरसरकारी संस्थासँगको सहकार्यमा सहभागितामूलक विधिहरु अपनाई कार्यक्रमहरु सञ्चालन गर्ने रणनीति अनुसार यो कार्यक्रम सञ्चालन भएको हो ।

यस गाउँपालिकामा हालसम्म रु. १ करोड ७ लाख ५३ हजार ८७ खर्च गरी गरिबीबाट प्रभावित घर परिवार, असहाय, जेष्ठ नागरिक, एकल महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिका घरपरिवार, दलित, पिछडिएका समुदाय तथा सुरक्षित बसोबास नभएका परिवार, कुनै प्रकोप तथा घटनाबाट घरबारविहीन भएका परिवार, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु र रोजगारी गुमेका व्यक्ति तथा घरपरिवारलगायत लक्षित समूहहरु रहेका थिए ।

यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य तथा क्षमता विकासका कार्यक्रम, रोजगारी तथा स्वरोजगारी सृजना तथा आयआर्जन अभिवृद्धिका कार्यक्रम निःशुल्क स्वास्थ्य, निःशुल्क विमा, कृषि तथा पशुपालनसम्बन्धी कार्यक्रमहरु घरेलु उद्योग सञ्चालनसम्बन्धी कार्यक्रमहरु सीप सिकेका व्यक्तिहरुलाई उद्यमशीलता तालिम कार्यक्रम आयआर्जनसम्बन्धी अन्य कार्यक्रमहरु राहत, पुनर्स्थापना, सामाजिक संरक्षणसम्बन्धी कार्यक्रमहरु खानेपानीको मुहान संरक्षणसम्बन्धी कार्यक्रमहरु, पोषण तथा खाद्य सुरक्षा र अन्य कार्यक्रमहरु विपन्न किसानहरुलाई बीउबीजन, मल, कृषि सामग्रीमा सघाउने फलफूल, तरकारी तथा पशुपालनसम्बन्धी कार्यक्रमहरु पोषणयुक्त खाद्यान्न भण्डारण तथा वितरणसम्बन्धी कार्यक्रमहरु समेत सञ्चालन भएका थिए ।



*मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमबाट श्री जनजागृति मा.वि. जुगारको भवनको छानो फेरिएको भवन*

आ.व. २०७६/०७७ मा लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको लागि यस त्रिवेणी गाउँपालिकामा अख्तियारी प्राप्त रु. ५२ लाखको कार्यक्रम तथा योजना सबै सम्पन्न भए तापनि आ.व. २०७६/०७७ मा सञ्चालन भएका कार्यक्रम तथा योजनाहरु मध्ये विशेष गरी विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कहरमा कोरोना नियन्त्रणका लागि क्वारेन्टिन व्यवस्थापन, सामग्री खरिद, ढुवानी तथा वितरण जस्ता शीर्षकमा बजेट विनियोजनसहित स्वीकृत गरी खर्च गर्दा गाउँपालिकाभरि करिब २५ हजार जनसंख्यालाई कोभिड महामारी नियन्त्रणमा सहयोग पुग्यो । गाउँपालिकाका विभिन्न वडा, टोल तथा बस्तीहरुमा खानेपानीको पुराना रैथाने मूलहरु संरक्षण नहुँदा मुहान सुक्न सक्ने र स्थानीयबासीमा खानेपानीको समस्या हुने

हुँदा समस्यालाई समाधान गर्न बजेट विनियोजनसहित स्वीकृत गरी खर्च गर्दा गाउँपालिकाका विभिन्न वडा, टोल तथा बस्तीहरुका करिब १५ हजार जनसंख्या खानेपानी मुहान संरक्षण भई खानेपानीबाट लाभान्वित भए । त्यस्तै शिक्षामा विद्यालयको फिल्ड निर्माण, विद्यालय मर्मत तथा विद्यालयमा तारबारलगायतमा बजेट विनियोजनसहित स्वीकृत गरी खर्च गर्दा गाउँपालिकाका करिब २ हजार ५ सय बालबालिकाहरु लाभान्वित भए ।

लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आ.व. २०७७/०७८ मा आर्थिक तथा सामाजिक रुपमा विपन्न घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, प्रविधि हस्तान्तरण, सीप विकास, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणका कार्यक्रममार्फत जीवनस्तर सुधार गरी गरिवी निवारण गर्ने उद्देश्य राखी मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई थप परिमार्जनसहित मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन भएको हो । कार्यक्रम सञ्चालनको लागि यस त्रिवेणी गाउँपालिकामा अख्तियारी प्राप्त रु. ६० लाखको कार्यक्रम तथा योजनाहरु समयमै सबै सम्पन्न भए । जसले शिक्षा क्षेत्रमा विद्यालयमा छानो तथा कक्षाकोठा मर्मत, घेराबारलगायत युवाहरुका लागि क्षमता विकास तालिमहरु जस्तै ड्राइभिङ तालिम, कम्प्यूटर तथा पत्रकारिता तालिम सञ्चालनबाट गाउँपालिकामा करिब ८० जना युवाहरु सहभागी भएका थिए । त्यसैगरी यस गाउँपालिकाको वडा नं. २ मा आगलागी तथा चट्याङ पीडितहरुका लागि राहत सहयोग (खानेपानी प्रणाली पुनःस्थापना) गर्न सोलार पम्प खरिद गरी आगलागीबाट क्षति भएको स्थानमा खानेपानी सुचारु गरिएको छ । गाउँपालिकामा कृषक, कृषक समूह तथा सहकारी लगायत किसानहरुका लागि ५०% अनुदानमा बेसार, दाँते ओखर, कागती, सुन्तला, टिमुरका बिरुवा खरिद वितरण, तरकारी हाटबजारका लागि क्यारेट खरिद तथा वितरण (५० प्रतिशत अनुदान) गरिएको छ । साथै किसानहरुलाई निःशुल्क रुपमा बीउबिजन सुरक्षित गर्न पि.आइ.सि.एस. झोला वितरणसमेत गरिएको छ । गाउँपालिकामा महिलाहरुबाट सञ्चालनमा रहेका २ उद्योगहरु रोल्पाली त्रिवेणी ढाका कपडा उद्योग स्तरोन्नति त्रिवेणी-७ र मिलनशील कपडा उद्योग त्रिवेणी-१, जेल्बाङ करेटीको लागि आवश्यक कच्चा पदार्थ खरिद तथा नियमित सञ्चालनका लागि बजेट विनियोजन गरिएको थियो जुन उद्योगहरु हाल पनि सञ्चालनमा छन् । त्यस्तै अतिविपन्न घर परिवारकाहरुका लागि स्वास्थ्य बीमा कार्यक्रम, गाउँपालिकामा बर्थिङ सेन्टर सुदृढिकरणका लागि पनि बजेट विनियोजन गरिएको थियो । गाउँपालिकाका गत आ.व. मा नसमेटिएका अरु खानेपानी मर्मत तथा मुहान संरक्षण जस्ता कामसमेत सम्पन्न भएका छन् । यसरी समग्रमा मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमबाट यस त्रिवेणी गाउँपालिकामा सन्तोषजनक रुपमा सम्पन्न भएको छ ।

## सुनौलो हजार दिनका बालबालिकाहरुको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम

नेपालका ५ वर्षमुनिका बालबालिकाहरु पुड्कोपन, ख्याउटेपन तथा यस्तै अन्य समस्याबाट पीडित छन् । प्रजनन उमेरका महिलाहरु रक्तअल्पता तथा दीर्घशक्तिको कमीबाट ग्रसित छन् । यो स्थिति विभिन्न भौगोलिक क्षेत्र तथा वर्गहरुमा भिन्न-भिन्न रहेको छ । कुपोषणलाई स्वास्थ्य क्षेत्रको एकल प्रयासले मात्र समाधान गर्न सम्भव हुँदैन भन्ने कुरा विभिन्न अध्ययनहरुले पुष्टि गरेको र सोही अनुसार बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी देशभरि कार्यान्वयनमा ल्याइएको छ । यस योजनाले स्वास्थ्य तथा पोषण सम्बन्धी दिगो विकासका लक्ष्यहरु हासिल गर्न महत्वपूर्ण योगदान गर्दछ । पोषणको दृष्टिकोणले गर्भावस्थादेखि दुई वर्षको अवधि धेरै महत्वपूर्ण हुन्छ, जसलाई सुनौलो हजार दिन भनिन्छ । यो अवधिमा गर्भवती आमा र बच्चा जन्मिएपछि सुत्केरी आमा र बच्चालाई खुवाइने खानेकुरा एवम् स्याहार-सुसारले बच्चाको समग्र वृद्धि र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

त्यसैले शिशु तथा बाल्यकालिन पोषणमा स्तनपान, पुरक खाना, स्याहार-सुसारसम्बन्धी बानी व्यवहार, सरसफाइ, स्वच्छता, खाद्य सुरक्षा, संक्रमणको अवस्थामा समुचित उपचारजस्ता विषयहरुलाई एकीकृत रुपमा सम्बोधन हुनेगरी कार्यक्रम सञ्चालन गर्नका लागि बहुक्षेत्रीय पोषण योजना संघ, प्रदेश तथा स्थानीय तहबाट



पोषण सुधारका लागि उन्नत जातका तरकारीको बीउ वितरण



सुनौलो हजार दिनका परिवारलाई करेसाबारीसम्बन्धी एक दिने तालिम

स्वास्थ्य लगायत अन्य विषयगत क्षेत्रहरु : कृषि विकास, पशुपंक्षी विकास, खानेपानी तथा सरसफाइ, शिक्षा, महिला बालबालिका तथा समाज कल्याण र पोषणको क्षेत्रमा कार्यक्रम निर्धारण गरिएको छ। यस त्रिवेणी गाउँपालिकामा बहुक्षेत्रीय पोषण योजनाका लागि हालसम्म रु. ९१,०५,७५०।- (अक्षरुपी एकानब्बे लाख पाँच हजार सात सय पचास मात्र) बजेट प्राप्त भएकोमा बुहक्षेत्रीय पोषण योजना अन्तरगतका कृषि, पशुपंक्षी, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र स्थानीय सुशासनका क्षेत्रमा कार्यक्रम तुर्जमा गरी कार्यान्वयन गरिएको छ।

बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत लक्षित वर्गको घरपरिवारमा करेसाबारी निर्माण, पोषणयुक्त खाद्यान्न उत्पादन, परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहारको तयारी बारे जानकारी वृद्धि गर्ने कार्यक्रम, उन्नत बीउ प्रवर्द्धन, साना सिंचाइका कार्यक्रम सञ्चालन, पोषणयुक्त खाद्यवस्तु उत्पादन, उपभोग र उपयोगिताबारे प्रचार-प्रसार, खानाका परिकार बनाउने तथा पोषिलो खानाका परिकारको प्रदर्शनी, मातृ तथा बालबालिकालाई पोषिलो पशुजन्य स्रोतको उपभोग, सुनौलो हजार दिनका परिवारलाई प्रोत्साहनको लागि अण्डा, घिउ तथा पोषिलो खानपिन वितरण कार्य गरिएको छ। त्यसैगरी विद्यालयमा रहेका बालक्लबलाई जीवनोपयोगी शीर र पोष विषयमा अभिमुखीकरण, विद्यालय दिवा खाजामा आइरनयुक्त आहार सुनिश्चित गर्ने, घर तथा विद्यालयमा करेसाबारीको प्रवर्द्धन गर्ने, विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रमा पोषण कर्नर, हात धुने स्थानको शौचालय तथा खानेपानीको सुनिश्चितता गर्ने, विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था, विद्यालयमा शौचालय, स्वस्थ, पिउने पानी, साबुन पानीले हात धुने र महिनावारी भएका बालिकालाई सरसफाइका सुविधाको व्यवस्था, समुदायस्तरमा प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी तथा अन्य जीवनोपयोगी सीप र लैंगिक समता सम्बन्धी तालिमको व्यवस्था गाउँपालिकाबाट गरिएको छ।



पशु सेवा शाखाद्वारा सञ्चालित स्थलगत घुम्ती शिविर



पशु सेवा शाखाद्वारा वितरण गरिएका मिल्क क्यान

# बालश्रममुक्त त्रिवेणी गाउँपालिका : विगत, वर्तमान र अबको गन्तव्य




बालश्रमले सम्बन्धित बाललबालिकाको बालापन खोस्ने तथा अन्तर्निहित सम्भावनाहरुलाई समाप्त पार्ने भएको हुँदा यो समग्र मानव विकासको बाधकको रुपमासमेत रहेको हुन्छ । सोही तथ्यलाई मध्यनजर गरी बालश्रमलाई बाल अधिकार हननूको मुख्य कारक तत्वको रुपमा लिँदै नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक अधिकार अन्तर्गत राखिएको छ र बालबालिकालाई जोखिमयुक्त काममा लगाउन नपाइने संवैधानिक व्यवस्था गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा ६ मा बालबालिकामाथि आर्थिक शोषण तथा उनीहरुको सर्वाङ्गीण विकासमा असर पर्ने गरी तथा उपदफा ९ मा १४ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण तथा घरेलु काममा लगाउन रोक लगाइएको छ । त्यस्तै बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा १४ वर्षमुनिका बालबालिकालाई कुनै पनि श्रममा लगाउन नपाइने साथै १८ वर्ष पूरा नगरेका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाउने व्यवस्था गरिएको छ । श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाउने व्यवस्था गरिएको छ । बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना, २०७५-२०८५ मा वि.सं. २०७९ सम्म निकृष्ट तथा शोषणयुक्त बालश्रम र वि.स. २०८२ सम्म सबै प्रकारका बालश्रम अन्त्य गर्ने उद्देश्य राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा स्थानीय सरकारलाई बालश्रम निरुत्साहित गर्दै बालमैत्री शासन अवलम्बन गर्ने जिम्मेवारी दिइएको छ ।

यसै सन्दर्भमा संघीय शासन व्यवस्था कार्यान्वयनसँगै यस त्रिवेणी गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरु बहाल भएपछि सामाजिक, आर्थिक विकास, पूर्वाधार विकास तथा संस्थागत विकासको क्षेत्रमा कम्तिमा एक/एक गौरवका आयोजना छनौट गरी योजनावद्ध रुपमा पालिकाको विकास अगाडि बढाउने बहस र तयारी गाउँ कार्यपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुबीच चलिरहँदा सामाजिक विकासतर्फ बालश्रम न्यूनीकरण तथा निवारण कार्यक्रम सञ्चालन गर्ने विषयले प्राथमिकता पायो । तर उक्त कार्यक्रम सञ्चालनको लागि चाहिने आवश्यक बजेट, जनशक्ति र प्राविधिक सहयोगको सुनिश्चितता नहुँदा कार्यक्रमले ठोस गति लिन अवस्थामा सेभ द चिल्ड्रेनको आर्थिक तथा प्राविधिक सहयोगमा मानव अधिकार सचेतन केन्द्र (हुरेक) रोल्पाबाट बालबालिकाको क्षेत्रमा विभिन्न परियोजनाहरु मार्फत कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकासँग सम्झौता भएपछि आ.व. २०७४/०७५

देखि बालश्रम न्यूनीकरण तथा निवारणसम्बन्धी कार्यक्रमहरुको औपचारिक रुपमा प्रारम्भ भयो । तत्पश्चात सेभ द चिल्ड्रेन तथा हुरेक रोल्पासँगको सहकार्यमा गाउँपालिकाको दीर्घकालीन लक्ष्य समृद्ध गाउँपालिकाः सुखी जनताका मुख्य आधारस्तम्भ, वर्तमानका साझेदार एवं भविष्यका कर्णधारका रुपमा रहेका बालबालिकालाई सुयोग्य र सक्षम नागरिकको रुपमा विकास गर्न बाल संरक्षण, शैक्षिक विकास तथा विपन्न परिवारको वैकल्पिक आयआर्जनमा सुधार ल्याउन प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रमहरु तीव्रताका साथ अघि बढाइयो । शुरुमा दिनहरुमा केही कठिन भए तापनि विस्तारै उक्त कार्यक्रममा सरोकारवालाहरुको व्यापक रुपमा सहभागिता र सहयोग प्राप्त हुन थाल्यो ।




*वडा नं. १ लाई बालश्रममुक्त वडा घोषणा गर्न आयोजित कार्यक्रममा घोषणा ब्यानरमा हस्ताक्षर गर्दै प्रमुख प्रशासकीय अधिकृत*

गाउँपालिकाको यस महत्वाकांक्षी अभियानलाई कार्यान्वयन गर्ने क्रममा सबै बालबालिकाहरुको कम्तिमा आधारभूत तहसम्मको गुणस्तरीय शिक्षामा पहुँच भई बालश्रममुक्त त्रिवेणी गाउँपालिका घोषणा हुनेछ साथै बाल अधिकारको सुनिश्चितता भई बालमैत्री गाउँपालिकाको रुपमा विकास हुनेछ भनी लक्ष्य निर्धारण गरिएको त्रिवेणी गाउँपालिकाको बालश्रम निवारणसम्बन्धी रणनीतिक योजना, २०७५/०७६-२०७७/०७८ लाई गाउँ कार्यपालिकाबाट पारित गरी कार्यान्वयनमा ल्याइयो । सोही रणनीतिक योजनामा उल्लेख गरिएका बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता सुनिश्चिताको लागि तोकिएका क्रियाकलापहरुलाई हासिल गर्न गाउँपालिका, वडा कार्यालयबाट आवश्यक नीतिगत, संरचनागत, प्रक्रियागत तथा कार्यगत कार्यहरु अगाडि बढाइयो । गाउँपालिकाको समन्वय र सेभ द चिल्ड्रेनको आर्थिक तथा प्राविधिक सहयोगमा मानव अधिकार सचेतन केन्द्र (हुरेक) रोल्पाबाट यस त्रिवेणी गाउँपालिकामा जन्मिएका सबै बालबालिकाको जन्मदर्ता गर्ने, बालश्रम निवारणको क्षेत्रमा क्रियाशील सरोकारवालाहरूको सूचीकरण गर्ने, बालश्रम निवारणसँग सम्बन्धित सरोकारवालाहरु (नाइकेहरु समेत) को बालश्रम नगराउने प्रतिवद्धता गराउनुका साथै बालश्रम निवारणको लागि अभिमुखीकरण, नमुना क्षेत्र भ्रमण, नाटक मञ्चन, बादविवाद, वक्तृत्वकला, लोकगीत प्रतियोगिता जस्ता चेतनामूलक कार्यक्रम तथा मनोपरामर्श तथा असल अभिभावकत्व सम्बन्धी तालिमहरु सातवटै वडामा अभियानका रुपमा सञ्चालन गरियो । बालश्रमको जोखिममा रहेका बालबालिकाका अभिभावकहरुकालागिवैकल्पिकआयआर्जनतर्फबंगुरपालन, बाखापालन, कुखुरापालनलगायतका आयमूलक कार्यक्रमहरु सञ्चालनमा ल्याइनुका साथै पढाइ नियमित नभएका (१५ देखि १८ वर्षसम्मका) बालबालिकाका लागि हाउस वायरिङ्ग, ब्यूटिपार्लर, हेअर कटिङ्ग, फर्निचर जस्ता सीपमूलक तालिमहरु सञ्चालन गरियो ।



वडा नं. २ लाई बालश्रममुक्त वडा घोषणा गर्न आयोजित कार्यक्रमको उद्घाटन समारोह

त्यसैगरी बालक्लब गठन सहजीकरण निर्देशिका, २०७५ पारित गरी बालक्लब तथा वडास्तरीय बालक्लब सञ्जालको गठन गरियो भने गाउँपालिकाको

बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०७६ बमोजिम गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा स्थानीय बाल अधिकार समिति र वडामा वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा वडा बालअधिकार समिति गठन गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याइयो । बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्नसक्ने जोखिम रहेका बालबालिकाको उद्धार, पुनःस्थापना तथा पुनर्मिलन, बाल अक्षय कोष स्थापना गरी बालश्रमबाट फर्किएका बालबालिका तथा बालश्रमको जोखिममा रहेका बालबालिकाहरुलाई शैक्षिक सहायता, शैक्षिकस्तर कमजोर रहेका बालबालिकाको लागि विद्यालयबाट उपचारात्मक कार्यक्रमहरु सञ्चालन गर्नुका साथै वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक र बालक्लबहरुलाई परिचालन गरी घरदैलो अभियान सञ्चालन गरी विद्यालय भर्ना कार्यक्रम सञ्चालन गर्ने गरिएकोले विद्यालय जाने उमेरका बालबालिकाको विद्यालय भर्ना दर सबै विद्यालयमा बढ्दै जानुका साथै यसबाट विद्यालय भर्ना भएका बालबालिकाको विद्यालय छोड्ने दर घट्दै गई अपेक्षित सकारात्मक उपलब्धिहरु हासिल हुन थाले ।




*वडा नं. ३ लाई बालश्रममुक्त वडा घोषणा गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका उपाध्यक्ष*

कोभिड महामारी तथा अन्य प्राविधिक कारण सेभ द चिल्ड्रेनले गाउँपालिकामा सञ्चालित परियोजना समापन गर्ने भएपछि पुनः सबै क्रियाकलापहरु गाउँपालिका आफैले सञ्चालन गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना भयो भने जनशक्ति र बजेटको अभावमा कार्यक्रम केही सुस्तायो । तर सिङ्गो राष्ट्रलाई बालश्रममुक्त बनाउन संघीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०७७/०८/२३ मा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ लाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुका साथै गत आर्थिक वर्ष २०७७/०७८ को अन्त्यतिर बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि केही रकमसहित यस गाउँपालिकालाई छनौट गरेपश्चात गाउँपालिकाको बालश्रम निवारण तथा न्यूनीकरण सम्बन्धी कार्यक्रमहरू बालश्रममुक्त स्थानीय तह घोषणा हुने दिशामा लक्ष्योन्मुख भए ।




*वडा नं. ४ लाई बालश्रममुक्त वडा घोषणा गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष*

सेभ द चिल्ड्रेन तथा हुरेक रोल्पाद्वारा वि.स. २०७४ मा सञ्चालन गरिएको बेस लाइन सर्भेमा यस गाउँपालिकामा २२८ जना बालबालिकाहरु बालश्रममा रहेको देखिएकोमा गाउँपालिका, वडा कार्यालय, सेच द चिल्ड्रेन तथा हुरेक रोल्पाबाट सञ्चालन गरिएका बालश्रम निवारण सम्बन्धी प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रमहरुको सफलताका कारण वि.स. २०७८ को असारमा गरिएको बालबालिकाको घरधुरी सर्भेक्षणको तथ्याङ्कबाट कुल ९,०८७ बालबालिकाहरु मध्ये बालश्रममा रहेका बालबालिकाको संख्या १६ जना रहेको देखिएको थियो । जसमध्ये थप ७ जना बालबालिकालाई बालश्रमबाट उद्धार गरिसकिएको छ भने बाँकी बालबालिकालाई पनि उद्धार तथा पुनःस्थापना गर्ने कार्य भइरहेको छ ।

बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को परिच्छेद ३ मा उल्लेख गरिएका सूचकहरुको बाँकी लक्ष्यलाई पूरा गर्न कार्ययोजना बनाई



*वडा नं. ५ लाई बालश्रममुक्त घोषणा गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख प्रशासकीय अधिकृत*

गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तहको रुपमा घोषणाका लागि आवश्यक समन्वय गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय समन्वय समिति गठन गरी लक्षित कार्यक्रमहरुलाई सघनरुपमा अगाडि बढाइयो। यसरी बालश्रममुक्त स्थानीय तह घोषणाको स्थानीय समन्वय समितिको अनुगमन तथा सिफारिसम गाउँ कार्यपालिकाबाट निर्णय गरी वडाहरुमा औपचारिक घोषणा समारोह आयोजना गरी मंसिर महिनामा बालश्रम मुक्त वडा घोषणा सम्पन्न गरियो भने गाउँसभाको हिउँदे अधिवेशनको मिति २०७८/०९/२५ गतेको निर्णयानुसार मिति २०७८/०९/२९ गतेमा औपचारिक समारोहको आयोजना गरी गाउँपालिकालाई बालश्रम मुक्त स्थानीय तह घोषणा गरिएको छ।



*वडा नं. ६ लाई बालश्रममुक्त घोषणा गर्न आयोजित कार्यक्रममा उपस्थित अतिथिहरु*

बालश्रम मुक्त वडा घोषणा गर्ने यो अभियानलाई सफलतामा पुऱ्याउन गाउँपालिकाको एक्लो प्रयासले मात्र सम्भव थिएन। यस कार्यलाई सफल बनाउन अहोरात्र



*वडा नं. ७ लाई बालश्रममुक्त वडा घोषणा गर्दै गाउँपालिका अध्यक्ष*

खट्ने वडाका जनप्रतिनिधि, वडा कार्यालयका कर्मचारी, विद्यालय, शिक्षक, प्रहरी प्रशासन, बालक्लबहरु, क्रियाशील व्यक्तित्व एवं संघसंस्था, स्वयं बालबालिका लगायत सम्पूर्ण वडाबासीहरुको उल्लेखनीय साथ र सहकार्य रहेको छ। समग्रमा त्रिवेणी गाउँपालिका तथा हुरेक नेपाल, रोल्पाबाट बाल सरोकारका विषयमा प्रत्यक्ष एवं परोक्ष सहयोग, समन्वय र निरन्तरको अनुगमनबाट यस अभियानले सार्थक सफलता हाँसिल गर्न सकेको हो। गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तह घोषणाको यो अवस्थासम्म ल्याउन आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा प्राप्त उपलब्धिहरुको रक्षा तथा दिगोपनाको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्दै गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्यका साथ गाउँपालिका अगाडि बढेको छ। यस अभियानमा गाउँपालिकाले सबै सरोकारवाला निकायहरु तथा त्रिवेणीबासीबाट निरन्तर सहयोग, समन्वय तथा सहकार्यको अपेक्षा गरेको छ।



*त्रिवेणी गाउँपालिकालाई बालश्रममुक्त स्थानीय तह घोषणा गर्न आयोजित समारोहलाई सम्बोधन गर्दै जिल्ला समन्वय प्रमुख श्री राजबहादुर बुढा*

# वडाका ४ वर्ष



**देउराम घर्ती मगर**
वडा अध्यक्ष
त्रिवेणी गाउँपालिका- १, रोल्पा

यस त्रिवेणी गाउँपालिका वडा नं. १ करेटी राज्य पुनर्संरचनापछि साविक करेटी गा.वि.स. लाई वडा नं. १ को रुपमा स्थापना गरिएको हो। यस वडा गाउँपालिका को केन्द्र जुगारदेखि अलि विकट तथा टाढा रहेको छ। भौगोलिक अवस्था विकट भएको यस वडामा जन प्रतिनिधिको रुपमा आएसँगै ४ वर्षमा भएका गतिविधिको बारेमा विकासमा त्रिवेणीका पाइलाहरु नामक पुस्तकमा यस वडामा विगत ४ वर्षमा भएका गतिविधिहरुको बारेमा प्रकाशन गर्न लागेकोमा अत्यन्त खुशी लागेको छ। यस वडामा विगत लामो समयसम्म जनप्रतिनिधि नभएको अवस्थामा यहाँको विकासका विभिन्न क्षेत्रमा खासै प्रगति नभए पनि २०७२ को नयाँ संविधानसँगै स्थानीय तहको निर्वाचन २०७४ अनुसार यस वडामा प्रतिनिधिको टिम आएदेखि नै यहाँको आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन, सेवा प्रवाह, वातावरण तथा विपद् व्यवस्थापनसँग सम्बन्धित समग्र गतिविधिहरु सञ्चालन तथा समावेश गर्ने योजनाका साथ नीति कार्यक्रम तथा बजेट विनियोजन गरी यस वडामा आ.व. २०७४/०७५ देखि आ.व. २०७७/०७८ सम्ममा विकासका क्रियाकलापहरु सञ्चालन भएका छन्।

यस वडाका साविक ९ वटा वडामा पूर्वाधार विकास, शैक्षिक विकास, स्वास्थ्य तथा सरसफाइ, ऊर्जा, खानेपानी, सिंचाइलगायत अन्य विकासहरु भएका छन्। यस वडाको महत्वपूर्ण करेटी-माडी सडक माडी र सिबाङ दोभानसम्म जोडिएर यहाँबाट सिधै दाङसम्म जोडिएको छ। साथै तुक्ला सिबाङ धारासम्मको त्रिवेणी गाउँपालिका अन्तर्गतको बाहिरी चक्रपथको सडक निर्माण भएर यस वडा यातायातको क्षेत्रमा जोडिएको छ र यस वडाका सम्पूर्ण विद्यालयहरु सडकको पहुँचमा रहेका छन्। शिक्षा क्षेत्रअन्तर्गत भौतिक पूर्वाधारमा करिब ४ वटा पक्की विद्यालय भवन र ५ वटा नयाँ शौचालयको निर्माण भएका छन् भने पुराना विद्यालय भवनहरुमा जस्तापाता फेर्ने र प्लाष्टर गर्ने र प्रत्येक विद्यालयमा फर्निचर व्यवस्थापन र खेल मैदानहरु समेत निर्माण सम्पन्न भएका छन्। बालविकासका विद्यार्थीहरुका लागि सिकाइ सामग्री खरिद वितरण तथा बालमैत्री व्यवस्थापनको लागि पि-फम र कार्पेटको व्यवस्थापन गरी बसाइँ व्यवस्थापनमा सहजता भएको र निजी स्रोतबाट सञ्चालित मा.वि. तथा आ.वि. हरुमा शिक्षण स्वयंसेवकको व्यवस्थापन गरी पठनपाठनमा सहजता ल्याइएको छ। खानेपानी क्षेत्रमा दर्जनौं खानेपानीका नयाँ योजना निर्माण भए भने पुराना खानेपानीका योजनाहरु मर्मत गरी खानेपानीमासहजता ल्याएको छ भने सोलार पम्पिङमार्फत सञ्चालित योजनाहरुमा यारी र करेटीमा भएका पम्पहरुमा समस्या आएको हुँदा नयाँ मोटर फेर्ने काम भई खानेपानीको सहजता भएको छ। स्वास्थ्य चौकी करेटीबाट टाढा रहेका साविकका वडामा गाउँघर क्लिनिक स्थापना गरी स्वास्थ्य तथा खोप सेवा सहजरुपमा सञ्चालन भएका छन् भने यस वडाको तुक्लामा स्वास्थ्य भवन निर्माण भई गाउँपापलिकाबाट कर्मचारीको व्यवस्थापन गरी अन्य स्वास्थ्य सेवासमेत शुरु भएको छ। यस वडाका बस्तीहरुमा गाउँपालिका तथा विद्युत प्राधिकरणबाट विद्युत लाइन विस्तार भई केही घरधुरीहरुमा बत्ती बलेको र बाँकी बस्तीहरुका केही ठाउँमा लाइन विस्तार भई ट्रान्सफर्मर जडान भएपछि बत्ती बल्ने तयारी अवस्थामा रहेको छ। कृषि क्षेत्रमा प्रत्येक किसान तथा कृषक

समूहमा फलफूल खेतीअन्तर्गत सुन्तला तथा कागतीका बिरुवा वितरण तथा अनुदानमा माहुरीको घार र उन्नत बीउबिजन वितरण गरी कृषि उत्पादनमा वृद्धि भएको र आधुनिक कृषि औजार अन्तर्गत मिनिटिलर, दाना काट्ने मेशिन जस्ता उपकरण कृषकहरुलाई वितरण गरिएको छ। उन्नत जातका बङ्गुर, कुखुरा, बाख्रापालनको लागि पाठापाठी वितरण तथा खोर सुधार कार्यक्रम सञ्चालन भएका छन् भने पशु रोग निवारणको लागि वडाको विभिन्न स्थानमा पशु स्वास्थ्य शिविर सञ्चालन गरी पशुमा लाग्ने विभिन्न प्रकारका रोगहरुको नियन्त्रण भएको छ। सामाजिक विकास अन्तर्गत धुवाँमुक्त, छुवाछुतमुक्त, पूर्णखोपयुक्त वडा घोषणा जस्ता कार्यक्रमहरु सम्पन्न भई उक्त कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ। खेलकुद क्षेत्रमा खेलकुदको विकासको लागि वडास्तरमा भएका खेलाडीहरुको क्षमता विकासको लागि विभिन्न प्रकारका खेलकुद कार्यक्रमहरु सञ्चालन गरी गाउँपालिकास्तरको रनिङ शिल्डमा सहभागितासमेत गराइएको छ। महिला सशक्तीकरण अन्तर्गत वडामा भएका सम्पूर्ण आमा समूह र महिला समूहहरुलाई बैठक तथा अन्य क्रियाकलापहरु सञ्चालन गर्नको लागि आवश्यक सामग्रीहरु वितरण गरिएको साथै ४ वटा आमा समूहको भवन निर्माण कार्य सम्पन्न भएको तथा केही ठाउँहरुमा पहिले नै स्थापना भएकोले आमा समूह र महिला समूहको क्रियाकलापमा सहज भएको छ।

बालबालिकाको क्षेत्रमा बाल सहभागिता तथा बाल विकासको लागि ७ वटा बालक्लबहरु गठन भएको, बालविवाह तथा बालश्रममुक्त वडाको लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन तथा चेतनामूलक टि-सर्टसमेत वितरण गरिएको साथै हुरेक रोल्पाको साझेदारीमा यस वडाका जोखिममा परेका बालबालिकाहरुलाई शैक्षिक सामग्री, न्यानो ज्याकेट तथा ड्रेस वितरण, आर्थिक सहयोग र बालश्रममा भएका बालबालिकाहरुलाई घर फर्काई विभिन्न प्रकारका सीपमूलक तालिम दिई उनीहरुको आयआर्जनमा वृद्धि भएको छ। ज्येष्ठ नागरिक तथा अपाङ्ग, विधवा, दलित, ज्येष्ठ नागरिक, बालबालिका भत्ताको लागि बैङ्किङ प्रणाली लागु हुनुभन्दा पहिले घर-घरमा गई सामाजिक सुरक्षा भत्ता वितरण र ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गरी सम्मान गरिनुका साथै ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण कार्यक्रमहरु समेत वडाबाटै सञ्चालन गरिएको छ। सुशासन तथा संस्थागत अन्तर्गत वडा कार्यालयमा आवश्यक फर्निचर व्यवस्थापन सामग्रीहरु खरिद तथा कार्यालय मर्मत गरी सेवा प्रवाहमा सहजता भएको तथा दैनिक सेवा प्रवाहलाई जनताको माग अनुसार हुनेगरी सञ्चालन गरिरहेको अवस्था छ।

मोटर बाटो निर्माण कार्य गर्दा समुदायका कृषि उत्पादन हुने जग्गा जमिन हुँदा केही निर्माण कार्यमा समस्या भएको, विद्युत लाइन विस्तार कार्यक्रममा जनश्रमदान धेरै भई उपभोक्ताहरुले बढी समयसम्म श्रमदानमा खट्नु परेको, कृषि तथा पशुपन्छी पालनमा कृषिको लागि माटो परीक्षण जस्ता कार्यक्रमहरु सञ्चालन हुन नसक्नु र पशु स्वास्थ्य शिविर कार्यक्रमहरुमा यस वडाको भौगलिक अवस्था नमिलेको कारण कृषकहरुले सेवा ल्याउन नसक्नु, कोभिड महामारीका कारण केही योजना तथा कार्यक्रमहरु हुन नसक्नु, कर्मचारीहरुको सरुवा हुँदा कामकाजमा समेत समस्या भएको र यस वडाका केही बस्तीहरुमा विद्युत लाइन विस्तार भएकोमा आधा गाउँमा मात्र बत्ती बलेको आधा गाउँमा नबलेको, ठेकेदारमार्फत विद्युत लाइन विस्तारको लागि टेन्डर भए तापनि सम्पूर्ण बस्तीमा विद्युत लाइन विस्तार हुन नसक्नु, मोटर बाटोको स्तरोन्नति हुन नसक्नु मुख्य चुनौतीहरु रहेका छन्।

अन्त्यमा यस वडामा ४ वर्षको अवधिमा विकास निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण वडा सदस्यज्यूहरु, कर्मचारीज्यू, वडामा क्रियाशील राजनीतिक दलहरु, शिक्षकज्यूहरु, बुद्धिजीवीहरु, युवालगायत सम्पूर्ण वडाबासीहरुलाई आभार प्रकट गर्दछु।

❑



**कविराज बुढा**
वडा अध्यक्ष
त्रिवेणी गाउँपालिका- २, रोल्पा

हामी निर्वाचित भएको ४ वर्ष पुगेर पनि ५ औं वर्षमा छौं। यस दौरानमा शुरुमा हामीले त्रिवेणी गाउँपालिका वडा नं. २ मा निर्वाचित भएर आउँदा हामी बस्ने वडा कार्यालय भवनमै समस्या थियो। कर्मचारी जनशक्ति निकै कम थियो। त्रिवेणी २ मा हामीले फुसको छानो विस्थापन गर्न आ.व. २०७७/०७८ मा ४८ घरधुरी तथा चालु आ.व. मा ५० वटा फुसको छानो विस्थापन गर्ने कार्य सुरु भएको छ। कृषि पकेट जोनको रुपमा रहेको यस वडामा कृषि प्राविधिक कमी थियो। हामीहरु आइसकेपछि हामीहरुलाई आवश्यक पर्ने ऐन, निमय र कानूनहरु निर्माण गर्‍यौं र सँगसँगै हामीले कर्मचारी जनशक्तिको व्यवस्थापनको काममा पनि लाग्यौं। त्यसपछि हाम्रा कामहरु धेरै छन्, हाम्रो समयावधि पाँच वर्ष मात्रै छ । यसर्थमा हामीले केही प्राथमिकताहरु तोक्नुपर्छ भन्ने सोंचका साथ हामीले हाम्रा कामका प्राथमिकताहरु तोक्यौं र हामीले वडा कार्यालयको जग्गा प्राप्तिका काममा लाग्यौं। अहिले हामीले वडा कार्यालयको लागि ५ रोपनी जग्गा निःशुल्क प्राप्त गरेका छौं र हाल नयाँ वडा कार्यालय बनेको छ। साथै नुवागाउँ प्रहरी चौकीको लागि जग्गा ३ रोपनी जग्गा निःशुल्क प्राप्त गरेका छौं। प्राथमिकता तोक्ने सन्दर्भमा त्रिवेणी उज्यालो कार्यक्रम तथा चुनावी घोषणापत्रमा भनेका खानेपानी, शिक्षा, स्वास्थ्य, यातायातका कुराहरु पूरा गरेर चुनावी घोषणापत्रमा उल्लेख गरेका भन्दा धेरै कामहरु हामी जनप्रतिनिधि कर्मचारीहरुले गरेका छौं। जस्तै हामीले चुनावी घोषणापत्रमा उल्लेख नगरेका ठूलठूला आयोजनाहरु पनि यस अवधिमा पूरा गरेका छौं। झुम्लुङ झुलाबाङ खानेपानी, नुवागाउँ खानेपानी, भलाजुङ एक घर एक धारा, लुटडाँडा बेरमखोला सौर्य लिफ्टिङ खानेपानी योजना सम्पन्न गर्नुका साथै थप धानबाङ लोलेखोला, चौरपानी बर्तिबाङ, पिराले, द्वारपानी खानेपानी मर्मत गरेको छौं। साथै एक कल्भर्ट र एक ओटा झोलङ्गे पुल पनि निर्माण गरेको छौं। हामीले त्रिवेणी गाउँपालिका २ नं. वडा अधिकांश गाउँबस्तीमा त्रिवेणी उज्यालो कार्यक्रम अन्तर्गत कटौजे, ढोलीडाँडा, रिथाठाना, प्युरी, बर्तीबाङ, घोयलचौर झुम्लुङ, डिबाङखोला बाहेकका अरु सबै टोलबस्तीमा विद्युतको पहुँच विस्तार गरिएको र माथि उल्लेखित टोलहरुमा पनि कार्यकाल सकिँदासम्म विस्तार गरिसक्ने लक्ष्य रहेको छ। सडकको क्षेत्रमा त्रिवेणी गाउँपालिकाको वडा नं. २ का सबै टोल तथा गाउँबस्तीहरु नछुट्ने गरी विस्तार गरेका छौं। हामी आएपछि डाँडागाउँ, दहवन, रामपुर, प्युरी, बर्तीबाङ, चेत्रे, धानबाङ, लोलेखोला, डाफ्ला, हयाङ, ढोलीडाँडा, सारङ्गे, कोलबाङ, राइबाङ, झुलाबाङ, धनडाँडा, धागम, झुम्लुङ लगायतका गाउँबस्तीहरुमा सडक पुर्‍याएका छौं। साथै सहकारी सिम्पानी ह्याङ करेटी सडक स्तरोन्नति गरेका छौं।

शिक्षा क्षेत्रमा कुरा गर्दा हामी निर्वाचित भएर आएपछि हामीले २ वटा विद्यालयहरुलाई समायोजन गरेका छौं। धेरैजसो विद्यालयहरुमा अंग्रेजी माध्यममा पठनपाठन शुरु भएका छन्। विद्यालयको तारबार, फिल्ड निर्माण, बसाइँ व्यवस्थापन, बालमैत्री विद्यालय भवन निर्माण, दिवा खाजाको व्यवस्था, खेलकुदका लागि वडास्तरीय खेलकुद प्रतियोगिताको आयोजना गरेका छौं। हामीलाई सहकार्य गर्नका लागि गैरसरकारी संस्थाको रुपमा सेभ द चिल्ड्रेन, कोरियाको सहयोगमा हुरेक नेपाल, रोल्पाको साझेदारी रह्यो। उनीहरुको सहयोग र साझेदारीमा त्रिवेणी गाउँपालिकामा हामीले शिक्षा तथा बालबालिकाका क्षेत्रमा धेरै कामहरु गरेका छौं। जस अन्तर्गत कक्षा ३ सम्म बसाइँ व्यवस्थापन, विद्यालय मर्मत, शौचालयलगायत भौतिक संरचना मर्मत,

विद्यालयका खानेपानी तथा आवश्यक पर्ने शैक्षिक क्रियाकलापहरुका काम गरेका छौं । त्रिवेणी गाउँपालिका २ नं. वडाले प्रत्येक माध्यमिक विद्यालयमा विद्यार्थीको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउनका लागि विद्यालय नर्सको व्यवस्था गरेका छ। गाउँपालिकाबाट, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका बजेटहरु थोरै मात्र भए तापनि हामीले त्यसलाई बढोत्तरी हुनेगरी काम गरेका छौं। शिव मा.वि. द्वारपानी र भगवती मा.वि. दहवनमा रु. १६/१६ लाखमा २ कोठे बनाउने भनिएका भवनहरु पनि परिमाण र गुणस्तर नघट्ने गरी हामीले ३ कोठे भवन निर्माण गरेका छौं । अरनिको मा.वि. मा ८ कोठे पक्की भवन, ९ कोठे छात्राबास तथा ८ कोठे लामो भवनको मर्मत, शुक्र मा.वि. मा ५ कोठे पक्की भवन वाशसहितको शौचालय समेत, शुक्र मा.वि. मा बाल संग्रहालय बनेको छ । ४ वटै मा.वि. मा आइ.सि.टी., विज्ञान प्रयोगशाला, पुस्तकालय, विज्ञान प्रयोगशाला, कृषि ल्याब, अरनिको मा.वि. मा ६ वटा एल.इ.डी. टि.भी.- शुक्र मा.वि. १, शिव मा.वि. १, भगवती मा.वि. दहवन १, आ.वि. ह्याङमा १ दिइएको छ । ३ वटा विद्यायको फिल्ड निर्माण सम्पन्न भयो । साथै अनुदान तथा शिक्षण स्वयंसेवक जम्मा ११ जना तथा ४ जना विद्यालय नर्सको व्यवस्था गरिएको छ । अरनिको मा.वि. मा थप प्राविधिक शिक्षा आइ.एस्सी.एजी. को पढाइ सञ्चालन गरिएको छ। उपभोक्ता समिति सबैलाई पारदर्शी ढंगले काम गर्ने बनाएर त्रिवेणी २ को हरक्षेत्रको विकासलाई अलि जोडका साथ लिएका छौं। यही रफ्तारमा काम गर्ने हो भने शिक्षा, खानेपानी, सडक क्षेत्रको विकासलाई अबका ४/५ वर्षमा हामी धेरै अगाडि लग्न सक्छौं भन्ने आत्मविश्वास बढेको छ। त्यस्तै कृषिको क्षेत्रमा पनि हामीले त्यत्तिकै लगानी गरेका छौं । गाउँपालिकाबाट बाख्रा, बंगुरलगायत पशुजन्य उपज वितरणदेखि सीपमूलक तालिम साथै कृषि तथा पशु सेवाका प्राविधिकहरु प्रत्येक कृषकहरुलाई सहयोग तथा सचेत बनाउने उद्देश्यका साथ व्यवस्था गरेका छौं । स्वरोजगारका लागि अतिविपन्न नागरिकहरुलाई हामीले विभिन्न तालिम, अनुदानको व्यवस्था गरेका छौं भने रोजगारीको हक कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विभिन्न स्थानका बेरोजगार जनतालाई रोजगारी उपलब्ध गराएका छौं । सेभ द चिल्ड्रेनको सहयोगबाट पनि हामीले थुप्रै सीपमूलक तालिमहरु सञ्चालन गरेका छौं । गाउँपालिका, सेभ द चिल्ड्रेन तथा अन्य सबैको बजेटलाई एकीकृत गराएर त्रिवेणी गाउँपालिका २ नं. वडामा पछि परेको समुदाय, व्यक्तिहरुलाई माथि उठाउने हिसाबले काम गरेका छौं। उनीहरुका बालबालिकालाई पढाउन सहज होस् भनेर अभिभावकहरुलाई विभिन्न सीपमूलक तथा संरक्षणका कार्यक्रमहरु गरेका छौं । महिला, दलित, अपाङ्ग तथा अन्य समावेशी समूहका जनताको हितका लागि हामीले घुम्ती कोष तथा लक्षित वर्ग आयमूलक कोषको व्यवस्था गरेका छौं । बालबालिका अक्षय कोषमा हाम्रो गाउँपालिकामा अहिले झण्डै ३८ लाख रुपैयाँ रहेको छ, त्यसबाट हामीले विपन्न बालबालिका तथा कडा रोग लागेका बालबालिकाहरुलाई आर्थिक सहयोग गर्ने गरी परिचालन गरिरहेका छौं । यसरी हेर्दा शिक्षा, स्वास्थ्य, कृषिमा हामीले उल्लेखनीय काम गरेका छौं । उत्पादनको हिसाबले हेर्दा कृषिमा तरकारी बीउबिजन वितरणदेखि किसानहरुका तरकारीको बजारीकरणका लागि हलंगा (रु. १२ लाख), नुवागाउँ (रु. १८ लाख) र अन्य स्थानमा रु. १/१ लाख बजेटका हाटबजार टहरा निर्माण गरियो । उनीहरुको तरकारी तौलिनका लागि ढक तराजुको व्यवस्था गर्ने, त्यहाँको सहकारी, हाटबजार व्यवस्थापन समितिहरुलाई अझ जिम्मेवार बनाउने आदि काम हाम्रो तर्फबाट भएको छ। वर्षेनी तरकारी उत्पादन गरेर लाखौं रुपैयाँको तरकारी किसानहरुले अहिले बाहिर निर्यात गर्न सफल हुनुहुन्छ ।

त्यसको सँगसँगै हामीले स्वास्थ्य सेवाको क्षेत्रमा पनि त्यत्तिकै मेहनत गरेका छौं। हाम्रो प्रयत्नबाट हामीले नुवागाउँ स्वास्थ्य चौकीमा ल्याब सेवा सञ्चालन गरेका छौं। स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीको यथेष्ट व्यवस्था गरेका छौं। औषधि खरिदका गाउँपालिकाबाट पनि छुट्टै बजेटको व्यवस्था गरेका छौं । यो हिसाबले हामीले स्वास्थ्यमा पहलकदमी लिइरहेका छौं। बालबालिकाहरुलाई खोप लगाउने, गर्भवीत महिलालाई स्वास्थ्य संस्थामै

गएर बच्चा जन्माउनका लागि प्रत्येकलाई वडा कार्यालयबाट थप प्रोत्साहन सुविधाको व्यवस्था पनि गरेका छौँ । वडाभित्र कार्यरत रहेका मातृशिशु कार्यकर्तालाई पनि प्रोत्साहन गरेका छौँ । सञ्चारको क्षेत्रमा हामीबाट त्रिवेणी-२ ह्याङमा नेपाल टेलिकमको टावर राख्न पहल भयो । वडाभित्रको जुनसुकै स्थानबाट पनि बिरामीलाई स्वास्थ्य संस्था तथा अस्पतालसम्म पुऱ्याउनका लागि गाउँपालिकाले एम्बुलेन्सको व्यवस्था गरेको छ । दुर्गम ठाउँ होस् या गाउँपालिकाको केन्द्र होस्, सबैलाई एकरुपमा भाडा दरको व्यवस्था रहेको छ । यसरी हामीले आर्थिक, सामाजिक क्षेत्रमा पर्याप्त लगानी गरेका छौँ भने सुशासनको क्षेत्रमा पारदर्शिता कायम हुने गरी काम गरेका छौँ । हामीले वडा कार्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सबै विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरेका छौँ । अहिले नयाँ-नयाँ प्रविधिबाट कार्यालय सञ्चालन गरेका छौँ । जस्तै- कर संकलन सम्पूर्ण वडाबाट अनलाइनमार्फत गर्नेदेखि विभिन्न सूचना आदान-प्रदान समेत अनलाइनमार्फत नै हुने गर्दछन् । व्यक्तिगत घटना दर्ता पनि हामीले अनलाइनबाट गरिरहेका छौँ । यसरी हामीले सबै क्षेत्रलाई अगाडि लिएर गएका छौँ । यद्यपि हाम्रो प्राथमिकताको क्षेत्र भनेको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, तथा सामाजिक समावेशीकरण हो । त्यसले हामीले लगानी गरेका क्षेत्रहरुमा प्रतिफल हेर्दा अहिले सन्तोष महसुस गरेका छौँ । हामी आउनु अघि र हालको तस्वीरमा वडालाई विकासोन्मुख रहेको पाउँछौँ ।

कार्यकालको बीचमा हामीलाई विभिन्न संकटहरु पनि उत्पन्न हुन आए । कहिले कोभिड महामारी तथा कहिले आगलागी, बाढीपहिरो, बम बिस्फोटलगायतका विपद्का घटनाहरुले हामीलाई प्रभावित बनायो । विपद्को समयमा शीघ्र उद्धार तथा राहत सामग्री संकलन गरियो । यद्यपि हामी ती सबै कुराहरुको सामना गर्दै यहाँका जनताको समृद्धि, विकास, शान्तिका लागि अहोरात्र लाग्यौँ । त्यसको परिणाम पनि अहिले त्रिवेणीबासीहरुले सुखद रुपमा त्यसलाई ग्रहण गरिरहनुभएको छ । अब हामीले पाएको समयको हिसाबले त्यसमा हामीले असन्तुष्टै हुने खालको, निराश हुने खालको कार्य गरेका छौँ भन्ने हामीलाई लाग्दैन ।

चुनौतीहरु पनि हामीले व्यहोर्नु पऱ्यो । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारी पनि त्रिवेणी गाउँपालिका २ नं. वडाको विकासमा ठूलो बाधकको रुपमा रह्यो । आ.व. वर्ष २०७७/०७८ को वैशाखमा धैरै सामुदायिक वनहरु तथा ३२ घर पूर्णरुपमा आगलागी भयो । अन्य चट्याङ जस्ता विपद्का कुराहरु पनि समय-समयमा घट्ने भएको हुँदा त्यसले पनि विकासमा असर पुऱ्यायो । वडाको कार्य क्षेत्र ठूलो भएकाले केही केही क्षेत्रको कार्य सम्पन्न नभएकोमा अब आउने जनप्रतिनिधिले सम्पन्न गर्नुहुनेछ भन्ने मेरो विश्वास रहेको छ ।

अब आउने जनप्रतिनिधिले गर्न बाँकी रहेका कामहरु भौतिक संरचनाको मर्मत सुधार तथा स्तरोन्नति आदि हुन् । खानेपानी कतै छिटपुटको स्थानमा पूर्ति गर्ने र शिक्षाको क्षेत्रमा विद्यालयको व्यवस्थापन, शिक्षक दरबन्दी मिलान गरी शिक्षालाई अझ गुणस्तरीय बनाउने र अनुगमनलाई अझ बढोत्तरी दिने कार्य गर्नुपर्नेछ । स्वास्थ्यको क्षेत्रमा नुवागाउँ स्वास्थ्य चौकीलाई स्तरोन्नति गर्ने कार्य गर्नुपर्नेछ । यस अवधिमा हामीले बढी भौतिक पूर्वाधारको क्षेत्रमा खर्च गरेका छौँ भने अब आउने जनप्रतिनिधिले पूर्वाधारभन्दा पनि कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, लैंगिक समानता तथा अन्य आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा लगानी गर्नुपर्ने देख्छु । सुरक्षित नागरिक आबासको निर्माणको काम पूर्ण गनुपर्ने देखिन्छ । केही लिफ्टिङ सिंचाइ, सिंचाई कुलो अधुरै रहेका छन् भने प्रहरी चौकी, वडा कार्यालयको पक्की भवन तथा विद्यालय भवन बनाउनुपर्नेछ ।

❑



## टीकाराम वली क्षेत्री

वडा अध्यक्ष
त्रिवेणी गाउँपालिका- ३, रोल्पा

हामी निर्वाचित भएको पाँचौं वर्षमा लागेको छ। हामी निर्वाचन भएपश्चात यस वडामा मुख्य गरी स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधार विकासको क्षेत्रमा बढी लगानी गरेका छौं । जसमध्ये पक्कि सिंचाइ कुलो छापमा २ वटा पूरा भइसकेको छ। छापमा १ वटा सिंचाइ कुलो बजेट अपुगको कारणले अधुरो हुन गएको छ। गोलकटीमा २ वटा सिंचाइ कुलो बजेट अपुग भएकोले सबै काम सम्पन्न हुन सकेको छैन। यस ३ नं. वडाको अधिकांश भागमा विद्युत विस्तार भएको छ। विद्युत विस्तार हुन बाँकी ठाउँमा यसै आ.व. मा पूरा गर्ने लक्ष्य रहेको छ। वडाका सम्पूर्ण टोलबस्तीमा मोटर बाटो पुगिसकेको अवस्था छ। यस वडामा एक मात्र माध्यमिक तहको विद्यालय श्री सरस्वती मा.वि. लिङ्दुङको कम्पाउण्ड घेराबार गर्ने काम सम्पन्न भएको छ। विषयगत शिक्षकको व्यवस्था गरिएको छ। सरस्वती मा.वि. लिङ्दुङको ५ कोठे विद्यालय भवन र वाशसहितको शौचालय निर्माण कार्य भर्खर सम्पन्न भएको छ। २ वटा प्रा.वि. मा भवन मर्मत तथा घेराबार गर्ने काम भएको छ। हामी निर्वाचित भएपश्चात वडा कार्यालयको भवन निर्माण, आधारभूत स्वास्थ्य सेवा केन्द्र लिङ्दुङको भवन निर्माण कार्य सम्पन्न भई वडा कार्यालय, स्वस्थ्य कार्यालयमा कर्मचारीको राम्रो व्यवस्था गरी सेवाग्राहीहरुलाई प्रभावकारीरुपमा सेवा प्रदान गरिएको छ। यस वडामा हामी निर्वाचित भएपश्चात सबैभन्दा ठूलो खानेपानी योजना कालाखोला-दैजेखोला-रातामाटा-न्याखोलासम्मको खानेपानी सम्पन्न भई एक घर एक धारा निर्माण भएको छ। त्यसैगरी भित्रखोला लिङ्दुङ खानेपानीको एक घर एक धारा यसै आ.व. मा सम्पन्न हुँदैछ। यस वडाको गाउँटाकुरामा पनि एक घर एक धारा निर्माण कार्य पनि सम्पन्न भएको छ। यसैगरी साविक वडा नं. २ को पैयुखर्क भन्ने ठाउँमा लिफ्टिङ खानेपानी योजना सम्पन्न भएको छ। यस ३ नं. वडाको ठाउँ-ठाउँमा खानेपानी ट्याङ्की निर्माण तथा मर्मत गर्ने कामहरु भएका छन् । यस वडाको लिङ्दुङ बजारको सडक स्तरोन्नति गर्ने काम भएको छ। हामीहरु निर्वाचित भएपश्चात लिङ्दुङ बजारमा सडक बत्ती राख्ने काम भएको छ। ठाउँ-ठाउँमा बाढीपहिराको कारणले क्षति पुऱ्याएको ठाउँ तटबन्धन गर्ने काम भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ठाउँ-ठाउँका बाटो मर्मत तथा वाल लागाउने काम भएको छ। अतिविपन्न व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने कामहरु भएका छन् । त्यसैगरी कृषितर्फ तरकारीको बीउबिजन ५०% अनुदानमा वितरण गरी कृषकहरुको मनोबल वृद्धि गर्ने कामहरु भएका छन्। भेटेरिनरीबाट दिने सेवा पनि हामीले यस वडाबाट दिने गरेका छौं। छापमा १० लाख बराबरको तरकारी संकलन केन्द्रको भवन निर्माण गरी त्यहाँका कृषकहरुलाई तरकारी बिक्रीवितरण गर्न सहज भएको छ। ३ नं. वडाको लिङ्दुङमा एउटा कृषि हाटबजार संचालनमा ल्याएका छौं। हामीहरु निर्वाचित भएपछि जनता आवास कार्यक्रम अन्तर्गत दलित समुदायका ९ वटा घर सम्पन्न भएका छन् । फुसको छानो विस्थापित गर्ने कामको शुरुवात गरेका छौं । यसकारणले गर्दा हामी निर्वाचित भएपश्चात गरेका कामहरु सन्तोषजनक भएको ठान्दछौं ।

विद्युत विस्तार गर्ने काम यस आ.व. मा सम्पन्न गर्ने लक्ष्य भए तापनि कहिलेकाहीं पूरा गर्न सकिँदैन कि भन्ने चिन्ता लागेको छ। लिङ्दुङ बजारदेखि वडा कार्यालयसम्म जाने मोटर बाटो पक्की गर्ने इच्छा थियो । पूरा गर्न सकिएन। स्वास्थ्य कार्यालय र वडा कार्यालयको पक्की घेराबार गर्ने इच्छा थियो, पूरा गर्न सकिएन। ठाउँ-ठाउँको मोटर बाटोमा ह्युमपाइप तथा कल्भर्ट पुल निर्माण गर्ने इच्छा थियो, त्यो पनि पूरा गर्न सकिएन। यस ३ नं. वडाको विकट ठाउँ तिखिन भीरमा खानेपानी योजना पार्नको लागि धेरै प्रयास गरियो, पूरा गर्न सकिएन। यसमा मलाई अत्यन्त दुःख लागेको छ। लिङ्दुङ ठूलो खोलादेखि गाउँटाकुरासम्म लिफ्टिङ सिंचाइ योजना पार्ने प्रयास गरियो, सफल हुन सकिएन। रामीडाँडा खोलादेखि लिङ्दुङ टोलसम्म सिंचाइ योजना सम्पन्न गर्ने योजना थियो, पूरा गर्न सकिएन। यी माथिका पूरा गर्न नसकिएका कामहरु अब आउने निर्वाचित पदाधिकारीज्यूहरुले पूरा गर्नुहुनेछ भन्ने आशा लिएको छु। ❑



**भीमबहादुर खत्री**
वडा अध्यक्ष
त्रिवेणी गाउँपालिका- ४, रोल्पा

यस त्रिवेणी गाउँपालिका वडा नं. ४ मा हामी निर्वाचित भएर आउँदा यहाँ थुप्रै समस्याहरु रहेका थिए । जसका कारण यहाँका वडाबासीले कष्टकर जीवन व्यतित गर्न बाध्य हुनुपरेको थियो । स्थानीय तहको निर्वाचन भई अहिले पाँचौं वर्षको दौडानमा रहँदा पहिलेको यहाँको अवस्था र अहिलेको अवस्थालाई तुलना गर्दा निकै भिन्नता पाउन सकिन्छ। हामी निर्वाचित हुँदा यहाँ वडा कार्यालयको आफ्नै भवन थिएन । अरुको घरमा कोठा भाडामा लिएर सार्वजनिक सेवा प्रवाह गर्नुपर्ने अवस्था थियो । कर्मचारी जनशक्ति पनि निकै कम थियो । यहाँको सडक, विद्युत, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था अस्तव्यस्त नै थिए ।

हामी निर्वाचित भएर आइसकेपश्चात हामीलाई आवश्यक पर्ने विभिन्न ऐन, नियम तथा कानूनहरु निर्माण गर्‍यौं र सोही बमोजिम हामीले हरेक क्रियाकलापलाई कानूनसम्मतढंगबाट सम्पादन गर्दै आइरहेका छौं । हामी पाँच वर्षको लागि जनताबाट निर्वाचित भएर आइसकेपश्चात छोटो समयमा हामीले जनतासामु गरेका प्रतिवद्धता एवं चुनावी घोषणापत्रमा उल्लेख गरे बमोजिम हाम्रा महत्वपूर्ण कामहरुलाई जनता सामु पूरा गरेरै देखाउने अठोटका साथ हामीले गर्नुपर्ने कामको प्राथमिकता तोक्यौं । प्रथमतः जनतालाई वडा कार्यालयबाट प्रदान गर्नुपर्ने सेवा छिटो, छरितो एवं व्यवस्थित होस् भन्ने सोचेर हामीले वडा कार्यालयको लागि ५ रोपनी जग्गा निःशुल्क प्राप्त गरी भवन निर्माण गर्‍यौं र जनतालाई आफ्नै भवनबाट सेवा प्रदान गर्दै आइरहेका छौं । वडा कार्यालयमा आनलाइनमार्फत व्यक्तिगत घटना दर्ताको कार्य हुनुका साथै राजश्व संकलनसमेत अनलाइन प्रणालीमार्फत नै हुने गरेको छ । जसबाट अभिलेख व्यवस्थित एवं चुस्तदुरुस्त तुल्याउन सहज भएको छ र अन्य विभिन्न क्रियाकलापहरु समेत कम्प्यूटरीकृत हुने गरेका छन् । हामी आधुनिक प्रविधिको सवालमा निकै अगाडि छौं जस्तो लाग्छ । साथै स्वास्थ्य चौकीको लागि पनि ५ रोपनी जग्गा निःशुल्करुपमा प्राप्त भई आफ्नै भवन निर्माण गरी २४ सै घण्टा स्वास्थ्य सेवा प्रदान गरिँदै आएको छ। यहाँको अन्य विकास निर्माणका सन्दर्भमा भन्नुपर्दा प्रत्येक टोल-टोल, बस्ती-बस्तीमा सडक विस्तार गरिएको छ। सबै वडाबासीलाई खानेपानीको उचित प्रबन्ध मिलाउनका लागि हरेक वर्ष बजेट विनियोजन गर्दै खानेपानीको ट्याङ्की निर्माण, खानेपानी लिफ्टिङ तथा पाइपलाइन विस्तार जस्ता महत्वपूर्ण कार्यहरु भएका छन् । जस अन्तर्गत लाम्पुतली, मथुरापानी र झेबाङ टोलमा एक घर एक धारा निर्माण भै खानेपानीको राम्रो प्रबन्ध रहेको छ । द्वारपानी धारखोला सिमपानी लिफ्टिङ खानेपानी योजनाको निर्माण कार्य सम्पन्न भई सिम्पानी बजार र आसपासका टोलबस्तीमा खानेपानीको राम्रो सुविधा रहेको छ भने निगालपानी आकाशेपानी लिफ्टिङ संकलन (दहखोला निगालपानी) योजना, भीराखोला लिफ्टिङ खानेपानी योजना, मिराखोला हाइबाङखोला लिफ्टिङ खानेपानी योजनामार्फत खानेपानी लिफ्ट गरी समग्र वडाबासीहरुलाई खानेपानीको पहुँच पुर्‍याउन करोडौंको लगानीमा निर्माण कार्य तीव्र गतिमा भइरहेको र यी योजनाको निर्माण सम्पन्न भइसकेपश्चात समग्र ४ नं. वडाबासीलाई खानेपानीको कुनै पनि समस्या नहुने कुरामा विश्वस्त छौं । त्यसैगरी हामी निर्वाचित भइसकेपश्चात वडाको अधिकांश ठाउँमा विद्युत विस्तार भएको छ भने बाँकी रहेका जप्का, लामपोखरा, खास्पाल, मन्ज्याङ, मालभुङखोला लगायतका केही टोलमा विद्युत विस्तारका लागि टेण्डर प्रक्रिया अघि बढाइएको छ। शिक्षा क्षेत्रको सन्दर्भमा कुरा गर्दा वडा अन्तर्गतका ४ वटै विद्यालयमा तारबार, फिल्ड निर्माण, बसाइँ व्यवस्थापन, बालमैत्री धारा निर्माण, दिवा खाजाको व्यवस्था त्यस्तै प्रत्येक शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलापअन्तर्गत विभिन्न कार्यक्रम गरिँदै आएको छ। हामीलाई बालबालिकाको क्षेत्रमा काम गर्न सेभ द चिल्ड्रेनको आर्थिक सहयोग तथा मानव अधिकार सचेतन केन्द्र (हुरेक) रोल्पाको प्राविधिक सहयोग मिल्यो । जसबाट हामीले बालबालिकाको हक तथा अधिकारका लागि विभिन्न कामहरु गर्न सफल भयौं । कक्षा ३ सम्मको बसाइँ व्यवस्थापन,

विद्यालय भवन, शौचालयलगायत अन्य भौतिक संरचना मर्मत, विद्यालयमा खानेपानी तथा आवश्यक अन्य शैक्षिक क्रियाकलापहरु गरेका छौँ । त्रिवेणी गाउँपालिका वडा नं. ४ मा रहेको श्री जनकल्याण माध्यमिक विद्यालयमा विद्यार्थीको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउन विद्यालय नर्सको व्यवस्था गरिएको छ। हामी निर्वाचित भइसकेपश्चात कोरियन संस्थाको सहयोगमा जनकल्याण मा.वि. मा सम्भवतः रोल्पा जिल्लाकै अत्याधुनिक भवन निर्माण भएको छ। साथै गत आ.व. २०७६/०७७ मा श्री दुर्गा भवानी आ.वि. मा तीन कोठे भवन निर्माण गरिएको छ भने आ.व. २०७७/०७८ मा सिद्ध प्रा.वि. थापरचौरमा ४ कोठे पक्की भवन निर्माण गरिएको छ। जनकल्याण मा.वि. स्तरीय प्रयोगशाला तथा पुस्तकालय निर्माण गरिएको छ भने जनकल्याण मा.वि. मा यस आ.व. २०७८/०७९ मा बालमैत्री धारा तथा खेल मैदान निर्माण गर्न लागेका छौँ। यसरी हामी त्रिवेणी गाउँपालिका वडा नं. ४ को जनप्रतिनिधिको रुपमा निर्वाचित भइसकेपश्चात यहाँको विकास निर्माणको कार्यले निकै तीव्र गति लिएको छ। यही गतिमा काम गर्ने हो भने सडक, बिजुली बत्ति, शिक्षा, स्वास्थ्य, खानेपानी क्षेत्रको विकासमा अबको २/४ वर्षभित्र हामी शिखर चुम्न सक्छौँ भन्ने कुरामा विश्वस्त छौँ । त्यसैगरी हाम्रो वडा तरकारी उत्पादनका दृष्टिले अग्रपङ्क्तिमा रहेको छ। यहाँका वडाबासीको आम्दानीको बलियो स्रोत भनेकै कृषि उत्पादन तथा बिक्री वितरण हो । वर्षायाममा यस वडामा उत्पादित तरकारी निगालपानी र सिम्पानीका दुई वटा हाटबजारमा संकलन भई धेरै परिमाणमा बाहिर निर्यात हुने गर्दछ जसबाट कृषकहरुले लाखौँ रुपैयाँको आयआर्जन गर्न सफल हुनुभएको छ । समय-समयमा कृषि क्षेत्रको प्रवर्द्धनका लागि बीउबिजन वितरण गर्दै आएका छौँ । त्यसैगरी कृषि क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि कृषि स्मार्ट कार्यक्रम पनि संचालित छ र सोही अन्तर्गत तरकारी संकलन केन्द्र निर्माणका लागि टहरा निर्माण गर्ने कार्य भइरहेको छ। वडाबासीलाई आत्मनिर्भर बनाउन ४ नं. वडाका केही व्यक्तिहरुलाई विभिन्न सीपमूलक तालिम पनि प्रदान गरिएको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रमबाट न्यून आय भएका घर परिवारलाई रोजगारी प्रदान गरिएको छ। घरको आर्थिक अवस्था दयनीय भई बालबालिकाको स्वास्थ्य तथा शिक्षामा कठिनाइ भएका परिवारलाई पालिकामा रहेको बाल अक्षय कोषमार्फत नगद तथा जिन्सी सहायता प्रदान गर्दै आइरहेका छौँ ।

यसरी त्रिवेणी गाउँपालिका वडा नं. ४ रोल्पा समयको गति सँगसँगै समृद्ध बन्दै गइरहेको छ। सडक, बिजुली, स्वास्थ्य, शिक्षा, खानेपानीको सवालमा हामी निकै अगाडि रहेका छौँ। यसैगरी बालबालिकाको हक तथा आधिकार र लैङ्गिक समानता जस्ता विषयमा ध्यान दिएर समय-समयमा विभिन्न कार्यक्रम समेत आयोजना गर्ने गरेका छौँ र मिति २०७८/०८/१८ गते ४ नं. वडालाई बालश्रममुक्त वडा घोषणा गरी हामी कतिसम्म शिक्षित, सभ्य एवं जागरुक छौँ भन्ने विषयको पुष्टि भइसकेको छ।

यस चारवर्षे अवधिमा हामीले धेरै चुनौतीहरुसँग जुध्नु पर्‍यो। हामी निर्वाचित भएर आउँदा सबै कुरा अस्तव्यस्त भएकोले सबै कुरालाई व्यवस्थित गर्दै लैजानुपर्ने अवस्था थियो । जसका लागि हामी जनप्रतिनिधि तथा कर्मचारी सबै अहोरात्र खटेर सेवा प्रवाहका साथै विकास निर्माणको काममा दत्तचित्त भएर लाग्यौँ । विश्वलाई नै भयभित एवं तरंगित बनाएको कोरोनाको महामारीले पनि विकास निर्माणको काममा निकै ठूलो बाधा सिर्जना गर्‍यो । त्यसैगरी बेलाबेलामा प्राकृतिक प्रकोपका कारण कतिपय व्यक्तिहरुको घर भत्किनुका साथै खाने अन्न, लगाउने लत्ताकपडासमेत नष्ट भयो र त्यस्ता व्यक्तिहरुको उद्धार एवं राहतका निम्ति हामीले विभिन्न निकायमा पहलकदमी गर्‍यौँ । यी र यस्ता चुनौतीहरु सिर्जना भइरहे र ती चुनौतीलाई सामना गर्दै अगाडि बढ्नुपर्ने भयो ।

अब आउने जनप्रतिनिधि साथीहरुले हामीले जस्तो टाउको दुखाउनु पर्दैन भन्ने लाग्छ। हामीले हरेक कामको बलियो जग निर्माण गरिसकेका छौँ। हामी निर्वाचित भइसकेपछि हामीले सम्पन्न गरेका सडक, खानेपानीलगायत भौतिक संरचनाको मर्मत सुधार तथा स्तरोन्नति आदि गर्नुपर्ने देखिन्छ। खानेपानीको धारा सम्पूर्ण वडाबासीको घरघरमा पुर्‍याउन हामीले निर्माण गर्दै आएको निगालपानी आकाशेपानी लिफ्टिङ संकलन (दहखोला निगालपानी) योजनाको कार्यलाई निरन्तरता दिनुपर्दछ। शिक्षा क्षेत्रको समग्र व्यवस्थापनका लागि पठनपाठन नियमित एवं गुणस्तरीय भए नभएको अनुगमन लगायत अन्य व्यवस्थापकीय पक्षमा ध्यान दिनुपर्छ। त्यस्तै विद्युत विस्तार गर्न बाँकी रहेका टोलबस्तीमा विद्युत विस्तार गरी त्रिवेणी उज्यालो कार्यक्रमलाई सफलिभूत पार्नुपर्ने देखिन्छ र सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत वडामा फुसको छानो विस्थापन गर्नुपर्ने देख्छु। त्यसैगरी अब आउने जनप्रतिनिधीहरुले कृषि, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता जस्ता विषयमा ध्यान पुर्‍याउनुका साथै सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ जस्तो लाग्छ। ❑



**कृष्णबहादुर के.सी.**
वडा अध्यक्ष
त्रिवेणी गाउँपालिका- ५, रोल्पा

लुम्बिनी प्रदेश रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका अन्तर्गत त्रिवेणी गाउँपालिकाको ७ वटा वडाहरुमध्ये यस ५ नं. वडा पालिकाको केन्द्र भागमा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपूर्ण वडा हो । राज्य पुनःसंरचाना तथा संघीयता संस्थागत हुने क्रममा साविक जुगार गा.वि.स. विभाजन भई साविक जुगार गा.वि.स. का ९ वटा वडाहरु मध्ये १, २, ३, ४ र ५ वटा वडाहरु मिलेर हालको वडा नं. ५ बनेको थियो । चबिखोला, जुगार खोला र गैरीखोला गरी ३ प्रमुख खोलाहरुको सेरोफेरोमा कुल जम्मा १८.२४ वर्ग कि.मि. भू-भागमा फैलिएको यस वडाको पूर्वमा यसै गाउँपालिकाको वडा नं ७ पश्चिममा वडा नं ६ उत्तरमा माडी गाउँपालिका र दक्षिणमा यसै गाउँपालिकाको वडा नं ३ र वडा नं. ४ अवस्थित छन् । यस वडाको व्यापारिक केन्द्र नेर्पा बजार हो भने शिवगुफा दार्शिनक केन्द्र प्रमुख पर्यटकीय स्थल हो । यस वडाको कुल जनसख्या  २०६८ को जनगणना अनुसार १८३३ र गाउँपालिकाको पार्श्वचित्र २०७४ अनुसार महिला १७११  र पुरुष १६८० गरी कुल ३३९१ जनसंख्या तथा ५९२ घरधुरी रहेको देखिन्छ । जसमध्ये १३३६ जना बालबालिका रहेका छन् ।

यस वडामा एउटा नव नेपाल क्याम्पस छ भने २ वटा मा.वि. र एउटा आ.वि. रहेका छन् साथै जनजागृति मा.वि. मा प्राविधिक शिक्षा अन्तर्गत ३ वर्षे पशु विज्ञान सञ्चालनमा रहेको छ । जसमा श्री जनजागृति मा.वि. जुगार नमुना मा.वि. छनोटमा पर्न सफल रहेको छ यस वडामा रहेको एउटा प्रा.वि. (सामुदायिक विद्यालय) तथा एउटा शिखर जलजला मा.वि. (संस्थागत विद्यालय) लाई श्री जनजागृति मा.वि. मा समायोजन गरिएको छ । श्री जनजागृति मा.वि. मा ८ कोठे पक्की भवन निम( णि गरिएको छ एउटा भवनमा रेट्रोफिटिङ गरिएको छ भने २ वटा भवनमा नयाँ जस्तापाताले छाएर रंगरोगन गरी १ देखि ३ कक्षासम्मका बालबालिकाहरुको बसाइँ व्यवस्थापन गरिएको छ । यस वडामा रहेको श्री सिद्धरत्न मा.वि. हान्जाबाङमा एउटा पक्की भवन निर्माण गरिएको छ भने यस वडामा रहेका सबै विद्यालयहरुको जग्गा घेराबार गरी संरक्षण गरिएको छ भने प्रत्येक विद्यालयमा खेलमैदानको व्यवस्था गरिएको छ । श्री जनजागृति मा.वि. को लागि छुटै खानेपानीको मुहान पहिचान गरी विद्यालयको नाममा खानेपानीको जमिन रजिष्ट्रेसन पास गरी चौबिसै घण्टा विद्यालयमा खानेपानिको आपूर्ति गरी बालबालिकाहरुलाई सहज तुल्याइएको छ । यसैगरी जयनारायण आ.वि. मा पनि निजी खानेपानीको आपूर्ति गरी बालबालिहरुलाई खानेपानीको आपूर्तिमा सहजता ल्याइएको छ भने श्री सिद्धरत्न मा.वि. मा पनि निजी खानेपानीको लागि बजेटको व्यवस्था गरी कार्यान्वयनको चरणमा छ ।

यस वडामा १५ शैयाको अस्पताल निर्माणाधीन र हको छ भने नेर्पा स्वास्थ्य चौकीमा मेडिकल अधिकृतको व्यवस्था गरी एक्स-रे तथा ल्याब जस्ता सेवाहरु उपलब्ध हुनुको साथै एम्बुलेन्स सेवा पनि सञ्चालनमा रहेको छ ।

वडा नं. ५ मा जुगारदेखि निगालपानी, जुगार, तिला तथा जुगार त्रिवेणीसम्मको कालोपत्रेको काम भइरहेको छ भने भित्री तथा बाहिरी सडकहरु स्तरोन्नति भइरहेको छ । प्रत्येक टोल-टोलमा बाटोको संजाल जोडिएको छ भने टोल बस्तीमा किसानहरुलाई सहज तुल्याउनका लागि ठाउँ-ठाउँमा सिंचाइ कुलो पक्की गर्नुको साथै विगत लामो समयदेखि किसानहरुले सास्ती भोग्दै आएको काठे डूँरहरुलाई विस्थापित गरी पानी सञ्चालन गर्ने पक्की कल्भर्ट निर्माण गरिनुका साथै कतिपय ठाउँहरुमा पाइपको व्यवस्था गरिएको छ ।

यस वडाको मुख्य व्यापारिक केन्द्रको रुपमा

रहेको नेर्पा बजारलगायत वरपरका बासिन्दाहरुले लामो समयदेखि खानेपानीको अभाव झेलिरहनु परेको थियो । सो कुरालाई मध्यनजर गरी पानीको स्रोत पहिचान गरी यस वडाको गौरवको योजनाको रुपमा नेर्पा बजार काउलाबोट खानेपानी सम्पन्न गरी खानेपानीको समस्या समाधान गरिएको छ भने यस वडाका सबै टोलबस्तीहरुमा खानेपानी मर्मत तथा नयाँ योजनाहरुको काम निर्माण गरी जनताहरुलाई खानेपानीको सहज आपूर्ति गरिएको छ ।

यस वडामा एउटा गाउँघर क्लिनिकको भवन निर्माण गरिनुका साथै ५ वटा आमा समूहका भवनहरु र एउटा रेडक्रस भवन निर्माण गरिएको छ भने आ.व. २०७८/०७९ मा एउटा आमा समूहको भवन तथा एउटा सहकारी भवन निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।

यस ५ नं. वडाले निःशुल्करुपमा जग्गादाताहरुबाट ५ रोपनी जग्गा वडा कार्यालयको नाममा प्राप्त गरी आफ्नै कार्यालयको ट्रस्ट भवन निर्माण गरी सहजरुपमा विभिन्न सेवाहरु प्रवाह गरिरहेको छ भने यस वडामा १ वटा सेफ हाउसको पनि निर्माण भएको छ। यसैगरी गाउँपालिकास्तरीय सभाहल तथा पालिकास्तरीय खेल मैदान पनि यसै वडामा निर्माण भएको छ भने पालिकास्तरीय कभर्ड हल निर्माण भइरहेको छ। यस वडामा गाउँपालिकाकै गौरवको योजनाको रुपमा रहेको त्रिवेणी उज्यालो कार्यक्रम अन्तर्गत यस वडा नं. ५ मा करिब ९५ प्रतिशतभन्दा बढी घरधुरीमा विद्युत विस्तार गरी यसै आ.व. २०७८/०७९ मा पूर्ण उज्यालो वडा घोषणा गर्ने लक्ष्य रहेको छ ।

यस वडामा मानिसहरुको मृत्युपश्चात अन्त्यष्टि गर्नका लागि वर्षायाममा अत्यन्तै समस्या भइरहेको कुरालाई मध्यनजर गरी रोल्पा जिल्लाकै नमुनाको रुपमा जुगार खोलामा शवदाह गृह निर्माण गरी रातको समयमा पनि सहजता ल्याउनका लागि सडक बत्तीको समेत व्यवस्था गरिएको छ ।

स्थानीय निर्वाचनपश्चात घरको डाक्टर भनेर चिनिने महिला स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप मासिक रु. ५०० को दरले भत्ता प्रदान गर्ने कार्यको आरम्भ पनि यसै वडाले गरेका थियो भने आमा समूह तथा महिला समूहहरुलाई सशक्त बनाउनका लागि यस वडामा रहेका १० वटा महिला तथा आमा समूहहरुको व्यवस्थापनका लागि प्रत्येक समूहलाई रु. ३०,०००।- का दरले बजेट विनियोजन गरिएको छ ।

आदि इत्यादि काम गर्दागर्दै पनि हामीले केही आरोह-अवरोहहरु पार गर्दै आउने क्रममा गाउँपालिकाको केन्द्रको विवादलाई समाधान गरी यस वडा गाउँपालिकाको केन्द्र भागमा रहेर जनतालाई सेवा प्रदान गर्ने सुवर्ण अवसर मिलेको छ भने कोभिड जस्तो महामारीको सामना गर्दै थुप्रै उपलब्धि पनि हासिल गर्दै आएका छौँ । जसमा यस वडालाई पूर्णखोपयुक्त वडा घोषण गरेका छौँ । विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरुलाई शतप्रतिशत भर्ना वडा घोषणा गर्नुका साथै गरिबीको कारणले विद्यालयमा पढ्नबाट बञ्चित हुने बालबालिका तथा औषधि उपचार नपाएका बालबालिका लगायत सर्वसाधारण गरिब जनताहरुलाई पनि यस वडा कार्यालयबाट सिफारिस गरी आर्थिक तथा अन्य सेवाहरु गाउँपालिकाबाट उपलब्ध गराएका छौँ । यस वडालाई रोल्पा जिल्लाकै प्रथम बालश्रममुक्त वडा घोषणा गर्न सफल भएका छौँ । तैपनि कतिपय कार्यक्रम तथा योजनाहरु हामीले चाहेर पनि समयाभावलगायत कोभिडको कारणले पूरा गर्न सकेका छैनौँ ।

अब आउने नयाँ जनप्रतिनिधिहरुले गर्नुपर्ने कामहरु पनि थुप्रै बाँकी छन् । हामीहरुले प्रारम्भ गरेको जुगार तिला, जुगार निगालपानी तथा जुगार त्रिवेणी पहुँच मार्गको कालोपत्रे कामलाई निरन्तरता दिई सम्पन्न गर्नुपर्ने अभिभारा छ भने यस वडाका भित्री सडकहरु स्तरोन्नति गरी बाह्रै महिना गाडी सञ्चालन गर्ने कामलाई निरन्तरता दिनुपर्ने देखिन्छ। प्रत्येक खोलाका पायक पर्ने स्थानमा शवदाह गृह निर्माण गर्ने कामलाई निरन्तरता दिनुपर्ने छ । यस वडाका कृषकहरुलाई विगतभन्दा अहिले तरकारी खेती जस्ता आय-आर्जन तथा सीपमूलक व्यवसायमा प्रोत्साहित गरिएको छ र सो कार्यलाई निरन्तरता दिई अझ व्यवसायमूलक बनाई प्रत्येक व्यक्तिको आयमा वृद्धि गरी समृद्ध वडा : सुखी जनताको नारालाई सार्थक बनाउनुपर्ने देखिन्छ। विपन्न वर्गलाई माथि उठाउने कार्यमा लागि परे तापनि सो कार्यलाई निष्कर्षमा पुऱ्याउन अझै

निरन्तरता दिनुपर्ने देखिन्छ। बाँकी रहेका महिला तथा आमा समूहहरुको भवन निर्माणको कार्यलाई निरन्तरता दिनुपर्ने देखिन्छ साथै आउँदा दिनहरुमा आमा समूह तथा महिला समूह व्यवस्थापनका लागिभन्दा घुम्ती कोष तथा आयआर्जनको शीर्षकबाट बजेट विनियोजन गरी महिला समूह तथा आमा समूहहरुलाई अझ सशक्त बनाउनुपर्ने देखिन्छ। हामीले घोषणा गरेका पूर्ण खोप, शतप्रतिशत विद्यालय भर्ना दर र पूर्ण बालश्रममुक्त वडा घोषणा जस्ता कार्यक्रमलाई दिगो र सार्थक बनाउन नयाँ नीति निर्माण गरी कडाइका साथ जानुपर्ने देखिन्छ।

हामीले विगतमा हरेक योजनाहरुको काम गर्न उपभोक्ता समितिमार्फत गरिन्थ्यो भने अब आउने जनप्रतिनिधिहरुले प्रत्येक टोलमा टोल विकास समिति गठन गरी टोल विकास समितिमार्फत नै काम गराउने परम्पराको विकास गराउँदा राम्रो हुने देखिन्छ । विगतमा काम सम्पन्न गरेपश्चात योजनाहरुको जिम्मेवारीबाट उपभोक्ता समितिहरु पन्छिने अवस्था थियो भने अब आउने जनप्रतिनिधिहरुले काम गर्ने जुनसुकै उपभोक्ता समितिहरुलाई आफूले सम्पन्न गरेको योजनाहरुको कामको जिम्मेवारी कम्तिमा पनि १ वर्षसम्म सम्बन्धित समितिले लिने गरी नीति बनाउनुपर्ने देखिन्छ।

अन्तमा, २०७४ आषाढ १४ गते निर्वाचित भएर आउँदै गर्दा थुप्रै आरोह-अवरोहहरुको सामना गर्दै विभिन्न चुनौतीहरुलाई झेल्दै यस अवस्थासम्म आइपुग्दा म निर्वाचित भएर आउनुभन्दा अगाडिको अवस्था र अहिलेको यस वडाको अवस्था त यहाँहरुलाई अवगत नै छ। यहाँसम्म आइपुग्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मलाई सल्लाह सुझाव दिई सहयोग गर्नुहुने त्रिवेणी गाउँपालिकाको अध्यक्षज्यू, गाउँपालिका उपाध्यक्षज्यू, वडाका जनप्रतिनिधिज्यूहरु, गाउँपालिका कर्मचारीहरु एवं यस वडा कार्यालयका सम्पूर्ण कर्मचारीहरु लगायत सम्पूर्णलाई आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु।

❑



**लेखमणि डाँगी**
वडा अध्यक्ष
त्रिवेणी गाउँपालिका- ६, रोल्पा

नेपालको राजनैतिक प्रणालीको इतिहास, समय, परिर्वतन र युगको मागअनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली बमोजिम नेपालको संविधान जारी भएपछि स्थानीय तहमा निर्वाचन भई निर्वाचित भएको आज ४ वर्ष पूरा भई ५ औं वर्षको संघारमा आउँदा त्रिवेणी गाउँपालिका वडा नं. ६ बाट वडा अध्यक्षको जिम्मेवारी प्रदान गर्नहुने सम्पूर्ण वडाबासी आमा, बुबा, दाजुभाइ, दिदीबहीनीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आ.व. २०७४/०७५ देखि स्थानीय तहमा वडागतरुपमा विकास बजेटको योजना, लागत र आवश्यकताको आधारमा विकास योजनालाई प्राथमिकतामा राखेर जनताको जन भावनाअनुसार विकास कार्यमा अग्रगतिमा लागिरहेको पनि अवगत गराउँछु । साथै विगत ४ वर्षभित्र यस वडामा भए गरेका जनहितका कार्यहरुको संक्षिप्त विवरण उल्लेख गर्न चाहन्छु ।

नयाँ संरचनाअनुसार भाडामा वडा कार्यालय सञ्चालन गर्दै आएकोमा त्रिवेणी गाउँपालिका वडा नं. ६ को स्थानीय समुदायको सहयोगमा धारमखोलामा ५ रोपनी जग्गा वडा कार्यालयको नाममा प्राप्त गरी वडा कार्यालयको भवनको काम सम्पन्न भएको छ साथै ३ रोपनी आधारभूत स्वास्थ्य सेवा केन्द्रको निःशुल्क जग्गा प्राप्त गरी स्वास्थ्य भवन बनेको छ । वडाको एक घर एक धारा भिजनअनुसार मिसनको थालनीमा लागेकोमा ठारखोला मजुवा खानेपानी निर्माण, चोरखोला मजुवा खानेपानी मर्मत, चेत्रेबास खानेपानी मर्मत, निम्टी खानेपानी मर्मत लगायतका आयोजनाहरु सम्पन्न भएका छन् । मजुवा खोलामा कल्भर्ट निर्माण तथा त्रिवेणी उज्यालो कार्यक्रम अन्तर्गत करिब ६० प्रतिशत घरधुरीमा बिजुली विस्तार भएको छ । शिक्षाको राष्ट्रिय नीति तथा त्रिवेणी गाउँपालिकाको शिक्षा नीति अनुसार यस वडामा जनमिलन प्रा.वि. धारमखोलाको विद्यालयलाई श्री सरस्वती मा.वि. काउलाबोटसँग मर्ज भएको थियो । भौगोलिक विकटताको कारणले पनि साविक वडा नं. ६ को फारुली र स्यालागाउँ बाहेक साविक ६ नं. वडामा अन्यत्र नयाँ मोटरबाटो खन्ने काम सम्पन्न भएको छ । साथै अन्य साविकका वडाहरुमा क्रमगत मोटरबाटो खन्ने काम तीव्र गतिमा भइरहेको छ । यस वडाको लभ पार्कमा श्री राधाकृष्ण मन्दिरको स्थापना गरी पर्यटकीयस्थलको रुपमा विस्तार भएको छ । रिजा, मजुवा तथा पिमाखुमा आमा समूह तथा स्वास्थ्य आमा समूहको भवनको निर्माण गरियो । लंबाज, मजुवा र धारमखोला टोलमा बाख्राको नश्ल सुधारको लागि बोयर जातको बोका वितरण कार्यक्रम सम्पन्न भएको थियो । चंबास लंबाजमा लिफ्टिङ खानेपानीको लागि पहल भएको थियो । यस वडालाई प्रविधिमैत्री बनाउनको लागि ३५ जना युवाहरुलाई कम्प्यूटरको तालिम दिइएको थियो । साथै खरको छानोमुक्त अभियान अन्तर्गत गत वर्ष ३० विपन्न घरधुरी लाभान्वित भएका थिए । कृषि पकेट जोन कार्यक्रम अन्तर्गत लंबाज र चंबासमा किवी खेती, ज्यावल खोलामा आलु खेती, चोरखोलामा लसुन खेती, कालेपानी रानीमालामा बेसार खेती, रिजामा अदुवा खेती, फारुली पिमाखुमा कागती खेतीको साथै यस वडामा २५०० ओखरका बिरुवा र ५००० कागतीका बिरुवा वितरण गरिएको थियो । रुपाखेत मजुवा सिंचाइ कुलो, सिमलारुख मजुवा सिंचाइ कुलो आर.सि.सि. भएको थियो । श्री सरस्वती मा.वि. काउलाबोटको विद्यालय भवन निर्माण, फिल्ड निर्माण तथा घेराबार, भानु आ.वि. बाँजबोटमा फिल्ड निर्माण, घेराबार, प्रा.वि. कासाँखानीको भवन तथा फिल्ड निर्माण र घेराबार, सूर्योदय आ.वि. रिजामा फिल्ड निर्माणको काम सम्पन्न भएको छ ।

त्रिवेणी गाउँपालिकाका वडाहरु मध्ये दोस्रो भौगोलिक विकटता र पूर्णरुपमा कुनै पनि विकासका पूर्वाधार नभएकोले सुरुदेखि नै विकास कार्यलाई प्राथमिकता दिँदै जाँदा ४ वर्षको छोटो अवधिमा भौगोलिक कठिनताको कारणले अझै पनि सबै टोल बस्तीस्तरमा मोटर बाटो, बिजुली, एक घर एक धारा, हाम्रो विद्यालय राम्रो विद्यालय जस्ता कार्यक्रम पूरा गर्न नसकेकोमा हृदयदेखि दुःखी भएको छु । मेरो ४ वर्षे कार्यकालमा सबै विकासप्रेमी शुभचिन्तक, राजनैतिक दल, सेवाग्राहीहरु तथा वडा कार्यालयको तर्फबाट प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण वडाबासी तथा सरोकारवाला निकायहरुप्रति आभार प्रकट गर्दछु । ❑



**भानबहादुर घर्ती**
वडा अध्यक्ष
त्रिवेणी गाउँपालिका- ७, रोल्पा

लामो समय अन्तरालपछि स्थानीय तहको निर्वाचन मिति २०७४।०३।१४ गतेमा सम्पन्न भयो। तत्पश्चात जनताले चुनेका जनप्रतिनिधि, समुदायको सबैभन्दा नजिकको सरकार सञ्चालकको रुपमा हाम्रो आगमन भयो। जनप्रतिनिधिविहीन अवस्थामा जनतामा सेवा प्रवाहको अवस्था कस्तो थियो र जनप्रतिनिधिको उपस्थितिमा कस्तो छ भन्ने कुरा तुलना नै गर्न सकिँदैन। देश संघीयतामा गइसकेपछि स्थानीय सरकारको ढाँचा र स्थानीय सरकार सञ्चालन प्रक्रियाको जग बसालेका छौं। व्यवस्थितरुपमा स्थानीय तह सञ्चालनमा छ। स्थानीय सरकार सञ्चालनको लागि आवश्यक पर्ने दर्जनौं ऐन, नियमावली र कार्यविधिहरु बनाएका छौं।

गाउँपालिकामा भएका विभिन्न सामाजिक विकृतिहरुलाई निरुत्साहित गर्न कानून बनाएका छौं। फलस्वरुप जुवा-तास, मदिरापान र क्यारेमबोर्ड जस्ता क्रियाकलापले समय, स्वास्थ्य र सम्पत्तिको नोक्सानी हुने साथै घरेलु हिंसा, महिला हिंसा जस्ता घटनाहरु वृद्धि हुने भएकोले यी सबै खालका विकृतिहरुलाई न्यूनीकरण गरेका छौं।

बालविवाह, बहुविवाह र बालश्रम जस्ता क्रियाकलापहरु गर्ने/गराउने सामाजिक अपराध पहिचान गर्दै यस्ता क्रियाकलाप गर्ने गराउनेलाई कानुन बमोजिम सजाय गर्नेगरी पालिकास्तरमा अभियान सञ्चालन गरिएको छ। हालै मात्र सबै वडाहरुलाई बालश्रममुक्त वडासमेत घोषणा गरिएको छ र त्रिवेणी गाउँपालिकालाई समेत बालश्रममुक्त स्थानीय तह घोषणा गरिएको छ। सम्भवतः त्रिवेणी गाउँपालिका लुम्बिनी प्रदेशकै पहिलो बालश्रममुक्त पालिका भएको अनुमान गरेको छु।

जनताको प्रत्यक्ष जनजीविकासँग जोडिएको कुरा भनेको आर्थिक समृद्धि हो। जबसम्म आर्थिक सुधार जनतामा आउन सक्दैन, तबसम्म सुखी नेपाली हुनै सक्दैन र समृद्ध नेपाल बन्नै सक्दैन। त्यसकारण आर्थिक परिवर्तन गर्नको लागि कृषिमा लगानी गर्न जरुरी छ। अधिकांश त्रिवेणीबासी दाजुभाइ, दिदीबहिनीहरु कृषि पेशामा संलग्न भएको पाइन्छ। सो पेशालाई निर्वाहमुखीबाट व्यवसायमुखी बनाउन प्रत्येक वडामा कृषि तथा भेटेरिनरी प्राविधिक नियुक्त गरेका छौं। उहाँहरुले कृषक समूहहरु गठन गर्नुभएको छ। मासिकरुपमा कृषि तालिम दिइरहनुभएको छ। कृषकको बारी, गोठ र खोरमा हाम्रा प्राविधिकहरु पुगेर प्राविधिक सहयोग गरिरहनुभएको छ। निर्वाहमुखी कृषि पेशालाई व्यवसायमुखी बनाउन कृषि यान्त्रिकीकरणलाई बढावा दिइरहेका छौं। मिनी टिलर, पावर टिलर, कर्न सेलर, टनेल हाउस, थोपा सिंचाइ, सिंचाइ कुलो निर्माण, सिंचाइ पोखरी निर्माण, सिंचाइ योजना र सौर्य लिफ्ट सिंचाइ योजना जस्ता कृषकलाई प्रत्यक्ष लाभ हुने योजना तथा कार्यक्रम सम्पन्न गरेका छौं। उत्पादित कृषि उपजलाई बजारीकरण गर्न कृषि सङ्कलन केन्द्र निर्माण तथा हाटबजार व्यवस्थापन गरेका छौं। उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने उद्देश्यले कृषि प्रदर्शनीको समेत आयोजना गरेका छौं। कृषकहरुलाई ५० प्रतिशत अनुदानमा फलफूलका बिरुवा (कागती, सुन्तला, ओखर र अनार) वितरण गरेका छौं। कृषकहरुलाई थप सवलीकरण गर्न कृषक पाठशाला सञ्चालन गरेका छौं। तरकारीका बीउ, बिषादी वितरण गरेका छौं। समय बचतको लागि कुटानी-पिसानी मिल, तौल लिने काँटा अनुदानमा वितरण गरेका छौं।

पशुहरुमा हाडनाता क्रसको कारणले उत्पादनमा ह्रास आउने भएकोले नश्ल सुधारका लागि ५० देखि ७५ प्रतिशतका बोयर बोका वितरण गरेका छौं। भकारो सुधारका काम गरेका छौं। दूध उत्पादनलाई व्यावसायिक बनाउन नमुनाका लागि जर्सीका बाच्छीहरु वितरण गरेका छौं। हाल कतिपय जर्सीले दूध दिन थालिसकेका छन्। बाख्रा तथा कुखुराको खोर सुधारका कार्यक्रमहरुलाई प्रोत्साहन गरेका छौं। पशु आहारको लागि डाले घाँस, भुइँ घाँस तथा जै घाँसका बिरुवा तथा बीउ वितरण गरेका छौं। पशु तथा चौपाया बिरामी परेको बेला कृषकको घरमै गएर उपचारसमेत गराइरहेका छौं। प्राविधिक सहायताको लागि छुट्टै पैसा तिर्नुपरेको छैन। यसरी विस्तारै जनसमुदायमा आर्थिक समृद्धि भइरहेको छ भन्ने मेरो विश्वास छ।

विकासलाई मापन गर्ने एउटा औजार पूर्वाधार पनि हो। विकास एकैचोटि जादुको छडी जस्तो त हुन सक्दैन। तर पनि हिजो हामीले जुनखालको सपना

देखेका थियौँ, त्यसमा हामी सफल भएका छौँ । प्रत्येक साविकका वडाका मुख्य बस्तीहरुमा सडक पुऱ्याएका छौँ । गाउँ-गाउँमा सडक पुगिसकेको अवस्था छ । वडाको करिब ९० प्रतिशत घरधुरीमा विद्युतीकरण गरिसकेका छौँ । बाँकी १० प्रतिशत घरधुरीमा पनि यसै वर्ष विद्युत पुऱ्याउने लक्ष्य लिएका छौँ । यसै वर्षको अन्तमा त्रिवेणी उज्यालो कार्यक्रम घोषणा गर्ने तयारीमा छौँ । गाउँ-गाउँमा खानेपानी योजना सम्पन्न गरेका छौँ भने कैयौं योजनाको मर्मतसंभार तथा पुनःनिर्माण पनि गरेका छौँ । जुन टोलबस्तीहरुमा सिधा खानेपानीको स्रोत छैन, त्यस्ता बस्तीहरुमा सौर्य लिफ्टको माध्यमबाट खानेपानीको वैकल्पिक व्यवस्था गरेका छौँ । कतिपय सौर्य लिफ्टका योजनाहरु क्रमागतरुपमा निर्माणाधीन छन् । जस्तै माछेमूल टाँपे सौर्य लिफ्ट योजना, दिपुकामी लेक सौर्य लिफ्ट योजना, ठाडीखोला श्रीगातिना सौर्य लिफ्ट योजना क्रमागत छन् भने चिल्लेबोटदेखि निपाने नागा रानागाउँ सारधारा सौर्य लिफ्ट योजना र राम्मीखोला चौफारीबोट सौर्य लिफ्ट योजना सम्पन्न भइसकेको छ ।

गाङमा एक घर एक धारा सम्पन्न गरिसकेका छौँ । कवरगाउँ, सालमाजा, खवाङपाछा, तल्लो राम्मी, तिला बजार जस्ता बस्तीहरुमा एक घर एक धारा केन्द्रीय खानेपानीको स्कीम तथा वैकल्पिक ऊर्जाबाटै सम्पन्न भइसकेको छ । धारा रानीमालामा एक घर एक धाराको लागि बजेटको व्यवस्था गरिसकेका छौँ । अब वडाको सबै टोल बस्तीहरुमा एक घर एक धारा बनाउने अभियान लिएका छौँ ।

घना तथा भिरालो बस्तीहरुमा सिँढी सोलिङ तथा ढलान गरेका छौँ । जसले गर्दा समुदायको सौन्दर्यता बढेको छ । यस वडाका ८ वटै विद्यालयहरुमा जाली घेराबार, बालमैत्री धारा र शौचालयको बन्दोबस्त गरेका छौँ ।

विद्यालयको फिल्ड निर्माण, रेलिङसहितको सिँढी, सुविधा सम्पन्न छात्रबास निर्माण गरेका छौँ । विद्यालय भवन निर्माण तथा विद्यालयको छानो मर्मत गरेका छौँ ।

कक्षा १ देखि ३ सम्म बसाइँ व्यवस्थापन गरेका छौँ भने आ.वि. र मा.वि. हरुमा इन्टरनेटसहित सिसि क्यामरा जडान गरेका छौँ । निजी स्रोत शिक्षकको भार न्यूनीकरण गर्न शिक्षण स्वयंसेवकको समेत व्यवस्था गरेका छौँ । विद्यालयहरुमा इ-लाइब्रेरी, विज्ञान प्रयोगशाला, आइ.सिटी. ले व्यवस्थित गरेका छौँ । कक्षा १-५ का विद्यार्थीहरुलाई पोषण पुऱ्याउन दिवा खाजाको व्यवस्था गरिएको छ । विद्यालयस्तरका कुनै बालबालिका विद्यालय बाहिर हुन नदिन पालिकास्तरमा बाल अक्षयकोषको स्थापना गरेका छौँ ।

स्वास्थ्य चौकी भवन निर्माणको लागि ५ रोपनी जग्गाको व्यवस्था गरिसकेका छौँ । वडा कार्यालय भवन निर्माण गरेका छौँ ।

सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीमार्फत वितरण तथा अनलाइन इन्ट्रीको व्यवस्था गरिएको छ । अनलाइन प्रणालीबाट राजस्व सङ्कलन गरिँदैछ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत जम्मा ९६ घर अतिविपन्न परिवारलाई जस्तापाता वितरण गरिँदैछ । हाम्रो कार्यकालको बीचमा हामीलाई विभिन्न संकटहरु पनि उत्पन्न हुन आए । कहिले कोभिड महामारी तथा कहिले आगलागी, बाढीपहिरो, बम बिस्फोट र चट्याङलगायतका दैवि प्रकोपका घटनाहरुले हामीलाई प्रभावित बनायो । विपद्को समयमा शीघ्र उद्धार तथा देश विदेशबाट आउने ५ सय जनालाई क्वारेन्टिन व्यवस्थापन गरियो । आर.डि.टी. तथा पि.सि.आर. परीक्षणसमेत गरिएको छ । यद्यपि हामी ती सबै कुराहरुको सामना गर्दै यहाँका जनताको समृद्धि, विकास, शान्तिका लागि अहोरात्र लाग्यौँ । त्यसको परिणाम पनि अहिले त्रिवेणीबासीहरुले सुखदरुपमा त्यसलाई ग्रहण गरिरहनुभएको छ । अब हामीले पाएको समयको हिसाबले त्यसमा हामीले असन्तुष्टे हुने खालको, निराश हुने खालको कार्य गरेको छौँ भन्ने हामीलाई लाग्दैन ।

चुनौतीहरु पनि हामीले व्यहोर्नु पऱ्यो । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारी पनि त्रिवेणी गाउँपालिका ७ नं. वडाको विकासको ठूलो बाधकको रुपमा रह्यो । चट्याङ जस्ता विपद्का कुराहरु पनि समय-समयमा घट्ने भएको हुँदा त्यसले पनि हामीलाई प्रभावित बनायो ।

अब आउने जनप्रतिनिधिले गर्नुपर्ने कामहरुमा हामीले गर्न बाँकी रहेका कामहरु भौतिक संरचनाको मर्मत सुधार तथा स्तरोन्नति आदि हुन् । खानेपानी कतै छिटपुटको स्थानमा पूर्ति गर्ने र शिक्षाको क्षेत्रमा विद्यालयको व्यवस्थापन, शिक्षक दरबन्दी मिलान गरी शिक्षालाई अझ गुणस्तरीय बनाउने र अनुगमनलाई अझ बढोत्तरी दिने कार्य गर्नुपर्नेछ । स्वास्थ्यको क्षेत्रमा गैरीगाउँ स्वास्थ्य चौकी भवन निर्माण गर्नुपर्नेछ । यस अवधिमा हामीले बढी भौतिक पूर्वाधारको क्षेत्रमा खर्च गरेका छौँ भने अब आउने जनप्रतिनिधिले पूर्वाधारभन्दा पनि कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, लैंगिक समानता, तथा अन्य आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा लगानी गर्नुपर्ने देख्छु । सुरक्षित नागरिक आवासको काम पूर्ण गनुपर्ने देखिन्छ । केही लिफ्टिङ सिंचाइ, सिंचाइ कुलो, अधुरै रहेका छन्, वडा प्रहरी चौकी स्थापना गर्नुपर्नेछ ।

❑

# त्रिवेणीको विकासमा राजनीतिक नेतृत्वको 'स्टामिना'



● काशीराम डाँगी

करिब ५ वर्षे कार्यावधिमा पश्चिम रोल्पास्थित त्रिवेणी गाउँपालिकाका जनप्रतिनिधि र यहाँको नेतृत्वबाट गरिएका काम कारबाहीको फेहरिस्त झल्काउने एउटा पुस्तिका प्रकाशित गर्ने तयारी स्वरुप मलाई केही टिप्पणी लेखिदिन आग्रह गरिएअनुसार म केही शब्द लेख्ने प्रयासमा छु । 'त्रिवेणी गाउँपालिकाको गौरवमय चार वर्ष : विकासमा त्रिवेणीका पाइलाहरु' शीर्षकको उक्त पुस्तिकामा आर्थिक वर्ष २०७४/०७५ देखि २०७७/०७८ को अवधिमा सम्पन्न भौतिक र सामाजिक विकास तथा अवस्थाका बारेमा जानकारी पस्कने मेरो अपेक्षा छ ।

केही टिप्पणी लेख्नका लागि मलाई आग्रह गरिएपछि त्रिवेणीबारे म आफैँले बुझे-देखेभोगेका विषय र स्थानीय तहले गरेका गतिविधि पहिल्याउनु पहिलो काम हुन्छ । आफ्नो जन्मभूमि भइकन पनि म करिब दुई दशक बढी समयदेखि त्यस जन्मभूमिदेखि केही दूरी टाढै रहेर आफ्नो कर्म गर्दै आएको छु । यद्यपि यहाँको विकास निर्माण, सामाजिक, राजनीतिक गतिविधि र जनसरोकारका विषयदेखि म टाढा भइनँ । त्यसैले त्रिवेणीको शिक्षा, स्वास्थ्य, सामाजिक विकास, कृषि क्षेत्रको विकास एवं भौतिक विकासप्रति जानकार रहनु मेरो जिम्मेवारी नै हुन आउँछ ।

तत्कालीन सशस्त्र द्वन्द्वका बेलामा होस् वा त्यसपछिको परिवर्तित राजनीतिक वेगमा होस्, त्रिवेणी मूलधारको राजनीतिक केन्द्र भागमा रह्यो । सशस्त्र द्वन्द्वको चेपुवामा परेर वा बहुविचारको 'फूलबारी' भएर होस्, यस क्षेत्रले जिल्ला तहका राजनीतिक अगुवाइ गरिनै रह्यो । सचेत राजनीतिक बहसमा भाग लिने क्रममा होस् वा सशस्त्र द्वन्द्वलाई नजिकबाट बुझेर मा( नवीय क्षति न्यून गर्न मुख्य भूमिका निर्वाह गरेर होस्, त्रिवेणी र यस क्षेत्रको प्रभावकारी भूमिका रहिआएको छ । त्रिवेणी क्षेत्र खासगरी, साविकका गा.वि.स.हरु बुढागाउँ, जुगार, नुवागाउ, गैरीगाउँ र करेटीमा बसोबास गर्ने र गर्न चाहने आमसमुदायलाई समकालीन राजनीतिका बारेमा सायदै अन्योलता होला । त्यसैले उनीहरु जे गर्छन्, जानीबुझीकन काम गर्छन् भन्ने विश्वास छ । यसप्रति मेरो अपेक्षा छ- यो भनाइ तर्कसंगत एवं सत्य सावित रहिरहोस् ।

करिब २ सय ५ वर्ग किलोमिटर क्षेत्रफल, २६ हजार जनसंख्या र साढे ४ हजार धरधुरी; भौतिक विकास वा पूर्वाधार विकास गर्न यो तथ्यांक थोरै भने होइन । पहाडी भू-भाग भएकाले पूर्वाधारका दृष्टिकोणले विकास गर्न सहजै छ भन्न मिल्दैन । त्यसैले पहिलो स्थानीय तह, पहिलो स्थानीय सरकार वा पहिलो जिम्मेवार जनप्रतिनिधिसहितको नेतृत्वका लागि त्रिवेणीको विकास लक्ष्य पूरा गर्न अवश्य चुनौतीपूर्ण बन्यो होला भन्न सकिने पर्याप्त आधारहरु छन् । यद्यपि २ सय किलोमिटरभन्दा बढी सडक निर्माण गर्नु, ९९ प्रतिशत बढी घरलाई शौचालय निर्माणमा सघाउनु र ७५ प्रतिशत घरमा बिजुली पुर्‍याउनु सानो काम होइन । झट्ट हेर्दा पूर्वाधार क्षेत्रको परिवर्तन (हार्डवेयर पक्ष) लाई जनसाधारणले विकासको मुख्य आधार माने पनि मानवीय विकास अर्थात् चेतना अवस्थाको परिवर्तन (सफ्टवेयर पक्ष) लाई कम प्राथमिकता दिने हाम्रो चलन छ ।

स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात् त्रिवेणीमा देखिएका मूल समस्याको पहिचान गरी विकासको मूल आधारको खोजीमा लागिरहनु यहाँको नेतृत्वको मुख्य सफलता मान्न सकिन्छ । विकासको मुख्य आधार क्षेत्रसँग सबै वडालाई जोड्ने नेतृत्वले गाउँपालिकाको शान मात्र होइन, जिल्लामै अग्रणी नेतृत्वको संकेत गरेको हामीले स्पष्टै देखेका छौं । पहिलो चरणमा पूर्वाधार विकास र त्यसपछि अन्य मानवीय विकासप्रति रुचि देखाएर त्यही खालका योजना र नीति निर्माण गरेर अघि बढ्ने प्रयत्नमा निर्वाचित नेतृत्वको

निरन्तर योजनाले जिल्लामै उक्त मोडेललाई बहसमा ल्याइदिएको छ । नेतृत्वको अविचलित क्षमताबारे अन्य स्थानीय तहमा समेत चर्चा र छलफल हुनु अवश्य पनि राम्रो पक्ष हो । त्रिवेणीको विकासप्रति प्रतिवद्ध रही यहाँको नेतृत्वले गरेका कार्यको सिंहावलोकन गर्दा केही तथ्य र आधार यस प्रकार मान्न सकिन्छ :

## राजनीतिक नेतृत्वको "स्टामिना"

स्थानीय तहको निर्वाचनपछि केन्द्र र अन्य विषयमा विवाद नभएको होइन । राजनीतिक उपस्थिति र हैसियत भइकन पनि जिल्लाको नयाँ 'राजनीतिक पुनर्गठन' गर्ने जिम्मेवारी नदिइएको भने अवश्य हो । स्थानीय तह निर्माण गर्दा यस क्षेत्रको सक्रिय भूमिका हुन नपाउनाले सुरुदेखि नै यस क्षेत्रमा केन्द्र तोक्ने क्रममा होस् वा अन्य विषयमा स-साना विवाद सिर्जना भएकै थिए । जिल्लाभरकै स्थानीय तहको निर्माण एवं नयाँ भौगोलिक वर्गीकरण गर्ने क्रममा यहाँको राजनीतिक नेतृत्वको भूमिकालाई नकार्न सकिँदैन । राजनीतिक दाउपेचका भरमा त्रिवेणीको नेतृत्वलाई सहभागी नगराउनु राजनीतिक सहिष्णुता थिएन ।

त्रिवेणीको विकासमा दुई बाटोबाट चेतना भित्रिने क्रमलाई हामीले गम्भीरतापूर्वक मनन गर्नु आवश्यक हुन्छ । नजिकको सीमा दाङबाट मानवीय विकास र यसको प्रभावबाट त्रिवेणीको समुदायलाई अलग राख्न सकिँदैन । सडक मार्ग होलेरी र कपुरकोट हुँदै त्रिवेणीमा भित्रिँदा सजिलो भए जस्तै परिवर्तन वा विकासको प्रभाव पनि त्यसै सडकबाट भित्रिएको पक्का हो । सडक मार्गले पूर्वाधार क्षेत्रको विकासमा सहजता ल्याउँछ भने मानवीय विकास (चेतना) ले समुदायको विकासप्रति लक्षित गर्छ । नेपालमा विकास दक्षिणबाट उत्तरतर्फ बग्छ वा सर्छ भने जस्तै त्रिवेणीमा यी दुई मुख्य सडकबाट भौतिक र सामाजिक विकास भित्रिएको मान्नुपर्छ । त्यसैले आज यहाँ क्याम्पस, कृषिको पर्याप्त विकास, स्वास्थ्य क्षेत्रको भरपर्दो उपाय तथा सामाजिक एकता र माथिल्लो तहको मानवीय गुणबाट यस क्षेत्रलाई मापन गर्न सकिन्छ ।

त्रिवेणी अरुभन्दा किन फरक छ ? अन्यत्रभन्दा यहाँको चेतनास्तर किन अलग छ ? यहाँका मानिसहरु किन जिज्ञासु देखिन्छन् ? हरेक विषय वा ऐजण्डामा यहाँ अन्यत्रभन्दा किन बढी बहस हुन्छ ? त्रिवेणीबारे यस्ता प्रश्न थुप्रै उठ्छन् । के युवा, के बृद्ध-बृद्धा, यहाँको चासो र सहभागिताबारे अन्यत्र बहस र चर्चा भइरहेकै हुन्छ । अझ प्रश्न उठ्छ- तत्कालीन सशस्त्र द्वन्द्वमा यहाँ किन कम मानवीय क्षति भयो ? त्यस अवधिमा किन थोरै मात्रै विस्थापित हुनुपऱ्यो ? यद्यपि यहाँको सहभागिता र सक्रियता उक्त सशस्त्र द्वन्द्वप्रति नभएको भने होइन । तर सशस्त्र द्वन्द्वका बेलामा कम मानवीय क्षति हुनुको एउटै कारण हो- मानिसहरुले आफ्नो बुद्धिले सोचेर निर्णय गरे । आफैले भोगेर र गम्भीरतापूर्वक सोचेर मात्रै आफ्नो सहभागिता जनाएका थिए । हामीले ती दिनको समीक्षा गर्ने सवालमा कम्तीमा सत्य बोल्न र लेख्न भने भुल्नु हुँदैन । सत्य कुरा पनि यही हो ।

अहिले पनि त्रिवेणीमा राजनीतिक समीकरण मिलाउनु र समान सहभागिताको आधार तयार गर्नु कम चुनौतीको विषय छैन । पहिलो स्थानीय सरकारको पहिलो जिम्मेवार जनप्रतिनिधिको नेतृत्वले जनसरोकारका विषयमा गम्भीरतापूर्वक लाग्नु महत्वपूर्ण विषय हो । हरेक गाउँमा पुग्दा होस्, वा हरेक नागरिकसँग भेट्दा होस्, अहिलेको व्यवस्था र आफ्नो कर्तव्यप्रति बोध चेतना बुझ्न पाउँदा खुशी लाग्नु स्वभाविक छ । केवल पूर्वाधारको विकासमा सीमित नभइकन सामाजिक विकासप्रति सचेत यहाँको राजनीतिक नेतृत्वको 'स्टामिना' बाट आजको यो परिवर्तन संभव भएको हो भन्नु अत्युक्ति हुँदैन ।

## भौगोलिक सहजता र सुदृढ कृषि प्रणाली

सदरमुकाम लिबाङ र राप्ती अञ्चलका अन्य जिल्लामा अहिले पनि सुन्न पाइन्छ- जुगारी चामल खै ? यस क्षेत्रमा पर्याप्त उत्पादन हुने चामलको चर्चा जिल्ला बाहिरसम्म पुग्नु खुशीको कुरा हो । बुढागाउँ, जुगार, नुवागाउँ, गैरीगाउँ र करेटीमा उत्पादन हुने चामलको एउटा साझा नाम रहेको छ- जुगारी चामल । स्वादिलो र अर्गानिक हुने भएकाले उक्त चामलको चर्चा भएको हो । त्यसैले अहिले पनि भन्न सकिन्छ कि रैथाने खाद्यान्नको संरक्षण गरेर यस क्षेत्रको उत्पादन र महत्वलाई थप विस्तार गर्न सकिन्छ । साथै अन्य कृषिजन्य उत्पादन र विकासबाट स्थानीयलाई आत्मनिर्भर बनाउन स्थानीय तहले ल्याएका योजनालाई सम्पन्न गर्नु आवश्यक छ । उत्पादन वृद्धि र बजारीकरण गरेर

वर्षेनी बाहिर श्रम गर्न पुग्ने जनशक्तिलाई रोजगारी दिन कन्जुस्याई गर्नु हुँदैन । जडीबुटी, तरकारी, नगदेबाली र फलफूल खेती अर्को संभावनाको क्षेत्र हो ।

## अबको दायित्व- सामाजिक विकास

शिक्षा र स्वास्थ्य क्षेत्रको विकास गरेर सामाजिक सुधारका योजनालाई थप प्रभावकारी बनाउन आवश्यक छ । हरेक घरमा शौचालय निर्माण गरेजत्तिकै प्राथमिकता दिएर करेसाबारी सुधार र भान्साकोठा व्यवस्थापन अभियान चलाउन सकेमा स्वस्थ रहनुका साथै सन्तुलित खानामा ध्यान पुऱ्याउन सकिने संभावना रहन्छ । त्यसैले लेख्दा-देख्दा सामान्य लागेपनि भान्साकोठा सुधार गर्ने विषयमा हामी गम्भीर हुनैपर्छ ।

हुन त चुनावी अभियानको घोषणा पत्रमा उल्लेख नगरिएका निकै धेरै विकास योजना यो अवधिमा सम्पन्न भइसकेको पाइएको छ । सुरुवाती स्थानीय सरकारको गठन र परिचालन गर्दा मुस्किल व्यहोरेको अवस्थालाई भुल्ने हो भने जनआकांक्षाका धेरै कार्य भएका छन् । धेरै योजना जनचाहना अनुसार निर्माण गरिएका छन् । अस्पताल निर्माण, व्यवस्थित क्याम्पस, सडक कालोपत्र गर्नु र खानेपानीको पर्याप्त व्यवस्था गर्नु नियमित जस्तै लागेपनि उच्च चेतनास्तर भएको गाउँमा यस अघि नै हुनुपर्थ्यो । तर भौगोलिक सहजता र राजनीतिक नेतृत्वको उपस्थिति भए तापनि यहाँ नयाँ योजना ल्याउनु जरुरी थियो । सदरमुकाम लिबाङ र राज्यको मुख्य बागडोर सिंहदरबारदेखि निकै टाढा परेकाले यहाँको विकास अधुरै थियो । लिबाङदेखि अपायक जस्तै र सिंहदरबारदेखि सुदूरमा परेकाले यो क्षेत्र चर्चा बाहिरै रहेको थियो ।

यो अवधिमा के-के काम गर्न सकियो ? जनचाहनाका विषयले के कति प्राथमिकता पाए ? त्यसबारेमा छलफल के कति भए ? हालको राजनीतिक नेतृत्वलाई आगामी दिनमा थप प्रतिक्रिया मिल्ने नै छ । खासगरी विगतको सशस्त्र द्वन्द्वमा दोहोरो चेपुवामा परेको वर्तमान नेतृत्वको उच्च मनोबल, दृढ इच्छाशक्ति र निरन्तरको लगावले त्रिवेणीको विकासले नयाँ बाटो ल्याएको हो । उच्च राजनीतिक सहिष्णुता, सामाजिक हैसियत, राजनीतिक पहुँच र प्रशासकीय दक्षताबाट सुदृढ नेतृत्वले पुनः यस क्षेत्रको विकासप्रति नयाँ दिशा स्थापित गर्नेछ । सक्षम नेतृत्व क्षमता भएका जनप्रतिनिधि र गाउँपालिकाले लिएको साझा नारा-'समृद्ध गाउँपालिकाः सुखी जनता' सही सावित हुनेछ । तब मात्रै त्रिवेणीको विकासप्रति थालिएका पाइलाहरुले अग्रगति लिनेछन् र त्यसका निम्ति गरिएको लगानीबाट सही प्रतिफल प्राप्त हुनेछ ।

Twitter@KashiRDangi

***(त्रिवेणी-५ जुगार निवासी पत्रकार डाँगी नेपाल पत्रकार महासंघ रोल्पाका संस्थापक सभापति र रोल्पाको पहिलो समाचारमूलक पत्रिका रोल्पा आवाज पाक्षिकका सम्पादक/प्रशासक हुन् । उनी दुई दशकदेखि कान्तिपुर दैनिकमा कार्यरत छन् ।)***



# फेरिएको त्रिवेणी

● महेश न्यौपाने

## भूमिका

हाम्रो शिक्षा परिवर्तन गर्ने दस्ता नै कमजोर छ। विद्यालयमा काङ्ग्रेस, कम्युनिष्ट, राप्रपा वा मधेशवादी छ्यापछ्याप्ती भेटिन्छन् । शिक्षक देखिन छाडेका छन् । राजनैतिक दलका कार्यकर्ताले पढाएको शिक्षा कस्तो होला । राज्यको तलब खाएर पार्टीको झोलाप्रति माया भएकाहरुलाई शिक्षक बनाउँदासम्म शिक्षा क्षेत्रको सुधार हुँदैन । शैक्षिक सामग्री बोक्ने उनीहरुको झोलामा पार्टी र शिक्षक संगठनका रसिद भेटिने गर्छन् । यस्तो नांगो बिगबिगी कसले कहिले नियन्त्रण गर्ने ? बच्चाको अधिकारमा कहिल्यै सरोकार वा मतलव नराख्ने यस्ता संघ सङ्गठनलाई आफ्नो अधिकारको चिन्ताले शिक्षामा कहिले सुधार होला ? घडी हेर, सुइँकुच्चा ठोकको मानसिकतामा रहेका शिक्षकहरुलाई घडी हेर्ने हैन घण्टी सुन्ने कहिले बनाउने हो ।

विद्यालय व्यवस्थापन समितिहरु नाम मात्रका छन् । राम्रोसँग विद्यालयको "गभर्न" गर्न सकेका छैनन् । अझ पार्टीको कोटाबाट जाने व्यवस्थापन समितिबाट के अपेक्षा गर्नु । खबरदारी, साझेदारी र सहकार्य गर्ने नागरिक समाज मुर्छित छ । केही हुँदैन भन्ने मनोविज्ञान जबर्जस्त मौलाउँदै छ । आफूलाई अब्बल र राम्रा भन्ने मान्छेहरु समाज सुधार हैन आफ्नो सुधारमा लागेका छन् । यस्तो अवस्थामा रहेका अभिभावकबाट शिक्षाको परिवर्तनमा के आशा गर्नु । विकास वादले हैन, इच्छाले हुन्छ । बुद्ध एरिसस्टोटल, प्लेटो कसैको पनि वाद थिएन, झण्डा र झुण्ड थिएन तर कामले सधै बाँचिरहे । शिक्षा : विकास पूर्वाधारको पनि पूर्वाधार हो । भौतिक विकासभन्दा बौद्धिक विकासमा जोड दिनेहरु अगाडि देखिएका छन् ।

शिक्षा यस्तो परिवेशमा अगाडि बढिरहेको छ। पछिल्ला केही वर्षयता केही स्थानीय सरकारहरुले शिक्षा क्षेत्रको सुधारका लागि गरेको थालनीले आशाका किरण देखिन थालेका छन् । शिक्षा स्थानीय तहमा गएसँगै शिक्षा क्षेत्रको सुधार गर्नका लागि भएको प्रयास र तत्परताले नै यहाँको मानव विकास सूचकांक बढ्ने हो । बाटो, नहर, खानेपानी वा यस्तै भौतिक पूर्वाधार भोलि बनाए पनि खासै फरक पर्दैन तर शिक्षा त्यस्तो चिज हो जसलाई भोलि गरौँला भनियो भने आजका बालबालिकालाई अपुरणीय घाटा हुने गर्दछ। आजका बालबालिका नै हुन् भोलि गएर डाक्टर, इन्जिनियर, पाइलट, प्रोफेसर बन्ने । उनीहरुको शिक्षामा आज लगानी गर्न सकेनौँ भने तिनीहरु खाडीमा काम गर्ने श्रमिक बन्ने बाहेक अर्को विकल्प हुँदैन । यस्तै कुरालाई रोल्पाको त्रिवेणी गाउँपालिकाले ध्यान दिन थालेको देखिएको छ । यस आलेखमा त्रिवेणीले शिक्षा सुधारमा गरेको प्रयासको यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

## शिक्षामा फेरिएको त्रिवेणी

त्रिवेणी अब बालश्रममुक्त गाउँपालिका बनिसकेको छ। सातैवटा वडालाई बालश्रममुक्त घोषणा गरेको उसले गत पुष २९ गते गाउँपालिकालाई नै बालश्रममुक्त घोषणा गरी लुम्बिनी प्रदेशकै पहिलो बालश्रममुक्त गाउँपालिका बनेको छ। रणनीतिक कार्ययोजना अनुरुप सुरुमा गाउँपालिकाले श्रममा गएका बालबालिकाको विवरण तयार पाऱ्यो । गाउँपालिकाले गरेको सर्वेक्षणबाट काठमाडौंका ईंटाभट्टा साथै देशका अन्य शहर र भारतमा समेत गरी कुल २ सय २७ जना बालबालिका श्रममा गएको पाइयो । बालश्रमको मुख्य कारण अभिभावकको गरिबी र दावँलीको देखासिकी भन्ने पनि सर्वेक्षणबाट थाहा लाग्यो । अहिले ती सबै बालबालिका घर फर्किसकेका छन् । फर्केका मध्ये विद्यालय जाने उमेरका १७३ जनाले विभिन्न विद्यालयमा भर्ना भई नियमित पठनपाठन गरिरहेका छन् । गाउँपालिकाभित्रका विभिन्न होटल-रेस्टुरेन्टमा मजदुरी गर्ने ९ जना बालबालिका पनि मुक्त भइसकेका छन् ।

बालबालिकालाई विद्यालयसम्म ल्याए पनि उनीहरुको परिवारको गर्जो टार्ने व्यवस्था नभएसम्म विद्यालयमा टिकाइराख्न सहज थिएन। त्यसैले

गाउँपालिकाले विभिन्न गैरसरकारी संस्थासँग समन्वय गरी बालबालिकालाई शैक्षिक सामग्री र विद्यालय पोशाक सहयोग गरेको छ। जीविकोपार्जनकै समस्या भोगिरहेका गरिब बालबालिकाका परिवारका लागि बाख्रापालन, कुखुरापालन, तरकारी खेती जस्ता आयआर्जनका काममा सहयोग गरेको छ। गाउँपालिकाले २९ घरधुरीलाई बंगुरपालन, ७४ घरधुरीलाई कुखुरापालन र १२६ घरधुरीलाई बाख्रापालनमा सहयोग गरेको छ। त्यस्तै सीप विकासअन्तर्गत २३ जनालाई हाउस वायरिङको तालीम, १६ जनालाई सिलाइकटाई, १५ जनलाई डकर्मी, १० जनालाई सिकर्मी, १० जनालाई कपाल काट्ने, ९ जनालाई खाजा नास्ता बनाउने, ९ जनालाई ब्यूटिपार्लर, र ४ जनालाई मोटरसाइकल मर्मतको तालिम पनि दिएको छ। तालिम र आयआर्जनमा सहयोगले बालबालिकालाई विद्यालय आउन सहज भएको छ। मजदुरीमा जान बाध्य बालबालिकाको लागि भन्दै खडा गरिएको बालबालिका अक्षय कोषमा गाउँपालिकाले रु. ३८ लाख जम्मा गरेको छ। यही कोषबाट श्रमबाट फर्किएका बालबालिकालाई सहयोग गर्दै आएको छ।

निजी र सरकारी शिक्षाको विभेदलाई अन्त्य गरी सबैलाई समान गुणस्तरीय शिक्षा दिन भन्दै त्रिवेणी गाउँपालिकाले निजी विद्यालयहरुलाई सरकारी विद्यालयमा समायोजन गरेको छ। त्यस्तै विद्यार्थी संख्या अत्यन्तै न्यून भएका सरकारी विद्यालयलाई पनि नजिकको अर्को विद्यालयमा समायोजन गरिएको छ। नर्सरीदेखि कक्षा १० सम्म पढाइ भइरहेको शिखर जलजला एकेडेमी बोर्डिङ स्कुल, त्रिवेणी- ५ जुगारलाई जनजागृति मा.वि. जुगारमा समायोजन गरिएको छ। समायोजनसँगै शिक्षा मन्त्रालयले आर्थिक वर्ष २०७७/०७८ मा जनजागृति मा.वि. लाई नमुना विद्यालयको रुपमा छनौट गऱ्यो। उक्त विद्यालयले यसै वर्षदेखि नमूना विद्यालय विकास कार्यक्रम कार्यान्वयन गर्ने गरी ५ वर्षे गुरुयोजनासमेत बनाएको छ । अहिले यो विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १० सम्म नेपाली र अंग्रेजी दुवै माध्यमबाट पठनपाठनको व्यवस्था गरिएको छ।

त्यस्तै निजीस्तरमा सञ्चालन भएको मदरल्याण्ड एजुकेयर एकेडेमी प्रा.लि. लाई शुक्र मा.वि. झुम्लुङमा, रोल्पा सनराइज इंग्लिस बोर्डिङ स्कुललाई वीरेन्द्र मा.वि. गाङमा र बुढागाउँ मदरल्याड एकेडेमी प्रा.लि.लाई सरस्वती मा.वि. लिङदुङमा समायोजन गरिएको छ। त्रिवेणी गाउँपालिकामा सञ्चालित सबै निजी विद्यालयहरु सरकारी विद्यालयमा समायोजन भएपछि अहिले गाउँपालिका निजी विद्यालयविहीन भएको छ। विद्यार्थी संख्या कम रहेका तीनवटा सरकारी विद्यालयहरु समेत नजिकको अर्को सरकारी विद्यालयमा समायोजन भएका छन्। जनजागरण प्रा.वि. खालीचौर, नवज्योति प्रा.वि. दारिमचौर र जनमिलन प्रा.वि. धारमखोला क्रमशः जनजागृति मा.वि. जुगार, अरनिको मा.वि. नुवागाउँ र सरस्वती मा.वि. काउलाबोटमा समायोजन भएका छन्।

विद्यार्थी संख्या कम भएका सरकारी विद्यालयका केही कक्षाहरु अर्को विद्यालयमा पनि समायोजन गरिएको छ। बालसेवा प्रा.वि. जप्काको कक्षा ४ र ५ लाई शिव मा.वि. द्वारपानीमा र जनसेवा आ.वि. रामिडाँडाको कक्षा ६, ७ र ८ लाई सरस्वती मा.वि. लिङदुङमा समायोजन गरिएको छ। बालसेवा आधारभूत विद्यालयमा अहिले कक्षा ३ सम्म र जनसेवा आधारभूत विद्यालयमा अहिले कक्षा ५ सम्ममात्र पठनपाठन हुन्छ। निजी विद्यालयहरु सरकारीमा समायोजन भएसँगै पढाइको गुणस्तरमा पनि सुधार भएको अभिभावकहरु बताउँछन्। समायोजनसँगै निजीका शिक्षकहरु सरकारी विद्यालयमा आएका छन्। बोर्डिङ स्कुलका सरहरुले पढाउन थालेपछि अधिकांश विद्यालयमा अंग्रेजी माध्यममा पढाइ हुन थालेको छ। शिक्षाको गुणस्तर निजीभन्दा राम्रो बनाउने शर्तमा मात्रै विद्यालय समायोजनको सहमति दिइएको हो।

डिप्लोमा तहको पशु विज्ञान र बाली विज्ञान अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि त्रिवेणी गाउँपालिकाले वार्षिक रुपमा प्रति विद्यार्थी रु. १ लाखका दरले छात्रवृत्तिको व्यवस्था गरेको छ। गाउँपालिकाले हरेक वडाबाट १/१ जना छात्रा-छात्र गरी बाली विज्ञानतर्फ १४ जना र पशु स्वास्थ्य विज्ञानतर्फ १४ जना जनालाई छात्रवृत्ति दिने गरेको छ। त्रिवेणी गाउँपालिकाले पनि निजी शिक्षक अनुदान शीर्षकमा बजेट विनियोजन गरी शिक्षामा अभिभावकको भार कम गरेको छ। बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि यो गाउँपालिकाले संघीय सरकारले उपलब्ध गराउँदै आएकोमा आवश्यकताअनुसार रकम थप गरी न्यूनतम मासिक तलब रु. १५ हजार कायम गरेको छ। त्रिवेणी गाउँपालिकाले २६ जना अनुदान शिक्षकका लागि रु. ६०

लाख विनियोजन गरेको छ। आधारभूत तहका लागि रु. १५ हजार, माध्यमिक तहका लागि रु. २० हजार र प्राविधिक धारतर्फका शिक्षकका लागि रु. २९ हजारका दरले तलब सुविधा उपलब्ध गराएको छ। गाउँपालिकाले बाल शिक्षा सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीहरुको तलब भत्ता रु. १५ हजारका दरले दिने निर्णय गरेको छ।

पालिकाभित्रका सबै १२ वटै माध्यमिक विद्यालयमा नर्सको व्यवस्था गर्ने जिल्लाको पहिलो हो, त्रिवेणी गाउँपालिका। विद्यालयका नर्सलाई प्राथमिक उपचार र स्वास्थ्य परीक्षणका साथै किशोर किशोरीको प्रजनन तथा यौन स्वास्थ्यबारे सचेतीकरण, महिनावारी व्यवस्थापन, हिंसाबाट बालबालिकालाई सुरक्षा र सीप हस्तान्तरणको जिम्मेवारी दिइएको छ। विद्यालयमा खानेपानी व्यवस्थापन तथा सरसफाइ सञ्चालन, खोप कार्यक्रम र स्वास्थ्य शिक्षा सञ्चालनको जिम्मा पनि नर्सहरुले लिएका छन्।

महिनावारी र प्रजनन् स्वास्थ्यबारे किशोरीहरुले खुलेर कुरा गर्छन्। उनीहरुका समस्या सम्बोधन हुँदा स्कुल आउने दर पनि बढेको छ। विद्यार्थीहरुमा धेरैजसो ज्वरो, रुघाखोकी, टाउको दुख्ने, पेट दुख्ने र चोटपटकको समस्या हुने गरेको पाइएको छ। विद्यालय नर्स कार्यक्रमले बालबालिकाको शिक्षामा ठूलो परिवर्तन ल्याएको छ। कक्षा कोठामा पढ्दापढ्दै महिनावारी भए कसरी व्यवस्थापन गर्ने भन्ने कुराले सधैं पिरोल्थ्यो, विद्यालय नर्सिङ कार्यक्रमपछि यस्तो समस्या टरेको छ। महिनावारी हुँदा अधिकांश छात्राले ३/४ दिन विद्यालय छोड्ने गरेकोमा विद्यालयमा नर्स आएपछि विद्यार्थी अनुपस्थित हुने दर ह्वात्तै घटेको छ। संघीय सरकार र स्थानीय सरकारको साझेदारीमा विद्यालयमा नर्सिङ सेवा सुरु भएको हो। उनीहरुको खर्च व्यवस्थापनमा नेपाल सरकारको ९० प्रतिशत र गाउँपालिकाको १० प्रतिशत योगदान रहन्छ।

आज त्रिवेणी फेरिएको छ। कुरा वा भाषणमा हैन व्यवहारमै त्रिवेणी फेरिएको छ। काम गर्ने संकल्प र भिजन भए छोटै समयमा परिवर्तन गर्न सकिने रहेछ भन्ने उदाहरण बनेको छ त्रिवेणी।

## अब त्रिवेणीले गरोस्

विख्यात दार्शनिक प्लेटोले बाल्यकालको शिक्षालाई बालबालिकाको कल्पनालाई परिमार्जन गर्ने र किशोरावस्थाको शिक्षा तथ्य, विज्ञान र दर्शनद्धारा तर्कशक्ति प्रखर गर्ने शिक्षा भनेका छन्। शिक्षा प्राप्त गर्दा आँखा, नाक, कान, जिब्रो छाला जस्ता ज्ञानेन्द्रिय तथा हात, खुट्टा, दिमाग जस्ता कर्मेन्द्रियहरुलाई सक्रिय बनाउनुपर्दछ। हामीले अहिले लिइरहेको शिक्षा त्यस्तो छ त ? भनिन्छ कैयौं किताबले नदिएको ज्ञान एउटा यात्राले दिन्छ। हामीले जुन मोडेलमा पढ्यौं त्योभन्दा अर्को मोडल पनि हुन्छ भन्ने हाम्रो मनले स्वीकारेन त्यसैले हाम्रा बाबु-बाजेले पढेको मोडेलमै हाम्रा छोरा-नातिले पढ्दैछन्। स्वीमिङ हेरेर सिकिँदैन त्यसको लागि नदी वा पोखरीमा पौडिनै पर्छ। यस्ता कैयौं पढाइहरु छन् जसलाई हात खुट्टा प्रयोग गरेरै सिक्नुपर्छ। परीक्षामा असफल हुनेहरु प्रयोगमा सफल भएका छन्। हामीले लेखेर दिने कुरालाई मात्रै परीक्षा भन्यौं। प्रयोगलाई कहिल्यै परीक्षा मान्न तयार भएनौं। कैयौं यस्ता मेकानिकल माइन्डहरु पनि हुन्छन् जसले लेखेर हैन, गरेर पुष्टि गर्छन्। परीक्षामा फेल हुनेहरु बिग्रेका घडी, मोबाइल मात्र हैन, गाडीसमेत सहजै बनाउन सफल हुन्छन्। यस्ता सफलतालाई हामी परीक्षा मान्नैनौं र उनीहरुलाई शिक्षित पनि मान्नैनौं।

निरन्तरताले ठूल-ठूला लगानी र बौद्धिकतालाई पनि जितेको हुन्छ। शिक्षकले अध्ययन अनुसन्धानमा निरन्तता दिनुपर्छ। शिक्षकलाई बदलिन प्रविधिले धेरै कुराको सिर्जना गरेको छ। हामी भने विद्यालयमा शिक्षकको दरबन्दी भएन भनेर कराई रहेका छौं। अब दरबन्दी हैन प्रविधिको प्रयोग गर्न लागिपरौं। योजना बनाउन फेल खायौं भने जीवनमा पनि फेल भइन्छ। शिक्षकको भेरिफाइ अभिभावक र विद्यार्थीले गरिरहेका हुन्छन्। निष्कर्ष शिक्षकले हैन, अभिभावक र विद्यार्थीले दिइरहेका हुन्छन्। शिक्षा व्यक्तिको व्यक्तित्व विकास मात्र हैन राज्यको सेवा गर्ने एक उपयोगी माध्यम पनि हो। त्यसैले शिक्षाको भार राज्यले लिनुपर्छ। नेपालका कैयौं विद्यालयहरु राजनीतिले लथालिङ्ग भएका छन् भने राजनीति बन्द भएका कैयौं विद्यालयहरु सप्रिएका पनि छन्। सरकारी शिक्षण संस्थाहरुमा पढाइ छाडेर राजनीति गरिन्छ। श्वास, खाना जस्तै पढाइ पनि छोड्ने विषय होइन। शिक्षा पर्खिने विषय होइन। शिक्षा प्राप्त गर्ने कुरा भोलि हैन, आजै हुनुपर्छ।

***(शिक्षा क्षेत्रमा कलम चलाउन रुचि राख्ने लेखक न्यौपाने नेपाल पत्रकार महासंघ रोल्पाको निवर्तमान अध्यक्ष हुन्)***

# समाजवाद उन्मुख स्थानीय सरकार



● माधवकुमार ओली

यो पुस्तक प्रकाशनको प्रारम्भिक छलफलका क्रममा पङ्तिकार त्रिवेणी गाउँपालिका पुग्दा गाउँपालिका अध्यक्ष शान्तकुमार वली धान छाँट्न व्यस्त थिए। जिल्लाका अन्य स्थानीय सरकारका प्रमुख सायदै होलान् यसरी खेतबारीमा भेटिने । नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वि.पि. कोइरालाले भनेका थिए “सरकारले हरेक योजना बनाउँदा हलो समाइरहेका किसानलाई सम्झनु” । तर त्रिवेणी गाउँपालिका अध्यक्ष त आफै हलो समाउँछन् र योजना निर्माण गर्छन् । किसान सम्झने होइन अनुभूति गरेर नै योजना बनाउने स्थानीय सरकारका प्रमुख हुन् वली ।

संघीयता कार्यान्वयनसँगै देशमा तीन तहका सरकार बनेका छन् । स्थानीय, प्रदेश र संघीय । उनीहरु आ-आफ्नै कार्याधिकारसहितका सरकार हुन् । जनताको घरदैलोको सरकारको रुपमा जनताले भेट्ने गरी देशमा ७ सय ५३ वटा अधिकारसम्पन्न स्थानीय सरकार क्रियाशील छन् । ती स्थानीय सरकार गठन भएको पनि चार वर्ष पूरा भइसकेको छ। नेपालमा पहिलो पटक अधिकारसम्पन्न स्थानीय सरकार आएपछि नागरिकको अपेक्षा पनि ह्वात्तै बढ्यो। कतिपय स्थानीय सरकारले आफ्नै ढङ्गले सिर्जनशील, राम्रा र उदाहरणीय काम गरेका छन् । कपितयले आफू पुग्ने गन्तव्य पहिल्याउँदै रणनैतिक योजना बनाएर कार्यान्वय गरिरहेका छन् । यसरी काम गर्ने सीमित स्थानीय सरकारमध्ये एक हो लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा पर्ने त्रिवेणी गाउँपालिकाको स्थानीय सरकार ।

यो गाउँपालिकाको कतिपय कामले यस्तो अनुभूति दिलाउँछ कि समाजवाद भनेको यही पो हो त । नेपालको संविधानले नै समाजवादको परिकल्पना गरेको छ। पूर्वाधार विकास, शिक्षा र स्वास्थ्यमा समानता, रोजगारी नै समाजवादको मूल आधार मानिएको छ। सोही आधारहरुमा त्रिवेणी गाउँपालिकाले काम गरेको पाइएको छ ।

त्रिवेणीले गाउँपालिकाभित्रका सबै निजी विद्यालयलाई सामुदायिक विद्यालयमा समायोजन गरी शिक्षामा समाजवादको नमूना प्रस्तुत गरेको छ। गाउँपालिकाभित्र समान शिक्षाको परिकल्पना गरी निजी विद्यालय सरकारी सामुदायिक विद्यालयमा समायोजनको नीति अख्तियार गरेको हो । शिक्षाको निजीकरण तथा व्यापारीकरणले उब्जाएको विभेद कम्तिमा तत्कालका लागि टरेको छ र सबै त्रिवेणीबासीका छोराछोरीहरु सरकार-सामुदायिक विद्यालयमा पढ्ने भएका छन् ।

गत चार वर्षमा गाउँपालिकाले सञ्चालन गरेको पूर्वाधार विकासतर्फ सडक, विद्युत, खानेपानी योजना निर्माण नै समाजवाद उन्मुख विकासको पहिलो आधार हुन्। यसमा पनि सडक अन्तर्गत गाउँपालिकाको केन्द्र नेर्पा बजारलाई केन्द्रबिन्दु मानेर तिला, सिम्पानी र त्रिवेणी जोड्ने सडकलाई रणनैतिक योजनाका रुपमा कालोपत्रे गर्ने कामको सुरुवात, विद्युतीकरणका लागि त्रिवेणी उज्योलो कार्यक्रम तथा मुख्य बजार क्षेत्र र गाउँबस्तीहरुमा खानेपानीको दीर्घकालीन योजना नै गाउँपालिकाको नमूना कार्य हुन् ।

यस्तै गाउँपालिकाले नै चिकित्सकसहितको अस्पताल सञ्चालन गर्नु, गाउँपालिकाभित्र जुनसुकै ठाउँबाट पनि एम्बुलेन्स प्रयोग गर्दा समान भाडा दर कायम गर्नुलाई पनि अर्को आधार मान्न सकिन्छ । यस्तै गाउँपालिकाभित्र रहेका बालबालिकाहरुलाई श्रममुक्त बनाई विद्यालय उमेरका बालबालिकालाई विद्यालय भर्ना र विद्यालय उमेर कटिसकेका बालबालिकाहरुलाई व्यावसायिक सीपमूलक तालिम र आर्थिक तथा प्राविधिक सहयोग दिई स्वरोजगार तथा रोजगारीमा जोड्नु, बालश्रममुक्त अभियानलाई दीर्घकालीन बनाउन रु. ३६ लाखको अक्षयकोष स्थापना गर्नु पनि समाजवादको आधार हो । संघीयतापछिको नेपालकै पहिलो बालश्रममुक्त स्थानीय तह घोषणा गर्न सफल हुनु पनि बलियो आधार हो । यस बाहेक शिक्षामा प्रशस्तै पूर्वाधार

निर्माण गर्नु, कृषिमा व्यावसायिकरण गरी रोजगारी सिर्जना गर्नु पनि गाउँपालिकाका समाजवादमा पुग्ने मुख्य आधार मान्न सकिन्छ। त्रिवेणी गाउँपालिकामा अन्य स्थानीय तह जस्तो समाजको मागभन्दा फरक तामझामसहित अनावश्यक कुनै कार्यक्रम गरेको पाइँदैन। यद्यपि राजनैतिक विचारमा मतभेदका कारण कतिपय विरोधीहरुले त्रिवेणीको विकासलाई सहजरुपमा स्वीकार्न सकिरहेका छैनन्। विभिन्न सामाजिक सञ्जालहरुमा विरोध गरेको पाइन्छ। तर ती सबै विरोधका लागि विरोध मात्रै हो। अन्यथा अन्य स्थानीय तहले किन गर्न सकेनन् त ? यदि त्रिवेणीको विकासलाई स्वीकार्न नसक्ने हो भने जिल्लामा १० वटा स्थानीय तह छन् ती स्थानीय तहले के-कति काम गरे समीक्षा गरौँ न। त्यत्तिकै गर्ने भए जिल्लाका १० वटै स्थानीय तहलाई बालश्रममुक्त गरे भैगो नि। त्यसैले त्रिवेणीको कामलाई तथ्य र तथ्याङ्कमा हेर्न जरुरी छ न कि विरोधका लागि विरोध मात्र गरेर तथ्यलाई नजरअन्दाज गर्न मिल्दैन कि !

जिल्लाकै कतिपय स्थानीय तहले भ्यूटावर, मठमन्दिर र चर्चहरुमा लगानी नगरेका पनि हैनन् तर त्रिवेणीले समाजको आवश्यकताभन्दा बाहिर गएर कहिल्यै केही काम गरेको पाइएन। गाउँपालिकाले गरेका यी कार्यहरुलाई केलाउने हो भने केही न केही हिसाबले संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख नै देखिन्छ। यसरी नै संघीयताको भरपूर उपयोग गरी सबै स्थानीय तहले आफ्नो काम, कर्तव्य र जिम्मेवारीलाई सही ढङ्गले प्रयोग गर्न सकेमा संघीयताको मर्म र संविधानले परिकल्पना गरेको समाजवादको सपना पूरा हुन धेरै समय नलाग्ने निश्चित छ।

❑

***(लेखक ओली नेपाल टेलिभिजनमा कार्यरत छन्। उनी विकास पत्रकारितामा दख्खल राख्दछन्।)***

# त्रिवेणी गाउँपालिकाका मौज्दात ऐन तथा कानूनहरू

नेपालको संविधानको अनुसूची-८ र अनुसूची-९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न तथा सार्वजनिक सेवा प्रवाहको आवश्यक व्यवस्था मिलाउन त्रिवेणी गाउँपालिकाको गाउँसभा तथा गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेका बैठकबाट देहायका ऐन, नियमावली, नीति, रणनीति, कार्यविधि, निर्देशिका तथा मापदण्ड पारित गरी कार्यान्वयनमा ल्याइएको छ-

| क्र.सं. | पारित भएको ऐन तथा कानूनहरूको विवरण | पारित गर्ने निकाय | पारित भएको मिति | कैफियत |
|---|---|---|---|---|
| आर्थिक वर्ष २०७४/०७५ | | | | |
| १ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/०४/२२ | बैठक संख्या १ |
| २ | त्रिवेणी गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/०४/२२ | बैठक संख्या १ |
| ३ | त्रिवेणी गाउँपालिकाका पदाधिकारीहरूको आचारसंहिता, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/०४/२२ | बैठक संख्या १ |
| ४ | त्रिवेणी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण नियमावली, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/०४/२२ | बैठक संख्या १ |
| ५ | सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/०८/०१ | बैठक संख्या ६ |
| ६ | त्रिवेणी गाउँपालिका एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१०/२५ | बैठक संख्या ८ |
| ७ | लक्षित वर्ग आयमूलक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१०/२५ | बैठक संख्या ८ |
| ८ | त्रिवेणी गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१०/२५ | बैठक संख्या ८ |
| ९ | विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन, कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१०/२५ | बैठक संख्या ८ |
| १० | गाउँपालिकाका कर्मचारीहरूको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी प्रस्ताव, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१०/२६ | बैठक संख्या ९ |
| ११ | बालबालिका कोष सञ्चालन कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१२/०७ | बैठक संख्या १० |
| १२ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१२/०७ | बैठक संख्या १० |
| १३ | त्रिवेणी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१२/२७ | पहिलो गाउँसभा |
| १४ | त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/०५/०१ | पहिलो गाउँसभा |
| १५ | त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/०५/०१ | पहिलो गाउँसभा |
| १६ | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/१२/२७ | तेस्रो गाउँसभा |
| १७ | त्रिवेणी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/१२/२७ | तेस्रो गाउँसभा |
| १८ | त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/१२/२७ | तेस्रो गाउँसभा |
| १९ | स्थानीय स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/१२/२७ | तेस्रो गाउँसभा |
| २० | त्रिवेणी गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/१२/२७ | तेस्रो गाउँसभा |
| २१ | आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्न बनेको ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/१२/२७ | तेस्रो गाउँसभा |
| २२ | त्रिवेणी गाउँपालिकाको सहकारी ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७४/१२/२७ | तेस्रो गाउँसभा |
| २३ | त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७४/१२/२७ | बैठक संख्या १२ |

| | | | | |
|---|---|---|---|---|
| २४ | त्रिवेणी गाउँपालिकाको एकिकृत सम्पति कर व्यवस्थापन कार्यविधि, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/०२/१७ | बैठक संख्या १४ |
| २५ | त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँसभा | २०७५/०३/३० | चौथो गाउँसभा |
| २६ | त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँसभा | २०७५/०३/३० | चौथो गाउँसभा |
| २७ | निकृष्ट प्रकारका बालश्रम सहित सबै प्रकारको बाल श्रम निवारण सम्बन्धी रणनीतिक योजना २०७५-२०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/०३/२९ | बैठक संख्या १८ |
| २८ | शिघ्र बजार विश्लेषण प्रतिवेदन, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/०३/२९ | बैठक संख्या १८ |
| २९ | त्रिवेणी गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/०९/०२ | बैठक संख्या २३ |
| आर्थिक वर्ष २०७५/०७६ | | | | |
| ३० | त्रिवेणी गाउँपालिकाको जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/०९/०२ | बैठक संख्या २३ |
| ३१ | त्रिवेणी गाउँपालिकाको अति विपन्न नागरिकहरूलाई स्वास्थ्य उपचार सहायता सम्बन्धी निर्देशिका, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/१०/०९ | बैठक संख्या २४ |
| ३२ | त्रिवेणी गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/१०/२५ | बैठक संख्या २६ |
| ३३ | त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०७५ को प्रथम संशोधन | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/१०/२५ | बैठक संख्या २३ |
| ३४ | त्रिवेणी गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को प्रथम संशोधन | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/१२/०५ | बैठक संख्या २८ |
| ३५ | त्रिवेणी गाउँपालिकाको घरजग्गा नक्सा पास कार्यविधि, २०७५ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७५/१२/०५ | बैठक संख्या २८ |
| ३६ | त्रिवेणी गाउँपालिकाको गैरसरकारी संस्था नियमन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०१/१५ | बैठक संख्या २९ |
| ३७ | त्रिवेणी जलश्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०२/१४ | बैठक संख्या ३० |
| ३८ | त्रिवेणी गाउँपालिकाको गैरसरकारी संस्था नियमन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ को प्रथम संशोधन | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०२/१४ | बैठक संख्या ३० |
| ३९ | त्रिवेणी गाउँपालिकाको सुशासन (व्यवस्थापन तथा सञ्चालन) नीति, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०२/२६ | बैठक संख्या ३१ |
| ४० | त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँसभा | २०७६/०३/१० | छैठौं गाउँसभा |
| ४१ | त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँसभा | २०७६/०३/१० | छैठौं गाउँसभा |
| ४२ | त्रिवेणी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँसभा | २०७६/०३/१० | छैठौं गाउँसभा |
| ४३ | त्रिवेणी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँसभा | २०७६/०३/१० | छैठौं गाउँसभा |
| ४४ | त्रिवेणी गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँसभा | २०७६/०३/१० | छैठौं गाउँसभा |
| ४५ | त्रिवेणी गाउँपालिकाको दलित कोष परिचालन कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| आर्थिक वर्ष २०७६/०७७ | | | | |
| ४६ | त्रिवेणी गाउँपालिकाको जनजाती कोष परिचालन कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ४७ | त्रिवेणी गाउँपालिकाको अपाङ्ग कोष परिचालन कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ४८ | त्रिवेणी गाउँपालिकाको लैंगिक हिंसा निवारणको लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ४९ | बालबालिकाको हक अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ५० | स्थानीय तह एक वडा एक युवा क्लब एवं उद्यम कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |

| | | | | |
|---|---|---|---|---|
| ५१ | युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ५२ | युवा सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी आन्तरिक कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ५३ | पशु सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने निर्देशिका, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ५४ | खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ५५ | सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाई अनुदान वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ५६ | कृषि पकेट जोन विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/०९/२५ | बैठक संख्या ४३ |
| ५७ | त्रिवेणी गाउँपालिकाको कृषि नीति, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७६/०९/२८ | सातौं गाउँसभा |
| ५८ | त्रिवेणी गाउँपालिकाको शिक्षा नीति, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७६/०९/२८ | सातौं गाउँसभा |
| ५९ | त्रिवेणी गाउँपालिकाको स्वास्थ्य सरसफाई तथा पोषण नीति, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७६/०९/२८ | सातौं गाउँसभा |
| ६० | त्रिवेणी गाउँपालिकाको सुशासन (सञ्चालन तथा व्यवस्थापन) नीति, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७६/०९/२८ | सातौं गाउँसभा |
| ६१ | स्थानीय स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन, २०७६ को प्रथम संशोधन | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७६/०९/२८ | सातौं गाउँसभा |
| ६२ | स्थानीय सभा गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७६/०९/२८ | सातौं गाउँसभा |
| ६३ | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को प्रथम संशोधन | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७६/०९/२८ | सातौं गाउँसभा |
| ६४ | असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरूलाई राहत उपलब्ध गराइने सम्बन्धी मापदण्ड, २०७६ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७६/१२/२२ | बैठक संख्या ४८ |
| ६५ | कोभिड १९ विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७७/०२/०६ | बैठक संख्या ५१ |
| ६६ | त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७७/०३/१० | आठौं गाउँसभा |
| ६७ | त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७७/०३/१० | आठौं गाउँसभा |
| ६८ | शिक्षण स्वयंसेवक परिचालन कार्यविधि, २०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७७/०४/२३ | बैठक संख्या ५६ |
| आर्थिक वर्ष २०७७/०७८ | | | | |
| ६९ | प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७७/०४/२३ | बैठक संख्या ५६ |
| ७० | एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७७/०४/२३ | बैठक संख्या ५६ |
| ७१ | बालबालिका कोष सञ्चालन कार्यविधि, २०७४ को प्रथम संशोधन | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७७/०६/२७ | बैठक संख्या ५७ |
| ७२ | नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७७/०९/०५ | बैठक संख्या ५९ |
| ७३ | त्रिवेणी गाउँपालिकाको उपभोक्ता समिति सञ्चालन निर्देशिका, २०७४ को प्रथम संशोधन | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७७/११/२६ | बैठक संख्या ६२ |
| ७४ | त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०७८ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७८/०३/१० | दशौं गाउँसभा |
| ७५ | त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७८ | त्रिवेणी गाउँपालिकाको गाउँ सभा | २०७८/०३/१० | दशौं गाउँसभा |
| ७६ | सुरक्षित नागरिक आवास निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८ | त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका | २०७८/०३/२९ | बैठक संख्या ६९ |

# त्रिवेणी गाउँपालिकाको गाउँसभाका पदाधिकारीहरू

| क्र.स. | नामथर | पद | मोबाइल नं. |
|---|---|---|---|
| १ | शान्तकुमार वली | गाउँसभा अध्यक्ष | ९८५७८२४९३१ |
| २ | सावित्राकुमारी बुढा (घर्ती) | गाउँसभा उपाध्यक्ष | ९८५७८२४९३० |
| ३ | देउराम घर्ती मगर | गाउँसभा सदस्य | ९८६४२६९०२० |
| ४ | कविराज बुढा | गाउँसभा सदस्य | ९८४४९६७१३१ |
| ५ | टीकाराम वली क्षेत्री | गाउँसभा सदस्य | ९८५७८२४९२८ |
| ६ | भिमबहादुर खत्री | गाउँसभा सदस्य | ९८४८१२९३८२ |
| ७ | कृष्ण बहादुर के.सी. | गाउँसभा सदस्य | ९८५७८२४९३५ |
| ८ | लेखमणी डाँगी | गाउँसभा सदस्य | ९८४४९३६५४५ |
| ९ | भानबहादुर घर्ती | गाउँसभा सदस्य | ९८६८६८५८५५ |
| १० | गायत्रा बुढा | गाउँसभा सदस्य | ९८१८५१८८८६ |
| ११ | पवित्रा पुन | गाउँसभा सदस्य | ९८०९८७०७८३ |
| १२ | सुवर्दी विश्वकर्मा | गाउँसभा सदस्य | ९८२२९१४९२५ |
| १३ | गीताकुमारी नेपाली | गाउँसभा सदस्य | ९८४४९१११९० |
| १४ | रेशमबहादुर वि.क. | गाउँसभा सदस्य | ९८०९५४३९२७ |
| १५ | चन्द्रलाल कामी | गाउँसभा सदस्य | ९८०६२०२८६१ |
| १६ | खड्कबहादुर के.सी. | गाउँसभा सदस्य | ९८०९८३४११३ |
| १७ | पूर्णबहादुर वली | गाउँसभा सदस्य | ९८४७९७७२०५ |
| १८ | दिलमाया बुढा मगर | गाउँसभा सदस्य | ९८६४७१८०५५ |
| १९ | दिलकुमारी वि.क. | गाउँसभा सदस्य | ९८०९८७२०८२ |
| २० | धनबहादुर बस्नेत | गाउँसभा सदस्य | ९८२२८२९३४५ |
| २१ | लोकबहादुर बुढा | गाउँसभा सदस्य | ९८१०९२१४६० |
| २२ | सरिता परियार | गाउँसभा सदस्य | ९८०९५०९०२७ |
| २३ | हिमलाल खत्री | गाउँसभा सदस्य | ९८०९८२८००९ |
| २४ | ओकी कमेनी | गाउँसभा सदस्य | ९८१०९५६२१३ |
| २५ | रामबहादुर घर्ती | गाउँसभा सदस्य | ९८६९४७७७७२ |
| २६ | चन्द्रबहादुर घर्ती | गाउँसभा सदस्य | ९८४४९०४८९९ |
| २७ | प्रेमबहादुर बुढामगर | गाउँसभा सदस्य | ९८६९४५४१५६ |
| २८ | भद्रकली रानामगर | गाउँसभा सदस्य | ९८६६५५४५३७ |
| २९ | गौसरा वि.क. | गाउँसभा सदस्य | ९८६७५९५८९३ |
| ३० | जातिराम घर्ती | गाउँसभा सदस्य | ९८६३४०७०७१ |
| ३१ | जीतबहादुर खत्री | गाउँसभा सदस्य | ९७४८५३६३४९ |
| ३२ | भक्ति सुनार | गाउँसभा सदस्य | ९८४३५५९८४९ |
| ३३ | वीरबल खत्री | गाउँसभा सदस्य | ९८०९७११९०५ |
| ३४ | उत्तीमा डाँगी | गाउँसभा सदस्य | ९८६९७३६८७६ |
| ३५ | दुर्गाप्रसाद नेपाली | गाउँसभा सदस्य | ९८१६५७५६१३ |
| ३६ | कृष्णाकमारी वि.क. | गाउँसभा सदस्य | ९८६३१३१७६२ |
| ३७ | खेमबाबु राजा डि.सी. | गाउँसभा सदस्य | ९७४८५२४९८५ |
| ३८ | मिलन बुढा मगर | गाउँसभा सदस्य | ९८२२५५७३०४ |
| ३९ | नीमबहादुर के.सी. | सदस्य-सचिव | ९८५७८२४५८५ |



सरस्वती मा.वि. लिङदुङको पाँच कोठे भवन (दायाँतर्फ)



अरनिको मा.वि. नुवागाउँको मर्मत सम्भार गरिएको भवन



गाउँपालिका उपाध्यक्षद्वारा ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गरिँदै



गाउँपालिका स्थापनाकालका निमित्त कार्यकारी अधिकृत श्री कम्मन गिरी



गाउँपालिका स्थापना पश्चातका पहिलो कार्यकारी अधिकृत श्री जीतबहादुर राना



त्रिवेणी गाउँपालिकाको दोस्रो प्रमुख प्रशासकीय अधिकृत श्री अमर बहादुर घर्ती



जनजागृति मा.वि. जुगारको रु. २२ लाखमा निर्मित छात्रबास भवन



जनकल्याण मा.वि. सिम्पानीको कम्प्यूटर ल्याब



जयनारायण आ.वि. ले स्वआर्जनका लागि गरेको तरकारी खेती



त्रिवेणी-५ स्थित गाउँपालिकास्तरीय कोसेली घर



वीरेन्द्र मा.वि. गाङको विज्ञान प्रयोगशाला



प्रदेश कार्यालयबाट खटाइएका कर्मचारीद्वारा जुगार-तिला सडक सफाइ हुँदै



शुक्र मा.वि. झुङ्लुङको रु. ४० लाखमा निर्मित पाँच कोठे भवन



गाउँपालिकाबाट तरकारी संकलनका लागि क्यारेट वितरण गरिँदै



त्रिवेणी गाउँपालिकाको केन्द्र जुगारको तस्विर



झुम्लुङ झुलाबाङ खानेपानी योजनाको अनुगमन हुँदै



वडा नं. २ मा लघुउद्यमका लागि सामग्री वितरण



वडा नं. ५ मा निर्मित ट्रस पुल



वडा नं. २ मा नवनिर्मित तरकारी संकलन केन्द्र



वडा नं. १ मा गरिएको उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम



वडा नं. २ मा निर्माण गरिएको पक्की कल्भर्ट



कोभिड-१९ अस्थायी अस्पतालको उद्घाटन कार्यक्रम



गाउँपालिकाको नीति निर्माणका लागि नागरिकसँग बृहत् छलफल कार्यक्रम




उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई सम्मान कार्यक्रम



छेडागाढ गाउँपालिका, जाजरकोटबाट अवलोकन भ्रमण गर्न पाल्नुभएका अतिथिहरुलाई स्वागत कार्यक्रम



जिल्ला समन्वय समिति, रोल्पाबाट अनुगमनका लागि पाल्नुभएका पदाधिकारीहरु



त्रिवेणी गाउँपालिका-४ मा रहेको भुवनेश्वरी मन्दिर



त्रिवेणी गाउँपालिका-७ को ऐतिहासिक तिला बजार



त्रिवेणी गाउँपालिका-६ मा रहेको राधा-कृष्ण मन्दिर



त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका भवन



त्रिवेणी गाउँपालिका वडा नं. २ र ७ जोड्ने त्रिवेणी पुल



त्रिवेणी गाउँपालिकाद्वारा गरिएको बजार अनुगमन



बालमञ्च स्थानीय शासनसम्बन्धी जानकारी लिन गरिएको भ्रमण कार्यक्रम



वडा नं. ५ को कार्यालय भवन उद्घाटन



त्रिवेणी गाउँपालिकाद्वारा प्रदान गरिएको सीपमूलक तालिमपश्चात् प्रदर्शनमा राखिएका सामग्रीहरु



गोविन्द मा.वि. दुम्लाको विद्यालय भवन



जनकल्याण मा.वि. सिम्पानीको विद्यालय भवन



सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम



बजार अनुगमनको क्रममा निजी मेडिकलको अनुगमन



झुम्लुङ झुलाबाङ खानेपानी योजनाको ट्यांकी




त्रिवेणी गाउँपालिकाको ११ औं गाउँसभामा उपस्थित पदाधिकारीहरु



उद्यम विकास कार्यक्रमबाट लघुउद्यमका लागि त्रिवेणी-५ मा सामग्री वितरण



कोभिड-१९ को समयलाई उपयोग गर्दै शिक्षकद्वारा तयार गरिएको सिद्धरत्न मा.वि. को पार्क



जनसेवा आधारभूत विद्यालयको मर्मत गरिएको विद्यालय भवन



तरकारी पकेट विकास कार्यक्रम अन्तर्गत किसानलाई कृषि सामग्री हस्तान्तरण कार्यक्रम



दुर्गा-भवानी आ.वि. को मर्मत गरिएको शौचालय



नेपाल राष्ट्रिय प्रा.वि. मा निर्माण गरिएको बालमैत्री धारा



बालक्लबका पदाधिकारीसँग अन्तर्क्रिया कार्यक्रम



बालश्रम न्यूनीकरण सम्बन्धी परियोजनाहरुको सिकाइ आदान-प्रदान कार्यक्रम



भानु आ.वि. बाँझबोटको विद्यालय भवन मर्मत



महिलाहरुका लागि सञ्चालित नि:शुल्क लोकसेवा तयारी कक्षाको समापन कार्यक्रम




त्रिवेणी गाउँपालिका-३ मा बालश्रममुक्त वडा घोषणा कार्यक्रममा प्रस्तुत मौलिक झाँकी



त्रिवेणी गाउँपालिका-७ मा बालश्रममुक्त वडा घोषणा कार्यक्रममा प्रस्तुत मौलिक नृत्य




विद्यालय भवन निर्माण गर्ने उपभोक्ता समितिको अध्यक्षलाई सम्मान



बृहत् पोषणसम्बन्धी कार्यक्रममा सहभागी स्वास्थ्यकर्मी तथा विद्यालय नर्सहरु



स्वास्थ्य संस्था नभएको वडामा आधारभूत स्वास्थ्य चौकी भवन निर्माण, त्रिवेणी-३



बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमको अवसरमा आयोजित र्‍याली



बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रममा पि.टि. प्रदर्शन गर्दै श्री जनजागृति मा.वि. जुगारका छात्र-छात्राहरु




बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रममा उपस्थित अतिथिहरू



बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रममा मार्चपास प्रदर्शन गर्दै श्री वीरेन्द्र मा.वि. गाङका छात्र-छात्राहरू




**त्रिवेणी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल**

www.trivenimunrolpa.gov.np | trmrolpa@gmail.com